




दक्षिणकाली नगरपालिका–५, डाल्लु, फार्पिङमा अवस्थित साम्ये मेमोरियल गोन्पा विद्यालयका शैक्षिक गतिविधि






नाम्खा गाउँपालिका–४, याल्वाङ, हुम्लामा अवस्थित नाम्ख्यूङ महामाया आधारभूत विद्यालयका शैक्षिक गतिविधि

गोन्पा/विहार सन्देश २०८२

# गोन्पा/विहार सन्देश
# २०८२



**नेपाल सरकार**

**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**

## शिक्षा तथा मानव स्रोत विकास केन्द्र

**सानोठिमी, भक्तपुर**



मिति २०८१ पौष १४ गते धुलिखेलमा आयोजित परम्परागत धार्मिक प्रकृतिका विद्यालय सम्बन्धी एकदिने राष्ट्रिय कार्यशाला गोष्ठीपश्चात् खिचिएको सामूहिक तस्वीर।









पोखरा-२५, हेमजाको याम्दीमा अवस्थित पेमा छाल शाक्य मोनास्टिक इन्स्टिच्युटका शैक्षिक गतिविधि



तत्कालीन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री तथा राष्ट्रिय पाठ्यक्रम परिषद्का अध्यक्ष माननीय श्री विद्या भट्टराईको अध्यक्षतामा सम्पन्न गोन्पा शिक्षाअन्तर्गत (कक्षा ११–१२) का विषय समूह मिलान बैठक कार्यक्रमको तस्वीर।



नवनियुक्त शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री माननीय रघुजी पन्तज्यूलाई परम्परागत शिक्षा समन्वय समितिको तर्फबाट बधाई तथा शुभकामना व्यक्त गर्ने क्रममा लिएको तस्वीर।









सोलुदुधकुण्ड नगरपालिका–२ फुग्मोछेमा अवस्थित हिमालयन बौद्ध अध्ययन केन्द्रका शैक्षिक गतिविधि

# गोन्पा/विहार सन्देश
# २०८२

## सल्लाहकार

श्री कृष्णप्रसाद काप्री
महानिर्देशक
श्री हरिप्रसाद निरौला
उपमहानिर्देशक

## सम्पादक मण्डल

आचार्य सार्की शेर्पा (संयोजक)
आचार्य नुर्बु शेर्पा (सदस्य)
नुर्वु थुन्डु शेर्पा (गेशे थुप्तेन जिन्पा) (सदस्य)
श्री दिनेश घिमेरे (सदस्य)
श्री वैकुण्ठ आचार्य (सदस्य)


## प्रकाशक

**नेपाल सरकार**
**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
सानोठिमी, भक्तपुर
फोन : ०१-६६३८८५३, ६६३१०७५

# गोन्पा/विहार सन्देश
# २०८२

वर्ष १३, अङ्क ११

**प्रकाशक**

शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

*द्रष्टव्यः* यस स्मारिकामा प्रकाशित लेख, रचनाहरू लेखकका निजी विचार हुन् । यसमा लेखक स्वयम् नै जिम्मेवार रहनुहुने छ । यसमा समावेश भएका विचारले केन्द्रको आधिकारिक प्रतिनिधित्व गर्ने छैन ।

**लेआउट डिजाइन**

आचार्य सार्की शेर्पा

## आवरण तस्बिर

यस गोन्पा विहार सन्देश २०८२ को आवरण तस्बिर, धर्मचक्र बुद्ध धर्मको प्रतीक हो, जसले चार आर्य सत्य, अष्टाङ्गिक मार्ग र बुद्धका शिक्षाहरूको प्रतिनिधित्व गर्छ । मृगहरूको आकृतिले श्रुतमयी, चिन्तामयी र भावनामयी तीन प्रकारका प्रज्ञा जनाउँछ । यी प्रतीकहरूले श्रवण, चिन्तन र भावनाको अभ्यासलाई प्रतिनिधित्व गर्छ ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
(अनौपचारिक तथा वैकल्पिक शिक्षा शाखा)
सानोठिमी, भक्तपुर, नेपाल

फोन नं. ६६३१०७५, ६६३०७६६, ६६३८१५०
फ्याक्स नं. ६६३०१९३ भवन नं. १, ६६३१४८६ भवन नं. २, ६६३०४५७ भवन नं. ३

प.सं.०८१।०८२

च.नं.

## हाम्रो भनाइ

शिक्षा तथा मानवस्रोत विकास केन्द्रले विगत वर्षमा जस्तै यस वर्ष पनि विभिन्न समसामयिक लेख, रचना तथा सन्देशहरू समावेश गरी गोन्पा/विहार सन्देश, २०८२ प्रकाशन गरेको छ ।

अनिवार्य तथा निशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ ले परम्परादेखि चली आएका शिक्षासम्बन्धी मूल्य मान्यता संस्कृति रीतिरिवाज र अभ्यासको संरक्षण तथा जगेर्ना गर्न र त्यसलाई समयसापेक्ष परिमार्जन गरी निरन्तरता दिन यसप्रकारका शैक्षिक संस्थाहरू सञ्चालन गरी बालबालिकाहरूलाई शिक्षा प्रदान गर्न सकिने व्यवस्था गरेको छ । अहिंसा, शान्ति, करुणा मैत्री, सहिष्णुता, पञ्चशीलसहितको बौद्ध शिक्षालाई मानव मात्रको हितमा उपयोग भइरहेको र बुद्ध वचन अनुसरण गरेका भिक्षु भिक्षुणीमार्फत आजसम्म सुरक्षित यो शिक्षा प्रणाली नेपालको आफ्नै परम्परागत मौलिक ज्ञान साधनामा निहित धरोहर हो, जसबाट सबैले लाभ लिन सकिने गरी सम्बन्धित क्षेत्रको महत्त्वपूर्ण सन्देशमूलक लेखरचना यस प्रकाशनमा समेटिएका छन् ।

आफ्नो, धर्म, सस्कृति, परम्परा, रीतिरिवाज, भाषा, लिपिको संरक्षण र संवर्धन गर्दै राष्ट्रिय पाठ्यक्रमको प्रयोग गरी परम्परागत शिक्षालाई राष्ट्रिय मूलप्रवाहीकरण गर्न राज्यले विभिन्न सहयोग, समन्वय र सहकार्य गर्दै आएको छ । साथै परम्परागत शिक्षण संस्था सञ्चालन तथा व्यवस्थापनका लागि विभिन्न किसिमका अनुदानसमेत प्रदान गर्दै आइरहेको छ। यस सन्देशमा बौद्ध शिक्षासँग सम्बन्धित विभिन्न खोजमूलक लेखरचना तथा जानकारी प्रस्तुत गरिएको छ ।

अन्त्यमा, यस गोन्पा/विहार सन्देशमा लेखरचना उपलब्ध गराउनु हुने, प्रकाशनमा सहयोग पुऱ्याउनु हुने र सम्पादक समूहमा रही कार्य गर्नुहुने सबैप्रति हार्दिक आभार प्रकट गर्दै प्रकाशनको निरन्तरता एवम् रचनात्मक सुझावको समेत कामना गर्दछु ।

२०८२/२/२२

कृष्णप्रसाद काप्री

महानिर्देशक

# सम्पादकीय

नेपालको समृद्ध धार्मिक तथा सांस्कृतिक परम्परामा गोन्पा र विहारहरूको अत्यन्तै विशिष्ट स्थान रहेको छ। यी संस्था केवल पूजा आराधनाका स्थल मात्र नभई, बौद्ध धर्मको दर्शन, साधना, शिक्षा र समाजसेवामा आधारित जीवनशैलीको केन्द्रका रूपमा रहेका छन्। शताब्दीयौँदेखि बौद्ध धर्मको शिक्षालाई जीवित राख्न, यसको गहन ज्ञान, ध्यान, तान्त्रिक अभ्यास तथा नैतिक मूल्यहरूलाई विस्तार गर्न गोन्पा र विहारहरूले निर्वाह गर्दै आएको भूमिका अत्यन्त महत्त्वपूर्ण छ। गोन्पा नेपाल सरकारले वि.सं. २०६५ मा गोन्पा शिक्षा प्रणालीलाई औपचारिक शिक्षाको ढाँचाभित्र समेट्ने उद्देश्यले पाठ्यक्रम विकास केन्द्रले पहिलो पटक कक्षा १ देखि ५ सम्मको पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरी महत्त्वपूर्ण कदम चालेको छ। यस कदमले परम्परागत गोन्पा शिक्षालाई राष्ट्रिय मापदण्डअनुसार र औपचारिक शिक्षाको समकक्षी बनाउने प्रक्रियाको आरम्भ भएको छ। २०६५ सालदेखि आजको दिनसम्म आइपुग्दा माध्यमिक तहसम्मका पाठ्यक्रम र पाठ्यपुस्कत विकासको साथै प्रकाशन गरी देश भरीका विभिन्न गोन्पा तथा सामुदायिक विद्यालयहरूमा अध्ययन अध्यापन भई रहेको छ। साथै, माध्यमिक तह कक्षा १२ उत्तीर्ण विद्यार्थीहरूका लागि बौद्ध दर्शन तथा शिक्षामा उच्च शिक्षा प्रदान गर्न लुम्बिनी बौद्ध विश्वविद्यालयअन्तर्गत भोट बौद्ध अध्ययन विभाग स्थापना गरिई वि.सं. २०७६ भदौ २० गतेदेखि स्नातक तथा स्नातकोत्तर तहमा भोट भाषामाध्यमबाट अध्ययन अध्यापन प्रारम्भ गरिएको छ। त्यसैगरी "परम्परागत शिक्षण संस्था (सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०७९" लाई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट मन्त्रीस्तरीय निर्णयमार्फत स्वीकृत गरिएको भएता पनि यस क्षेत्रमा अझै धेरै काम गर्न बाँकी रहेका छन्। केवल पाठ्यक्रम विकास, पाठ्यपुस्तक प्रकाशन र केही नीतिगत घोषणाले मात्र गोन्पा शिक्षा प्रणालीलाई समृद्ध बनाउन सकिँदैन। यसलाई प्रभावकारी, गुणस्तरीय र समकालीन बनाउने उद्देश्यले दीर्घकालीन रणनीति आवश्यक छ। यसका लागि पर्याप्त स्रोतसाधनको सुनिश्चितता, दक्ष प्रशिक्षकहरूको व्यवस्था, पाठ्यक्रम पाठ्यपुस्तकहरूको समयअनुकुल परिमार्जन, प्रविधिको प्रयोग र सबै सरोकारवाला पक्षहरूबिच घनिष्ठ सहकार्य अपरिहार्य हुन्छ।

स्रोत र साधनको अभावमा रहेका परम्परागत गोन्पा विद्यालयहरूलाई सुदृढ पार्नका लागि राज्यले लक्षित कार्यक्रमहरू ल्याउन आवश्यक छ। यसअन्तर्गत गोन्पा शिक्षालाई नीतिगत प्राथमिकतामा राख्दै बजेट विनियोजन, नियमित अनुदान, शिक्षक प्रशिक्षक तालिम कार्यक्रम, शैक्षिक सामग्रीहरूको उत्पादन तथा प्राविधिक सहयोग सुनिश्चित गर्नुपर्छ। यसरी, गोन्पा र विहारहरूको सशक्तिकरण केवल बौद्ध धर्मको संरक्षणका लागि मात्र नभई, नैतिक, सहिष्णु र जिम्मेवार नागरिक उत्पादन गर्ने दीर्घकालीन राष्ट्रिय लक्ष्य हासिल गर्ने दिशामा पनि महत्त्वपूर्ण

कदम बन्न सक्छ। त्यसैले, गोन्पा शिक्षाको समृद्धिका लागि राज्य, सरोकारवाला संस्था, समुदाय र शिक्षाविद्हरूको साझा तथा सक्रिय सहभागिता अत्यावश्यक छ।

यस सन्दर्भमा, "गोन्पा विहार सन्देश २०८२" को प्रकाशनले यस क्षेत्रका विविध पक्षलाई उजागर गर्न महत्त्वपूर्ण भूमिका खेल्ने छ। यस प्रकाशनले बौद्ध शिक्षा, दर्शन र समाज सुधारमा ठोस योगदान पुऱ्याउनेछ भन्ने विश्वास लिएका छौँ। यस एघारौँ अङ्कमा अनुसन्धानकर्ता विद्वान्हरूको अनुसन्धान र दृष्टिकोणलाई समेटेर गोन्पा, विहार शिक्षामा लागेका सरोकारवालाहरूलाई प्रोत्साहित गर्नुका साथै समाजमा रहेका विकृति, विसङ्गति र अन्धविश्वास निर्मूल गर्न सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।

यस अङ्कलाई प्रकाशनको लागि प्रत्यक्ष, अप्रत्यक्ष सहयोग गर्नुहुनेहरूको साथै लेख, रचना उपलब्ध गराउनुहुने विद्वान्हरूको साथै विशेषगरी शिक्षा तथा मानवस्रोत विकास केन्द्रका महानिर्देशक श्री कृष्णप्रसाद काप्रीज्यू, उपमहानिर्देशक श्री हरिप्रसाद निरौला, निर्देशक श्री दिनेश घिमिरे, शाखा अधिकृत श्री वैकुण्ठ आचार्यज्यूलगायत सरोकारवाला सबैजनालाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ।

- सम्पादक मण्डल

# विषय सूची


| क्र.स. | शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १. | **प्रतीत्यसमुत्पाद सिद्धान्तको सङ्क्षिप्त परिचय**<br>आचार्य तेन्जीन लामा | १ |
| २. | **समाजमा गोन्पा शिक्षाको योगदान**<br>आचार्य नुर्बु शेर्पा | ९ |
| ३. | **गोन्पा विद्यालय सञ्चालन, व्यवस्थापन तथा समस्या समाधानका उपाय**<br>झबिन्द्र कुमार सुबेदी | १८ |
| ४. | **लुम्बिनी बौद्ध विश्वविद्यालयको भोट बौद्ध अध्ययन कार्यक्रम**<br>डा. ङिमा शेर्पा | २९ |
| ५. | **विश्व परिवेशमा बौद्ध चिन्तन**<br>आचार्य सोनाम शेर्पा | ३७ |
| ६. | **थाङ्का कलाको विकास र यसको आध्यात्मिक महत्त्व**<br>माइला घिसिङ तामाङ | ४५ |
| ७. | **पेमा कथाङमा आधारित गुरु पद्मसंभवको सङ्क्षिप्त जीवनी**<br>मुकेश लामा | ५३ |
| ८. | **धर्मचक्र र मृग प्रतीकको ऐतिहासिक र आध्यात्मिक महत्त्व**<br>आचार्य सार्की शेर्पा | ६४ |
| ९. | **मानव जीवनमा करुणा र प्रज्ञा**<br>मिङमार ग्याल्पो शेर्पा | ७० |
| १०. | **सोवा रिग्पा चिकित्सा पद्धति**<br>डा. लाक्पा नुरु शेर्पा | ७७ |
| ११. | **पटिच्चसमुप्पाद बौद्ध दर्शनको आचधार स्तम्भ**<br>डा. गौतम वीर वज्राचार्य | ८४ |
| १२. | **श्री साङक देछयोलिङ गोन्पा विद्यालय: शिक्षा र समाजमा आध्यात्मिक योगदान**<br>पासाङ रिता शेर्पा | ९९ |
| १४. | **The Evolution and Significance of Buddhist Epistemology**<br>Geshe Yeshe Dorjee | १०६ |

**भवचारकबन्धनो वराकः सुगतानां सुत उच्यते क्षणेन ।**

**सनरामरलोकवन्दनीयो भवति स्मोदित एव बोधिचित्ते ॥ बाधिचर्यावतर १ । ९**

བྱང་ཆུབ་སེམས་སྐྱེས་གྱུར་ན་སྐད་ཅིག་གིས། །
འཁོར་བའི་བཙོན་རར་བསྡམས་པའི་ཉམ་ཐག་རྣམས། །
བདེ་གཤེགས་རྣམས་ཀྱི་སྲས་ཞེས་བརྗོད་བྱ་ཞིང་། །
འཇིག་རྟེན་ལྷ་མིར་བཅས་པས་ཕྱག་བྱར་འགྱུར། ། སྤྱོད་འཇུག ༡ । ༩

संसारिक बन्धनमा फसेका प्राणीहरूले पनि यदि अभ्यासद्वारा बोधिचित्त उत्पन्न गरे भने उनीहरू तत्कालै बुद्धका पुत्र, अर्थात् बोधिसत्व भनिन्छ। जब बोधिचित्त जागृत हुन्छ, तब त्यो व्यक्ति देवता र मानवहरूका लागि पूजनीय बन्छ।

**कदलीव फलं विहाय याति, क्षयमन्यत् कुशलं हि सर्वमेव ।**

**सततं फलति क्षयं न याति, प्रसवत्येव तु बोधिचित्तवृक्षः ॥ बोधिचर्यावतर १ । १२**

དགེ་བ་གཞན་ཀུན་ཆུ་ཤིང་བཞིན་དུ་ནི། །
འབྲས་བུ་བསྐྱེད་ནས་ཟད་པར་འགྱུར་བ་ཉིད། །
བྱང་ཆུབ་སེམས་ཀྱི་ལྗོན་ཤིང་རྟག་པར་ཡང་། །
འབྲས་བུ་འབྱིན་པས་མི་ཟད་འཕེལ་བར་འགྱུར། ། སྤྱོད་འཇུག ༡ । ༡༢

केराको रूखले एकपटक मात्र फल दिन्छ र त्यसपछि सुकेर मर्छ। त्यस्तै गरी दान, पुण्यजस्ता अन्य कुशल कर्महरूले पनि एकपटक मात्र फल दिएपछि समाप्त हुन्छन् । तर बोधिचित्त भने यस्तो रूख हो, जसले निरन्तर फल दिइरहन्छ र कहिल्यै नष्ट हुँदैन । बोधिचित्तले सम्पन्न व्यक्ति अनगिन्ती प्राणीहरूलाई लाभ पुऱ्याउँछ र यसबाट उत्पन्न हुने कल्याणकारी शक्ति कहिल्यै घट्दैन, बरु निरन्तर बढ्दै जान्छ ।

# प्रतीत्यसमुत्पाद सिद्धान्तको सङ्क्षिप्त परिचय


## आचार्य तेन्जीन लामा

सम्तेलिङ गोन्पा, बौद्ध ६, काठमाडौँ



**लेख सार**

बौद्ध दर्शनको मूल स्तम्भ मानिने प्रतीत्यसमुत्पाद अथवा "निर्भर उत्पत्ति" जीवन, अस्तित्त्व र दुःखको यथार्थ बुझ्नका लागि अत्यन्त आवश्यक सिद्धान्त हो । यस सिद्धान्तअनुसार संसारका सबै घटनाहरू कुनै न कुनै कारण, सन्दर्भ र अवस्थाअनुसार उत्पन्न भएका हुन्छन् । यसैले संसारका कुनै पनि वस्तु वा अवस्था स्वतन्त्र र स्थायी छैनन्, सबै परस्पर आश्रित छन् । प्रतीत्यसमुत्पादको सरल परिभाषा यस प्रकार दिन सकिन्छ - *"यो हुँदा त्यो हुन्छ, यो नहुँदा त्यो हुँदैन । यो उत्पन्न हुँदा यो उत्पन्न हुन्छ, यो निरुद्ध हुँदा यो निरुद्ध हुन्छ ।"* यसको अर्थ, कुनै पनि वस्तु वा अनुभव स्वतः उत्पन्न हुँदैन; यो अन्य कारणहरूसँगको सम्बन्धले बनेको हुन्छ। यसै कारण बुद्धले सृष्टि र अस्तित्त्वलाई न त ईश्वरबाट सृष्टि भएको भने न त पूर्ण रूपमा कारणरहित स्वीकार गरे ।

बुद्धले मानिसको दुःख र दुःखबाट मुक्ति प्राप्त गर्ने उपाय बुझाउन प्रतीत्यसमुत्पादको सिद्धान्त प्रतिपादन गर्नुभएको हो । यस सिद्धान्तमार्फत जीवनमा पाइने दुःख, अशान्ति, तृष्णा, मोह र मृत्युको चक्र कसरी उत्पन्न हुन्छ र कसरी त्यसबाट मुक्त हुन सकिन्छ भन्ने कुरा स्पष्ट रूपमा बुझ्न सकिन्छ । यस सिद्धान्तको व्यावहारिक रूप हो द्वादश निदान - बाह्र चरणहरूको शृङ्खला जसले जन्मदेखि मृत्युसम्मको चक्रलाई व्याख्या गर्दछ। ती बाह्र अङ्गहरू हुन्ः १. अविद्या, २. संस्कार, ३. विज्ञान, ४. नामरूप, ५. षडायतन, ६. स्पर्श, ७. वेदना, ८. तृष्णा, ९. उपादान, १०. भव, ११. जाति र १२. जरामरण। यी सबै एकअर्कासँग आश्रित छन्। जब पहिलो कारण (अविद्या) हटाइन्छ, क्रमशः अन्य सबै चरणहरू पनि हट्दै जान्छन्, अन्ततः जरामरणको अन्त्य हुन्छ। यसरी प्रतीत्यसमुत्पादले दुःखको कारण मात्र होइन, समाधानको मार्ग पनि देखाउँछ।

प्रतीत्यसमुत्पादले शून्यता, अनित्य र अनात्म जस्ता बौद्ध विचारहरूलाई पनि स्पष्ट पार्छ । संसारमा केही पनि स्थायी छैन, केही पनि आत्म स्वरूपमा अवस्थित छैन, सबै कुरा क्षणिक र पर निर्भर छन् । बौद्ध दर्शनमा, यस सिद्धान्तले बौद्ध ध्यान, आचरण र निर्वाणको अभ्यासका लागि मार्गदर्शन दिन्छ। प्रतीत्यसमुत्पाद केवल दार्शनिक विचार मात्र नभई आत्मा, संसार, दुःख र मुक्ति सबैको व्याख्या गर्ने एक गहन, व्यावहारिक र वैज्ञानिक दृष्टिकोण हो । जसले यसलाई गहिराइमा बुझ्छ, उसले जीवनको साँचो स्वरूप बुझ्न सक्छ र निर्वाणको मार्गमा अघि बढ्न सक्छ। त्यसैले यो सिद्धान्त बौद्ध धर्मको मर्म हो र प्रत्येक अभ्यासकर्ताले यसलाई मनन गर्नुपर्छ।

# ༄༅། །རྟེན་འབྲེལ་གྱི་ངོ་སྤྲོད་མདོར་བསྡུས།

ཨཱཙརྻ་བསྟན་འཛིན།

## ༡༽ རྟེན་འབྱུང་གི་ཆེ་བ་བརྗོད་ཅིང་སྟོན་པ་ཐུགས་རྗེ་ཆེན་པོར་བསྔགས་པ།

ལྷ་དང་བཅས་པའི་འགྲོ་བ་ཡོངས་ཀྱི་མ་འདྲིས་པའི་མཛའ་བཤེས་ཆེན་མོ་སྟོན་པ་ཐུབ་པའི་དབང་པོས་འཛིག་རྟེན་འདི་ན་ཆོས་ཀྱི་ཕུང་པོ་ཇི་སྙེད་ཅིག་བཀའ་བསྩལ་པ་དེ་དག་ཐམས་ཅད་རྟེན་ཅིང་འབྲེལ་བར་འབྱུང་བའི་རྣམ་བཞག་ཁོ་ན་ལས་བརྩམས་ཏེ་འཇུག་པ་ཡིན། དེའང་རྗེ་བློ་བཟང་གྲགས་པས་མཛད་པའི་རྟེན་འབྲེལ་བསྟོད་པ་ལས། ཁྱོད་ཀྱིས་ཇི་སྙེད་བཀའ་བསྩལ་པ། །རྟེན་འབྲེལ་ཉིད་ལས་བརྩམས་ཏེ་འཇུག །ཅེས་གསུངས་སོ། །དེ་ཡང་སྟོན་པ་ཐུགས་རྗེ་ཅན་གྱིས་ཆོས་ཀྱི་ཕུང་པོ་ཇི་སྙེད་ཅིག་བཀའ་བསྩལ་པ་དེ་དག་ཐམས་ཅད་རྟེན་འབྲེལ་གྱི་རྣམ་བཞག་ཁོ་ན་ལས་བརྩམས་ཏེ་འཇུག་པའི་དགོས་པ་ནི། འཁོར་བ་འདི་ན་ཀུན་ནས་ཉོན་མོངས་ཕྱོགས་ཀྱི་བདེན་པ་སྡུག་བསྔལ་བདེན་པ་དང་ཀུན་འབྱུང་གི་བདེན་པའི་རྣམ་གཞག་དང་། རྣམ་བྱང་ཕྱོགས་ཀྱི་བདེན་པ་འགོག་བདེན་དང་ལམ་བདེན་གཉིས་ཀྱི་རྣམ་གཞག་ལ་རྨོངས་ཏེ་སྐྱེ་བོ་གྲངས་ལས་འདས་པ་ཞིག་ཟོ་ཆུན་གྱི་འཕྱུན་པ་ལྟར། ལས་ཉོན་གྱི་རང་དབང་མེད་པར་འཁོར་བ་ན་འཁོར་ཏེ་སྡུག་བསྔལ་དཔག་ཏུ་མེད་པ་མནར་བར་སྟོན་པ་ཐུགས་རྗེ་ཆེན་པོས་གཟིགས་ཏེ་སྐྱེ་རྒུ་དེ་དག་ལ་འཁོར་བ་ནས་སྒྲུར་ནས་སྒྲུར་དུ་མངོན་མཐོ་དང་ངེས་ལེགས་ཀྱི་གོ་འཕང་ཐོབ་པའི་ཐབས་སུ་རྟེན་འབྲེལ་གྱི་རྣམ་བཞག་གསུངས་པ་ཡིན་ཏེ། དེ་ཡང་རྟེན་འབྲེལ་བསྟོད་པ་ལས། དེ་ཡང་མྱང་ངན་འདའ་ཕྱིར་ཏེ། །

ཞི་གྱུར་མིན་མཛད་ཁྱོད་ལ་མེད། །ཅེས་གསུངས་སོ། །

དེ་ལྟར་རྟེན་འབྲེལ་གྱི་རྣམ་གཞག་ནི་ཤིན་ཏུ་ཟབ་ཅིང་རྒྱ་ཆེ་བའི་གཞུང་དོན་ཞིག་ཡིན་པར་མངོན། དེ་ལྟ་བུའི་ཟབ་རྒྱས་ཀྱི་གཞུང་དོན་དེ་ཡང་བདག་ཅག་གི་སྟོན་པ་ཐུགས་རྗེ་ཆེན་པོའི་ཐུགས་རྒྱུད་ཁོ་ན་ལས་འཁྲུངས་པའི་ཆེས་མཆོག་ཏུ་གྱུར་བའི་ལྟ་བའི་རྣམ་གཞག་ཅིག་ཡིན་པ་ལས་ཕྱི་རོལ་མུ་སྟེགས་པར་རྟེན་འབྱུང་གི་རྣམ་གཞག་ཁོང་དུ་ཆུབ་པའི་སྐལ་པ་དང་བྲལ་བའོ། །རྒྱང་འཕེན་པ་རྣམས་ཀྱིས་གནོད་བཅུད་ལས་གྲུབ་པའི་ཆོས་ཐམས་ཅད་རྒྱུ་མེད་ལས་གྲུབ་པའམ་ངོ་བོ་ཉིད་ལས་གྲུབ་པ་ཞིག་ཡིན་པར་འདོད་པ་ནི། དེ་ཡང་། ཁུ་ནུ་རིན་པོ་ཆེས་མཛད་པའི་ཁྱད་པར་འཕགས་བསྟོད་འགྲེལ་པ་ལས། ཇི་སྐད་དུ།

ཉི་ཤར་ཆུ་བོ་ཐུར་དུ་བབ་པ་དང་། །
སྲན་ཟླུམ་ཚེར་མ་གཟང་རི་རྣོ་བ་དང་། །
རྨ་བྱའི་མདོངས་ལེགས་ལ་སོགས་ཆོས་རྣམས་ཀུན། །
སུས་ཀྱང་མ་བྱས་ངོ་བོ་ཉིད་ལས་བྱུང་། །ཞེས་བྱུང་ངོ་། །

རིག་བྱེད་པ་རྣམས་ཀྱིས་སྟོད་བཙུད་ཀྱི་འཇིག་རྟེན་བྱེད་པ་པོ་ཚངས་པ་ལ་སོགས་པའི་ལྷ་དེ་དག་ཡིན་པར་སྨྲ་བ

ནི། འཕགས་ཡུལ་གྱི་སློབ་དཔོན་མགོ་བཙུན་གྲུབ་རྗེས་མཛད་པའི་ཁྱད་པར་འཕགས་བསྟོད་ལས།

ཚངས་སོགས་འཇིག་རྟེན་འདྲེན་པ་པོ། །
བདག་ཅག་ཡིན་པར་སྨྲ་ཞེས་གྲག །

དེ་ལྟར་ཕྱི་རོལ་པ་རྣམས་ཀྱིས་སྨོད་བཙུད་ཀྱི་ཆོས་དེ་དག་འཇིག་རྟེན་གྱི་བྱེད་པ་པོ་གང་ཡང་ཞིག་གིས་བསྐྲུན་པར་མཛད་པ་ལས་རྒྱ་རྐྱེན་དུ་མ་ཚོགས་པ་ལས་འབྱུང་བ་ཡིན་པ་ནི་བློའི་གོ་སྐབས་དུ་མི་འགྱུར་རོ། །དེ་དག་གི་ལུགས་ལ་ལྟོན་ཤིང་གི་ལོ་མ་ཙམ་ཞིག་གཡོ་བ་ཡང་བྱེད་པ་པོའི་བློའི་གཡོ་བ་སྔོན་དུ་སོང་བ་གྲགས། དེ་བཞིན་གང་ཟག་ཞིག་གིས་ཉིན་ཞག་གཅིག་གི་ནང་བདེ་སྡུག་གི་བྱ་བ་གང་བྱས་ཀྱང་དེ་ཡང་བྱེད་པ་པོའི་བློའི་གཡོ་བ་སྔོན་དུ་སོང་བ་འདོད་དོ། །

དེས་ན་ཕྱི་རོལ་མུ་སྟེགས་སྟོན་པ་ཡོད་དོ་ཅོག་གིས་རྟེན་འབྱུང་གི་རྣམ་གཞག་ཁས་མི་ལེན་པ་ཡིན། བདག་ཅག་གི་སྟོན་པ་ཐབས་ལ་མཁས་ཤིང་ཐུགས་རྗེ་ཆེན་པོས་ཆོས་ཐམས་ཅད་རྟེན་ཅིང་འབྲེལ་བ་ལས་གྲུབ་པའི་རྣམ་གཞག་གསུངས་པ་ཉིད་ཀྱིས་འཇིག་རྟེན་གྱི་སྟོན་པ་གཞན་ལས་ཆེས་ཁྱད་པར་དུ་འཕགས་པ་གཟིགས་ཤིང་ཟབ་ཅིང་རྒྱ་ཆེ་བའི་རྟེན་འབྲེལ་གྱི་གཞུང་དོན་འདིས་མཉམ་མེད་རྗེ་ཙོང་ཁ་པ་ཆེན་པོའི་ཡིད་འཕྲོག་པར་མཛད་པ་ལས་སྟོན་པ་ཐུབ་པའི་དབང་པོར་བསྟགས་པ་མཛད་པ་ནི། རྟེན་འབྲེལ་བསྟོད་པ་ལས།

གང་ཞིག་གཟིགས་ཤིང་གསུངས་པ་ཡི། །
མཁྱེན་དང་སྟོན་པ་བླ་ན་མེད། །
རྒྱལ་བ་རྟེན་ཅིང་འབྲེལ་བར་འབྱུང་། །
གཟིགས་ཤིང་འདོམས་པ་དེ་ལ་འདུད། །ཅེས་གསུངས་སོ། །

དེ་བཞིན་དུ། འཇམ་མགོན་འཇུ་མི་ཕམ་རིན་པོ་ཆེས་མཛད་པའི་མཁས་འཇུག་ལས་ཀྱང་། ༼རྟེན་འབྲེལ་གྱི་༽ ཚུལ་འདི་ལྟ་བུར་སྨྲ་བ་ནི་སངས་རྒྱས་ཀྱི་གསུང་ཐུན་མོང་མ་ཡིན་པའི་རང་ལུགས་སོ། །ཞེས་གསུངས་སོ། །

མདོར་ན་རྟེན་འབྲེལ་གྱི་རྣམ་གཞག་ནི་ཤིན་ཏུ་ཟབ་ཅིང་རྒྱ་ཆེ་བ་དང་ནང་དོན་གྱི་བརྗོད་བྱ་ཡང་མཐའ་ཡས་པར་མདོན། རྟེན་འབྲེལ་གྱི་གཞུང་དོན་ནི་རྒྱལ་བའི་བཀའ་ཇི་སྙེད་ཅིག་བཞུགས་པའི་བབས་སྟེགས་ལྟ་བུ་དང་། རྒྱལ་བ་ཀུན་གྱི་གསུང་གི་སྙིང་པོ། ལྟ་བ་ཀུན་གྱི་ཐར་གྱི་ཐུག་པ། སྲིད་ཞིའི་རྒྱུད་ཚོགས་ཐམས་ཅད་ཉེར་ཞི། ཐར་པ་དང་ཐམས་ཅད་མཁྱེན་པའི་གོ་འཕང་ཐོབ་པའི་ཐབས་སུ་གྱུར་པ་ཞིག་ཡིན་པས་ན་རང་ཅག་ཀུན་གྱིས་རྟེན་འབྱུང་གི་རྣམ་བཞག་ནི་ཤིན་ཏུ་གལ་གནད་ཆེ་བར་གཟུང་དགོས་པ་ལགས།

## ༣༽ རྟེན་འབྱུང་གི་རྣམ་གཞག་མདོ་ལས་ཇི་ལྟར་བྱུང་བ།

རྟེན་འབྱུང་གི་རྣམ་གཞག་མདོ་ལས་ཇི་ལྟར་བྱུང་བའི་ཚུལ་ནི། འཕགས་པ་ས་ལུ་ལྗང་པའི་མདོ་ལས། རྟེན་ཅིང་འབྲེལ་བར་འབྱུང་བ་ཞེས་བྱ་བ་ནི་འདི་ལྟ་སྟེ། འདི་ཡོད་པས་འདི་འབྱུང་། འདི་སྐྱེས་པས་འདི་སྐྱེ་སྟེ། གང་འདི་མ་རིག་པའི་རྐྱེན་གྱིས་འདུ་བྱེད་རྣམས་ཞེས་བྱ་བ་ནས། མ་རིག་པ་འགག་པས་འདུ་བྱེད་འགག ཅེས་གསུངས་

སོ། །སྤྱིར་རྟེན་འབྲེལ་གྱི་དོན་འདུས་བྱས་ཁོ་ནའི་སྟེང་དུ་སྦྱོར་བ་དང་ཆོས་ཐམས་ཅད་ཀྱི་སྟེང་དུ་སྦྱོར་བའི་ཚུལ་གཉིས་སུ་སྣང་བ་ལས་འདུས་བྱས་ཁོ་ནའི་སྟེང་དུ་སྦྱོར་བ་ནི།

སུ་ལུ་ལྗང་པའི་མདོ་ལས། ཅིའི་ཕྱིར་རྟེན་ཅིང་འབྲེལ་བར་འབྱུང་བ་ཞེས་སྨྲས་པ། རྒྱུ་དང་བཅས་རྐྱེན་དང་བཅས་པ་ལ་བྱའི། རྒྱུ་མེད་རྐྱེན་མེད་པ་ལ་ནི་མ་ཡིན་ཏེ། དེའི་ཕྱིར་རྟེན་ཅིང་འབྲེལ་བར་འབྱུང་བ་ཞེས་བྱའོ། །ཞེས་གསུངས་པ་ལྟར་རོ། །རྟེན་འབྱུང་གི་དོན་དུ་ངེས་པར་དུ་རྒྱུ་རྐྱེན་དུ་མ་ཚོགས་པ་ལས་གྲུབ་དགོས་པར་དགོངས་ནས་ཉན་ཐོས་ཐེག་པ་དག་གིས་རྟེན་འབྲེལ་ལ་འདུས་བྱས་ཁོ་ནའི་སྟེང་ཁྱབ་དགོས་པར་འདོད་དོ། །

ཆོས་ཐམས་ཅད་ཀྱི་སྟེང་དུ་རྟེན་འབྲེལ་གྱི་རྣམ་གཞག་སྦྱོར་བའི་ཚུལ་ཡང་འདི་ལྟ་སྟེ། འཕགས་པ་ཀླུ་སྒྲུབ་ཀྱིས་མཛད་པའི་རྩ་ཤེས་རབ་འབྲེད་ཉི་ཤུ་རྩ་བཞི་པ་འཕགས་པའི་བདེན་པ་བརྟག་པ་ལས།

གང་ཕྱིར་རྟེན་འབྱུང་མ་ཡིན་པའི། །
ཆོས་འགའ་ཡོད་པ་མ་ཡིན་ནོ། །
དེ་ཕྱིར་རྟེན་འབྱུང་མ་ཡིན་པའི། །
ཆོས་འགའ་ཡོད་པ་མ་ཡིན་ནོ། །ཞེས་གསུངས་སོ། །

སློབ་དཔོན་ཟླ་གྲགས་ཀྱིས་མཛད་པའི་དབུ་མ་ཚིག་གསལ་ལས་ཀྱང་། གང་ཞིག་རྟེན་ཅིང་འབྲེལ་བར་འབྱུང་བ་མ་ཡིན་པའི་ཆོས་དེ་ནི་ཡོད་པ་མ་ཡིན་ཏེ། ཇི་སྐད་དུ། སློབ་དཔོན་འཕགས་པ་ལྷས་མཛད་པའི་བཞི་བརྒྱ་པ་ལས་ཀྱང་།

གང་ཞིག་གང་ན་ནམ་གྱི་ཚེའང་། །
མ་བརྟེན་པར་ནི་ཡོད་ཉིད་མེད། །
དེས་ན་ནམ་ཡང་འགའ་ཞིག་ཏུ། །
རྟག་པ་འགའ་ཡང་ཡོད་མ་ཡིན། །

ཞེས་གསུངས་པ་ལྟར་རྟེན་འབྲེལ་མ་ཡིན་པའི་ཆོས་འགའ་ཡང་ཡོད་པ་མ་ཡིན་ལ། དེས་ན་རྟེན་འབྲེལ་གྱི་ཁོངས་སུ་ཤེས་བྱ་ཡོད་དོ་ཅོག་འདུ་བ་ཡིན་ཏེ། འདུས་བྱས་ཀྱི་ཆོས་ཐམས་ཅད་རང་གི་རྒྱུ་རྐྱེན་དུ་མ་ཚོགས་པ་དང་ཆ་ཤས་ཅི་རིགས་ལ་བརྟེན་ནས་གྲུབ་པ་དང་། འདུས་མ་བྱས་ཀྱི་ཆོས་ཐམས་ཅད་རང་གི་དགག་བྱ་དང་ལྟོས་གཞི་གང་རུང་ལ་ལྟོས་ནས་གྲུབ་པ་ཡིན་ནོ། །དེ་ལྟར་ཆོས་ཐམས་ཅད་ཀྱི་སྟེང་དུ་རྟེན་འབྲེལ་གྱི་རྣམ་གཞག་འཇོག་པའི་ཚུལ་དེའང་གྲུབ་མཐའ་གོང་མ་སྟེ་དབུ་མ་པའི་བཞེད་པ་མཆོག་གོ །

## ༣། རྟེན་འབྲེལ་གྱི་མཚན་ཉིད་དང་ངེས་ཚིག

རྟེན་འབྲེལ་གྱི་མཚན་ཉིད། རང་གི་ཆ་ཤས་སམ་འདོགས་བྱེད་ལ་ལྟོས་ནས་གྲུབ་པའི་ཆོས་ཞིག་ལ་ཟེར།

རྟེན་འབྲེལ་ལ་དབྱེ་བ་ནི། འདུས་བྱས་ཀྱི་རྟེན་འབྲེལ་དང་འདུས་མ་བྱས་ཀྱི་རྟེན་འབྲེལ་བཅས་གཉིས་སོ། །ཡང་

རྟེན་འབྲེལ་ལ་ངོ་བོའི་སྒོ་ནས་དབྱེ་བ་ནི། དེ་ཡང་ས་ལུ་ལྗང་པའི་མདོ་ལས། ཕྱིའི་རྟེན་འབྲེལ་དང་ནང་གི་རྟེན་འབྲེལ་བཅས་གཉིས་སོ། །རྟེན་འབྲེལ་གྱི་ངེས་ཚིག་གམ་སྐད་དོད་ནི། ལེགས་སྦྱར་གྱི་སྐད་དུ། པྲཏཱིཏྱསམུཏྤཱད། प्रतीत्यसमुत्पाद ཞེས་བྱ། དེ་ཡང་སློབ་དཔོན་ཟླ་བ་གྲགས་པས་མཛད་པའི་དབུ་མ་ཚིག་གསལ་ལས། དེ་ལ་པྲ་ཏི་ནི་ཕྲད་པའི་དོན་ནོ། །ཨི་ཏི་ནི་འགྲོ་བའི་དོན་ནོ། །ལྱབ་ཀྱི་མཐའ་ཅན་པྲཏྱཱ་སྒྲ་ནི་འཕྲད་པ་སྟེ་ལྟོས་པ་ལ་འཇུག་པ་ཡིན་ཏེ། སྐད་ཀྱི་བྱིངས་ནི་ཉེར་བར་བསྒྱུར་བས་ཡོངས་སུ་བསྒྱུར་བའི་ཕྱིར་རོ། །སམུཏ་གོང་ན་ཡོད་པའི་པཏའི་སྒྲ་ནི་འབྱུང་བ་ལས་འཇུག་ཅིང་ཡོད་པ་དང་གྲུབ་པ་ལ་འང་བཤད་ཟུང་ངོ། །ཞེས་དང་། དེ་ཉིད་ལས། དེའི་ཕྱིར་དངོས་པོ་རྣམས་ཀྱི་འབྱུང་བ་རྒྱུ་དང་རྐྱེན་ལ་ལྟོས་པ་ནི་རྟེན་ཅིང་འབྱུང་བའི་དོན་ནོ། །མདོར་ན་དངོས་པོ་རྣམས་ཀྱི་ཡོད་པའམ་གྲུབ་པའམ་འབྱུང་བ་རྒྱུ་དང་རྐྱེན་ལ་ལྟོས་པ་ནི་རྟེན་ཅིང་འབྲེལ་བར་འབྱུང་བའི་དོན་ནོ། །

སྤྱིར་རྟེན་འབྲེལ་གྱི་སྒྲ་དོན་ལ་ཤིང་རྟ་ཆེན་པོ་སློབ་དཔོན་ལེགས་ལྡན་འབྱེད་དང་སློབ་དཔོན་ཟླ་བ་གྲགས་པ་ལ་སོགས་པ་རྣམས་ཀྱི་དགོངས་པ་བཞེད་ཕྱོགས་མི་འདྲ་བར་སྣང་བ་ནི། རྟེན་འབྲེལ་གྱི་དོན་ལ་ཁྱབ་ཆེ་ཆུང་དང་ངེས་ཤེས་སྐྱེད་ལུགས་མི་འདྲ་བ་ཡོད་པའི་དབང་གིས་ཡིན་པར་སེམས་ནའང་རྟེན་འབྲེལ་གྱི་སྒྲ་དོན་འགྲེལ་བར་ཆེས་མཆོག་ཏུ་གྱུར་པ་ནི་སློབ་དཔོན་ཟླ་གྲགས་ཀྱི་དགོངས་པ་ལྟར་ཡིན་ལགས། དེ་ལྟར་རྟེན་འབྲེལ་གྱི་མཚན་ཉིད་དང་ངེས་ཚིག་གི་རྣམ་བཞག་ནི་ལྷུང་སྐྱོ་གྲུབ་མཐའི་ཁུངས་སུ་མཛད་དེ་བྲིས་ཁུལ་གྱིས། །

## ༩) རྟེན་འབྲེལ་ཡན་ལག་བཅུ་གཉིས་སུ་བསྟན་པ།

གོང་དུ་བརྗོད་པ་བཞིན། ཆོས་ཐམས་ཅད་རྟེན་ཅིང་འབྲེལ་བར་འབྱུང་བ་ཡིན་ན། ཅིའི་ཕྱིར་རྟེན་འབྲེལ་ཡན་ལག་བཅུ་གཉིས་སུ་ཕྱེ་བྲག་ཏུ་དབྱེ་བར་མཛད་ཅིང་ དམིགས་སུ་བཀར་ནས་བསྟན་པའི་དགོས་པ་ཅི་ཡིན་ཞེ་ན། དེ་ཡང་སེམས་ཅན་རྣམས་རྒྱུ་དང་རྐྱེན་གང་དག་གིས་འདུས་བྱས་ནས་འཁོར་བར་འཇུག་པར་བྱེད་པ་དང་། འཁོར་བ་ལས་ལྡོག་པའི་ཐབས་སུ་རྒྱུ་འབྲས་བླང་དོར་གྱི་རིམ་པ་ཇི་ལྟར་གོམས་པར་བྱེད་དགོས་པ་ཤེས་པའི་དོན་དུ་སྟོན་པ་བཅོམ་ལྡན་འདས་ཀྱིས་ཀུན་ནས་ཉོན་མོངས་ཕྱོགས་ཀྱི་རྟེན་འབྲེལ་ལུགས་འབྱུང་ལུགས་ལྡོག་གཉིས་དང་། རྣམ་བྱང་ཕྱོགས་ཀྱི་རྟེན་འབྲེལ་ལུགས་འབྱུང་ལུགས་ལྡོག་གཉིས་བཅས་ཡན་ལག་བཅུ་གཉིས་ཕྱོགས་བཞིའི་རྣམ་གཞག་བསྟན་པར་མཛད་དོ། །དེ་ལྟར་ཡིན་པའང་།

ས་ལུ་ལྗང་པའི་མདོ་ལས། གང་གིས་འཁོར་བར་འཇུག་པ་དང་ལྡོག་པ་དང་རྟོགས་པ་རྣམས་རྟོགས་པ་དེ་དང་བྲལ་བའི་ཕྱིར་ལུགས་སུ་འབྱུང་བ་དང་། ལུགས་སུ་མི་འབྱུང་བ་གཉིས་ཀྱི་ཀུན་ནས་ཉོན་མོངས་པ་དང་རྣམ་བྱང་གི་ཕྱོགས་ལས་བརྩམས་ཏེ་རྟེན་ཅིང་འབྲེལ་བར་འབྱུང་ངོ། །ཞེས་གསུངས་སོ། །

མདོར་ན་རྟེན་འབྲེལ་ཡན་ལག་བཅུ་གཉིས་ཀྱི་གཞུང་ལུགས་འདི་ནི་གཙོ་བོ་ལས་རྒྱུ་འབྲས་ཀྱི་རྨང་གཞི་ལ་བརྟེན་ནས་འབྱུང་བ་ཞིག་དང་། དེ་ཡང་མི་ཚེའི་ནང་དུ་བྱུང་རིམ་གྱི་རྣམ་གཞག་ལ་སྦྱར་ནས་གསུངས་ཡོད་པར་སྣང་། ཕུང་པོ་ལྔའི་རྣམ་གཞག་དང་བདེ་སྡུག་གི་རྣམ་བཞག ལས་རྒྱུ་འབྲས་ཀྱི་རྣམ་གཞག་སོགས་བཤད་ཐབས་མི་འདྲ་ཙམ་ལས་དོན་དུ་ལས་རྒྱུ་འབྲས་ཀྱི་རྣམ་གཞག་མི་བསླུ་བ་ཞིག་ཡིན་པ་ངོས་འཛིན་བྱེད་ཡོད་པར་སེམས་སོ། །

## ༥ ༽ རྟེན་འབྲེལ་ཡན་ལག་བཅུ་གཉིས་ཀྱི་ངོས་འཛིན།

དང་པོ་མ་རིག་པ། གཉིས་པ་འདུ་བྱེད་ཀྱི་ལས། གསུམ་པ་རྣམ་ཤེས། བཞི་པ་མིང་གཟུགས། ལྔ་པ་སྐྱེ་མཆེད། དྲུག་པ་རེག་པ། བདུན་པ་ཚོར་བ། བརྒྱད་པ་སྲེད་པ། དགུ་པ་ལེན་པ། བཅུ་པ་སྲིད་པ། བཅུ་གཅིག་པ་སྐྱེ་བ། བཅུ་གཉིས་པ་རྒ་ཤི་ཅེ་རིགས་པ་བཅས་སོ། །

## ༦ ༽ ཆོས་མངོན་པ་མཛོད་ནས་དྲངས་པའི་རྟེན་འབྲེལ་གྱི་དབྱེ་བའི་རྣམ་གཞག

ཉན་ཐོས་སྡེ་པའི་ལུགས་ལ་རྟེན་འབྲེལ་ལ་དབྱེ་བ་བཞིར་འདོད་དེ། དེ་ཡང་འཇིག་རྟེན་འདི་ན་སྟོན་པ་གཉིས་པ་ལྟར་གྲགས་པ་སློབ་དཔོན་དབྱིག་གཉེན་གྱིས་མཛད་པའི་ཆོས་མངོན་པ་མཛོད་གནས་གསུམ་པ་འཇིག་རྟེན་བསྟན་པ་ལས། འདི་ནི་གནས་སྐབས་བར་འདོད་ལོ། །གཙོ་བོའི་ཕྱིར་ན་ཡན་ལག་བསྒྲགས། །

ཞེས་གསུངས་པ་ལྟར། འབྲེལ་བ་ཅན་གྱི་རྟེན་འབྲེལ་དང་རྒྱུན་ཆགས་པའི་རྟེན་འབྲེལ་དང་སྐད་ཅིག་མའི་རྟེན་འབྲེལ་དང་གནས་སྐབས་ཀྱི་རྟེན་འབྲེལ་བཅས་བཞིའོ། །དེའང་འཆིམས་མཛོད་ལས། དེ་ལྟ་བུའི་རྟེན་འབྲེལ་དེ་ཡང་སྐད་ཅིག་མ་དང་རྒྱུན་ཆགས་པ་དང་འབྲེལ་པ་ཅན་དང་གནས་སྐབས་དང་བཞིར་གསུངས། ཞེས་གསུངས་པ་ལྟར། དང་པོ་འབྲེལ་པ་ཅན་གྱི་རྟེན་འབྲེལ་ཞེས་བྱ་བ་ནི་རྒྱུ་ལ་བརྟེན་ནས་འབྱུང་བ་སྟེ་འདུས་བྱས་ཀྱི་ཆོས་ཐམས་ཅད་དོ། །གཉིས་པ་རྒྱུན་ཆགས་པའི་རྟེན་འབྲེལ་ནི། རྟེན་འབྲེལ་ཡན་ལག་བཅུ་གཉིས་ཚེ་གསུམ་ལ་བར་མ་ཆད་པ་རྒྱུན་ཆགས་སུ་འབྱུང་བ་ལ་ཞེས་བྱའོ། །གསུམ་པ་སྐད་ཅིག་མའི་རྟེན་འབྲེལ་ནི་སྲོག་གཅོད་པའི་ཚེ་ཡན་ལག་བཅུ་གཉིས་ཚང་བར་འདོད་པ་ལྟ་བུའོ། །བཞི་པ་གནས་སྐབས་ཀྱི་རྟེན་འབྲེལ་ནི། ཡན་ལག་བཅུ་གཉིས་ཚེ་གསུམ་གྱི་ཕུང་པོ་ལྔའི་གནས་སྐབས་ལ་བཞག་པས་ན་དེ་ལྟར་བརྗོད་པ་ཡིན་ནོ། །དེ་ཡང་མཆིམས་མཛོད་ལས། ད་ནི་འབྲེལ་པ་ཅན་དང་རྒྱུན་ཆགས་པའི་རྟེན་འབྲེལ་ཡང་ཡིན་ཏེ། རྒྱུ་དང་འབྲས་བུར་འབྲེལ་བའི་ཕྱིར་དང་། ཚེ་གསུམ་བར་ཆད་མེད་པར་རྒྱུན་ཆགས་སུ་འབྱུང་བའི་ཕྱིར་རོ། །སྐད་ཅིག་མའི་རྟེན་འབྲེལ་ནི། སྲོག་གཅོད་པ་ལ་སོགས་པའི་ཚེ་ཀུན་ནས་སློང་བ་རྨོངས་པ་མ་རིག་པ་དང་ཞེས་བྱ་བ་ནས། དེ་ཞིག་པ་ཤི་བ་ཞེས་བྱ་བ་རྣམས་སྐད་ཅིག་མ་ལ་ཚང་བར་ཡོད་པའི་ཕྱིར་རོ། །ཞེས་གསུངས་སོ། །

དེ་བཞིན་འཇུ་མི་ཕམ་རིན་པོ་ཆེས་མཛད་པའི་མཁས་འཇུག་ལས་ཀྱང་། གར་ལྟར་ཡང་། གཅིག་ལ་གཅིག་རྟེན་ནས་རྒྱུན་ཆགས་སུ་འབྱུང་བས་འདི་ལ་རྒྱུན་ཆགས་པའི་རྟེན་འབྲེལ་ཞེས་བྱའོ། །གཞན་ཡང་བྱ་བ་རྫོགས་པའི་སྐད་ཅིག་ལ་བཅུ་གཉིས་ཚང་ཚུལ་སྲོག་གཅོད་པ་ལྟ་བུ་ལ་མཚོན་ན། མི་ཤེས་པས་འཇུག་པ་མ་རིག་པ། དེ་བཞིན་དུ་ལས་དེ་འདུ་བྱེད་པ། དེ་དུས་ཀྱི་ཤེས་པ་འབྱུང་བ། དེ་དུས་ཀྱི་མིང་གཟུགས་དང་། སྐྱེ་མཆེད་དྲུག མཚོན་བསྣུན་པ་ལ་སོགས་པའི་རེག་པ། དེ་དུས་རང་གཞན་གྱི་བདེ་སྡུག་མྱོང་ཞིང་ཚོར་བ། དེ་ལ་དགའ་བས་འཇུག་ཅིང་སྲེད་པ། དེ་ལས་ཕྱི་མའི་ཆ་དང་དུ་ལེན་པ། ལས་བྱེད་དུས་ཀྱི་ཕུང་པོ་སྲིད་པ། དེ་ལས་ད་ལྟ་དང་ཕྱི་མའི་ཆ་སྐྱེ་བ། དེ་འགྱུར་ཞིང་འགག་པ་རྒ་ཤིའི་ཡན་ལག་གི་ཚུལ་དུ་འདོད་དེ་སྐད་ཅིག་མའི་རྟེན་འབྲེལ་ལོ། །དེ་ལྟར་ན་གོང་དུ་འཁོད་པའི་མཆིམས་མཛོད་ཀྱི་གཞུང་ནས་དྲངས་པའི་དཔེ་དང་འདྲའོ། །

## ༧༽ རྟེན་འབྲེལ་ཡན་ལག་བཅུ་གཉིས་སྒོམ་ཚུལ།

རྟེན་འབྲེལ་ཡན་ལག་བཅུ་གཉིས་སྒོམ་ཚུལ་ལ་མི་འདྲ་བ་གཉིས་སུ་སྣང་སྟེ། ཀུན་ནས་ཉོན་མོངས་ཕྱོགས་ཀྱི་རྟེན་འབྲེལ་ལུགས་འབྱུང་དང་། ལུགས་ལྡོག་ཏུ་སྒོམ་ཚུལ་གཅིག་དང་། རྣམ་བྱང་ཕྱོགས་ཀྱི་རྟེན་འབྲེལ་ལུགས་འབྱུང་དང་ལུགས་ལྡོག་ཏུ་སྒོམ་ཚུལ་བཅས་གཉིས་ཡོད།

ཀུན་ནས་ཉོན་མོངས་ཕྱོགས་ཀྱི་རྟེན་འབྲེལ་ལུགས་འབྱུང་དུ་སྒོམ་ཚུལ་ནི། མ་རིག་པའི་རྐྱེན་གྱིས་འདུ་བྱེད་འབྱུང་། འདུ་བྱེད་ཀྱི་རྐྱེན་གྱིས་རྣམ་ཤེས་འབྱུང་། ཞེས་བྱ་བ་ནས། སྐྱེ་བའི་རྐྱེན་གྱིས་རྒ་ཤི་འབྱུང་བའི་བར་རྒྱུ་འབྲས་གོ་རིམ་ལྟར་སྒོམ་པའི་ཚུལ་ལོ། །

ཀུན་ནས་ཉོན་མོངས་ཕྱོགས་ཀྱི་རྟེན་འབྲེལ་ལུགས་ལྡོག་ཏུ་སྒོམ་པའི་ཚུལ་ནི། རྒ་ཤི་དེ་གང་ལས་འབྱུང་ཞེ་ན། སྐྱེ་བ་ལས་འབྱུང་། ཞེས་པ་ནས། འདུ་བྱེད་དེ་མ་རིག་པ་ལ་རྟེན་ནས་འབྱུང་བ་ནི་རྒྱུ་འབྲས་ཀྱི་གོ་རིམ་བཟློག་སྟེ་བསྒོམ་པ་ལ་རྟེན་འབྲེལ་ལུགས་ལྡོག་གི་ཚུལ་དུ་སྒོམ་པའོ། །

རྣམ་བྱང་ཕྱོགས་ཀྱི་རྟེན་འབྲེལ་ལུགས་འབྱུང་དུ་སྒོམ་པའི་ཚུལ་ནི། མ་རིག་པ་འགག་པས་འདུ་ཤེས་འགག ཞེས་བྱ་བ་ནས། སྐྱེ་བ་འགག་པས་རྒ་ཤི་འགག་ཅེས་པའི་བར་སྒོམ་པའི་ཚུལ་ལོ། །

རྣམ་བྱང་ཕྱོགས་རྟེན་འབྲེལ་ལུགས་ལྡོག་ཏུ་སྒོམ་པའི་ཚུལ་ནི། རྒ་ཤི་འགག་པ་སྐྱེ་བ་འགག་པ་ལ་རག་ལས་པ་སྒོམ་པ་ནི་ལུགས་ལྡོག་ཏུ་སྒོམ་པའི་ཚུལ་ལོ། །

དེ་ལྟར་ཀུན་ནས་ཉོན་མོངས་ཕྱོགས་དང་རྣམ་བྱང་ཕྱོགས་ཀྱི་རྟེན་འབྲེལ་ལུགས་འབྱུང་ལུགས་ལྡོག་སྦྲགས་བཞི་སྒོམ་པའི་དགོས་པ་ནི། འཁོར་བ་ལ་འཇུག་པའི་རྒྱུ་སྡུག་བསྔལ་དང་ཀུན་འབྱུང་གི་བདེན་པ་གཉིས་དང་། འཁོར་བ་ལས་ལྡོག་པའི་ཐབས་འགོག་པ་དང་ལམ་གྱི་བདེན་པ་གཉིས་ཀྱི་རྣམ་བཞག་ལ་མཁས་པར་བྱ་བའི་ཆེད་དུ་ཡིན།

ནམ་ཞིག་རྟེན་འབྲེལ་ལུགས་འབྱུང་དང་ལུགས་ལྡོག་གི་རྣམ་གཞག་ཚུལ་བཞིན་ཤེས་པ་ན། འཁོར་བ་ལ་འཇུག་ཚུལ་དང་འཁོར་བ་ལས་གྲོལ་ཚུལ་གྱི་རྣམ་གཞག་ལ་མ་རྨོངས་པར་དེ་དག་སོ་སོའི་གནས་ལ་སྤང་བླང་ཚུལ་བཞིན་དུ་ཤེས་པའི་སྒོ་ནས་འཇུག་པ་ན་ཐར་པ་དང་ཐམས་ཅད་མཁྱེན་པའི་གོ་འཕང་མྱུར་དུ་འཐོབ་པར་འགྱུར་རོ། །

## ༨༽ རྟེན་འབྲེལ་ཡན་ལག་བཅུ་གཉིས་བསྡུ་ཚུལ།

རྟེན་འབྲེལ་ཡན་ལག་བཅུ་གཉིས་བསྡུ་ཚུལ་ལ་མང་དུ་ཡོད་ཀྱང་། བཞིར་བསྡུ་ཚུལ་ནི། འཕེན་པའི་ཡན་ལག འཕངས་པའི་ཡན་ལག འགྲུབ་བྱེད་ཀྱི་ཡན་ལག གྲུབ་པའི་ཡན་ལག་བཅས་ཡན་ལག་བཞིའི་དང་བསྡུ་བ་ཡིན་ཏེ།

དེ་ཡང་། མ་རིག་པ། འདུ་བྱེད། རྣམ་ཤེས་གསུམ་ནི་འཕེན་པའི་ཡན་ལག་ནང་བསྡུ་བ་ཡིན། མིང་གཟུགས། སྐྱེ་མཆེད། རེག་པ། ཚོར་བ་བཅས་བཞི་ནི་འཕངས་པའི་ཡན་ལག་ནང་བསྡུ་བ་ཡིན། སྲེད་པ། ལེན་པ། སྲིད་པ་

གསུམ་ནི། འགྲུབ་པའི་ཡན་ལག་ནང་བསྡུ་བ་ཡིན། སྐྱེ་རྒ་གཉིས་ནི། གྲུབ་པའི་ཡན་ལག་ནང་བསྡུ་བ་ཡིན། དེ་ལྟར་རྟེན་འབྲེལ་ཡན་ལག་བཅུ་གཉིས་ནང་བསྡུ་བ་ཡིན་ཏེ། དེ་ཡང་མཆིམས་མཛོད་ལས། དེ་ལ་མ་རིག་པ་དང་འདུ་བྱེད་དང་རྣམ་ཤེས་གསུམ་ནི། འཕེན་པའི་ཡན་ལག་ཡིན་ཏེ། མ་རིག་པས་ཀུན་ནས་བསླང་བའི་ལས་ཀྱི་བག་ཆགས་སེམས་ལ་བསྔོས་ནས་མིང་གཟུགས་ལ་སོགས་པ་འཕེན་པའི་ཕྱིར། མིང་གཟུགས་ནས་ཚོར་བའི་བར་བཞི་ནི་འཕངས་པའི་ཡན་ལག་ཡིན་ཏེ། དེ་དག་གི་ལས་ནི་བག་ཆགས་ལས་སྐྱེས་པས་རྣམ་ཤེས་ཀྱི་དངོས་དང་སྔ་མ་གཉིས་ཀྱི་བརྒྱུད་ནས་འཕངས་པའི་ཕྱིར་རོ། །

སྲེད་ལེན་སྲིད་པ་གསུམ་ནི། མངོན་པར་འགྲུབ་པར་བྱེད་པའི་ཡན་ལག་ཡིན་ཏེ། སྐྱེ་བ་དངོས་སུ་འགྲུབ་པར་བྱེད་པའི་ཕྱིར་རོ། །སྐྱེ་བ་དང་རྒ་ཤི་གཉིས་ནི། མངོན་པར་གྲུབ་པའི་ཡན་ལག་ཡིན་ཏེ། སྲེད་ལེན་སྲིད་པ་གསུམ་ལས་གྲུབ་་པའི་ཕྱིར་རོ། །ཞེས་གསུངས་སོ། །

## ༩༽ རྟེན་འབྲེལ་ཡན་ལག་བཅུ་གཉིས་པོ་གསུམ་དུ་བསྡུ་ཚུལ་ནི།

ཡན་ལག་བཅུ་གཉིས་ཀྱི་ནང་ནས་དང་པོ་མ་རིག་པ། བརྒྱད་པ་སྲེད་པ། དགུ་པ་ལེན་པ་གསུམ་ནི་ཉོན་མོངས་པའི་ནང་བསྡུ། གཉིས་པ་འདུ་བྱེད་ཀྱི་ལས་དང་། བཅུ་པ་སྲིད་པ་གཉིས་ནི་ལས་སུ་བསྡུ། ལྷག་མ་མིང་གཟུགས་ལ་སོགས་པ་བདུན་པོ་རྣམས་ནི་སྡུག་བསྔལ་དུ་བསྡུ་བ་ཡིན། དེ་ལྟར་ཡིན་པའང་། འཕགས་པ་ཀླུ་སྒྲུབ་ཀྱིས་མཛད་པའི་རྟེན་འབྲེལ་སྙིང་པོ་རྩ་འགྲེལ་ལས།

དང་པོ་བརྒྱད་པ་དགུ་ཉོན་མོངས། །
གཉིས་པ་བཅུ་པ་ལས་ཡིན་ནོ། །
ལྷག་མ་བདུན་ཡང་སྡུག་བསྔལ་ཡིན། །
བཅུ་གཉིས་ཆོས་ནི་གསུམ་དུ་འདུས། །ཞེས་གསུངས་སོ། །

དེ་བཞིན་སློབ་དཔོན་དབྱིག་གཉེན་གྱིས་མཛད་པའི་མཛོད་གནས་གསུམ་པ་ལས།

ཉོན་མོངས་གསུམ་མོ་ལས་གཉིས་སོ། །
གཞི་བདུན་དེ་བཞིན་འབྲས་བུ་ཡིན། །ཞེས་བྱའོ། །

## ༡༠༽ ཡང་ཡན་ལག་བཅུ་གཉིས་པོ་སྡུག་ཀུན་གཉིས་སུ་བསྡུ་ཚུལ།

མ་རིག་པ། འདུ་བྱེད་ཀྱི་ལས། སྲེད་པ། ལེན་པ། སྲིད་པ་བཅས་ལྔ་ནི། ཀུན་འབྱུང་བདེན་པའི་ནང་བསྡུ་བ་ཡིན། ལྷག་མ་རྣམ་ཤེས་ལ་སོགས་པའི་བདུན་པོ་ནི། སྡུག་བསྔལ་བདེན་པའི་ནང་བསྡུ་བ་ཡིན་ནོ། །རྟེན་འབྱུང་གི་རྣམ་གྲངས་ལ་གཅིག་ནས་བཅུ་གཉིས་སུ་བསྡུ་ཚུལ་ཡོད་པ་ནི། དེ་ཡང་མདོ་ལས། རྟེན་འབྱུང་གཅིག་གང་ཞེ་ན། འདི་ལྟ་སྟེ། འདུས་བྱས་ཀྱི་ཆོས་ཐམས་ཅད་དོ། །ཞེས་པ་ལྟར། རྟེན་འབྱུང་གི་རྣམ་གྲངས་མི་འདྲ་བ་གཅིག་ནས་བཅུ་གཉིས་བར་སངས་རྒྱས་ཀྱིས་བཀའ་བསྩལ་ཡོད་པའོ། །

# समाजमा गोन्पा शिक्षाको योगदान

## आचार्य नुर्बु शेर्पा

पूर्व अध्यक्ष, नेपाल बौद्ध महासंघ

### १. लेख सार

गोन्पा, एक बौद्ध शैक्षिक र धार्मिक केन्द्रको रूपमा, नेपालको समाजमा ठुलो योगदान पुऱ्याउँदै आएको छ। गोन्पा शब्दको अर्थ 'एकान्त' वा 'सुनसान स्थान' रहेको छ, जुन बौद्ध धर्मावलम्बीहरूको अध्ययन अध्यापन र अभ्यास गरिन्छ। नेपालमा विशेषगरी हिमाली क्षेत्र, पहाड र तराईका विभिन्न भागहरूमा गोन्पाहरू स्थापना भएका छन्। यस्ता स्थानहरूले शैक्षिक, धार्मिक र सांस्कृतिक कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन्।

गोन्पा शिक्षा प्रणालीमा प्राचीनकालदेखि अहिलेसम्म अध्ययन र अभ्यास गर्दै आएका शिक्षाहरू समाजमा फैलिएका छन्। भगवान् बुद्धका शिक्षाहरूलाई गुरु शिष्य परम्पराअनुसार त्रिपिटक, त्रिशिक्षा र दशविद्याका माध्यमबाट गोन्पामा अध्ययन र अभ्यास गरिन्छ। विशेषगरी नेपालमा महायानी बौद्ध धर्मावलम्बीहरूको सङ्ख्या धेरै छ र यस्ता गोन्पामा धार्मिक, सांस्कृतिक र शैक्षिक गतिविधिहरूका साथै पूजा, साधना, ध्यान र अध्ययन कार्यक्रमहरू निरन्तर चलिरहेका छन्। गोन्पा शिक्षाले बौद्ध धर्म, संस्कृति र दर्शनको संरक्षण, संवर्धन र प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको देखिन्छ। यसले मानिसहरूको आध्यात्मिक चिन्तन, उन्नति र समाज सुधारमा ठुलो योगदान पुऱ्याएको छ। गोन्पा केवल शैक्षिक केन्द्र मात्र नभएर यसले धार्मिक पर्यटकहरूको आकर्षण पनि बढाएको छ। यसले नेपालको धार्मिक पर्यटनमा वृद्धि गरेको छ।

नेपाल सरकारले गोन्पा शिक्षाको विकास र संरक्षणका लागि पहल गर्दै गोन्पा विद्यालयहरूको पाठ्यक्रमलाई राज्यको शिक्षा नीतिमा समावेश गरिरहेको छ। यद्यपि गोन्पा विद्यायय सञ्चालनमा विभिन्न चुनौतीहरू पनि छन्। जस्तैः गोन्पा विद्यालय दर्ता, अनुमति प्रक्रिया र शिक्षक व्यवस्थापनसम्बन्धी शिक्षा ऐन, नियमावली, मापदण्ड र निर्देशिकाहरूमा स्पष्ट नीति नरहेको हुँदा परम्परागत गोन्पा शिक्षा सञ्चालन गर्नमा अवरोध हुने गरेको देखिन्छ।

अन्ततः गोन्पा शिक्षाले नेपाललाई धार्मिक र सांस्कृतिक धरोहरको रूपमा मात्र नभएर आध्यात्मिक जगतमासमेत महत्त्वपूर्ण भूमिका निभाएको छ। राज्यले यस क्षेत्रको व्यवस्थापन र संवर्धनमा सरोकार पक्षहरूसँग निरन्तर समन्वय र सहकार्य गरी नीति निर्माण गर्न सके समाजमा अझ प्रभावकारी हुने देखिन्छ।

## २. विषय प्रवेश

'गोन्पा' शब्द भोटभाषाबाट बनेको शब्द हो । गोन्पाको अर्थ एकान्त, सुनसान वा आरण्य हो । गोन्पा शब्द अपभ्रंश भएर गुम्बा बोल्ने तथा लेख्ने गरेको पाइन्छ । बौद्ध परम्परानुसार घरबार छाडेर बौद्ध धर्मको अध्ययन, अध्यापन तथा अभ्यास गर्नका लागि प्रवर्जित भएर आवासीय रूपमा बस्ने स्थानलाई नै गोन्पा भनिन्छ। बौद्ध परम्पराअनुसार गाउँ वा सहरदेखि पाँचकोश टाढाको स्थानमा गोन्पा निर्माण गर्ने प्रचलन रहँदै आएको छ। बौद्ध शिक्षा प्रणालीअनुसार गोन्पामा अध्ययन, अध्यापन तथा अभ्यास हुँदै आएका शिक्षालाई नै कालान्तरमा गोन्पा शिक्षाको नामले समाजमा प्रचलित हुन थाल्यो। गोन्पा बौद्ध धर्मावलम्बीहरूको शैक्षिक, धार्मिक, सांस्कृतिक तथा सामाजिक केन्द्रको रूपमा उपयोग हुने गर्छ । नेपालको हिमाली क्षेत्रमा प्राचीनकालदेखि नै बौद्ध धर्मका गुरुहरूले उपासक, उपासिकाहरूको सहयोगमा गोन्पा स्थापना गरी आजसम्म निरन्तर सम्पूर्ण बौद्ध शिक्षाको अध्ययन, अध्यापन तथा अभ्यास निःशुल्क रूपमा प्रदान गर्दै आएको पाइन्छ। यो परम्परा नेपालका हिमाली जिल्लामा मात्र सीमित नभएर पहाड तथा तराईमा पनि गोन्पाहरू स्थापना हुने क्रम बढ्दै गइरहेको देखिन्छ। तुलनात्मक रूपमा नेपालमा महायानी बौद्ध अनुयायीहरूको सङ्ख्या अधिक रहेको देखिन्छ। नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गत बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिमा दर्ता भएको तथ्याङ्कअनुसार २७३९ गोन्पाहरू मध्ये ३२ ओटा एक हजार वर्षभन्दा पुरानो, १०६ ओटा पाँच सयदेखि हजार वर्षभन्दा पुरानो, ४४२ ओटा एक सयदेखि पाँचसय वर्ष भन्दा पुरानो, २१४७ ओटा एक सयदेखि पाँचसय वर्ष भन्दा पुराना र ३८ ओटा स्थापना मिति उल्लेख नभएका गोन्पाहरू रहेको देखिन्छ। यस बाहेक जिल्ला प्रशासन कार्यालय, गुठी, कम्पनी रजिस्टरको कार्यालयमा पनि धेरै गोन्पाहरू दर्ता भएको देखिन्छ । वि.सं.२०६५ पछि जिल्ला शिक्षा कार्यालय र २०७२ सालदेखि स्थानीय तहबाट अनुमति, स्वीकृति लिएर परम्परागत धार्मिक प्रकृतिका आधारभूत तह र माध्यमिक तहका धेरै गोन्पा विद्यालयहरू सञ्चालनमा रहेको देखिन्छ।

## ३. गोन्पा, विहार र शैक्षिक केन्द्रको विकासक्रम

भगवान् शाक्यमुनि बुद्धका जीवनकालमा राजा विम्बिसारले बेलुवन उद्यान बुद्ध प्रमुख भिक्षु संघलाई दान गर्नुभएको थियो । श्राबस्ती निवासी अनाथपिण्डिकले श्राबस्तीका राजा प्रसेनजितको हरियो भरियो र निर्मल जलस्रोतहरूलेयुक्त जेतवन उद्यान खरिद गरी कलात्मक ढाँचाहरूले सुन्दरतापूर्वक सजाइएको विशाल जेतवन विहार निर्माण गरी बुद्धसहित संसारभरिका भिक्षुहरूको प्रयोगार्थ बुद्ध संघलाई दान गर्नुभएको थियो । वैद्यराज जीवकले राजगृहमा आम्रवन उद्यानमा विहार निर्माण गराइ विहार र आम्रवन दुवै तथागतलाई दान गर्नुभएको थियो। वैशालीका आम्रपालीले बुद्ध प्रमुख भिक्षु संघलाई आम्रवन उद्यान दान गर्नुभएको थियो। बुद्धत्व प्राप्त गरेपछि पहिलो पटक भगवान् बुद्ध कपिलवस्तुमा आउनुहुँदा राजा सुद्धोधनले (न्याग्रोध महाविहार) निर्माण गराई बुद्धलाई दान गर्नुभएको थियो । शाक्यमुनि बुद्धको समयमा तत्कालीन नेपालको

काठमाडौँ उपत्यकामा किराँती राजवंशका सातौँ राजा जितेदाँस्तीको पालामा शुरु भएको बुद्धधर्म लिच्छवि कालमा धेरै विकास भएको देखिन्छ । लिच्छवि राजाहरूमा वृषभदेव, मानदेव, अंशुवर्मा आदि राजाहरूको शासनकालमा धेरै विहारहरू निर्माण हुनुको साथै स्वयम्भू, बौद्धनाथ र नमोबुद्ध चैत्यहरूको पुनःनिर्माण पनि त्यसै समयमा भएको देखिन्छ । त्यसबेला नेपालका कलाकौशलको ख्याति छिमेकी मुलुकहरूमा पुगेको थियो । देश स्वतन्त्र र स्वावलम्बी हुनुका साथै मानिसहरू सम्पन्न तथा सुखी भएकाले नेपालको इतिहासमा लिच्छवि काललाई स्वर्ण युग भनेको पाइन्छ । यहाँका बौद्ध विद्वान् भिक्षु बुद्धभद्र बौद्ध शास्त्र अनुवाद गर्न चीन जानु भएको थियो । त्यसैगरी कलाकार अरनिको विहार, चैत्य निर्माण गर्नका लागि तिब्बत र चीनमा जानुभएको थियो । प्रतापमल्ल, आनन्द मल्लको शासनकालसम्मका नेपालका राजाहरूले बौद्ध धर्मको विकासमा योगदान पुऱ्याएको पाइन्छ । शाक्यमुनि बुद्धको महापरिनिर्वाणपछि तत्कालीन भारत वर्षमा पाँचौं शताब्दीदेखि नालण्दा विश्वविद्यालय, विक्रमशील विश्वविद्यालय, तक्षशील विश्वविद्यालय र ओदन्तपुरी आदि विश्वविद्यालयहरूमा बौद्ध शिक्षासँग सम्बन्धित दश विद्याहरूको अध्ययन अध्यापन तथा साधनाहरू हुने गरेको पाइन्छ ।

### ४. महायान बौद्ध गोन्पामा विकास भएका चार परम्परा

नेपालको लुम्बिनीमा जन्मनुभएको शाक्यमुनि बुद्धले धर्मदेशना गर्नुभएका शिक्षा विश्वमा फैलिने क्रममा सातौं शताब्दीमा नेपालकी राजकुमारी भृकुटीका माध्यमबाट तिब्बतमा बौद्ध धर्मको प्रवेश भएको देखिन्छ । शाक्यमुनि बुद्धद्वारा उपदेश गर्नुभएका शिक्षा नै घुमिफिरि सातौँ शताब्दीदेखि भोटभाषाका माध्यामबाट नेपालमा पुनः महायान बौद्ध धर्मको विकास हुँदै आएको पाइन्छ ।

शाक्यमुनि भगवान् बुद्धको जीवनकालदेखि नै बुद्धले प्राप्त गर्नुभएको ज्ञानलाई सर्वसाधरणजनसम्म पुऱ्याउनका लागि भिक्षुहरूलाई दीक्षित गरेर बुद्धले गाउँ गाउँमा पठाउनुहुन्थ्यो । नेपालमा महायानी बौद्ध धर्मको विकाससँगै प्रव्रजितहरूको लागि बौद्ध शिक्षा, अध्ययन, अध्यापन तथा अभ्यास गर्न आवसीय रूपमा गोन्पा निर्माण हुने क्रम सुरुवात भएको देखिन्छ । नेपालमा आठौँ शताब्दीतिर मुस्ताङ जिल्लाको लोघेकार दामोदरकुण्ड गाउँपालिकामा अवस्थित लोघेकार गोन्पा तिब्बतमा साम्ये गोन्पा निर्माण गर्न पूर्व आचार्य पद्म सम्भवले निर्माण गरिएको हुनाले नेपालको हिमाली क्षेत्रमा यो नै पहिलो ऐतिहासिक र प्राचीन गोन्पा भएको मानिन्छ । विशेष गरेर नेपालका हिमाली क्षेत्रमा बौद्ध धर्मका विशिष्ट गुरुहरूले बौद्ध शिक्षा अध्ययन केन्द्रको रूपमा गोन्पा स्थापना गरिएका छन् । बौद्ध शिक्षाका सबै विषयहरूको अध्ययन तथा अभ्यास सम्पन्न भएपछि खेन्पो, गेशे तथा लोपोनहरूको उपाधि प्रदान गरिने व्यवस्था प्राचीनकालदेखि यथावत रहेको देखिन्छ । बौद्ध शिक्षा, संस्कृति तथा धर्मको संरक्षण, सवर्धन र विकासको क्षेत्रमा निरन्तर अविच्छिन्न रूपमा गोन्पाहरूले नै महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको पाइन्छ । गोन्पामा अध्ययन

गर्ने सबै विद्यार्थीलाई निःशुल्क रूपमा शिक्षा प्रदान गर्ने परम्परा लामो समयदेखि यथावत चलिरहने परिपाटी बनिरहेको छ। भगवान् बुद्धका शिक्षालाई गुरुशिष्य परम्पराअनुसार भोट भाषाको माध्यमबाट गोन्पाले त्रिपिटक, त्रिशिक्षा तथा दश विद्याको अध्ययन र अभ्यास गोन्पामा आवसीय रूपमा हुने भएकाले देश विदेशबाट बौद्ध शिक्षा अध्ययन गर्नका लागि विद्यार्थीहरू गोन्पामा आउँछन् ।

सातौँ शताब्दीमा नेपालकी राजकुमारी भृकुटीको तिब्बतका ३३ औँ राजा स्रोङचेन गम्पोसँग विवाह भएपछि नेपालबाट दाइजो स्वरूप राजकुमारी भृकुटीले भगवान् बुद्धको प्रतिमा तिब्बत ल्याइन् यसबाट तिब्बतमा महायानी बौद्ध धर्मको प्रवेश भयो । राजा स्रोङचेन गम्पोले तिब्बतमा ठाडुक, थादुल, याङदुल तथा रुनोन जस्ता अनेक प्रसिद्ध विहारहरूको निर्माण गराउनु भयो । उहाँले थोन्मि सम्भोटलाई लिपि अध्ययनका लागि भारत पठाउनु भयो । थोन्मि सम्भोटले भारतमा लिपि अध्ययन गरेर तिब्बत फर्केपछि भोट भाषामा अनुकूल लिपि र अष्टाङ्ग व्याकरणको विकास गर्नुभयो । ३३ औँ राजा स्रोङचेन गम्पोको निमन्त्रणामा भारतीय बौद्ध  विद्वान् आचार्य कुमार, ब्राह्मण शङ्कर र नेपालका आचार्य शीलमञ्जु तिब्बत जानुभयो । उहाँहरूले तिब्बतमा संस्कृत भाषामा रहेका केही बुद्धवचन सूत्र र तन्त्रलाई भोट भाषामा अनुवाद गरी त्यहाँ बौद्ध धर्मको सूत्रपात गर्नुभयो ।

आठौँ शताब्दीमा तिब्बतका ३७ औँ राजा ठिसोङ देउचनको निमन्त्रणाअनुसार पूर्वी भारतका साहोर स्थानका उपाध्याय शान्तरक्षित र आचार्य पद्मसम्भव तिब्बत जानुभयो । उहाँहरूले तिब्बतको ल्हासामा सम्ये नामक बौद्ध विहार निर्माण गरी औपचारिक रूपमा बौद्ध धर्मको स्थापना गर्नुभयो। संस्कृत र भोट भाषाका बौद्ध  विद्वानूहरूले संस्कृत भाषामा रहेका बौद्ध सूत्र र शास्त्रहरूलाई भोट भाषामा अनुवाद गरे । सूत्र अनुवादलाई कग्युर र शास्त्र अनुवादलाई तेन्ग्युर भनिन्छ ।

राजा स्रोङचेन गम्पोको शासनकालमा संस्कृत भाषामा भएका केही महायानी बौद्ध ग्रन्थहरू भोट भाषामा अनुवाद भएता पनि बौद्ध धर्मको विकास पूर्ण रूपमा भएको देखिँदैन । आठौँ शताब्दीमा भारतवर्षमा जन्मेका नालण्दा विश्वविद्यालयका आचार्य पद्मसम्भव, जसले नेपालको काठमाडौँ जिल्लाको दक्षिणकाली नगरपालिका फर्फिङमा ध्यान साधना गरेर बुद्धत्व प्राप्त गर्नुभयो । खोटाङ जिल्लाको तुवाचुङ नगरपालिकास्थित हलेसी मारतिका गुफामा अमितायुको साधना गर्नुभई अमरत्व प्राप्त गर्नुभयो । उहाँले नेपाल, भारत, तिब्बत र भुटानमा महायान बौद्ध धर्मको विकासमा ठुलो योगदान पुऱ्याउनुभयो । तिब्बतमा रहेका भारतीय आचार्य शान्तरक्षितको सल्लाहअनुसार तत्कालीन तिब्बतका ३७ औँ राजा ठिसोङ देउचनको निमन्त्रणामा आचार्य पद्मसम्भव नेपाल हुँदै तिब्बत पाल्नुभई सम्ये विहार निर्माण गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउनुभयो ।

विभिन्न समय र कालखण्डमा तिब्बतमा अनेक बौद्ध परम्पराहरूको विकास भएको छ । यीमध्ये केहीको नाम समयका दृष्टिबाट, केहीको नाम स्थानका दृष्टिबाट, केहीको नाम

उपदेशका दृष्टिबाट र केहीको नाम प्रवर्तक आचार्यहरूको दृष्टिबाट विकसित भएका छन् । तिब्बतमा विकसित महायान बौद्ध धर्ममा सूत्रानुयायी र तन्त्रानुयायी ञिङमा (प्राचीन) र सरमा (नवीन) गरी दुई प्रकारका छन् । ञिङमा र सरमाको भेद सूत्रानुयायी बौद्ध धर्मको दृष्टिबाट नभई मुख्यतः गुह्यतान्त्रिक धर्मको दृष्टिबाट भएको हो । तिब्बतका शासक स्रोङचेन गम्पोको शासनकालदेखि भारतीय पण्डित स्मृतिज्ञान तिब्बतमा हुँदा संस्कृत भाषाबाट भोट भाषामा अनुवाद भएका गुह्यतन्त्रलाई पूर्वानुदित भनिन्छ । त्यस अवधिमा अनुवाद भएका गुह्यतन्त्रको व्याख्यान गर्ने, मान्ने र अनुशरण गर्नेहरूलाई ञिङमा भनिन्छ । सन् ९७८ मा लोचवा रिन्चेन जाङपोको समयदेखि संस्कृत भाषाबाट भोट भाषामा अनुवाद भएका गुह्यतन्त्रलाई पश्चात् अनुवाद भनिन्छ । त्यसलाई व्याख्यान गर्ने, मान्ने र अनुशरण गर्नेहरूलाई सरमा भनिन्छ । सरमाअन्तर्गत काग्यु, साक्य र गेलुग पर्छन् ।

### ४. (क) ञिङमा परम्परा

भारतको उडियानका आचार्य पद्मसम्भव नेपालका काठमाडौँ जिल्ला, दक्षिणकाली नगरपालिकाको फरफिङमा ज्ञान प्राप्त गर्नुका साथै खोटाङ जिल्लाको तुवाचुङ नगरपालिकामा अवस्थित डक्फुग मारातिकामा अमरत्व प्राप्त गर्नुभएको हो । तिब्बतका राजा ठिसोङ देउचेनको निमन्त्रणामा नेपाल हुँदै तिब्बत जानु भई तिब्बतको सम्ये छिम्फुमा रहेर १८ महासाधन तन्त्र ग्रन्थहरूको अनुवाद गरी उहाँले राजा र सेवक आदि २५ जना सौभाग्यशाली पुरुषहरूको समक्ष महारहस्य नामक बज्रयानी धर्मचक्र प्रर्वतन गर्नुभएको थियो । उहाँद्वारा प्रवर्तित तन्त्र र सिद्धान्तको परम्परालाई नै ञिङमा भनिन्छ । नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गत बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिमा दर्ता भएको २०७७।०७८ सालको तथ्याङ्कअनुसार कुल २,९४९ गोन्पा, विहारहरूमध्ये ञिङमाको सङ्ख्या २,३७८ रहेको देखिन्छ ।

### ४. (ख) काग्यु परम्परा

सन् १०१२ मा तिब्बतमा मरतोन छ्योकी ल्हाडोको जन्म भएको थियो । उहाँले बौद्ध धर्म अध्ययनका लागि तीन पटक भारत जानु भई नरोपा, मैत्रीपा आदि बौद्ध महापण्डित गुरुहरूको चरणमा बसी अनेक प्रामाणिक बौद्ध ग्रन्थहरूको अनुवाद एवम् व्याख्यान गर्नुभएको थियो । अतः उहाँद्वारा प्रवर्तित तथा जेचुन मिलारेपा र ञम्मेद दाग्पा ल्हाजे आदि महापुरुषहरूद्वारा सम्वर्धित परम्परालाई काग्यु भनिन्छ । नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गत बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिमा दर्ता भएको २०७७।०७८ सालको तथ्याङ्कअनुसार कुल २,९४९ गोन्पा, विहारहरूमध्ये काग्युको सङ्ख्या ३१० रहेको देखिन्छ ।

## ४. (ग) साक्य परम्परा

सन् १०३४ मा तिब्बतमा जन्मेका खोन कोन्छ्याग ग्याल्पोले बौद्ध विद्वान् लोचावा डोग्मिबाट नालन्दाका उपाध्याय श्री धर्मपाल र महापण्डित गयाधरद्वारा प्रवर्तित परम्पराको मार्ग एवम् फल विषयक उपदेश श्रवण गर्नुभएको थियो। अतः उहाँ र साछेन गोङमा नामङाद्वारा प्रवर्तित परम्परालाई साक्य भनिन्छ। नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गत बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिमा दर्ता भएको २०७७।०७८ सालको तथ्याङ्कअनुसार कुल २,९४९ गोन्पा, विहारहरूमध्ये साक्यको सङ्ख्या ११० रहेको देखिन्छ।

## ४. (घ) गेलुग परम्परा

सन् १०३९ मा भारतको विक्रमशील विद्यापीठका आचार्य दीपङ्कर श्रीज्ञान तिब्बतमा जानुभई बौद्ध धर्मका गम्भीर तथा उदार सूत्र र तन्त्रको प्रचार गर्नुभएको थियो। उहाँद्वारा प्रवर्तित तथा खुडोक, डोमसुम आदि महापुरुषहरूकोद्वारा संवर्धित परम्परालाई कादम भनिन्छ। सन् १३५७ मा तिब्बतमा कादम परम्परामा जन्मेका बौद्ध विद्वान् जमगोन चोङखापाले भोट भाषामा अनुवाद भएका बुद्धवचन र तिनका टीका भारतीय बौद्ध शास्त्रहरूको श्रवण, चिन्तन र भावनाद्वारा परीक्षण गरी प्राप्त गर्नुभएको यथार्थ ज्ञानलाई आफ्ना शिष्यहरूलाई प्रदान गरी अविपरित तथा अभ्रान्त रूपमा उपदेश गर्नुभएको थियो। उहाँद्वारा प्रवर्तित तथा ग्याल्ब खेडुब आदि विद्वानूहरूले संवर्धित परम्परालाई गेलुग वा रिवो गेदेन भनिन्छ। नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गत बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिमा दर्ता भएको २०७७।०७८ सालको तथ्याङ्कअनुसार कुल २,९४९ गोन्पा, विहारहरूमध्ये गेलुगको सङ्ख्या ४९ रहेको देखिन्छ।

## ५. नेपालमा गोन्पाको महत्त्व र धार्मिक कार्य एवम् चाडपर्व

महायानी बौद्धमार्गीहरूको संस्कृति बौद्ध सिद्धान्तमा आधारित रहेकोले प्राचीनकालदेखि नै नेपालको उत्तरी हिमाली भेगमा बसोबास गर्ने हिमाली बौद्धमार्गीहरूले प्रायः प्रत्येक गाउँमा गोन्पा स्थापना गरी बौद्ध धर्म, दर्शन, संस्कृति, साहित्य, कला आदि विषयको अध्ययन, अध्यापन गुरु परम्पराअनुसार गराउनका साथै अभ्यास पनि गर्दै आएका छन्। बौद्ध धर्म एवम् दर्शनमा आधारित शिक्षा प्रदान गर्दै आएकाले गोन्पा एवम् बौद्ध धर्म, संस्कृति बिच पारस्परिक सम्बन्ध रही आएको छ। गोन्पाहरूमा पठनपाठनको अतिरिक्त दैनिक पूजापाठ र धार्मिक गतिविधि शाक्यमुनि बुद्धसँग सम्बन्धित सागा दावा (बुद्ध जयन्ती), धर्मचक्र प्रवर्तन, देवातरण महोत्सव (ल्हाबापा दुक्षेन) र आचार्य पद्म सम्भवसँग सम्बन्धित शुक्ल पक्षको दशमी पूजा (छेचु) र कृष्ण पक्षको दशमी (ञेरङ) साथै, ञ्युङन्य (मौन व्रत) डुक्षोद्लगायत बौद्ध उत्सव र सांस्कृतिक कार्यक्रमहरू आयोजना गर्ने भएका कारण गोन्पाहरूले बौद्ध संस्कृति संरक्षण, संवर्धन र विकासको क्षेत्रमा महत्त्वपूर्ण

योगदान दिँदै आएका छन् ।

## ५. (क) नेपालमा परम्परागत गोन्पा शिक्षाको वर्तमान अवस्था

बौद्ध शिक्षाका सबै विषयहरू मूलतः पालि, संस्कृत र भोटभाषामा रहेका छन् । श्रावकयानीहरूको पालि र महायानीहरूको संस्कृत र भोटभाषा माध्यमबाट अध्ययन र अध्यापन हुने गरेका छन् । नेपाली भाषामा बौद्ध शिक्षाका केही ग्रन्थहरू बाहेक अधिकांश ग्रन्थ अनुवाद भएका छैनन् । संस्कृत भाषाबाट महायानी बौद्ध शिक्षाको अध्ययन, अध्यापन गर्ने परम्परा लोप भएता पनि भोट भाषाबाट भने अविच्छिन्न रूपमा बौद्ध गोन्पाहरूमा निरन्तर रूपमा चलिरहेको छ । यसै क्रममा सन् २००० मा सेनेगलको डकार घोषणापत्रमा सबैको लागि शिक्षा कार्यक्रमअन्तर्गत नेपाल सरकारको शिक्षा मन्त्रालय मातहतका निकायहरूले राष्ट्रिय कार्ययोजनाअनुसार २०६५ सालदेखि गोन्पा शिक्षालाई सैद्धान्तिक रूपमा कुनै असर नपर्ने गरी राज्यको मुख्य शिक्षा नीतिमा समावेश गराई मान्यता प्रदान गराउनका लागि नेपाल सरकार शिक्षा मन्त्रालयका निकायहरूसँग समन्वय गर्दै गोन्पा शिक्षाको नीति निर्माण तथा पाठ्यक्रम र पाठ्यपुस्तक विकास परिमार्जनका कार्यहरू नेपाल बौद्ध महासंघको पहलमा निरन्तर भइरहेका छन् ।

भाषिक दृष्टिकोणबाट हेर्दा संस्कृत र भोट भाषाले नेपालमा महायानी बौद्ध परम्पराको विकासमा महत्त्वपूर्ण योगदान दिएका छन् । अतः संस्कृत र भोट भाषाको सहयोग बिना महायानी बौद्ध परम्पराको विकास प्रया असम्भव नै देखिन्छ । महायानी बौद्ध परम्पराको श्रवण, चिन्तन, अभ्यास, अनुवाद, लेखन र सम्पादनमा महत्त्वपूर्ण योगदान दिएका बौद्ध भिक्षु, भिक्षुणी, गृहस्थ साधकहरूले यो परम्परालाई अविच्छिन्न रूपमा हस्तान्तरण गर्दै आजसम्म जीवित राख्न सफल भएका छन् ।

## ५. (ख) पर्यटनको नजरमा नेपालमा रहेका गोन्पा

नेपालमा बौद्ध गोन्पा र तीर्थस्थलहरू भएकाले आन्तरिक र बाह्य धार्मिक विद्यार्थी र धार्मिक पर्यटकहरूको सङ्ख्या बढिरहेको छ । नेपालका बौद्ध गोन्पा र तीर्थस्थलहरूमा आउने पर्यटकहरू अध्ययन, अनुसन्धान, ध्यान, पूजा, प्रार्थना र अवलोकन गर्नका लागि आउने गर्छन् । अतः पर्यटकको दृष्टिकोणमा बौद्ध गोन्पा र तीर्थस्थलहरू शान्तिको प्रतीक, अध्ययन र ध्यान साधनाका केन्द्र, ऐतिहासिक र पुरातात्त्विक बौद्ध सम्पदाका रूपमा रहेको देखिन्छ ।

## ५. (ग) गोन्पाहरूमा पर्यटकहरूलाई आकर्षण गर्ने विषयवस्तु

गोन्पाहरूको आकर्षक बनावट, गोन्पामा स्थापित मूर्तिहरू, गोन्पाका भित्तामा लेखिएका चित्रहरू, गोन्पामा आयोजना हुने विभिन्न धार्मिक क्रियाकलापहरूको अवलोकन, पूजा, साधना अध्ययन, ध्यान, रिन्पोछे, विशिष्ट गुरुहरूले प्रदान गर्ने अभिषेक आदि निरन्तर चलिरहने

गतिविधिहरूले पर्यटकहरूलाई गोन्पाहरूमा सधैं आकर्षित गर्दै आएका छन् ।

## ६. समाजमा गोन्पा शिक्षाको भूमिका र योगदान

प्राचीनकालदेखि नै नेपालको समाजमा बौद्ध अनुयायीहरूले गोन्पा शिक्षाको माध्यमबाट समाजलाई शिक्षित, सुव्यवस्थित र नैतिक बनाउने कार्य गर्दै आएका छन् । यस प्रक्रियामा, गोन्पाले मानव मात्र नभई समग्र प्राणीहरूको भलाइको उद्देश्य राखेर निःशुल्क शिक्षा प्रदान गर्दै आएको छ । भगवान् शाक्यमुनिद्वारा प्रतिपादित पञ्चशील, अष्टशील, आर्य अष्टाङ्गिक मार्ग, दशपारमिता, शमथा विपश्यना ध्यान साधना, पाठपूजा र कर्मफलसम्बन्धी शिक्षाहरू गोन्पामा सिकाइन्छ । यसरी, गोन्पा र समाज बिच एक गहिरो पारस्परिक सम्बन्ध रहेको छ ।

गोन्पा शिक्षाले समाजमा रहेका विकृति, विसङ्गति र कुसंस्कारहरू हटाउन विशेष भूमिका निर्वाह गरेको छ । यसले समाजमा नैतिकता र आध्यात्मिक जागरण ल्याउन ठुलो योगदान पुऱ्याएको छ । गोन्पा शिक्षाले अध्यात्मिक दृष्टिकोणबाट समाजको समग्र विकासमा महत्त्वपूर्ण भूमिका खेलिरहेको छ । यसले समाजमा शान्ति, सद्भाव र मानवता प्रवर्धन गरेको छ ।

## ७. आजको समाजमा गोन्पा शिक्षाको आवश्यकता र भविष्य

वर्तमान समयमा विज्ञान र प्रविधिको युगसँगै गोन्पा शिक्षाको आवश्यकता थप महत्त्वपूर्ण हुँदै गएको छ । नेपालमा आधुनिक शिक्षा प्रणालीको प्रवृत्तिको साथसाथै, गोन्पामा प्रदान गरिने शिक्षा र प्रशिक्षणको भूमिका अझै बढ्दो छ । यसको प्रासंगिकता र महत्त्वलाई बुझेर, नेपाल बौद्ध महासंघले पाठ्यक्रम विकास केन्द्रसँग समन्वय गरी २०६५ सालदेखि गोन्पा शिक्षाको पाठ्यक्रम र पाठ्यपुस्तकहरूको विकास गर्दै मध्यामिक तह कक्षा १२ सम्मको पाठ्यक्रम तयार गरेको छ ।

आधुनिक शिक्षा प्रणालीले केवल विज्ञान र प्रविधिमा मात्र ध्यान केन्द्रित गरेको भएता पनि यसले पूर्वीय सभ्यता, धर्म र संस्कृतिको संरक्षण र विकासमा पनि योगदान पुऱ्याउनुपर्छ । गोन्पा शिक्षाले यसै उद्देश्यलाई प्राथमिकता दिँदै नेपालको मौलिक शिक्षा, धर्म र संस्कृतिको संरक्षणमा विशेष योगदान पुऱ्याउँछ ।

भविष्यमा, परम्परागत गोन्पा शिक्षाको भूमिका अझ महत्त्वपूर्ण हुने छ । यसलाई नेपालको राष्ट्रिय शिक्षाको मूलधारमा समावेश गर्न र समयानुकूल रूपमा सञ्चालन गर्न अत्यन्त आवश्यक छ । यसले नेपालको सांस्कृतिक धरोहर र आध्यात्मिकताको संरक्षण गर्दै समाजमा सशक्त र जिम्मेवार नागरिकहरूको सिर्जना गर्न सहयोग पुऱ्याउने छ । यसरी, गोन्पा शिक्षाले समाजका लागि गहिरो र दीर्घकालीन योगदान पुऱ्याउँदै आएको छ र यसको भविष्यमा पनि महत्त्व निरन्तर रहने छ ।

## ८. नेपालमा गोन्पा सञ्चालनमा देखिएका समस्या र चुनौती

प्राचीनकालदेखि बौद्ध धर्मावलम्बीहरूको शैक्षिक, धार्मिक तथा सांस्कृतिक केन्द्रको रूपमा

मुनाफारहित केवल परहितका लागि निरन्तर सञ्चालन हुँदै आएका गोन्पासम्बन्धी नेपालमा कुनै स्पष्ट नीति वा नियम नहुँदा विभिन्न प्रकारका समस्या र चुनौतीहरूको सामना गर्नु परिरहेको छ । गोन्पासम्बन्धी एकद्वार प्रणाली नभएकाले आधिकारिक रूपमा गोन्पा सञ्चालन गर्नका लागि कहाँ अनुमति, दर्ता वा स्वीकृति प्राप्त गर्नुपर्ने विषयमा सरोकार पक्षहरू अन्योलमा रहेका छन् । यस कारणले गर्दा कुनै गोन्पा सङ्घीय गृहमन्त्रालय मातहतका जिल्ला प्रशासन कार्यालयमा, केही सङ्घीय संस्कृति, पर्यटन र नागरिक उड्डयन मन्त्रालय मातहतको बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिमा, केही सङ्घीय भूमिसुधार मन्त्रालय मातहतको मालपोत कार्यालयमा र कुनै उद्योग मन्त्रालय मातहतका कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता भएर सञ्चालन भइरहेको देखिन्छ।

## ९. निष्कर्ष

पूर्वीय सभ्यताको धरोहरको रूपमा विश्वमा नेपाललाई चिनाउन र नेपालमा बौद्ध धार्मिक पर्यटन प्रवर्द्धन गरी नेपाली जनताको आर्थिक स्थितिमा सुधार ल्याउनका लागि राज्यले धार्मिक परम्परागत गोन्पा शिक्षा प्रणालीको विकास, प्राचीन बौद्ध सम्पदाको उचित व्यवस्थापन, संरक्षण तथा संवर्धनमा तीनै तहका सरकारले सम्बन्धित सरोकार पक्षसँग समन्वय र सहकार्य गरेर काम गर्न सके मुलुकको आध्यात्मिक र भौतिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सक्ने छ । यसले भगवान् शाक्यमुनि बुद्ध जन्मनु भएको देश नेपालको ख्याति विश्वभर फैलाउन र प्राणी जगत्को कल्याणमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सक्छ । राज्यले बौद्ध संस्कृतिको माध्यमबाट बाह्य र आन्तरिक पर्यटकलाई बढावा दिनका लागि तीर्थस्थलसम्म हवाई र सडक मार्ग जोड्नु पर्ने र तीर्थाटन गर्न आउने देश विदेशका तीर्थयात्रीहरूको निमित्त आवश्यक पूर्वाधारको उचित व्यवस्थापन गर्नुपर्ने देखिन्छ।

**भवतु सर्व मङ्गलम्**

## सन्दर्भ सामग्री


- नेपाल बौद्धमहासं स्मारिक (२०७६) ।
- लामा, परम पावन १४औं दालाई लामा (१९९८) बालमतिनयनोन्मीलक सुभाषित,श्री पारखाङ, दिल्ली ।
- लामा, खेन्पो मेन्ला फुन्जोक गुरुङ (२०६८) नेपाल बौद्ध तीर्थ दर्पण,न्यू नेपाल प्रेस काठमाडौं ।
- आंवेडकर,डा. भीमरवा रामजी (२०५३)भगवान् बुद्ध र उहाँको धर्म,दायक सभा,धर्मशील बुद्ध विहार,पोखा ।
- Shrestha, Dr.Khadga Man [14th october,2008 A.D.]Hostory of Buddhism in Nepal up to 1956 with Special Reference to Vajrayana Buddhism,Mrs.Kamala Devi Shrestha,Kathmandu

# गोन्पा विद्यालय सञ्चालन, व्यवस्थापन तथा समस्या समाधानका उपाय

झबिन्द्र कुमार सुबेदी
प्रधानाध्यापक, शेचेन महाबौद्ध विद्यालय
सचिव, बौद्ध विद्यालय समिति नेपाल

**१. विषय प्रवेश** :

मानव जातिको विकासको इतिहास हेर्ने हो भने मानव जातिको विकासको प्रमुख केन्द्र भनेको ऊभित्र भएको उत्सुकता हो। वास्तवमा उत्सुकता नै ज्ञानको आधार हो। मानव जातिमा भएको यही उत्सुकताले नै ऊसमा अगम्य ज्ञानको खोज, अध्ययन, अनुसन्धान र सिकाइप्रतिको मोह जागृत भयो जसको फलस्वरूप आजको वर्तमान युगको सिर्जना गऱ्यो र आजको विकास सम्भव गरायो।

मानव जातिले परापूर्व कालदेखि नै ज्ञानको खोजी र प्रयोग गरिरहेको छ। यसरी परम्परागत रूपमा विकास भएका ज्ञान नै वास्तवमा परम्परागत शिक्षा हो। जुन कालान्तरमा विभिन्न समुदायमा आआफ्नै परम्परा र धर्मको विशेष रूपअनुसार विकास भएर गयो।

नेपाल एक बहुभाषिक, बहुसांस्कृतिक देश हो। अनेक थरी फूलको एउटा माला हो नेपाल यसर्थ देशमा भएका विभिन्न संस्कृति र परम्पराको आफ्नो छुट्‌टै विशेष पहिचान र महत्त्व छ। यसै सन्दर्भमा नेपाल बुद्ध जन्मिएको भूमि भएकोले यहाँ बुद्ध धर्म, परम्परा र अभ्यासको विशेष भूमिका, महत्त्व र आवश्यकता रहेको छ। एउटा ठुलो जनसङ्ख्या र खासगरी नेपालको उत्तरी हिमाली क्षेत्र बौद्ध धर्म र परम्परामा अभ्यस्त छ। देशका अधिकांस भागमा आस्था र अध्ययनका केन्द्र गोन्पा विहारहरू सदियौँदेखि स्थापना भएका छन्।

नेपालमा महायानी तथा थेरावादी बौद्धमार्गीहरूले सम्भोटा लिपि भोटभाषा, पाली तथा संस्कृत भाषामा बौद्ध शिक्षाको अध्यन गोन्पा तथा विहारहरूमा गराउँदै आएको पाइन्छ। खास गरेर महायानी बौद्ध मार्गीहरूले सम्भोटा लिपिमा लेखिएका काग्युर, तेन्युर आदि बुद्धका उपदेशहरू गोन्पामा अध्ययन अध्यापन गराइरहेको पाइन्छ। गोन्पामा बौद्ध दर्शनशास्त्र, तर्कशास्त्र, माध्यमिका, प्रज्ञापारमिता, अभिधम्मकोश, विनय, कलाविद्या, सोवारिग्पा (आयुर्वेद), व्याकरण, कर्मकाण्डआदि जस्ता विषयहरू परापूर्वकालदेखि हालसम्म पनि महत्त्वका साथ पठनपाठन भइरहेको छ।

## २. एतिहासिक पृष्ठभूमि

नेपालमा २००७ साल अघि शिक्षाको पहुँच ज्यादै सीमित वर्ग र सुमदायभित्र सीमित थियो। त्यतिबेलाको शैक्षिक तथ्याङ्कलाई हेर्ने हो भने त्यतिबेलाको साक्षरता करिब २ प्रतिशत मात्र रहेको देखिन्छ। २००७ सालको राजनीतिक परिवर्तनपछि विस्तारै राज्यले शिक्षामा लागानी बढाउंदै लग्यो जसको कारण शिक्षाको पहुँच सामान्य जनतामा पुग्यो। देशका विभिन्न क्षेत्रमा विद्यालय खुल्ने र सर्वसाधारणका बालबालिका पनि विद्यालय जाने अवसरहरूको सिर्जना भयो।

२०१७ सालपछि पञ्चायती व्यवस्थाको समयमा शिक्षाको सबलीकरण त गरियो तर परम्परागत शिक्षालाई मूलधारको शिक्षामा ल्याउने काम भएन। २०२८ सालमा लागु गरिएको नयाँ शिक्षा केही वैज्ञानिक भएपनि यसले समाजको सबै समुदायलाई अझै पनि जोड्न सकेन। देशमा २०४६ साल र २०६२।०६३ को आन्दोलनपछि बहुदलीय व्यवस्था लागु भएपछि विभिन्न राजनैतिक दलहरूले शिक्षाको बहुआयामिकतालाई आफ्नो एजेन्डा बनाए पनि त्यो केवल घोषणापत्रमा मात्र सीमित रहन गयो। मुलुक अहिले गणतन्त्रमा प्रवेश गरिसके पनि ऐन, नियम र कानुनमा भएको अअष्पटता, राजनीतिक अस्थिरता, प्रशासनिक जटिलता आदिको कारणले शिक्षाको गुणस्तर, यसको व्यवस्थापन र यसले दिशा अझै पनि लिन सकिरहेको देखिँदैन।

## ३. कानुनी व्यवस्थाहरू

### (क) नेपालको संविधान

- नेपालको संविधानको धारा ६ मा नेपालमा बोलिने सबै मातृभाषाहरूलाई राष्ट्रभाषाको मान्यता दिइएको छ।
- धारा ३१ मा शिक्षा सम्बन्धी हकअन्तर्गत आधारभूत शिक्षामा पहुँचको हक, आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क, माध्यामिक तहसम्म निःशुल्क शिक्षा पाउने हकको प्रत्याभूति गरेको छ। हरेक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय सञ्चालन गर्न पाउने हक प्रदान गरेको छ।
- संविानको धारा ३२ अनुसार भाषा तथा संस्कृतिको हकअन्तर्गत नेपालमा बसोबास गर्ने प्रत्येक नेपालीले आफ्नो समुदायको भाषा, लिपि, संस्कृति, सभ्यता र सम्पदाको संरक्षण र सम्बर्धन गर्न पाउने हक प्रदान गरेको छ।
- संविधानको धारा ४२ मा सामाजिक न्यायको हकअन्तर्गत आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी, जनजाति, मधेशी, थारु, मुस्लिम, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत, अपाङ्गता भएका, लैंगिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पिडित वा पिछडिएका क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस, आर्यलाई समानुपातिक र समावेशी सिद्धान्तको आधारमा राज्यको निकायमा सहभागिताको हक हुने छ।

- संविधानको धारा ५१ राज्यका नीतिअन्तर्गत नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीतिमा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, अनुसन्धानात्मक तथा रोजगारमूलक बनाउँदै शिक्षामा राज्यको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने नीति अङ्गीकार गरेको छ।

(ख) **राष्ट्रिय शिक्षा नीति २०७६**

- नेपाललाई पूर्ण साक्षर तुल्याई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु (८. ६)
- साक्षरता, अनौपचारिक शिक्षा र आजीवन सिकाइलाई पेसा एवम् व्यवसाय, सामाजिक जीवन र सहभागितासँग आबद्ध गर्ने (९. १४)
- परम्परागत शिक्षाको मुलप्रवाहिकरण एवम् वैकल्पिक र खुला शिक्षाको अवसर विस्तार गरी विद्यालय शिक्षामा पहुँच अभिवृद्धि गर्ने (९. १५)
- अनौपचारिक, खुला र परम्परागत विद्यालयबाट प्रदान गरिने शिक्षालाई राष्ट्रिय शिक्षा प्रणालीमा औपचारिक विद्यालय शिक्षाको समकक्षी बनाउने (१०.२७)
- धार्मिक प्रकृतिका परम्परागत विद्यालयलाई नियामन र सहजीकरण गर्नका लागि गोन्पा शिक्षा बोर्ड, गुरुकुल शिक्षा बोर्ड, मदरसा शिक्षा बोर्ड गठन गर्ने (१०. २७.४)
- परम्परागत शिक्षा बोर्डहरूले शिक्षाको मापदण्ड निर्धारण, पाठ्यक्रम निर्माण तथा परिमार्जन, ब्रिज कोर्स र समकक्षता निर्धारणलगायत समन्वय र सहजीकरण गर्ने (१०. २७. ५)

(ग) **अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५**

- अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५को दफा १६ मा परम्परागत शिक्षा प्रदान गर्न सकिने व्यवस्था रहेको छ।
- यस्ता परम्परागत शिक्षा प्रदान गर्ने गोन्पा, गुरुकुल, मदरसा सम्बन्धित स्थानीय निकायमा दर्ता गर्नुपर्ने छ।
- गोन्पा, गुरुकुल, मदरसा जस्ता शैक्षिक संस्थाले प्रदान गर्ने शिक्षाका अतिरिक्त नेपाल सरकारले निर्धारण गरेको पाठ्यक्रम बमोजिम शिक्षा प्रदान गर्नुपर्ने छ।

(घ) **अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी नियमावली २०७७**

- परम्परागत शिक्षा सञ्चालन गर्ने संस्थाले राष्ट्रिय पाठ्यक्रम प्रारूपको आधारमा तयार पारिएका पाठ्यक्रम, पाठ्यपुस्तक र सन्दर्भ सामग्रीको प्रयोग गर्नुपर्ने छ।
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले स्वीकृत गरेको मापदण्ड बमोजिम शिक्षण सिकाइमा सहजीकरण गर्नुपर्ने छ।
- सिकाइलाई प्रभावकारी बनाउन सम्बन्धित स्थानीय तहले आवश्यक निर्देशन दिन सक्ने छ र निर्देशन

पालना गर्नु त्यस्तो संस्थाको कर्तव्य हुने छ।

(ङ) **सोह्रौँ योजना**

- सबै तहको शिक्षाको पाठ्यक्रम र शैक्षिक कार्यक्रम समसामयिक र व्यावहारिक बनाउने भन्ने रणनीति रहेको छ।

(च) **शिक्षा ऐन २०२८/शिक्षा नियमावली २०५९**

- समावेशी शिक्षाको परिभाषाअन्तर्गत सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिहरूलाई विभेदरहित वातावरणमा शिक्षा दिइने। दूर शिक्षा, विशेष शिक्षा र समावेशी शिक्षाको सञ्चालन पनि साधारण शिक्षा सरह हुने छ। यसबाट के बुझ्न सकिन्छ भने परम्परागत प्रकृतिका विद्यालयबाट दिइने शिक्षा पनि साधारण शिक्षा सरह हुने र यस शिक्षालाई पनि राष्ट्रिय मूलधारमा समाहित गराउन खोजिएको छ।

(छ) **विद्यालय क्षेत्र विकास कार्यक्रम**

- वैकल्पिक तथा लचिला मोडका शिक्षा कार्यक्रममार्फत औपचारिक शिक्षालाई सहयोग पुऱ्याउनु,
- परम्परागत विद्यालयलगायत सबै विद्यालयहरूमा गुणस्तरका न्युनतम मापदण्ड सिकाइ उपलब्धि हासिल गराउन अनुगमन प्रणालीलाई सुदृढ गराउने,
- परम्परागत विद्यालयलाई सञ्चालनको लागि अनुदान, निःशुल्क पाठ्यपुस्तक, शिक्षक तालिमको व्यवस्था गराउने,

(ज) **राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६**

- परम्परागत शैक्षिक पद्धति गोन्पा, गुरुकुल, मदरसा, मुन्धुम आदिलाई शिक्षाको मूलप्रवाहमा ल्याई वैकल्पिक शिक्षालाई थप व्यवस्थित बनाइने छ।
- आधारभूत र माध्यामिक तहमा परम्परागत शिक्षा तर्फको पाठ्यक्रम बनाईने छ।

(झ) **गोन्पा, गुरुकुल, मदरसा जस्ता धार्मिक प्रकृतिको नयाँ विद्यालय खोल्न चाहेमा शिक्षा ऐन २०२८ (सातौँ संशोधनसहित) र शिक्षा नियमावलीको परिधि भित्र नै रही संस्थागत रूपमा सञ्चालन गर्न पाउने गरी निवेदन दिन पाउने व्यवस्था गर्ने गराउने भनी २०५९/०१/१७ को शिक्षा मन्त्रालयको सचिव स्तरीय निर्णय बमोजिम शिक्षा विभागबाट २०५९/०२/१० को पत्रानुसार पाँच ओटै क्षेत्रीय शिक्षा निर्देशनालय र पचहत्तर ओटै जिल्लालाई निर्देशन दिइएको,**

(ञ) **२०६२/०६३ को विभिन्न मितिहरू मा परम्परागत तथा धार्मिक प्रकृतिका विद्यालयहरूलाई अनुदान रकम, दर्ता गर्दा शुल्क नलाग्ने मन्त्रीस्तरीय निर्णय भएको,**

**(ट) पाठ्यपुस्तक तयार नभैसकेको अवस्थामा साधारण विद्यालयले प्रयोग गर्ने पाठ्यपुस्तक नै कक्षा ५ सम्म प्रयोग गरी सिकाइ उपलब्धि हासिल गराउने भनि २०६३/०७/२४ मा मन्त्रीस्तरीय निर्णय भएको,**

**ठ) परम्परागत शिक्षण संस्था (सञ्चालन तथा व्यवस्थापन) मापदण्ड २०७९**

- परम्परागत शिक्षण संस्थाको सञ्चालन व्यवस्थापन प्रकृयाको विस्तृत ढाँचा तयार गरी नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको २०७९/०१/१५ मा मन्त्रीस्तरीय निर्णयानुसार स्वीकृत गरिएको,

## ४. नेपाल बौद्ध महासंघ र यसको भूमिका

नेपाल बौद्ध महासंघले परम्परागत शिक्षाअन्तर्गतको गोन्पा शिक्षाको राष्ट्रियीकरण, वैधानिकता, नीति निर्माण, पाठ्यक्रम निर्माण तथा व्यवस्थापनमा अहम् र नेतृत्त्वदायी भूमिका निर्वाह गर्दै आएको छ । सन् २००० मा भएको विश्व शिक्षा सम्मेलनले सन् २०१५ सम्म सबैका लागि शिक्षा (Education for all) अभियानको घोषणा गर्यो जसमा नेपालले पनि हस्ताक्षर गरेको थियो । यसै सन्दर्भ मा परम्परागत रूपमा शिक्षा प्रदान गर्दै आइरहेका गोन्पा, गुरुकुल र मदरसाहरूलाई राष्ट्रिय शिक्षा प्रणालीमा जोड्ने कार्यक्रम शिक्षा मन्त्रालयले अगाडि ल्यायो किनकि सन् २०१५ सम्म सबैका लागि शिक्षा प्रदान गर्ने लक्ष्य प्राप्ति गर्नुथियो ।

तसर्थ २०६५ साल साउन ३ गते नेपाल बौद्ध महासंघका तत्कालीन अध्यक्ष खेन्पो ग्युर्मे छुल्ट्रिमको अध्यक्षतामा बैठक बसी आचार्य कर्मा साङ्पो शेर्पाको संयोजकत्वमा गोन्पा शिक्षा उपसमिति गठन गरियो । उक्त समितिको निरन्तर प्रयासले र पछिल्ला नेपाल बौद्ध महासंघका पदाधिकारीहरू आचार्य नुर्बु शेर्पा, आचार्य सार्की शेर्पालगायतको अथक मेहनतले पहिले प्राथमिक तह हुँदै अहिले कक्षा १२ सम्मको पाठ्यक्रम तथा पाठ्यपुस्तक विकासको साथै देशका विभिन्न जिल्लाका गोन्पा विद्यालय र सामुदायिक विद्यालयहरूमा अध्ययन अध्यापन गराउने व्यवस्था गरिएको छ ।

यसको साथै गोन्पा विद्यालयहरूको सहकार्य र एकताको लागि शेचेन महाबौद्ध विद्यालयका प्रधानाध्यापक झबिन्द्र कुमार सुबेदीको अग्रसरतामा काठमाडौं स्थित शेचेन महाबौद्ध विहार मा २०७३/११/८ गते गोन्पा विद्यालयहरूको भेला गराई आचार्य नुर्बु शेर्पाको संयोजकत्वमा बौद्ध विद्यालय समिति नेपाल (Buddhist Schools Committee Nepal -BSCN) गठन गरियो। हाल उक्त समितिलाई नेपाल बौद्ध महासंघले आफ्नो शिक्षा उपसमितिको रूपमा आधिकारिक तरिकाले अङ्गीकार गरी कार्यविधि २०८१ समेत जारी गरिसकेको छ।

## ५. गोन्पा विद्यालयको विशेषता

गोन्पा विद्यालय भन्नाले गोन्पा शिक्षाको पाठ्यक्रम लागु गरिएका र कानुनतः

निर्देशित मापदण्ड पूरा गरी त्यसअनुरूप दर्ता भएर सञ्चालन भएका विद्यालयहरूलाई बुझ्नुपर्छ। गोन्पा विद्यालयहरू हेर्दा सामान्य साधारण विद्यालय जस्तो देखिने भएता पनि यसको उद्देश्य, पाठ्यक्रमको संरचना, विद्यार्थीको मनोभावना, समयतालिका, शिक्षकहरूको सामुहिकता, भर्ना प्रक्रिया आदि कुराहरूमा फरक रहेका हुन्छन। सार्वजानिक अथवा निजी शैक्षिक गुठीद्वारा सञ्चालित धार्मिक विद्यालयहरू आवासीय सुविधासहित प्राय निःशुल्क रूपमा सञ्चालित छन्। नेपाली, अङ्ग्रेजी र भोट भाषासहित तीनओटा भाषा पढाई हुने धार्मिक विद्यालयमा अन्य विषयसँगै धार्मिक क्रियाकलाप र कर्मकाण्डसमेतको शिक्षण प्रशिक्षण हुने गर्छ।

गोन्पा विद्यालयले प्रयोग गरिरहेको पाठ्यक्रम भित्र बौद्ध दर्शन र बौद्ध शिक्षाले विशेष स्थान ओगट्ने भएको हुनाले यस्ता विद्यालयहरूको क्रियाकलापहरू बौद्ध जीवन पद्धतिसँग जोडिएको र त्यसैअनुरूप सञ्चालन हुने गर्दछ। त्यसो भएको हुनाले यस्ता विद्यालयहरूले नैतिकता, जिम्मेवारी, चरित्र, अहिंसा, मित्रता, प्रेम, करुणा जस्ता कुराहरूलाई विशेष महत्त्व दिएको हुन्छ। कतिपय विद्यालयहरूमा लामा(भिक्षु) वा आनी (भिक्षुणी)हरू मात्र पढ्ने भएकोले विद्यार्थीहरूको उपस्थिति पनि अन्य विद्यालय भन्दा फरक र एककिसिमले अनौठो हुने गर्दछ। विद्यार्थीहरूले दैनिक पुजा पाठलगायत कर्मकाण्डको पाठ्यक्रम पनि अध्यन र अभ्यास गर्नुपर्ने भएकोले गोन्पा विद्यालयको वातावरण नितान्त फरक देखिन्छ।

गोन्पा विद्यालयको पाठ्यक्रमलाई हेर्ने हो भने यसलाई एकीकृत पाठ्यक्रम भन्न पनि मिल्छ। किनभने यसमा आधुनिक शिक्षाले परिकल्पना गरेको पाठ्यक्रम र पाठ्यपुस्तक र साथै आध्यात्मिक विषयवस्तु समेटिएका पाठ्यक्रम र पाठ्यपुस्तकसमेत एकीकृत रूपमा पठनपाठन गराइन्छ र शैक्षिक उपलब्धि त्यसैअनुसार कायम पनि गरिन्छ। शैक्षिक गतिविधिको हिसाबले हेर्ने हो भने धार्मिक गतिविधिहरूको मिश्रित रूप गोन्पा विद्यालयको शिक्षण सिकाइ प्रक्रियामा देख्न सकिन्छ।

## ६. विद्यालय सञ्चालनका मुख्य पक्ष

(**क**) **शैक्षिक कार्य सञ्चालन** : गोन्पा विद्यालयले समग्र रूपमा विद्यालयको शैक्षिक सत्र अन्य विद्यालयको जस्तै गरी लागु गरेको हुन्छ। यसको मतलब वैशाखमा शैक्षिक सत्र शुरु गरी चैत्र महिनामा शैक्षिक सत्रको अन्त्य गर्ने गरिन्छ। यसमा विशेषगरी गोन्पा भित्र हुने अन्य धार्मिक क्रियाकलापहरूको विभिन्न किसिमले प्रभाव पार्ने गर्छ र शैक्षिक सत्र पूरा गर्न कहिलेकाहिँ हम्मे हम्मे पर्न जान्छ।

पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएको पाठ्यक्रम र पाठ्यपुस्तक लागु गरिएता पनि पाठ्यक्रम समयमा सक्न शिक्षकहरूलाई गाह्रो भएको पाइएको छ। त्यसैगरी पठनपाठन बाहेक गोन्पाका अन्य धार्मिक गतिविधिहरूमा पनि विद्यार्थीहरू संलग्न हुनुपर्ने भएकोले विद्यार्थी सहभागितामा पनि कहिलेकाहीँ कठिनाई उत्पन्न हुनजान्छ।

(ख) **प्रशासनिक संरचना** : कुनै पनि विद्यालय वा संस्था सञ्चालन गर्ने प्रशासन र त्यहाँको प्रशासनिक संरचनाले अत्यन्त महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। विद्यालयको समग्र गतिविधिहरूको नियमन, नियन्त्रण, मार्गदर्शन जस्ता सम्पूर्ण कुराहरू प्रशासनद्वारा नै निर्देशित हुने गर्छ । गोन्पा विद्यालयको समग्र प्रशासनिक संरचनाको कुरा गर्दा गुठी र व्यवस्थापन समिति माथिल्लो तहमा हुन्छन भने प्रधानाध्यापकको जिम्मेवारी कार्यकारी प्रमुखको रूपमा समग्र शैक्षिक कार्यक्रमको नेतृत्त्वदायी भूमिकामा रहने गर्छ । प्रधानाध्यापकको नेतृत्त्वमा शिक्षक तथा कर्मचारीहरूको टिम खडा गर्ने र शैक्षिक क्यालेन्डर तयार गरी शैक्षिक गतिविधिहरूलाई अगाडी बढाउनुपर्छ।

(ग) **आर्थिक व्यवस्थापन** : गोन्पा विद्यालयहरूको हकमा आर्थिक व्यवस्थापनको पाटो अत्यन्त जटिल छ । मूलतः गोन्पा विद्यालयहरूले निःशुल्क रूपमा शिक्षा प्रदान गर्ने भएकोले यस्ता विद्यालयहरू प्रायजसो आर्थिक सङ्कटबाट गुज्रिने गर्छन् । गुठीमार्फत दान, दातव्य र सहयोगबाट प्राप्त हुने रकमले मात्रै विद्यालय सञ्चालन गर्न गाह्रो हुने र सरकारबाट प्राप्त हुनुपर्ने अनुदानबापतको रकममा जटिलता पैदा गर्ने र थोरै मात्र प्राप्त हुने भएकोले आर्थिक व्यवस्थापन निकै संवेदनशील विषयको रूपमा रहेको छ। विदेशी दाताहरूले सहयोग गर्न चाहेको खण्डमा कानुनी जटिलताको कारणले सहयोग प्राप्त गर्न अत्यन्त अफठेरो अवस्था हुने गर्दछ। यस्ता विद्यालयहरूले निःशुल्क शिक्षा प्रदान गर्ने र आर्थिक कारोवार पारदर्शी हुने भएकोले गोन्पा विद्यालयहरूलाई सहयोग ल्याउन र लिन सहज वातावरण बनाउनुपर्ने देखिन्छ।

(घ) **भौतिक संरचना र स्रोत साधन** : भौतिक संरचना र स्रोत साधनले दैनिक शैक्षिक क्रियाकलापमा अत्यन्त ठुलो प्रभाव पार्छ । भौतिक संरचना र स्रोत साधनको अभावमा सोचे जस्तो शैक्षिक उपलब्धि हासिल गर्न सकिँदैन। गोन्पा विद्यालयको भौतिक संरचना गोन्पा भित्रै भएकोले नियम र कानुनले तोकेबमोजिम नभए पनि त्यस मामलामा भरपुर प्रयास गरेको देखिन्छ। खेल मैदान, चर्पी, प्रयोगशाला, पुस्तकालयलगायत कक्षा कोठाको उचित व्यवस्थापन गर्नु अपरिहार्य हुन गएको छ।

(ङ) **विद्यार्थी र अभिभावकको समन्वय** : गोन्पा विद्यालयमा अध्यन गर्ने अधिकांश विद्यार्थीहरू आवासीय सुबिधासहित गोन्पा मै बस्ने र अध्यन गर्ने गर्छन्। खासगरी केन्द्रीय गोन्पाहरूमा अध्यन गर्ने विद्यार्थीहरू पनि धेरैजस्तो पहाडी हिमाली क्षेत्र कै हुने भएकोले अभिभावकसँगको समन्वय र भेटघाट बिरलै हुने गर्दछ। गोन्पा विद्यालयका विद्यार्थीहरूलाई अभिभावकत्वको भूमिका विद्यालय कै शिक्षक कर्मचारीहरूले गरी दिनुपर्ने हुन्छ। त्यसो भएको हुनाले गोन्पा विद्यालय केवल विद्यालय मात्र नभएर यो एउटा परिवार पनि हो।

## ७. गोन्पा विद्यालय व्यवस्थापनमा देखिएका चुनौती

गोन्पा विद्यालयहरूले नेपालको शैक्षिक जगत्मा उल्लेखनीय योगदान पुऱ्याउदै आएको कुरा घाम जत्तिकै छर्लङ्ग छ । अनेकौ कठिनाइहरूको बाबजुद पनि गोन्पा विद्यालयले परम्परागत शिक्षाको जगेर्ना गर्दै मूलधारको शिक्षामासमेत आफूलाई अब्बल साबित गर्दै देशको

शैक्षिक विकासमा ठुलो योगदान पुऱ्याइ रहेको छ। गोन्पा विद्यालय सञ्चालन तथा व्यवस्थापनका चुनौतीहरूलाई निम्न रूपमा उल्लेख गर्न सकिन्छ।

(**क**) **नीतिगत तथा कानुनी चुनौती** : गोन्पा शिक्षासम्बन्धी कानुनहरू स्पष्ट रूपमा तर्जुमा भएका छैनन्। अधिकांस निर्णयहरू सचिव वा मन्त्री स्तरीय भएकाले कतिपय कुराहरू अपुग, अनिर्णित र अस्पष्ट छन्। तसर्थ यसका लागि छुट्टै कानुन बनाउन जरुरी देखिन्छ।

(**ख**) **संरचना तथा उच्च शिक्षासँग जोड्ने चुनौती** : गोन्पा शिक्षाको पाठ्यक्रमको ढाँचा अन्य सामान्य विद्यालय सरह नै छ। तर गोन्पा शिक्षाबाट माध्यामिक तह उत्तीर्ण भईसकेपछि त्यस तहलाई कसरी गोन्पामा भएका अन्य शैक्षिक कार्यक्रम वा तह जस्तै शेड्रा वा अरू विश्वविद्यालयका स्नातक अथवा स्नातकोत्तर तहसँग जोड्न अनुकूल बनाउन सकिन्छ भन्ने कुरा एउटा गहन चुनौती हो।

(**ग**) **पाठ्यक्रम तथा पाठ्यसामग्रीसम्बन्धी चुनौती** : गोन्पा शिक्षाको पाठ्यक्रम र पाठ्यसामग्री अत्यन्त सीमित देखिन्छ। समयानुकूल परिमार्जन नहुनु र साथै यसको उपलब्धतामा कठिनाइ भइरहे को पाइन्छ। अहिले सरकारले ल्याएको मूल्याङ्कन पद्धति, पाठ्यक्रमको ढाँचा र पाठ्यपुस्तकको बिचमा गोन्पा शिक्षाको पाठ्यक्रम तादात्म्यता मिलाउन जरुरी देखिन्छ।

(**घ**) **व्यवस्थापकीय तथा प्रशासनिक चुनौती** : गोन्पा विद्यालय व्यवस्थापनको आफ्नै ढाँचा हुन जरुरी छ। गोन्पाको परिवेश, विद्यार्थीहरूको मनोभावना, शिक्षक कर्मचारीहरूको सीमितता आदिको कारणले यस्ता शैक्षिक संस्थाहरू आफ्नै ढङ्गले सञ्चालन भइरहेका छन्। सार्वजानिक प्रशासनको सीमित ज्ञान तथा अनुभव र राज्यको प्रशासनिक निकायले गोन्पा शिक्षालाई प्रष्ट रूपमा नबुझेको कारण गोन्पा विद्यालयहरूले समस्या झेल्नुपरेको छ।

(**ङ**) **आर्थिक चुनौती** : गोन्पा विद्यालयहरूले प्राय निःशुल्क शिक्षा प्रदान गर्ने र सम्पूर्ण खर्च व्यहोर्नु पर्ने भएकोले आर्थिक भार विकराल रूपमा रहन गएको छ। चन्दा, दान र दातव्य र पुजा पाठबाटबाट सङ्कलन हुने सीमित आयले खर्च धान्न मुस्किल परेको अवस्था जगजाहेर छ। सरकारबाट प्राप्त हुने अनुदान बापतको रकम पनि बिभिन्न जटिलताको कारण सहज तरिकाले प्राप्त गर्न कठिनाई हुने गरेको छ। परोपकारी तथा सहयोग गर्न इच्छुक विदेशी व्यक्ति वा संस्थाबाट सहयोग प्राप्त गर्न कानुनी तथा प्रशासनिक जटिलताले उत्तिकै कठिन प्राय छ। गोन्पा विद्यालयले निःशुल्क शिक्षा प्रदान गर्ने, यसको आर्थिक क्रियाकलाप पारदर्शी भएको र नेपाल सरकारलाई लेखापरीक्षण समेत बुझाउने र कर दाखिला गर्ने भएकोले गोन्पा विद्यालयहरूलाई आर्थिक सङ्कलनमा सहयोग र सहजता कायम गरिदिनु पर्ने देखिन्छ।

**च**) **शिक्षण सिकाइ प्रक्रियामा आउने चुनौती** : कुनै पनि शैक्षिक उपलब्धि हासिल गर्न शिक्षण सिकाइ प्रकृयाको महत्त्वपूर्ण भूमिका रहने गर्छ। कक्षाकोठा व्यवस्थापनदेखि शिक्षण विधि,

शैक्षिक सामग्रीको प्रयोग आदि जस्ता कुराहरू समय सापेक्ष र विद्यार्थी केन्द्रित हुनु जरुरी देखिन्छ । आजको युगमा सूचना प्रविधिको प्रयोग र प्रगतिशील सिकाइ शिक्षण विधि जस्ता महत्त्वपूर्ण आयामहरू गोन्पा शिक्षामा पनि जोड्नु आवश्यक छ ।

(छ) **विद्यार्थीले पढाई छोड्ने चुनौती** : गोन्पामा रहेका विद्यार्थीहरूमा पनि बाहिरी प्रभाव पर्नु स्वभाविक हो । गोन्पामा बसेर पढेर मात्र जीविकोपार्जन गर्न गाह्रो हुने र गोन्पा शिक्षालाई पनि जीविकासँग जोडेर हेर्ने कारणले कतिपय विद्यार्थीहरूले बिचमै पढाइ छोडेर जाने गरेको समस्या छ । कतिपय अवस्थामा घरायसी कारणले पनि पढाइ छोडेको देखिन्छ । उता गोन्पा शिक्षाको कक्षा १२ पछि उच्च शिक्षा अध्यनको लागि कुन दिशा लिने भन्ने कुराको स्पष्ट खाका नआएकोले विद्यार्थीहरूमा अन्यौल देखिन्छ । कतिपय गोन्पाहरू बजार वा सहरी क्षेत्रमा अवस्थित भएकाले सकेसम्म गोन्पा विद्यालयहरू शान्त वातावरणमा हुनु जरुरी देखिन्छ ।

## ८. समस्या सामाधानका उपाय

माथि गोन्पा विद्यालयका विभिन्न पाटाहरूको विषयमा चर्चा गरियो । चुनौतीहरूको पनि छोटकरीमा व्याख्या गर्ने प्रयत्न गरियो । चुनौतीहरूलाई विश्लेषण गरी समाधानका उपायहरू खोज्नु बुद्धिमत्तापूर्ण देखिन्छ ।

(क) **समन्वय, सहभागिता र सामाजिक सहकार्य** : गोन्पा शिक्षा र गोन्पा विद्यालय एउटा छुट्टै पहिचान बोकेको विद्यालय भए पनि यो समाज कै एउटा अभिन्न अङ्ग हो । सामाजिक, कानुनी र व्यवहारिक कृयाकलापहरूबाट यो कदापि अलग हुन सक्दैन । तसर्थ समाजका हरेक वर्ग, तप्का र निकायसँग समन्वय र सहकार्य गर्न हिच्किच्याउनु पर्दैन । यसरी समन्वय र सहभागिताको माध्यमबाट राज्यलाई भद्र दबाब दिई आवश्यक नीति नियम बनाउनु, परिमार्जन गर्नु र लागु गर्नुपर्छ ।

(ख) **स्रोत व्यवस्थापन** : गोन्पा विद्यालयहरूको सीमित स्रोत साधन हुने भएकोले त्यसको उचित व्यवस्थापन र प्रयोग गर्नुपर्ने देखिन्छ । सीमित स्रोतबाट असीमित आवश्यकताको पूर्ति गर्नुपर्ने भएकोले योजनाबद्ध तरिकाले स्रोत परिचालन गर्नुपर्छ र जसबाट उचित परिणाम हासिल गर्न सकिन्छ ।

(ग) **प्रशासनिक सुधार** : कुनै पनि विद्यालयको मेरुदण्ड भनेको त्यहाँको प्रशासन नै हो । प्रशासनिक संरचना र कार्य विभाजन स्पष्ट हुनुपर्छ । अनावश्यक पदहरूको सृजना गर्नु हुँदैन जसले गर्दा विवाद र काममा झन्झटिलो अवस्था आउन सक्छ । प्रशासनिक संरचना वैज्ञानिक हुनुपर्छ । योग्य र सक्षम व्यक्तिलाई मात्र प्रशासनिक जिम्मेवारी दिनु पर्दछ । प्रशासन चुस्त दुरुस्त, निष्पक्ष र उत्साह जगाउने खालको हुनुपर्छ ।

(घ) **शिक्षक तालिम** : शिक्षण सिकाइ प्रक्रियामा शिक्षकहरूको भूमिका प्रमुख रहने गर्दछ । यद्यपि

शिक्षक सिकाइ प्रकृयाको सहजकर्ता मात्र भनिए पनि शिक्षण सिकाइ प्रक्रियालाई फलदायी बनाउने जिम्मा शिक्षकको हो। तसर्थ शिक्षक क्षमतावान्, जागरुक, रचनात्मक र दयालु हुन अत्यन्त जरुरी छ। त्यसका लागि शिक्षकहरूलाई बिभिन्न विषयमा तालिम दिन र वर्तमान अवस्थाको शिक्षण विधि अनि प्रविधि मैत्री शैक्षिक क्रियाकलापहरूमा अभ्यस्त बनाउन जरुरी छ। अझ गोन्पा शिक्षाको पाठ्यक्रमको मूलभुत उद्देश्य फरक भएकाले शिक्षकहरू यस विषयमा जानकार हुन अत्यन्त जरुरी हुन्छ। त्यसकालागि विद्यालयले आफ्नै स्तरमा, पालिका स्तरमा वा राज्यको केन्द्रिय स्तरबाट पनि शिक्षक तालिमका कार्यक्रमहरू राख्न आवश्यक छ।

(ङ) **नीतिगत सुधार** : गोन्पा शिक्षाको सुरुवाती कालबाट नै कानुनी र नीतिगत सवालमा धेरै अल्झन र अष्पटता रहन गएको छ जसले गर्दा विद्यालय सञ्चालनको कतिपय अवस्थामा जटिलता उत्पन्न हुनेगरेको छ। तसर्थ राज्यले आवश्यक नीतिगत तथा कानुनी सुधार गर्दै गोन्पा शिक्षालाई राज्यको मूलधारमा अझ सशक्त ढङ्गले ल्याउन जरुरी छ। त्यसको लागि गोन्पा शिक्षा बोर्डको गठन गरी कानुनी तथा नीतिगत सुधार गर्दै गोन्पा विद्यालयलाई नियमन र निर्देशन गर्न आवश्यक देखिन्छ।

## ९. निष्कर्ष

परम्परागत शिक्षालाई मूलधारको शिक्षामा ल्याउने राज्यको उद्देश्य र धार्मिक विद्यालयको परिकल्पनासहित गोन्पा शिक्षाको थालनी वास्तवमा नेपालको शैक्षिक इतिहासमा एउटा ठुलो उपलब्धि हो। यसको सकारात्मक प्रभाव र यसले ल्याएको शैक्षिक उपलब्धिलाई नकार्न सकिदैन। नीतिगत र कानुनी समस्याहरू भएता पनि र आर्थिकलगायत अन्य स्रोत साधनको अभाव रहेता पनि विद्यालयहरू चल्न सक्नु, दिन प्रतिदिन गोन्पा विद्यालयको सङ्ख्या वृद्धि हुँदै जानु अत्यन्त सकारात्मक पक्षहरू हुन्। अधिकांश गोन्पा विद्यालयहरूमा अध्ययनका लागि आउने विद्यार्थीहरू देशका कुना कुना र हरेक भूगोल र जाति समुदायको हुने भएकोले गोन्पा विद्यालयहरूले साँचो अर्थमा देशमा समावेशिता र एकताको सन्देश दिंदै राष्ट्रलाई नै जोड्ने काम गरेको छ।

भगवान् बुद्ध जन्मेको देशमा बुद्धको उपदेशमा आधारित रहेको शिक्षाको उपेक्षा हुनु आफैमा लज्जास्पद विषय हो। गोन्पा शिक्षाले बौद्ध शिक्षा र भगवान् बुद्धका उपदेशहरूलाई आधुनिक शिक्षासँग समायोजन गरेर विद्यार्थीमा सिपसँगै संस्कार र चरित्र निर्माणमा ठुलो भूमिका खेलेको छ। आधुनिक शिक्षाले वास्तवमा सिपको विकास गर्छ भने त्यस सिपलाई समाज उपयोगी र हितको लागि कसरी प्रयोग गर्ने भन्ने क्षमताको विकास आध्यात्मिक शिक्षाले गर्छ। त्यसो भएको हुनाले गोन्पा विद्यालयले दिने शिक्षा एक प्रकारले पूर्ण शिक्षा हो भनेर पनि भन्न सकिन्छ।

गोन्पा शिक्षाका धेरै चुनौतीहरू भए पनि ती चुनौतीहरू चिर्नै नसकिने भन्ने होइन। आपसी विश्वास, समझदारी, स्वीकार्यता र आवश्यकता बोधले सरोकारवाला सबै निकायहरूसँग समन्वय

र सहकार्य गर्दै नीतिगतदेखि लिएर स्रोत, साधन, प्रशासनिक व्यवस्थापन, तालिम, पाठ्यक्रम जस्ता सबै कुराहरूमा काम गर्न सकिन्छ र उत्कृष्ट नतिजासमेत ल्याउन सकिन्छ। त्यसको लागि नेतृत्वदायी भूमिका खेलिरहीको नेपाल बौद्ध महासंघलगायतले अब मूल नेतृत्वको लागि गोन्पा शिक्षा बोर्ड अलग्गै बनाउन प्रयत्न गर्नुपर्छ। उक्त बोर्डले गोन्पा शिक्षाको नीतिगत, कानुनी तथा समग्र कार्यक्रमको तर्जुमा, नियमन र निरीक्षण गर्नुपर्छ। गोन्पा शिक्षाका पाठ्यक्रममा आधारित पाठयपुस्तक र शैक्षिक सामाग्रीहरू सहज किसिमले प्राप्त हुने व्यवस्था मिलाउनुपर्छ। गोन्पा शिक्षालाई माध्यामिक तह भन्दामाथि कसरी जोड्ने भन्ने कुराको सामाधान तत्काल खोज्न तिर लाग्नुपर्छ।

शिक्षा प्राप्त गर्नु कुनै पनि व्यक्तिको नैसर्गिक अधिकार हो। यसलाई संविधानले मौलिक हकअन्तर्गत पनि राखेको छ। जस्तोसुकै अफ्ठेरो परिस्थितिमा व्यक्ति भए पनि उसलाई शिक्षा पाउनबाट वन्चित गर्नुहुँदैन। तसर्थ संविधानले पनि शिक्षालाई अनिवार्य र निःशुल्क बनाउँदै लगेको छ। तसर्थ नियम, कानुन, सामाजिक अवस्था आदि जे सुकै भए पनि सुधार गर्दै परम्परागत शिक्षाअन्तर्गत गोन्पा शिक्षालाई अझ व्यवस्थित र परिष्कृत बनाउँदै लैजानुपर्छ, अनि मात्र देशको शैक्षिक लक्ष्य पूरा हुन सक्छ।

**सन्दर्भ सामाग्री**


१. नेपालको संबिधान २०७२

२. शिक्षा ऐन २०२८

३. शिक्षा नीति २०७६

४. शिक्षा नियमावली २०५९

५. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६

६. परम्परागत शिक्षण संस्था (सञ्चालन तथा व्यवस्थापन) मापदण्ड २०७९

७. अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन २०७७

८. गोन्पा विहार सन्देश २०७३, २०७८

# लुम्बिनी बौद्ध विश्वविद्यालयको भोट बौद्ध अध्ययन कार्यक्रम

डा. ङिमा शेर्पा

विभागीय प्रमुख, भोट बौद्ध अध्ययन कार्यक्रम

लुम्बिनी बौद्ध विश्वविद्यालय

### १. लेख सार

लुम्बिनी बौद्ध विश्वविद्यालयमा भोट बौद्ध अध्ययनको कार्यक्रम अपेक्षाकृत एक नयाँ र अद्वितीय कार्यक्रम हो। गौतम बुद्ध लुम्बिनीमा जन्मेका थिए र सम्पूर्ण नेपाली समाज त्यसका बारेमा जानकार छन्। तर, यसभन्दा पनि महत्त्वपूर्ण कुरा भनेको बुद्धले जुन शिक्षा दिएका छन् त्यसलाई अध्ययन गर्नु र व्यावहारिक रूपमा अभ्यास र विश्वमा फैलाउनु हो। लुम्बिनी बौद्ध विश्वविद्यालय नेपालमा एक मात्र बौद्ध विश्वविद्यालय हो जुन बुद्धका शिक्षाहरूलाई संरक्षण, प्रवर्द्धन र प्रचार गर्ने कार्यमा समर्पित छ। बौद्ध शिक्षालाई विभिन्न गोन्पा विहारहरूले अध्ययन अध्यापन गराउदै संरक्षण र प्रवर्द्धन गर्दै आएका छन्। तर अब त्यो गोन्पा, विहारहरू अध्ययन अध्यापन गराउदै आएको बौद्ध शिक्षा प्रणालीलाई राष्ट्रिय मापदण्डअनुसार र औपचारिक शिक्षाको समकक्षी बनाउनु पर्ने समय आएको छ, जसले सबैलाई फाइदा पुऱ्याउन सक्छ। त्यसैले लुम्बिनी बौद्ध विश्वविद्यालयमा स्थापना भएको भोट बौद्ध कार्यक्रमले विश्वविद्यालयका सपना पूरा गर्न र विश्वविद्यालय जीवन अनुभव गर्न चाहने सयौं विद्यार्थीसँग मिलेर विभिन्न प्रकारको शैक्षिक प्रयासहरू गर्दै आएको छ।

### २. पृष्ठभूमि

लुम्बिनी बौद्ध विश्वविद्यालय शान्ति, सत्भाव र भ्रातृत्वको प्रतीक गौतम बुद्धको जन्मस्थल लुम्बिनीमा स्थित एक स्वायत्त र सार्वजनिक उच्च शिक्षा संस्था हो, जसको मूलोद्देश्य बौद्ध शिक्षा र दर्शनका मूल मान्यताहरूद्वारा विश्व शान्तिको प्रवर्धन गर्दै विश्वव्यापी शिक्षा समुदायलाई समृद्ध बनाउनु रहेको छ।

लुम्बिनी विकास कोषले १९९८ को ३० नोभेम्बरदेखि २ डिसेम्बरसम्म लुम्बिनीमा आयोजना गरेको पहिलो विश्व बौद्ध शिखर सम्मेलनले लुम्बिनीमा अन्तर्राष्ट्रिय बौद्ध विश्वविद्यालय स्थापना गर्ने प्रस्ताव राख्यो, जसले बौद्ध दर्शन, साहित्य र संस्कृतिको गुणस्तरीय शिक्षा प्रदान

गर्ने उद्देश्य राखेको थियो । त्यसपछि, सम्मेलनको समापन समारोहमा जारी गरिएको लुम्बिनी घोषणा पत्रमा नेपाल सरकारलाई यो दिशामा तत्काल कदम चाल्न अनुरोध गरियो । त्यसअनुसार, लुम्बिनी विकास कोषले एक सात सदस्यीय समिति गठन गऱ्यो, जसको संयोजक प्रा. डा. तुलसीराम वैद्य र सदस्यहरूमा श्रद्धेय सुदर्शन महास्थविर, श्रद्धेय ङवाङ वोशेर लामा शेर्पा, श्रद्धेय रत्न बज्राचार्य, प्रा. मोहन प्रसाद लोहनी, प्रा. त्रिरत्न मानन्धर र श्री. मिनबहादुर शाक्य रहेका थिए ।

लुम्बिनी अन्तर्राष्ट्रिय बौद्ध विश्वविद्यालय स्थापना गर्ने प्रस्तावको आवश्यकता पुष्टि गर्न विभिन्न चरणमा बिभिन्न बैठकहरूमा गम्भीर छलफल गरियो । अन्ततः, २०६१ सालको कार्तिक ३ गते माननीय दीपक कुमार उपाध्याय, तत्कालीन संस्कृति, पर्यटन र नागरिक उड्डयन मन्त्रीको अध्यक्षतामा “प्रस्तावित लुम्बिनी अन्तर्राष्ट्रिय बौद्ध विश्वविद्यालय मुख्य तयारी समिति २०६१’’ गठन गरियो, जसका संयोजक माननीय भरत शाह, सांसद र सदस्य-सचिवमा प्रा. डा. नरेशमान बज्राचार्य, बौद्ध अध्ययनमा विशेषज्ञ र त्रिभुवन विश्वविद्यालयका पूर्व विभाग प्रमुख थिए ।

अन्ततः २०६१ सालको माघ १४ गते औपचारिक रूपमा लुम्बिनी बौद्ध विश्वविद्यालयलाई स्थापना गर्ने निर्णय गरियो । तत्पश्चात् २०६१ सालको माघ १६ गते दोस्रो विश्व बौद्ध सम्मेलनमा यो घोषणा गरियो। त्यसपछि, २०६१ सालको माघ २३ गतेको मुख्य तयारी समितिको बैठकले ६ महत्त्वपूर्ण निर्णयहरू लिएको थियो, जसमा समितिको नाम परिवर्तन गरी “लुम्बिनी बौद्ध विश्वविद्यालय मुख्य तयारी समिति २०६१” राखिएको थियो । पछि २०६२ सालमा संसद्‌ले यो अध्यादेशलाई संशोधनसहित लुम्बिनी बौद्ध विश्वविद्यालय ऐन २०६३ को रूपमा स्वीकृत गऱ्यो । तत्पश्चात् विश्वविद्यालय शैक्षिक एवम् भौतिक विकासमा उल्लेखनीय प्रगति गरेको छ ।

## ३. शैक्षिक नीति र रणनीति

लुम्बिनी बौद्ध विश्वविद्यालय बौद्ध संस्कृति, कला र शिक्षासँग मेल खाने शैक्षिक कार्यक्रमहरू प्रस्तुत गर्ने प्रतिबद्धतामा छ । विश्वविद्यालयले व्यावहारिक बौद्ध शिक्षालाई आफ्ना सक्रिय कार्यक्रमहरूमा समावेश गरेको छ ताकि ती कार्यक्रमहरू समग्र र सान्दर्भिक बनी रहन । आत्मनिर्भर कार्यक्रमहरूलाई प्राथमिकता दिनु र नयाँ कार्यक्रमहरूको लागत प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नु विश्वविद्यालयको नीति हो । विश्वविद्यालयले व्यावसायिक र बौद्ध शिक्षा सम्बन्धित पाठ्यक्रमहरू प्रस्ताव गरिन्छ र व्यावसायिक पाठ्यक्रमबाट उत्पन्न हुने आम्दानीले बौद्ध अध्ययनलाई प्रवर्धन गर्दछ र विश्वविद्यालयको आत्मनिर्भरता सुनिश्चित गर्छ । राजनीति, कला, संस्कृति, विज्ञान, ध्यान, अभ्यास र नैतिक नियमहरूलाई आधुनिक प्रबन्धन सिद्धान्तहरूसँग संयोजन गर्नका लागि, विश्वविद्यालयले बौद्ध दर्शनलाई शैक्षिक कार्यक्रमहरूमा समावेश गरेको छ । विश्वविद्यालयले समाजमा बौद्ध दर्शन र जीवनशैलीको समृद्ध प्रणाली स्थापना गर्ने लक्ष्य

राख्दछ, जसका लागि शैक्षिक उत्कृष्टताको केन्द्र स्थापना गर्ने योजना छ, जसले ठुलो स्तरमा शैक्षिक परियोजनाहरूमा संलग्न हुनेछ । विश्वविद्यालयले सहकार्य साझेदारहरूसँग मिलेर कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । यसले विश्व विद्यालायलाई कुनै पनि आर्थिक बोझ नपार्ने प्रावधान राख्छ । विश्वविद्यालयको दृष्टिमा विद्यार्थी केन्द्रित शिक्षण विधिहरूको विकास प्राथमिकता हो र बौद्ध शिक्षा प्रत्येक व्यावसायिक विषयमा अनिवार्य वा एकीकृत रूपमा समावेश गरिनेछ । विश्वविद्यालयले विभिन्न वैकल्पिक शिक्षण विधिहरू उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेको छ, जसमा अनलाइन र दूरशिक्षा पनि समावेश छन तािक यसलाई शिक्षा प्रणालीको अभिन्न हिस्सा बनाउन सकियोस् । बौद्ध विश्वविद्यालयको मुख्य उद्देश्य बौद्ध शिक्षा र दर्शनलाई संसारभर प्रवर्धन गर्नु हो ताकि शान्ति, सद्भाव र भ्रातृत्व सबैको भलाइका लागि कायम राख्न सकियोस् । लुम्बिनी विश्विद्यालयमा मुख्यतः तीन सङ्कायहरू छन् ः

१. बौद्ध अध्ययन सङ्काय

२. मानविकी तथा समाजशास्त्र सङ्काय

३. विकास अध्ययन र अनुप्रयुक्त विज्ञान सङ्काय

बौद्ध दर्शन अध्ययनको दृष्टिकोबाट हेर्ने हो भने, बौद्ध अध्ययन सङ्कायमा अदिक मात्रमा बौद्धसम्बन्धी अध्ययन हुन्छ भने अरू दुई सङ्कायहरू आधुनिक विषयहरूसँगै बौद्ध शिक्षाको पनि केही विषयहरू अध्ययन हुने गर्छ । बौद्ध अध्ययन सङ्काय अन्तरगत रहेका भोट बौद्ध अध्ययन कार्यक्रम पूर्णरूपमा बैद्ध अध्ययनकै लागी समार्पित छ । बौद्ध अध्ययन सङ्काय अन्तरगत स्नातक तहदेखि विद्यावारिधिसम्मका विभिन्न कोर्षहरू छन् र तीमध्ये भोट बौद्ध अध्ययन कार्यक्रम पनि एक हो, जसमा हालसम्म स्नातक एवम् स्नातकोत्तरको कार्यक्रमहरू सञ्चालन भइरहेका छन ।

### ४. भोट बौद्ध अध्ययनमा स्नातक तह

लुम्बिनी बौद्ध विश्वविद्यालयले बौद्ध अध्ययन सङ्कायमार्फत भोट बौद्ध अध्ययनमा स्नातक तथा स्नातकोत्तर तहमा अध्ययन अध्यापन गर्दै आएको छ । विशेषगरी सम्भोट लिपि र भोट भाषाको माध्यमबाट बौद्ध शिक्षा र दर्शनशास्त्रहरूको पठनपाठन हुने यस विश्वविद्यालय नेपालकै एक मात्र विश्वविद्यालय हो । संस्कृत भाषाबाट भोट भाषामा अनुवाद गरिएका दर्शनशास्त्रहरू मूलतः प्राचीन नालन्दा बौद्ध विश्वविद्यालयका महापण्डितहरूले रचना गर्नुभएको शास्त्रहरू नै अध्ययन अध्यापन हुनेगर्छ ।

तदानुसार, लुम्बिनी बौद्ध विश्वविद्यालयमा भोट बौद्ध अध्ययनको पाठ्यक्रम सन्दर्भमा विशेषगरी नालन्दा विश्वविद्यालयका बौद्ध  विद्वान् आचार्य नागार्जुन, आचार्य असंग, आचार्य

वसुबन्धु, आचार्य शान्तरक्षित, आचार्य सिंहभद्र, आचार्य चन्द्रकीर्ति आदि बौद्ध आचार्यहरूले रचना गरेका बौद्ध मूलशास्त्रहरूमा आधारित छ। साथै, अन्य बौद्ध परम्पराका  विद्वानूहरूद्वारा लेखिएका टीकाहरूलाई सन्दर्भ ग्रन्थका रूपमा अध्ययन गर्ने व्यवस्था मिलाएको छ।

माध्यमकशास्त्र, प्रमाणशास्त्र, अभिधर्मशास्त्र, अभिसमयलङ्कार एवम् प्रज्ञापारमिताशास्त्र आदि मूल विषयहरू हुन् । विश्वविद्यालयको पाठ्यक्रममा विनय र बौद्ध तन्त्रहरू समावेश गरिएको छैन किनकि यहाँ भिक्षु भिक्षुणीहरू मात्र नभई अन्य उपासक उपासिकाहरू पनि पढ्न आउन सक्छन् । तथापि, प्रसङ्ग र सन्दर्भअनुसार ती विषयहरूको पढाइ नगर्ने भन्ने होइन।

## ५. कार्यक्रमका उद्देश्य

(क) सक्षम जनशक्ति एवम्  विद्वान् उत्पादन गरी बौद्ध धर्मदर्शन एवम् परम्परालाई विश्वमा फैलाउने,

(ख) बौद्ध शिक्षा, दर्शन, ध्यान, मौखिक र शैक्षिक परम्पराहरूलाई संरक्षित र प्रवर्द्धन गर्नु,

(ग) भोट बौद्ध धर्मको ढाँचामा सूत्र, शास्त्र र तन्त्रमा शैक्षिक अनुसन्धान, अनुवाद र अभ्यासको लागि विद्यार्थीहरूलाई तयार पार्नु,

(घ) नेपालका हिमाली क्षेत्र, तिब्बत, भुटान, मध्य एसिया र अन्य क्षेत्रमा बौद्ध धर्मको भूमिका र विकासको समग्र दरोहरलाई प्रोत्साहन गर्नु,

(ङ) परम्परागत लामो समयसम्म गोन्पा शिक्षामा अनुभव भटुलएका लामा र आनीहरूलाई आधुनिक शिक्षासँग जोड्ने,

(च) सम्भोट लिपिमा विद्यमान बौद्ध ग्रन्थहरूलाई अनुवाद एवम् अनुसन्धान आदिका माध्यमबाट पुनरुत्थान गरी जनसमाजमा फैलाउने,

## ६. पाठ्यक्रम संरचना

यो भन्दा पहिले उल्लेख गरिए जस्तै, भोट बौद्ध अध्ययनको कार्यक्रममा समावेश प्रमुख पाठ्यक्रमहरू प्रायः प्राचीन भारतीय बौद्ध टीकाहरू जसलाई मूलशास्त्र पनि भने गरिन्छ। ती ग्रन्थहरू राखेका छन् र अन्य बौद्ध परम्पराका  विद्वानूहरूको टीका एवम् ग्रन्थहरूलाई सन्दर्भग्रन्थहरूको रूपमा प्रयोग गरिएको छन, साथै पाठ्यक्रम अन्तरगत अन्य भोट भाषा, साहित्य जस्तै कविता, नाटक र व्याकरण आदि विषयहरू पनि समावेश रहेका छन् । त्यसबाहेक, विद्यार्थीहरूले विभिन्न अतिरिक्त शैक्षिक क्रियाकलापमा सहभागी हुनुपर्छन । प्रत्येक सेमेस्टर एवम् प्रत्यक विषयको निबन्ध लेख्नुपर्छ । कक्षामा प्रस्तुतीकरण गर्नुपर्छ । यस कार्यक्रमले वास्तवमा भोट बौद्ध शिक्षा, दर्शन, सैद्धान्तिक र व्यावहारिक पक्षहरूको विविधता र यसका धेरै विशेषताहरूमा ध्यान दिन्छ,

जसमा सूत्र, शास्त्र, तन्त्र आदि विभिन्न बौद्ध व्याख्यात्मक परम्पराहरूको दक्षतासमेत समावेश गरिएको छ।

स्नातक तह कार्यक्रममा पाठ्यक्रम यसरी विकास गरिएको छ कि विद्यार्थीहरूलाई भोट बौद्ध धर्म दर्शनमा प्रचलित विभिन्न आयामहरू र अभ्यासहरू साथै बौद्ध धर्मकोअन्तर्गत रहेका अभ्यासहरूको बुझाइन्छ। यस उद्देश्यका लागि, पाठ्यक्रमको जोड दुईतर्फी छः भोट बौद्ध अध्ययनको अभ्यासको लागि आवश्यक बलियो सैद्धान्तिक आधार तयार गर्नु र विद्यार्थीहरूको कार्यात्मक सिपलाई विभिन्न क्रियाकलापहरूको माध्यमबाट सुधार गर्नु। यस लक्ष्यलाई प्राप्त गर्नका लागि, पाठ्यक्रमले विद्यार्थीहरूलाई विभिन्न क्षेत्रीय अनुभव, व्यावसायिक निगरानी र निरन्तर आत्म विश्लेषण प्रक्रियाका माध्यमबाट विशेष नैतिक मूल्यहरू स्वीकार गराउन प्रयास गर्दछ।

## ७. प्रवेश मापदण्ड एवम् योग्यता

भोट बौद्ध अध्ययन कार्यक्रममा विद्यार्थीहरू मुख्यतः दुई पृष्ठभूमिबाट भर्ना हुने गर्छन्। पहिलो समूहमा गोन्पा (धार्मिक संस्था) मार्फत माध्यमिक तह, अर्थात् कक्षा १२ सो सरहको अध्ययन पूरा गरेका विद्यार्थीहरू पर्छन्। यस्ता विद्यार्थीहरूलाई लुम्बिनी बौद्ध विश्वविद्यालयले प्रवेश परीक्षा लिई स्नातक तहमा भर्ना गर्ने व्यवस्था गरेको छ। दोस्रो समूहमा राष्ट्रिय मापदण्ड र औपचारिक गोन्पा शिक्षाको साथै विभिन्न सामुदायिक वा निजी विद्यालयहरूबाट माध्यमिक तह कक्षा १२ उत्तीर्ण गरेका विद्यार्थीहरूलाई पनि प्रवेश परीक्षा लिई समान प्रक्रियाबाट भर्ना गरिन्छ।

प्रवेश प्रक्रिया सेमेस्टर प्रणालीमा आधारित हुन्छ। कुनै पनि कार्यक्रममा भर्ना लिनका लागि इच्छुक विद्यार्थीले अनलाइन माध्यम वा प्रत्यक्ष रूपमा आवेदन दिनुका साथै नाम दर्ता गर्नुपर्छ। त्यसपछि विश्वविद्यालयले लिने लिखित परीक्षा र अन्तर्वार्तामा अनिवार्य रूपमा सहभागी हुनुपर्छ। प्राप्त अंकका आधारमा योग्य विद्यार्थीहरू छानिने व्यवस्था छ।

भोट बौद्ध अध्ययन स्नातक कार्यक्रमअन्तर्गत प्रत्येक कक्षाका लागि अधिकतम ४५ जना विद्यार्थीको भर्ना सङ्ख्या निर्धारण गरिएको छ। भर्नासम्बन्धी निर्णय विश्वविद्यालयको नीति, मापदण्ड र प्रवेश प्रक्रियाको पालना गर्दै गरिन्छ। यो प्रक्रिया निष्पक्ष, प्रतिस्पर्धात्मक तथा योग्यता आधारित हुन्छ, जसले विद्यार्थी छनोटलाई पारदर्शी बनाउँछ।

लुम्बिनी बौद्ध विश्वविद्यालयको भोट बौद्ध अध्ययन कार्यक्रममा सफल आवेदन र प्रवेशको लागि सबै निम्नलिखित प्रक्रिया पूरा गर्नु अनिवार्य छः

१. आवेदन पत्र

२. गोन्पाबाट इन्टरमिडिएट वा समकक्ष डिग्री (हाइअर सेकन्डरी स्कूल) वा १२ वर्षको अध्ययन

प्रमाणपत्र र लब्धाङ्क पत्रको प्रमाणित प्रतिलिपि

३. भोट बौद्ध अध्ययन कार्यक्रमको आवेदन शुल्क भुक्तानी रसिद

४. अनलाइन आवेदन फाराम पूर्ण रूपमा भरेको प्रमाणपत्र

## ८. मूल्याङ्कनको विधि

पाठ्यक्रमको परीक्षा १०० अङ्कको हुन्छ, जसमा अन्तिम परीक्षा ६० अङ्क (६० प्रतिशत) र आन्तरिक परीक्षा ४० अङ्क (४० प्रतिशत)को हुन्छ । कक्षाका शिक्षक आन्तरिक परीक्षा सञ्चालन गर्न जिम्मेवार हुने छन् ।

आन्तरिक परीक्षाका मूल्याङ्कन विधिहरू यस प्रकार हुने छ :

उपस्थिति - ५

मध्यावधि परीक्षा - १५

सेमेस्टर पेपर/ मौखिक प्रस्तुति/ बहस - १०

सेमिनार पेपर/ मुल्याङ्कन/ पुस्तक समीक्षा/ क्षेत्र भ्रमण/ रिपोर्ट लेखन - १०

बाह्य परीक्षा

समूह क : लामो समग्र प्रश्न - २ (२×१० = २० अङ्क)

समूह ख : छोटो संक्षिप्त उत्तर ६ (६×५ = ३० अङ्क)

समूह ग : बहुविकल्पीय उद्देश्य प्रश्न १० (१०×१ = १० अङ्क)

आन्तरिक परीक्षाको उद्देश्यका लागि कक्षामा प्रस्तुति, लेख लेखन वा पुस्तक समीक्षा र बहसका सिद्धान्तका आधारमा व्याख्यान सत्र आयोजना गरिनेछ । थप रूपमा, आन्तरिक परीक्षा प्रणालीका प्रारूप र विधिहरू छलफल गर्न कक्षाहरू आयोजित गरिने छ ।

## ९. भोट बौद्ध भिक्षु भिक्षुणी कल्याण समिति

लुम्बिनी बौद्ध विश्वविद्यालयमा अध्ययन गर्दै गरेका भिक्षु र भिक्षुणीहरूको आवश्यकता ध्यानमा राख्दै, हालै भोट बौद्ध अध्ययन विभाग अन्तर्गत एक संघ कल्याण समिति स्थापना गरेको छ, जसले विद्यार्थीहरूको शिक्षा, स्वास्थ्य, औषधि आदिमा सहयोग गर्ने उद्देश्य रहेको छ । संघ कल्याण समिति पूर्ण रूपमा सरोकारवाला र अन्य दानदाताबाट प्राप्त दानमार्फत सञ्चालन गरिएको छ ।

## १०. भोट बौद्ध अध्ययनमा स्नातकोत्तर तह

भोट बौद्ध अध्ययनमा स्नातकोत्तरको पाठ्यक्रमलाई मुख्य बौद्ध अध्ययनको श्रेणीमा समावेश गरिएको छ। यसका विषयवस्तुहरू विशाल र गहिरो महायान बौद्ध ग्रन्थहरूमा आधारित छन्, जसमा विशेष जोड भने नेपाल र भारतका प्राचीन सिद्ध बौद्ध आचार्यहरूद्वारा लेखिएका ग्रन्थहरूमा दिइएको छ, जस्तै नागर्जुन, आसङ्ग, वासुबन्धु, शान्तिदेव, धर्मकीर्ति, आतीयश दीपंकरश्रिज्ञा आदि। विद्यार्थीहरूने दार्शनिक विषयहरूका साथ साथै अनुसन्धान पद्धति आदि अन्य विषयहरू पनि अध्ययन गर्नुपर्ने हुन्छ।

यस पाठ्यक्रमले मुख्य बौद्ध अध्ययनको आवश्यकता पूरा गर्छ र यसमा बौद्ध ज्ञानका दार्शनिकता, भोट साहित्य, पारम्परिक र आधुनिक अनुसन्धान पद्धतिहरू र अन्य अनुसन्धान सिद्धान्तहरू जस्ता विस्तृत क्षेत्रहरू समावेश छन्। यसले बौद्ध आधारभूत ग्रन्थहरू जस्तै सूत्र र तिनीहरूको टिप्पणी र उप-टिप्पणीहरूमा विशेष जोड दिन्छ। विद्यार्थीहरूले बौद्ध विषयवस्तुहरूको व्यावहारिक र समग्र ज्ञान प्राप्त गर्न सक्ने दृष्टिकाणले पाठ्यक्रमहरू तयार गरिएको छ।

भोट बौद्ध अध्ययन स्नातकोत्तर तहको  शोध प्रबन्ध (Thesis) भोट भाषा, नेपाली, वा अङ्ग्रेजी तीन भाषामध्ये कुनै एकमा पेश गर्न सकिन्छ तर यदि थेसिस भोट भाषामा लेखिएको छ भने, सारांश र अन्तिम अध्यायलाई नेपाली वा अङ्ग्रेजी भाषामा अनुवाद गर्नुपर्ने हुन्छ। उक्त शैक्षिक कार्यक्रमहरू लुम्बिनी बौद्ध विश्वविद्यालयको केन्द्रीय क्यापस, लुम्बिनीमा नै हुन्छन्।

## ११. उपस्थिति

विद्यार्थीहरूले प्रत्येक सेमेस्टरको परीक्षा दिनको लागि ७०% कक्षामा उपस्थिति हुनुपर्नेछ। क्षेत्रीय कार्य, रिपोर्ट लेखन र इन्टर्नसिपहरूना भाग लिनुपरेमा विद्यार्थीहरूले मूल्याङ्कनको पूर्वापेक्षिका रूपमा क्षेत्र भ्रमण गर्नुपर्नेछ। कुनै जरुरी काम परेमा निवेदन पेश गरी अधिकतम एक महिनासम्म छुट्टी लिन पाइन्छ।

## १२. पाठ्यक्रमका उद्देश्य

भोट बौद्ध अध्ययन विभाको पाठ्यक्रमका मुख्य उद्देश्यहरू निम्नलिखित छन् :

१. बौद्ध ज्ञानकोष, दर्शनशास्त्र, भोट साहित्य, पारम्परिक र आधुनिक अनुसन्धान पद्धतिहरू र अन्य अनुसन्धान सिद्धान्तहरूसँग विद्यार्थीलाई सचेत बनाउने,

२. विद्यार्थीलाई विभिन्न बौद्ध विधाहरूको गहिरो अध्ययन गर्न सक्षम बनाउन, जसमा पारम्परिक आधुनिक शैक्षिक प्रणालीहरू समावेश भएका,

३. विद्यार्थी/अनुसन्धानकर्तालाई विशाल बौद्ध साहित्य, सूत्र, तन्त्र, तिनीहरूको टिप्पणी र सम्बन्धित सामग्रीहरू समावेश गरी प्रस्तुत गर्ने र त्यसमा समृद्ध बनाउने,

## १३. निष्कर्ष

भोट बौद्ध अध्ययनमा स्नातक एवम् स्नातकोत्तर तहका डिग्रीले भोट बौद्ध शिक्षाका विविध परम्पराहरूमा सैद्धान्तिक ज्ञान र व्यावहारिक अनुभवलाई समेट्ने एक समग्र र अन्तरविषयक कार्यक्रम प्रदान गर्दछ । यस कार्यक्रमको उद्देश्य भोट बौद्ध परम्परामा बढ्दो चासो पूरा गर्नु हो, जसले नेपालको हिमालय क्षेत्र, तिब्बत, भुटान र अन्य क्षेत्रहरूमा फैलिएको प्रभावलाई जोड दिन्छ । यसको मुख्य उद्देश्य विद्यार्थीहरूलाई भोट बौद्ध धर्मका समृद्ध, शास्त्रीय र ध्यान परम्पराहरूको गहिरो बुझाइ प्रदान गर्नु हो ।

पाठ्यक्रमले बौद्ध दर्शन शास्त्रको साथै आधुनिक शिक्षालाई पनि समावेश गरिएको छ । जसले विद्यार्थीहरूलाई भोट बौद्ध अभ्यासहरूको शैक्षिक र व्यावहारिक बुझाइ प्राप्त गर्न सुनिश्चित गर्दछ । यो कार्यक्रम बौद्ध दर्शनका सैद्धान्तिक र व्यावहारिक पक्षहरूलाई समेट्ने समग्र दृष्टिकोण प्रदान गर्दछ र विद्यार्थीहरूलाई भोट बौद्ध धर्मका ऐतिहासिक, सांस्कृतिक र आध्यात्मिक आयामसँग परिचित गर्न तयार पार्छ ।

अन्त्यमा, भोट बौद्ध अध्ययनमा, विद्यार्थीहरूलाई भोट बौद्ध धर्मको गहिरो धरोहर अन्वेषण गर्ने एक अद्वितीय अवसर प्रदान गर्छ । यसले यसको पाठ्य, ध्यान र शास्त्रीय अभ्यासहरूको विस्तृत र गहिरो बुझाइलाई प्रोत्साहित गर्छ । जसले उन्नत अध्ययन गर्न चाहन्छन् र नेपालका हिमाल, तराई एवम् पहाड र यसको बाहिरका बौद्ध परम्पराहरूको संरक्षण र विकासमा योगदान दिन चाहन्छन्, यो कार्यक्रम तिनीहरूका लागि आदर्श मार्ग हो ।

## सन्दर्भ सामग्री


- ज्ञानोद्यान पत्रिका भाग १, लुम्बिनी बौद्ध विश्वविद्यालय २०२३
- ज्ञानोद्यान पत्रिका भाग २, लुम्बिनी बौद्ध विश्वविद्यालय २०२४
- लुम्बिनी बौद्ध विश्वविद्यालयका वेबसाइटहरू
- लुम्बिनी बौद्ध विश्वविद्यालय, शैक्षिक प्रशासनसम्बन्धी नियमावली २०७४

# विश्व परिवेशमा बौद्ध चिन्तन


## आचार्य सोनाम शेर्पा

भोट भाषा तथा बौद्धदर्शन अध्यापक, स्वयं ज्ञान अध्ययन संस्था


### १. लेख सार


प्रस्तुत लेखमा आधुनिक विज्ञान र प्रविधिको युगमा सिङ्गो विश्वजगत्‌ले झेलिरहेका विभिन्न चुनौती र तिनका निराकरणमा प्राचीन बौद्धशिक्षामा निहित दार्शनिक विचार र सिद्धान्तले के कस्ता भूमिका निर्वाह गर्दछ भन्ने तथ्यलाई सविस्तार प्रस्तुत गर्ने प्रयत्न गरिएको छ। विशेषगरी यस लेखले विज्ञान र प्रविधिको विकाससँगै आधुनिक जगत्‌ले विश्वस्तरमा सामना गरिरहेका विभिन्न किसिमका चुनौती र मानसिक चिन्ताहरूलाई प्राचीन बौद्धशिक्षाको चिन्तनद्वारा व्यावहारिक रूपमा कसरी समाधान गर्न सक्छ भन्ने पक्षलाई युक्तिपूर्वक विश्लेषण गर्ने प्रयत्न गर्छ।

समग्रमा यसमा बौद्ध दर्शनले प्रतिपादन गरेका प्रतीत्यसमुत्पादको सिद्धान्त, क्षणभङ्गुरता, चित्तको एकाग्रता, करुणा र मध्यममार्गी दृष्टिकोण जस्ता वैचारिक चिन्तनहरूले आधुनिक युगका जटिल समस्याहरूलाई पहिचान गरी तिनका निराकरण गर्ने दिशामा कस्तो प्रकारको मार्गनिर्देशन गर्छ भन्ने कुरालाई चित्रण गरिएको छ।


### २. विषयप्रवेश

तथागत बुद्धको जन्म आजभन्दा करिब २५०० वर्ष अगाडि नेपालको लुम्बिनीमा भएको थियो । उहाँको जन्म एक सम्पन्न राजकुलमा भएको थियो । त्यसका बाबजुद उहाँले सम्पूर्ण राजकीय प्रतिष्ठा र विलासिताको जीवनशैलीलाई परित्याग गर्नुभई आध्यात्मिक यात्रामा प्रस्थान गर्नुभएको थियो। यसरी पारिवारिक सुख र दरबारिय सुविधालाई समेत त्यागेर अभिनिष्क्रमण गर्नुको प्रमुख कारण भनेको आन्तरिक रूपमा स्थायी मानसिक सुख शान्तिको खोज नै थियो। उहाँको जन्म एक समृद्ध राजकुमारको रूपमा भएको थियो। त्यसकारण उहाँ प्रशास्तमात्रामा शारीरिक सुखभोग र मानसिक तृप्तिको स्रोत र संसाधनबाट सम्पन्न हुनुहुन्थ्यो । तथापि उहाँको मानसपटलमा यस्ता कैयौँ प्रकारका जटिल तथा अनुत्तरित रहस्यमय प्रश्नहरू उब्जिने गर्दथे, जसले उहाँलाई मानसिक रूपमा एकप्रकारको रिक्तता र अभावको अनुभूति गराइरहन्थ्यो । मानवलगायत प्राणीहरू किन बारम्बार संसारमा जन्मिन्छन् र जन्म, व्याधि, वृद्ध तथा मरण जस्ता दुःखहरूबाट किन प्रताडित हुन्छन् ? प्राणीहरूको जन्मचक्रलाई स्थायी रूपमा कसरी निरोध गर्न सकिन्छ ? यी र यस्तै जिज्ञासा र प्रश्नहरूले उहाँको मनमस्तिष्कलाई आन्दोलित गराइरहन्थ्यो । यिनै प्रश्नहरूले उहाँलाई क्षणिक

रूपमा लौकिक आनन्द भोग गर्ने सोचबाट जागृत गराई एकान्तवास र तपस्याको मार्गमा प्रस्थान गर्न प्रेरित गरेको थियो ।

उहाँले ६ वर्षसम्म निरञ्जन नदीको तटमा निरन्तर रूपमा कठोर तपस्या गर्नुभएको थियो । त्यसपछि पनि अन्तर्ज्ञान प्राप्त नभएपछि अन्ततः उहाँले मध्यममार्ग अवलम्बन गर्नुभई बोधिज्ञान प्राप्त गर्नुभएको थियो । बुद्धत्व प्राप्त गर्नुभएपछि उहाँले सर्वप्रथम आफ्ना पञ्चवर्गीय शिष्यहरूलाई चार आर्य सत्य विषयक प्रथम धर्मप्रवचन दिनुभएको थियो । त्यस प्रवचनमा उहाँले दुःख र त्यसको मूलभूत कारणका साथै मुक्तिको उपाय र मार्गसमेत विस्तृत रूपमा बताउनुभएको थियो। एवम् प्रकारले उहाँले गृधकुट पर्वतमा शून्यता विषयक दोस्रो धर्मचक्र र वैशालीमा त्रिस्वभावको विश्लेषणसहितको तेस्रो धर्मचक्र प्रवर्तन गर्नुभएको थियो । उहाँले विभिन्न कालखण्डमा विभिन्न विषयमा केन्द्रित रहेर अनेकौँ शिक्षाहरू दिनुभएको थियो। वास्तवमा ती सम्पूर्ण शिक्षाहरूको मुख्य सार र पारमार्थिक उद्देश्य भनेको सम्पूर्ण प्राणीहरूलाई अज्ञानता र त्यसबाट जनित दुःखबाट मुक्त गराउनु थियो । उहाँका शिक्षा र उपदेशहरू धार्मिक उपचारमा मात्र सीमित नभइ सम्पूर्ण जगत् र प्राणीहितको निम्ति लक्षित हुनाको साथै यथार्थपरक, विज्ञानसम्मत र युक्तिप्रधान रहेकाले त्यसलाई एक सशक्त वैचारिक चिन्तनसम्पन्न दर्शनको रूपमा ग्रहण गर्न सकिन्छ।

## ३. वर्तमान विश्व परिवेश

आधुनिक विश्वजगत् विज्ञान र प्रविधिको प्रगति र उन्नतिको दृष्टिले विकासको चरमविन्दुमा पुगिसकेको छ । सूचना र सञ्चारको क्षेत्रमा सर्वसाधारणको सहज पहुँच र यसको व्यापकताले विश्वलाई नै एउटा सानो गाउँको रूपमा परिणत गरेको छ। हरेक क्षेत्रमा विज्ञान र प्रविधिको प्रभाव र आधुनिकीकरणले परम्परागत रूपमा सञ्चालन र सम्पादन गर्न अधिकतम समय खपत गर्नुपर्ने जटिल कार्यहरू पनि क्षणभरमै सम्पन्न गर्न सकिने भएको छ। यसले कडा शारीरिक परिश्रम र शक्तिक्षय तथा समयव्यय गर्नुपर्ने स्थितिको अन्त्य गरिदिएको छ। कृषिदेखि लिएर शिक्षाको क्षेत्रसम्म आमूल परिवर्तन ल्याएको यस आधुनिक वैज्ञानिक क्रान्तिले धेरैहदसम्म मानिसहरूलाई सुविधा सम्पन्न तथा आरामदायी जीवन व्यतीत गर्न र जीविकोपार्जन गर्न सहज वातावरण सृजना गरिदिएको छ। यस प्रकृतिको विकास र प्रवृत्तिले मानिसहरूलाई बाहिरी रूपमा सुखी र समृद्ध जीवनको अनुभूति दिलाइरहेको छ । यसले उनीहरूलाई मानसिक स्तरमा अझ सशक्त रूपमा आधुनिक वैज्ञानिक उपकरण र साधनहरू जस्ता बाह्य भौतिक सम्पत्तिहरू उपभोग गर्न र तिनका सङ्ग्रह गर्न लालायित तुल्याएका छन् । वर्तमान परिप्रेक्ष्यमा यी भौतिक सामग्रीहरूलाई समृद्धि र सम्पन्नताको परिमापन गर्ने सूचकाङ्कको रूपमासमेत हेर्न थालिसकेको छ। तर के वास्तवमा विज्ञान र प्रविधिको विकासले ल्याएका बाह्य भौतिक समृद्धिलाई शतप्रतिशत सुखी जीवन र समृद्ध भविष्यको स्रोत र मापकको रूपमा लिन सकिन्छ ? के मानवजातिहरूले साँच्चिकै यसबाट परमसुखको अनुभूति गरिरहेका

छन् त ? त्यसो भए आधुनिक विज्ञान र प्रविधिको युगमा सिङ्गो मानवजातिहरू मानसिक रूपमा अझ किन बढी चिन्तित छन् ? तसर्थ यस लेखमा यी र यस्तै यावत् प्रश्न र समस्याहरूबाट सृजित चुनौतीका साथै प्राचीन र आधुनिक समाज तथा मानसिक चिन्तन बिचका भिन्नताहरूलाई बौद्ध चिन्तन र आध्यात्मको आलोकमा थप विश्लेषण गर्ने चेष्टा गरिने छ।

## ४. बौद्ध चिन्तन

बौद्ध चिन्तनअनुसार सुख र दुःखलाई बाह्य भौतिक पदार्थको रूपमा नभएर आन्तरिक चित्त र चेतनाको स्तरमा परिभाषित गरिन्छ। सुख र दुःख भनेको बाह्य भौतिक पदार्थबाट निसृत कुनै गुण वा सारतत्त्व नभई यसलाई आन्तरिक चित्तबाट प्रतिबिम्बित दृष्टिकोण वा अनुभूतिको रूपमा लिइन्छ। सुखी र दुःखी हुनुमा केही हदसम्म बाह्य भौतिक पदार्थले निमित्तकारणको रूपमा भूमिका निर्वाह गरेता पनि त्यसको वास्तविक कारण भने आन्तरिक चित्तमा नै निहित रहेको हुन्छ। सूक्ष्म रूपमा विश्लेषण गर्ने हो भने बौद्धदर्शन र सिद्धान्तअनुसार सम्पूर्ण बाह्य भौतिक पदार्थहरू दुःखका कारण हुन्। वास्तवमा यी पदार्थहरू आफैँमा दुःख र दुःखको कारण नभएता पनि सम्यक् दृष्टि र यथार्थज्ञानको अभावमा यसप्रति हाम्रो मनमा बन्ने गलत धारणा, विचार र दृष्टिकोणले हामीलाई सदैव दुःखको भुमरीमा धकेलिरहेको हुन्छ। सम्पूर्ण बाह्य भौतिक पदार्थहरूको आफ्नो स्वतन्त्र सत्ता वा अस्तित्त्व हुँदैन। किनभने यी सबै कुराहरू विभिन्न हेतु-प्रत्ययको व्यवस्थित संयोजन वा सम्मिश्रणबाट बनेका हुन्छन्। यस्ता अन्य हेतु र प्रत्ययमा आश्रित भावपदार्थहरू विभिन्न कारण र अवस्थाहरूको अधीनमा रहने हुनाले यी सबै क्षणिक हुन्छन् र क्षण प्रतिक्षण परिवर्तन भइरहन्छन्। तर सम्यक् दृष्टिविहीन पृथकजन (सामान्य लौकिक मानिस)हरू अनित्यता र क्षणभङ्गुरताको ज्ञान प्राप्त नभएसम्म सारा बाह्य भाजनलोक र आन्तरिक प्राणीहरूलाई अविनाशी तत्त्वको रूपमा लिनेगर्दछन्। जब अनित्यताको कारण सम्पूर्ण कुराहरू अप्रत्याशित रूपमा परिवर्तन हुन्छन् तब उनीहरू ती कुराहरूबाट अझ बढी दुःखी हुने गर्छन्।

यसलाई अझ प्रष्ट पार्नुपर्दा बौद्धमतानुसार वास्तवमा स्कन्ध धारण गर्नु अर्थात् भौतिक शरीरधारी हुनु आफैँमा दुःख हो। शरीर धारण गर्ना मात्रले दुःखी नभएता पनि त्यसप्रतिको मिथ्यादृष्टि आत्मग्राह र अनुराग जस्ता कामवासनाका कारण प्राणीहरू क्षण प्रतिक्षण चित्त र भौतिक देहजन्य दुःखबाट प्रताडित हुन्छन्। यस विषयमा नागार्जुनले मध्यमक रत्नावलीमा यसरी बताउनु भएको छः ཇི་སྲིད་ཕུང་པོར་འཛིན་ཡོད་པ། །དེ་སྲིད་དེ་ལས་ངར་འཛིན་ཡོད། །ངར་འཛིན་ཡོད་ན་ཡང་ལས་ཏེ། །དེ་ལས་ཡང་ནི་སྐྱེ་བ་ཡིན། । अर्थात् जबसम्म स्कन्धप्रति आसक्ति जाग्छ, तबसम्म आत्मग्राह रहिरहन्छ। आत्मग्राहबाट कर्म र त्यसबाट पुनर्जन्म हुन्छ।

पञ्च स्कन्धप्रतिको आसक्ति र मिथ्यादृष्टिको कारण प्राणीहरू कसरी हरक्षण चित्त र भौतिक देहजन्य दुःखहरूबाट प्रताडित हुन्छन् भन्ने तथ्यलाई उहाँको साक्षात् शिष्य आर्यदेव स्वयम्ले

मध्यमक चतुःशतकमा यसरी उल्लेख गर्नुभएको छः མཆོག་ལ་ཡིད་ཀྱི་སྡུག་བསྔལ་ཏེ། །ཐ་མ་རྣམས་ལ་ལུས་ཀྱིས་སོ། །སྡུག་བསྔལ་གཉིས་ཀྱི་འཇིག་རྟེན་འདི། །ཉིན་རེ་ཉིན་རེ་འཇོམས་པར་བྱེད། । अर्थात् सम्पन्न व्यक्तिहरू मानसिक दुःखबाट ग्रसित हुन्छन् भने विपन्नहरू शारीरिक पीडाबाट । यसरी नै सांसारिक प्राणीहरू यी दुई दुःखहरूबाट दिनप्रतिदिन आक्रान्त हुन्छन् ।

मानवलगायत सम्पूर्ण प्राणीहरू निरन्तर रूपमा सुखको खोजीमा भौतारिरहेका हुन्छन् । उनीहरू सुखको चाहना राख्दाराख्दै पनि वास्तविक सुखको मूलकारणलाई पहिल्याउन नसक्दा सुखबाट विमुख हुन्छन् र दुःखलाई स्वतः निम्त्याइरहेका हुन्छन् । यस प्रसङ्गमा तिब्बती विद्वान ज पल्टुल रिन्पोछेले स्वविरचित “समन्तभद्रगुरुको मुखागम” नामक शास्त्रीय ग्रन्थमा यसरी उल्लेख गर्नुभएको छ “प्राणीहरू सुखभोग गर्न चाहे पनि सुखका कारण दश कुशल कर्महरू सञ्चित गर्न जान्दैनन् । दुःखको अनुभूति गर्न नचाहे पनि तिनका कारणहरू निर्मूल गर्न जान्दैनन् । प्राणीहरूलाई आफ्नो चाहना र कर्मबिचको  असामञ्जस्यताले सधैँ दुःखतर्फ डोऱ्याइरहेका हुन्छन्” । अतः प्राणीहरू यसरी अज्ञानतावश वास्तविक सुख-दुःखका कारण र तिनका निदान के हुन् भनेर यथार्थबोध गर्न नसक्नुको साथै तिनलाई गलत ढङ्गले व्याख्या र परिभाषित गर्नाले अझ बढी दुःखबाट ग्रसित हुन्छन् ।

## ५. आधुनिक समस्या र प्राचीन समाधान

अहिलेको युग भनेको विज्ञान र प्रविधिको युग हो । यस युगमा विज्ञान र प्रविधिले जुन गतिमा बाह्य भौतिक जगत्मा अभूतपूर्व क्रान्ति ल्याएको छ, त्यसरी नै अहिलेका जनमानसहरूले बाह्य भौतिक जगत्प्रति हेर्ने दृष्टिकोण र मानसिक तथा मनोवैज्ञानिक अवस्थामा पनि परिवर्तन आएको छ । एकातिर सञ्चार तथा सूचना र प्रविधिको विकास र त्यसमा सबैको सहज पहुँच र सहभागिताले वर्तमान पुस्ताहरूलाई समयमै आफ्नो सूचनाको हक र अधिकारको सुनिश्चित गर्न अभूतपूर्व सहयोग पुऱ्याएको छ भने अर्कातिर आधार र तथ्यहीन भ्रमपूर्ण सूचनाको प्रवाह र गलत जानकारीको सम्प्रेषणले अहिलेको पुस्ताहरूमा एकप्रकारको अन्योलता र अविश्वासको वातावरण सिर्जना गरेको छ । त्यसैगरी एकातर्फ वर्तमान परिप्रेक्ष्यमा दिनहुँ रूपमा बढ्दो विकासको क्रममा रहेका विभिन्न कृत्रिम बौद्धिक क्षमताको विकासले गर्दा आधुनिक पुस्ताहरूका लागि अकल्पनीय अवसर र सुविधाको बाटो खुलेको छ भने अर्कातर्फ यसले मानवीय बौद्धिक स्तर र रचनात्मक क्षमताको विकासलाई नै कुण्ठित गरी मानवीय स्रोत संसाधन र बौद्धिक क्षमताको आधारमा सम्पादन गरिने कार्यहरूलाई सीमित गर्दै नयाँ युवापुस्ताहरूको भविष्यलाई नै अनिश्चित यात्रातर्फ उन्मुख गराउने जोखिम सिर्जना गरेको छ ।

विशेषगरी सामाजिक सञ्जालको क्षेत्रमा मौलाएका विभिन्न ठगी तथा अपराधजन्य कुकर्म र अस्वस्थ प्रतिस्पर्धा एवम् देखावटी बनावटी कुराहरूको प्रदर्शनले मानिसहरूको मनमस्तिष्कमा भौतिक पदार्थप्रति थप आसक्ति जगाउनको साथै उनीहरूको आत्मसम्मानमा पनि गहिरो

आघात पुऱ्याएको छ । यस्ता किसिमका क्रियाकलापहरूले उनीहरूको आन्तरिक शान्तिलाई भङ्ग गर्नको साथसाथै यसले आपसी सहयोग, मेलमिलाप र आत्मीयताको भावना, नैतिकता र इमान्दारिता जस्ता मानवीय मूल्यमान्यतालाई समेत जरैदेखि निमोठ्ने काम गरेको छ । यस्तो परिस्थितिमा अन्तर्ज्ञान र सम्यक् दृष्टिको अभावमा अनादिकालदेखि भवसागरमा डुबिरहेका सांसारिक प्राणीहरू थप मानसिक पीडा भोल्न र कष्टकर जीवन व्यतीत गर्न बाध्य भएका छन् ।

वर्तमानकालीन यी सम्पूर्ण समस्याहरू कुनै अमुक राष्ट्र र क्षेत्रको मात्र चुनौती नभई सिङ्गो विश्वसमुदायको सामुहिक चुनौती बन्न पुगेको छ। विज्ञान र प्रविधिको व्यापक प्रसारणसँगै सृजित नकारात्मक प्रभावले वैश्विक स्तरमा पनि नराम्रोसँग असर पुऱ्याएको छ। अतः वैश्विक स्तरमा व्याप्त यस्तो किसिमको समस्या र चुनौतीहरूलाई सामना गर्न वा न्यूनीकरण गर्न यही अनुपातको ज्ञान र चिन्तनको आवश्यकता पर्छ। वास्तवमा यस्ता किसिमका समस्याहरू आन्तरिक रूपमा मानसिक तहबाट उत्पन्न हुने भएकाले तिनका समाधान पनि आध्यात्मिक चिन्तनद्वारा नै खोजिनु पर्छ। यी समस्याहरूलाई स्थायी रूपमा समाधान गर्न भगवान् बुद्धले विभिन्न कालखण्डमा प्रदान गर्नुभएका बौद्धशिक्षा र तिनका आधारमा विभिन्न बौद्ध आचार्यहरूद्वारा स्थापित र प्रतिपादित दार्शनिक चिन्तन र सैद्धान्तिक विचारहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछ। किनकि भगवान् बुद्धले बताउनुभएका शिक्षाहरू कुनै एक धर्म र सम्प्रदाय विशेष उपदेशमा मात्र सीमित छैनन्। बरु ती शिक्षाहरूले चराचर जगत् र जीवनको दर्शन र गूढ रहस्यलाई तर्कसम्मत ढङ्गले उद्घाटन गरी तिनका चित्रलाई हुबहु चित्रण गर्छ।

तथागत बुद्धका प्रथम धर्मचक्र प्रवर्तन नै दुःखको स्वभाव र तिनका मूलकारणहरूको पहिचान गरी ती दुःखहरूको स्थायी निरोध खोज्नुतर्फ केन्द्रित छ। तसर्थ आधुनिक युगमा मानिसहरूले भोगिरहेका मानसिक चिन्तालाई प्राचीनकालमा बुद्धले बताउनुभएका उपाय र मार्गहरूको सही ढङ्गले चिन्तन र अवलम्बन गरी तिनलाई निराकरण गर्न सकिन्छ। यसर्थ बौद्ध चिन्तनको महत्त्व र प्रासङ्गिकतालाई कुनै काल र शताब्दी विशेषमा मात्र नभइ, यसलाई जगत् र जीवनको अस्तित्त्व रहुञ्जेलसम्म उत्तिकै सान्दर्भिक र महत्त्वपूर्ण दर्शन शिक्षाको रूपमा ग्रहण गर्न सकिन्छ।

## ६. प्रतीत्यसुमत्पादको सिद्धान्त र वर्तमान चुनौती

हरेक चुनौती र समस्याहरू विनाकारण आफैँ उत्पन्न हुँदैनन् र तिनीहरू समाधानविहीन पनि हुँदैनन्। सूर्यको उदयसँगै छायाँ पनि प्रकट भएझैँ जहाँ समस्या र चुनौतीहरू हुन्छन्, त्यही समाधान र अवसरहरू पनि हुन्छन्। सबै संस्कृत धर्महरू अनित्य छन्। त्यसैले तिनीहरू सधैँ एकनाश रहँदैनन्। त्यसैगरी दुःख र मानसिक चिन्ता पनि आफैँमा क्षणिक धर्म हुन् र यसको परिवर्तन अवश्य हुने गर्छ। विभिन्न हेतु र प्रत्ययको संयोजनबाट उत्पन्न भएका धर्महरूको निरोध सम्भव छ। किनकि त्यस्ता संस्कृत धर्महरू कुनै एउटा कारण उपलब्ध नभएको खण्डमा स्वतः निरुद्ध हुन्छन्। उदाहरणको रूपमा

एउटा सलाईको काँटालाई बाल्न अर्को कुनै वस्तुको आवश्यकता पर्दछ। जसको अभावमा घर्सन हुन पाउँदैन र आगोको झिल्को उत्पन्न हुन सक्दैन। आगोको झिल्को निस्किसकेपछि पनि निरन्तर बलिरहन काठको काँटाको आवश्यकता पर्दछ; जसको क्षयपछि आगो स्वतः निभ्दछ। यसै नियम र सिद्धान्तलाई बौद्धदर्शनमा प्रतीत्यसमुत्पादको सिद्धान्तको रूपमा प्रतिपादन गरिएको पाइन्छ।

## ७. आधुनिक अतिवाद र मध्यम मार्ग

नेपाली उखानमा "अति भए खती हुन्छ। धेरै खाए चिनी पनि तीतो हुन्छ " भन्ने भनाइ रहेझैं हरेक सकारात्मक र नकारात्मक पक्षहरू दुवैको एक निश्चित सीमा रहेको हुन्छ। कुनै पनि कुराहरूलाई तिनका निश्चित सीमा र परिधिभित्र रहेर उपभोग गर्दासम्म त्यसबाट कुनै हानि नोक्सानी बेहोर्नु पर्दैन। तर त्यही कुरालाई तिनका निश्चित परिधि र सीमाभन्दा बाहिर गएर उपभोग गरेको खण्डमा ती कुराहरू आफ्नो नियन्त्रण बाहिर जान्छन् र सकारात्मक कुराले पनि नकारात्मक असर र प्रभाव देखाउन थाल्छ। आधुनिक विश्व परिवेशमा मानिसहरू शारीरिक रूपमा सुविधासम्पन्न भइकन पनि दुःखी र चिन्तित छन्। यसको प्रमुख कारण भनेको वर्तमान युगका मानिसहरूसँग आधारभूत आवश्यकता पूर्ति गर्ने स्रोत, साधन र संसाधनहरूको कमीले गर्दा नभएर, तिनका चरम उपभोग, दुरूपयोग र अति दोहनको कारण त्यस्तो भएको हो। जब मानिसहरू हरेक कुराको चाहे भन्दा बढी दोहन गर्छन्, तब मनमा असन्तुष्टिको भाव उत्पन्न हुन्छ र यस्ता विकृत सोचहरूले उनीहरूलाई मानसिक रूपमा रोगी र दरिद्र बनाउँछ।

बुद्ध शिक्षामा आधारित मध्यम मार्गको दृष्टिकोण र यसलाई चिन्तन र अवलम्बन गर्नाले मानिसहरूलाई कुनै पनि कुराहरूको अति उपभोग, दुरूपयोग र दोहन गर्ने मनस्थितिबाट सचेत र सजग गर्दछ। जसले मानिसहरूको जीवन र जीवन जिउने शैलीलाई सन्तुलित बनाई खुशी रहिरहन सहयोग गर्दछ। वास्तवमा मध्यममार्गी सोच निर्वाणप्राप्तिको मार्ग भएता पनि यसलाई हाम्रो दैनिक जीवनमा पनि अनुसरण गरी जीवन र जिउनुको कलालाई परिष्कृत गर्न सकिन्छ।

## ८. चित्तको व्याकुलता र एकाग्रता

आधुनिक समाजका मानिसहरू हरक्षण कुनै न कुनै प्रकारका मानसिक अवसाद र तनावसँग जुझिरहेका छन्। उनीहरू आधुनिक समाजको यस्तो जटिल मोडमा सङ्घर्ष गरिरहेका छन्, जहाँ अरूको प्रगति र पतनले आफूभित्रको सुख-दुःखलाई निर्धारण गर्दछ। कस्तुरी र बिनाको उदाहरण जस्तै आधुनिक युगका मानिसहरू आफूभित्रको प्रतिभा र दक्षतालाई पहिचान गरी त्यसलाई निखार्न र परिष्कृत गर्नुभन्दा अरूको चियोचर्चो गर्न र आफूलाई अरूसँग तुलना गरी अरूको देखासिकी गर्नमा नै व्यस्त र अभ्यस्त देखिन्छन्। यस्तो प्रवृत्तिले मानिसहरूलाई एकातिर आफू र अरू दुवैलाई सामाजिक तथा आर्थिक रूपमा अगाडि बढ्नबाट वञ्चित गरिरहेको छ भने अर्कातिर

मनमा विभिन्न किसिमका अनावश्यक, नकारात्मक विचारहरू उत्पन्न गराई मानसिक स्तरमा रोगी र चिन्तित बनाइरहेको छ ।

बौद्धदर्शनअनुसार मानिसहरू बाह्य रूपमा घटित हुने परिघटना र परिस्थितिहरूले भन्दा पनि आफ्नै भित्री मनमा उत्पन्न हुने नकारात्मक विचार र दृष्टिकोणको कारण चिन्तित हुनेगर्दछन् । प्रायः मानिसहरू कि त विगतमा घटेका तीता अनुभव र घटनाहरूलाई स्मरण गरेर पछुताउने गर्छन्, नत्र भने भविष्यमा हुन सक्ने सम्भावित घटना र परिस्थितिलाई अग्रिम रूपमा कल्पना गरेर चिन्तित बन्ने गर्दछन् । यस्ता आधारहीन परिकल्पना र परिदृश्यहरूले मानिसलाई वास्तविक घटनाबाट हुने पीडाले भन्दा बढी सताउने र पिरोल्ने गर्दछ, जसको कारण मानिसहरू वर्तमानमा जिउनुभन्दा अतीतको स्मृति र भविष्यको कल्पनामा बढी रुमलिन्छन् र वर्तमानमा जिउने अवसरलाई पनि गुमाउँछन् ।

यी समस्या र चुनौतीहरूलाई निर्मूल पार्न बौद्धदर्शनमा निर्दिष्ट ध्यान, योग र साधनाको अभ्यास गर्न सकिन्छ । बौद्धदर्शनमा ध्यान र साधनाका कैयौँ विधि र उपायहरू उल्लेख गरिएका छन्; जसको अभ्यासले मानिसको मनलाई एकठाउँमा ध्यान केन्द्रित गर्न सहयोग गर्छ र यसले मानिसलाई वर्तमानमा जिउने कला पनि सिकाउँछ ।

## ९. आत्मकेन्द्रित भावना र करूणा

आधुनिक युगले आन्तरिक मानवीय मूल्य र नैतिक मान्यतालाई भन्दा पनि बाह्य भौतिक समृद्धि र सतही विकासलाई बढी जोड दिइएको देखिन्छ । यस्ता प्रवृत्ति र मानसिकताले मानिसका दिमागमा समुदाय, समाज र राष्ट्रभन्दा पनि व्यक्ति प्रमुख हुन् भन्ने किसिमको भाष्य र मान्यता स्थापित गरिरहेको छ । यसर्थ यस युगका मानिसहरू प्रायः अरूका लागि भन्दा पनि आफ्नो निम्ति बढी सोच्ने र आफ्नो मात्र उन्नति होस् भन्ने आत्मकेन्द्रित सोचबाट निर्देशित र सञ्चालित भएको बुझिन्छ । अहिलेका मानिसहरू बढी स्वार्थी हुनुको प्रमुख कारण भनेको उनीहरूमा सहानुभूति र समानुभूतिको अभाव हुनु हो । जबसम्म मानिसको चेतनामा आफूलगायत सम्पूर्ण प्राणीहरू हरेक दृष्टिबाट समान हुन् भन्ने सोचको विकास हुँदैन, तबसम्म स्वार्थी भावनाबाट मुक्त हुन सकिँदैन ।

बौद्धदर्शनले मानिसलाई सर्वधर्म समभाव हुन् भन्ने शिक्षा प्रदान गर्दछ । यसले व्यक्तिभन्दा पनि सामुदायिक विकास र हितको पक्षमा वकालत गर्छ । बहुजन हिताय, बहुजन सुखाय भन्ने सूत्र पनि व्यक्ति केन्द्रित नभएर समाज लक्षित भएको बुझिन्छ । बौद्धशिक्षाको अङ्गको रूपमा रहेका चार अप्रमेय (मैत्री, करुणा, मुदिता र उपेक्षा)को भावनाले सम्पूर्ण प्राणीहरू समान हुन् भन्ने विचारलाई प्रमाणित गर्छ । मैत्री र करुणाको अभ्यास र तिनका पूर्ण विकास विना मनमा परहित र परकल्यानको भावना जगाउन सम्भव छैन । अतः यस्ता समस्या र चुनौतीबाट पार पाउन बौद्ध चिन्तनले महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ ।

## १०. निष्कर्ष

आधुनिक युगमा बाह्य भौतिक जगत्को विकाससँगै शारीरिक स्तरमा जीवनयापन गर्न केही सहज भएको छ। बौद्धिक जगत्मा विज्ञान र प्रविधिको चरम विकासले अभूतपूर्व परिवर्तन ल्याएको छ। यसबाट वर्तमान युगका मानिसहरू प्रत्यक्ष रूपमा लाभान्वित छन्। तथापि बाह्य भौतिक स्तरमा तीव्रगतिमा भइरहेको विकासले आन्तरिक मानवीय मूल्य र मान्यतालाई दिनानुदिन ओझेलमा पारिरहेको छ। फलतः आधुनिक युगका मानिसहरू विभिन्न किसिमका मानसिक चिन्ता र तनावबाट आक्रान्त छन्।

बौद्धशिक्षा एक यस्तो दर्शन हो, जसले बाह्य भौतिक स्तरमा भन्दा पनि आन्तरिक चेतनाको स्तरमा कसरी स्थायी सुख प्राप्त गर्न सकिन्छ भन्ने विषयमा विशेष जोड दिन्छ। बौद्धशिक्षाले ध्यान र साधनाको माध्यमबाट चित्तलाई शान्त र स्थिर राख्न सहयोग गर्दछ। अतः यसको चिन्तन र अभ्यास गर्नाले आधुनिक मानिसहरू सबै प्रकारका तनाव र मानसिक पीडाबाट सजिलै छुट्टाकारा पाउन सकिन्छ।

## सन्दर्भ सामग्री


- आचार्य नागार्जुन, (२०१७), मध्यमक रत्नावली, सेरज्ये रिक्जोत् छेन्मो।
- आचार्य आर्यदेव, (२००५), मध्यमक चतुःशतक, ३१औँ ञिङ्मा छात्र कल्यान समिति, केन्द्रीय उच्च तिब्बती शिक्षा संस्थान, सारनाथ, वाराणसी, भारत।
- पल्टुल उर्गेन जिग्मे छ्योकि वाङ्पो, (२००५), समन्तभद्रगुरुको मुखागम, ३१औँ ङिङ्मा छात्र कल्यान समिति, केन्द्रीय उच्च तिब्बती शिक्षा संस्थान, सारनाथ, वाराणसी, भारत।

# थाङ्का कलाको विकास र यसको आध्यात्मिक महत्त्व


माईला घिसिङ

थाङ्का कलाकार तथा व्यवसायी


## १. लेख सार

करिब २५०० वर्षअघि भारतवर्षमा बौद्ध दर्शन तथा धर्मको विकास भयो । यस विकासक्रममा दर्शन र धर्मलाई विभिन्न चित्र, मूर्ति तथा अन्य कलामार्फत् बुझाउने र प्रचारप्रसार गर्ने प्रयासस्वरूप बौद्ध धर्ममा थाङ्का चित्रकलाको विकास भएको पाइन्छ । यस कलामा बुद्ध, बोधिसत्त्व, ईष्टदेव, धर्मपाल, द्वारपाल, डाकिनी तथा गुरु परम्परा सम्बन्धी पात्रहरूको मुद्रा, आसन, वाहन आदिको चित्रण कलात्मक ढङ्गले चित्रित गरिन्छ । बौद्ध धर्मको विकाससँगै भारत, नेपाल, तिब्बत, चीनलगायतका देशहरूमा बुद्ध र बौद्ध दर्शनसँग सम्बन्धित मूर्तिकला तथा चित्रकला, विशेषतः थाङ्का चित्रकलाको पनि क्रमशः विकास हुँदै आएको पाइन्छ । विशेषगरी थाङ्का चित्रहरूमा बौद्ध धर्म तथा दर्शनको आधारमा सम्पूर्ण प्राणीहरूको चित्तको अवस्थालाई प्रतीकात्मक रूपमा प्रस्तुत गरिएको देखिन्छ ।

अन्य कलाहरूझैं थाङ्का चित्रकलाको पनि ऐतिहासिक विकासक्रम रहेको छ । बौद्ध ग्रन्थ तथा साहित्यका आधारमा सबैभन्दा पहिलो चित्र बुद्धकै पालामा मगध राजाले आफ्ना दरबारी चित्रकारहरूमार्फत बनाउन लगाएको उल्लेख पाइन्छ । यद्यपि वर्तमानमा प्राप्त थाङ्का चित्रहरू तिब्बती शैलीमा बनेका पाइन्छन्, जसको मूल प्रभाव र स्रोत तिब्बती परम्परा नै हो । तिब्बतमा बौद्ध धर्मको प्रवेशसँगै बौद्ध चित्रकलाहरू तीव्र रूपमा विकसित भएका थिए । थाङ्काका साथै भित्तेचित्रहरू पनि समानान्तर रूपमा विकास भएको पाइन्छ, जसलाई तिब्बती भाषामा देब्री भनिन्छ । गोन्पा निर्माणको विकाससँगै थाङ्का र देब्री चित्रकलाको वृहत रूपले विस्तार भएको देखिन्छ । यी चित्रकलाहरू प्रायः महासिद्ध धर्मगुरु, बौद्ध पण्डितहरूको हरूको प्रत्यक्ष निगरानी र बौद्ध नीधि शास्त्रमा उल्लेख भएअनुसार लेख्ने गरिन्छ । एक जनश्रुतिअनुसार, प्रारम्भिक कालका साधक तथा ध्यानीहरूलाई साधनाका क्रममा चित्र वा मूर्तिको आवश्यकता पर्दैनथ्यो । उनीहरूको चिन्तन र ध्यान गर्ने क्षमता अत्यन्त तीव्र र एकाग्र हुने भएकाले, गुरुले व्याख्या गरेका शिक्षाहरूलाई सहजै मनमा उतार्न सक्थे र लामो समयसम्म सम्झन सक्थे । तर समयक्रमसँगै मानिसहरूको स्मरणशक्ति र एकाग्रता क्षीण हुँदै जाने कुरा ती समयका सिद्ध गुरुहरूले पहिल्यै अनुभव

गरिसकेका थिए । यस युगका मानिसहरूमा विविध व्यस्तता तथा चञ्चलता रहने भएकाले उनीहरूलाई ध्यानमा सहायक हुने माध्यमको आवश्यकतालाई मध्यनजर गर्दै, थाङ्का चित्रहरूलाई उपाय कौशलका रूपमा विकास गरिएको भन्ने विश्वास पाइन्छ।

## २. थाङ्का कलाको परिचय

'थाङ्का' वा 'थान्कु' शब्द भोट भाषाका दुई शब्द "थाङ" र "कु" को संयोजनबाट बनेको हो। भोट भाषामा "थाङ" भन्नाले विशेष प्रकारको समथर रेशमी कपडाको भागलाई जनाउँछ भने "कु" भन्नाले त्यस समथर कपडामा बनाइएको जीउ वा कायाको चित्रलाई जनाउँछ, जसलाई प्राविधिक रूपमा ह्रेसे (hrese) भनिन्छ। त्यसैले, थाङ्का भन्नाले रेशमी कपडामा ह्रेसे प्रविधिबाट महायानी बौद्ध परम्पराअनुसार बनाइने धार्मिक तथा आध्यात्मिक चित्रकलालाई जनाइन्छ।

विशेषगरी थाङ्का चित्रकलाको प्रयोग बौद्ध धर्मको महायान परम्पराअन्तर्गत वज्रयान र तन्त्रयान परम्परामा पाठपूजा, ध्यान, साधना तथा अन्य उपाय कौशलका अभ्यासहरूमा अत्यन्त महत्त्वपूर्ण मानिन्छ। थाङ्का चित्रहरू विशेष किसिमले तयार पारिएको सुती वा रेशमी कपडामा बुद्ध, बोधिसत्त्व, ईष्टदेवता, डाका-डाकिनी तथा अन्य महासिद्धहरूको जीवनी र दर्शनमा आधारित चित्रहरू हुन्। यी चित्रहरू बौद्ध दर्शन, सूत्र र तन्त्रका आधारमा विशिष्ट कलात्मक शैलीमा निर्माण गरिन्छन्, जसले थाङ्का कलालाई धार्मिक मात्र नभई गहिरो आध्यात्मिक अर्थ प्रदान गर्छ।

## ३. थाङ्का चित्रकलाको उत्पति र इतिहास

बौद्ध धर्ममा चित्रकलाको प्रारम्भिक प्रयोगको सन्दर्भ ऐतिहासिक ग्रन्थहरूमा उल्लेख गरिएअनुसार, मगधका राजा विम्बिसारले वत्स देशका राजा उद्धयनलाई राज्याभिषेकको अवसरमा शाक्यमुनि बुद्धको चित्र बनाई उपहारस्वरूप प्रदान गरेका थिए। यसरी नै बुद्धकालीन समयमा नै शाक्यमुनि बुद्धको निर्देशनमा बौद्ध दर्शनमा आधारित भवचक्र (Wheel of Life) को थाङ्का चित्र तयार पारिएको उल्लेख पाइन्छ। यस चित्रमार्फत कर्म, कर्मफल र प्रतित्यसमुत्पाद जस्ता गहन बौद्ध सिद्धान्तहरूलाई चित्रात्मक रूपमा प्रस्तुत गरिएको छ।

त्यसैगरी तिब्बती राजा स्रोङचेन गम्पोको शासनकालपछि तिब्बती चित्रकला (विशेषतः थाङ्का) र बौद्ध मूर्तिकलाको उल्लेखनीय विकास भएको ऐतिहासिक स्रोतहरूमा पाइन्छ। राजा स्रोङचेन गम्पोकी रानी कोङजो चिनियाँ राजकुमारी थिइन्, जसले बौद्ध धर्मप्रति गहिरो श्रद्धा राख्थिन्। राजकुमारी कोङजोले चीनबाट बुद्धको मूर्ति उपहारस्वरूप तिब्बत ल्याएकी थिइन्। साथै, केही चित्रकारहरूलाई पनि उनीसँगै तिब्बत ल्याई बुद्धका चित्रहरू बनाउन प्रेरित गरेकी थिइन्। यसले तिब्बती चित्रकलाको प्रारम्भिक विकासमा गहन प्रभाव पारेको देखिन्छ। कालान्तरमा, जब तिब्बती राजाहरूले बौद्ध धर्मलाई राजधर्मको रूपमा अङ्गीकार गरे, विभिन्न बौद्ध विद्वान्हरूको आगमन र गुरु परम्पराहरूको विकाससँगै तिब्बती बौद्ध धर्ममा विविध देवता र देवीहरूको उत्पत्ति

तथा कलात्मक अभिव्यक्तिहरू फस्टाउँदै गएका थिए ।

यसै क्रममा अर्की महारानी भृकुटी, जो नेपालकी लिच्छवि राजकुमारी थिइन्, उनले पनि तिब्बती कला र संस्कृति विशेषतः मूर्तिकला र चित्रकलामा महत्त्वपूर्ण योगदान पुऱ्याइन् । उनले तिब्बतमा नेवारी शैलीको प्रभाव विस्तार गर्न सहयोग पुऱ्याइन्, जसले तिब्बती मूर्तिकलामा विशिष्ट सौन्दर्य र शैलीको विकास गरायो । यसरी, तिब्बती बौद्ध कलाको विकासमा कोङजोको चिनियाँ प्रभाव र भृकुटीको नेपाली (नेवारी) प्रभाव दुवै आधारशिला साबित भएका छन् ।

## ४. थाङ्काको विकास

थाङ्का कलाको विकास विशेषतः बौद्ध धर्मको विस्तारसँगै भएको देखिन्छ । बुद्धकालीन समयमा पनि भारतवर्षमा तत्कालीन कलाका रूपहरू माटो, ढुङ्गा वा स्तूपाहरूमा कुँदिएका चित्रमार्फत अभिव्यक्त हुन थालेका थिए ।

### ४.१. **थाङ्का कलाको आरम्भ र प्रारम्भिक अवस्था**

महायान र वज्रयान बौद्ध परम्पराहरूको अभ्यास तथा विकास हुनुभन्दा अगाडि बौद्ध विषयक चित्रहरू प्रायः प्रतीकात्मक रूपमै प्रस्तुत गरिन्थे । जस्तैः बुद्धका पाइला, बोधिवृक्ष, धर्मचक्र, स्तूपा आदि । तथापि, मगधका राजा विम्बिसारले पानीमा परेका छायाँको आधारमा बुद्धको चित्र बनाएको विषय उल्लेख बौद्ध साहित्य र ग्रन्थहरूमा पाइन्छ । त्यसै समयमा बुद्धका उपदेशहरूमा आधारित चित्रहरू पनि निर्माण भएका थिए, जसलाई "भवचक्र" (अङ्ग्रेजीमा Wheel of Life र भोट भाषामा སྲིད་པའི་འཁོར་ལོ།) भनिन्छ । यस चित्रमा बौद्ध शिक्षाको अति गम्भीर सूत्र प्रतित्यसमुत्पाद (निर्भर उत्पत्ति) को दार्शनिक व्याख्या गरिएको हुन्छ । यस आधारमा बुद्धको चित्र र भवचक्र नै प्रारम्भिक बौद्ध चित्रकला मानिन्छ । यद्यपि, त्यतिबेला यस्ता चित्रलाई के नाम दिइन्थ्यो भन्ने कुरा अझै अनुसन्धानको विषय हो, किनभने "थाङ्का" शब्द स्वयं भोट भाषाको शब्द हो ।

तिब्बतमा बौद्ध चित्रकला र मूर्तिकलाको प्रारम्भ राजा स्रोङचेन गम्पोको पालादेखि भएको मानिन्छ । उहाँकी रानी कोङजो (चिनियाँ राजकुमारी) तिब्बत आउँदा बुद्धको मूर्ति साथै लिएर आएको बौद्ध ग्रन्थहरूमा उल्लेख गरिएको पाइन्छ । त्यसैगरी, बौद्ध चित्रकलाको पनि शुरुवात यही समयमा भएको देखिन्छ । पछि, यही शैलीको चित्रकलालाई "थाङ्का" वा "थान्कु" नामले चिनिन थालियो, जुन आज संसारभर प्रसिद्ध छ ।

### ४.२. **थाङ्का कलाको सामाजिक र सांस्कृतिक प्रभाव**

थाङ्का चित्रकला नेपालमा बौद्ध समाज र संस्कृतिको समृद्धिमा महत्त्वपूर्ण योगदान पुऱ्याउने कला हो । विशेषगरी देवी देवता र बोधिसत्त्वहरूको रूप रूपाङ्कन यसै माध्यमबाट

गरिन्छ। यसले बौद्ध दर्शनलाई बुझ्न र अभ्यास गर्न सघाउँछ। नेपालमा थाङ्का  कला स्थानिय स्तरमा उत्पादन हुने भएकाले यसले समाजमा आत्मनिर्भरता तथा स्वावलम्बनको भावना विकास गर्न र केही हदसम्म रोजगार सिर्जना गर्न सहयोग पुऱ्याएको छ।

थाङ्का  चित्रकलाले महायान तथा वज्रयान परम्परामा बुद्धको ज्ञान र शिक्षालाई देवीदेवता तथा बोधिसत्त्वहरूका रूपमार्फत गोन्पा, स्तूपा, पाटी, भित्तेचित्र आदि माध्यमबाट निरन्तर प्रचार र संरक्षण गर्न मद्दत पुऱ्याउँछ।यसै सन्दर्भमा, भिक्षु तथा गृहस्थ बौद्ध अनुयायीहरूले विशेष पर्वहरू जस्तै शुक्लपक्ष (पूर्णिमा), कृष्णपक्ष (औंसी) आदिमा आफ्नो इष्टदेवताको साधना, ध्यान र पूजा अभ्यासमार्फत बौद्ध सांस्कृतिक समृद्धिमा योगदान पुऱ्याउँदै आएका छन्। यसका साथै, हिमाली बौद्ध समाजमा थाङ्का  चित्रकलाको महत्त्व जीवनचक्रभर जन्मदेखि मृत्युपर्यन्त र मृत्युपछि पुनर्जन्मसम्मका सांस्कृतिक कार्यहरूमा पनि देखिन्छ। यसले बौद्ध समाजको धार्मिक, सामाजिक र सांस्कृतिक पक्षहरूलाई समेटेर राखेको पाइन्छ।

- **आध्यात्मिक शिक्षण उपकरण** : देवता, मण्डला, भवचक्र जस्ता चित्रहरू थाङ्का चित्रकलामा आध्यात्मिक शिक्षण उपकरणका रूपमा प्रयोग गरिन्छन्।
- **ध्यान साधनामा प्रयोग** : थाङ्कालाई ध्यान साधनामा अभ्यासको माध्यमका रूपमा प्रयोग गरिन्छ।
- **अनुष्ठानहरूमा प्रयोग** : बौद्ध समाजमा विशेष पूजा, अभिषेक तथा अन्य धार्मिक समारो हहरूमा थाङ्काको अनिवार्य रूपमा प्रयोग गरिन्छ।
- **परम्पराको संरक्षण** : थाङ्का चित्रकलाले महायानी एवम् वज्रयानी गुरु परम्परा, गुरु, योगीहरूको ऐतिहासिक साधनाको निरन्तरतालाई जीवित राख्न सहयोग पुऱ्याउँछ।
- **पुण्य सञ्चय** : थाङ्का चित्रकलाले समाजमा पुण्य, ज्ञान संचय तथा धार्मिक लाभ प्राप्तिमा सहयोग पुऱ्याउँछ, जसले सामाजिक र सांस्कृतिक मूल्य मान्यतालाई जीवित राख्छ।

### ४.३. थाङ्का चित्रकलामा प्रयोग हुने सामग्रीहरू तथा पूजा

थाङ्का चित्रकला प्रायः समथर सेतो क्यानभास (रेशे) मा बनाइन्छ, जुन लचिलो रूपमा बेरेर राख्न मिल्ने हुन्छ। यस चित्रकलामा प्रयोग हुने प्रमुख सामग्रीहरू तल उल्लेख गरिएको छ :

- **रेशे** : रेशमी कपडाबाट बनेको क्यानभास
- **ची सिङ** : सिलाउने कामका लागि प्रयोग गरिने मसिन काठको लठ्ठी
- **झ्याङ सिङ** : चित्र टाँस्न प्रयोग गरिने काठको चौकोर फ्रेम
- **सरेश** : याकको छालाबाट बनाइएको जैविक गोंद
- **साप्रा** : सेतो माटो (कमेरो) जसले सतहलाई तयार पारिन्छ
- **पेन्सिल वा कोइला** : प्रारम्भिक रेखा कोर्नका लागि

- **छोन** : पाँच प्रकृतिका प्राकृतिक रङहरू
- **सेर** : २४ वा १८ क्यारेटको सुन, विशेष चित्रहरूमा प्रयोग हुने
- **थाङ्श्यम** : तयार थाङ्कालाई बेर्नका लागि प्रयोग हुने कपडाको फ्रेम
- **राब्ने** : पूजा, आशीर्वाद तथा प्राण प्रतिष्ठान पूजा विधि

४.४. **थाङ्काका प्रकार** :

थाङ्कालाई विभिन्न आधारमा विभाजन र वर्गीकरण गर्न सकिन्छ।

४.४. (क) **दर्शनका आधारमा थाङ्का** :

बौद्ध चित्रकलामा दर्शनको आधारमा पनि थाङ्का बनाइने गरिन्छ। जस्तै :

- **सूत्रमा आधारित थाङ्का** : जातक कथा, बुद्ध जीवनी, भवचक्र, पारमिता अभ्याससँग सम्बन्धित देवी-देवताहरूको थाङ्का चित्र। तन्त्रमा आधारित थाङ्का : मण्डला, योगिनी, डाका-डाकिनी, क्रोधी देवी-देवताहरूको थाङ्का चित्र।

४.४. (ख) **रङका आधारमा देवी–देवताका थाङ्का**

- **सेरथाङ** : पहेँलो सुनले बनाइएका थाङ्का।
- **मारथाङ** : रातो पृष्ठभूमिमा लेखिएको थाङ्का, जुन सम्पूर्ण रूपमा रातो रङको हुन्छ र यसमा पनि सुन प्रयोग गरिएको हुन्छ।
- **नाथथाङ** : कालो रङमा सुन प्रयोग गरी सम्पूर्ण चित्र बनाइने थाङ्का।

४.४. (ग) **वस्त्रका आधारमा थाङ्का**

- **एकवस्त्र थाङ्का चित्र** : बुद्ध र पञ्च बुद्धहरूलाई एकवस्त्रमा चित्रण गरिएको हुन्छ।
- **निर्वस्त्र थाङ्का चित्र** : योगी तथा योगिनीहरूलाई निर्वस्त्र रूपमा चित्रण गर्ने अभ्यास पनि रहेको छ।

४.४. (घ) **सोपनका आधारमा थाङ्का चित्र**

गुण र क्षमतालाई आधार मानी थाङ्कामा रहेका देवी-देवताका चित्रहरूलाई उहाँहरूको सोपन (क्रमगत) रूपमा राखेर चित्रण गरिने परम्परा पनि छ। जस्तै :

- **बुद्धहरू/गुरुहरू**
- **बोधिसत्त्वहरू**
- **डाका/डाकिनीहरू**
- **धर्मपालहरू**
- **स्थानीय देवीदेवताहरू**

## ५. थाङ्का कलाको समसामयिक अवस्था

थाङ्का कला महायान बौद्ध अभ्यास र दर्शनसँगै जतिजति विस्तार हुँदै जान्छ, उति नै यसको महत्त्व पनि बढ्दै जान्छ। थाङ्का केवल चित्र मात्र होइन, यो दर्शन, साधना र आइकोनोग्राफीसँग सम्बन्धित बौद्ध चित्रकला हो। बौद्ध गुरुहरू भन्नु हुन्छ "बौद्ध शिक्षा अगाडि बढ्दै जाँदा हरेक तहका विनयजनहरूलाई बौद्ध परम्परा र दर्शनमा समाहित भई परावर्तन (Transformation) गर्न वा गराउन यो एक उपायको रूपमा प्रयोग हुन्छ।''

थाङ्का चित्रकला विश्वभर महायान तथा वज्रयान बौद्ध परम्परामा अभ्यास, साधना, ध्यान, पूजा र अर्चनामा प्रयोग हुँदै आएको पाइन्छ। साथै, यसलाई गहिरो र वैभवशाली दृष्टिकोणले ज्ञान र मुक्तिको प्रतीकका रूपमा पनि लिइन्छ। त्यसैले थाङ्का चित्रकला बौद्ध दर्शन, उपदेश, धर्मदेशना र सत्कर्मको प्रेरणाको स्रोत बन्न पुगेको छ, जसले दुःखबाट मुक्ति प्राप्त गर्ने मार्गको सङ्केत गर्दछ। त्यस्तै, वज्रयान परम्पराअनुसार थाङ्का चित्रहरू संघ संस्था, गण वा व्यक्तिलाई संरक्षण गर्ने, ज्ञानवर्द्धक, मुक्तिदायक र ऊर्जाशील बनाउने विश्वास गरिन्छ।

### ५.१. आजको समयमा थाङ्का कलामा भएका नयाँ प्रयोग

बौद्ध ग्रन्थ र दर्शनअनुसार बुद्ध, बोधिसत्त्व, डाका-डाकिनी तथा धर्मपालहरूका थाङ्काहरू परम्परागत रूपमा हस्तमुद्रा, आसन र वाहनलाई जस्ताको तस्तै चित्रण गर्नुपर्छ भन्ने मान्यता पाइन्छ। तर हालका दिनमा, देवी-देवताका पृष्ठभूमिमा रहेका तत्त्वहरूमा भने कलाकार (ख्यापा)ले समयानुसार सिर्जनात्मक परिकल्पनाहरू थपेको देखिन्छ। जसका कारण थाङ्का चित्रहरू अझ ऊर्जाशील, आकर्षक र मानवीय इन्द्रियलाई आकर्षण गर्ने खालका बनेका छन्।

### ५.२. विश्वभरका कलाकारहरूको थाङ्का कलाप्रतिको चासो र फैलावट

थाङ्का कला नेपाल बाहेक भूटान, तिब्बत, चीन, भारत र अन्य केही देशहरूमा पनि निर्माण र लेखन भएको पाइन्छ। यस्ता थाङ्का चित्रहरूमा त्यहाँको भौगोलिक प्रभाव, स्थानीय परम्परा र सांस्कृतिक मान्यताहरू समेटिएर मिसिएको देखिन्छ। उदाहरणका लागि, नेपाली कलाकारले चित्रण गरेको बुद्ध र जापानी कलाकारले कल्पना गरेर बनाएको बुद्धको चित्रमा बाह्य स्वरूपमा भिन्नता देखिए पनि, यसको सार, गुण र दर्शन भने समान देखिन्छ।

## ६. थाङ्का  कला संरक्षणका चुनौती

विशेषगरी थाङ्का कला नेपालका बौद्ध अनुयायीहरूको मात्र होइन, समग्र राष्ट्रको सम्पदा हो। यसले बुद्धजस्तो गौरवशाली एवम् भगवान् रूपी गुण भएको व्यक्तितत्त्वको लिलाहरू थाङ्का चित्रकलामार्फत विश्वलाई सम्प्रषण गरेको छ।

बुद्धको प्रज्ञा र करुणाजस्ता पक्षहरूलाई समेत थाङ्का चित्रकलामा समेटिएको पाइन्छ। साथै, बौद्ध दर्शनको मूल सिद्धान्त कार्य र कारण (कर्म र फल) लाई पनि यस चित्रकलाले उजागर गर्ने काम गरेका छन् । यति महत्त्वपूर्ण र अद्‌भुत नेपाली कला क्रमशः कमजोर हुँदै गएको देखिन्छ । विशेषतः नेपाल सरकारले यो कलालाई प्राथमिकतामा राखेको वा चासोको विषय बनाएको पाइँदैन । परिणामस्वरूप, निजी वा व्यक्तिगत तहबाट सञ्चालित संस्थाहरूबाट पर्याप्त लगानी, रोजगारी र आर्थिक गतिविधि सञ्चालन गर्न सकिएको छैन । त्यसैले यो क्षेत्रमा अन्य क्षेत्रहरूझैं पलायनको क्रम बढ्दो छ । देशको आर्थिक अन्योलता र राजनीतिक अस्थिरताका कारण दक्ष चित्रकार तथा कलाकारहरू विदेश पलायन भइरहेका छन् । त्यस्तै, नयाँ पुस्ता यस क्षेत्रमा तालिम लिने वा प्रशिक्षित हुनेतर्फ आकर्षित देखिँदैन ।

अन्त्यमाः यदि यस्तै अवस्था जारी रह्यो भने, हाल हजारौँको सङ्ख्यामा रहेका थाङ्का कलाकार तथा दक्ष जनशक्ति केही दशकमा सयौँको सङ्ख्यामा पनि भेटिन मुस्किल हुनेछ। म स्वयं यस क्षेत्रमा श्रमिक, रोजगारदाता तथा अनुसन्धानकर्ता भएकाले प्रत्यक्ष रूपमा कलाको ह्रास भएको देखिरहेको छु ।

६.१. **कला निर्माता र प्रशिक्षकहरूको अभाव**

थाङ्का  चित्रकलामा अधिकांश जनशक्ति, विशेषतः चित्रकार वा कलाकारहरू, तामाङ, शेर्पा र नेवार समुदायबाट आएका छन् । अन्य समुदायका व्यक्ति निकै थोरै मात्र सङ्लग्न छन् । वर्तमान समयमा थाङ्का  उद्योगको क्षेत्रमा नयाँ पुस्तालाई व्यवस्थित र भरपर्दो आम्दानीको माध्यमका रूपमा स्थापित गर्न नसक्नु यस क्षेत्रमा युवाको आकर्षण घट्नाको प्रमुख कारण हो ।

यसको मुख्य कारण नेपालको आर्थिक र राजनीतिक प्रणालीले स्वदेशमै आत्मनिर्भर रूपमा जीवन निर्वाह गर्न सक्ने वातावरण नदिएको हो । एकातिर देशमा राजनीतिक अन्योल छ भने अर्कोतिर विदेश जानु र नयाँ पुस्ताले देश छोड्नु सामान्य अभ्यासजस्तो भइसकेको छ ।

मैले आजसम्म यस क्षेत्रमा जति प्रगति गरेको छु, त्यो सबै व्यक्तिगत पहलबाट हो । लगानी, तालिम र बजारीकरणलगायतका कार्यहरू व्यक्तिगत प्रयत्नमै सीमित छन् । राज्य वा सरकारी निकायबाट सहयोग, तालिम वा प्रशिक्षण नपाएकाले हाल कला निर्माता र प्रशिक्षकको अभाव गम्भीर रूपमा महसुस भइरहेको छ । राज्यले पनि यसतर्फ पर्याप्त ध्यान नदिएकोले युवाहरू स्वदेशमा रोजगारीको अवसरबाट बञ्चित छन् । साथै, कला निर्माता तथा प्रशिक्षकलाई सम्मान र हौसला नदिँदा पनि यस अभाव झनै बढेको देखिन्छ ।

## ७. निष्कर्ष

थाङ्का  कला नेपाल र नेपालीको अमूल्य मौलिक कला तथा सांस्कृतिक सम्पदा हो। यस कलाले बौद्ध शिक्षा, दर्शन, वास्तुकला र आइकोनोग्राफी जस्ता विविध आयाम बुझाउनमा महत्त्वपूर्ण भूमिका खेलेको छ। महायानी र वज्रयानी बौद्ध साधक साधिकाहरूका लागि यो ज्ञान र मुक्तिको साधनको रूपमा उपयोगी रहँदै आएको छ। यदि यो कलालाई व्यवस्थित रूपमा प्रयोग गरी राज्यस्तरबाट आवश्यक सुविधा, सहयोग र प्रवर्द्धन गरियो भने, थाङ्का  कलाको व्यावसायीकरण तथा न्यूनतम आम्दानीको ग्यारेन्टीका माध्यमबाट स्वदेशमै रोजगारीको अवसर सिर्जना गर्न सकिन्छ। यसले युवा पुस्तालाई विदेश पलायन हुनबाट रोक्न सहयोग पुऱ्याउनुका साथै देशभित्रै टिकाउ आय आर्जन गर्न सकिने सम्भावना पनि रहन्छ।

थाङ्का  कलाले विश्वका बौद्ध र गैर बौद्ध पर्यटकहरूलाई आकर्षण गर्न सक्ने क्षमताका कारण विदेशी मुद्रा आर्जनमा पनि सहयोग पुऱ्याउन सक्छ। त्यसैले यस किसिमको मौलिक कला र सम्पदालाई समयमै चिनेर यसको क्षतिबाट जोगिन धार्मिक संघ संस्था, सरकारी निकाय तथा निजी क्षेत्रले संरक्षण, प्रवर्द्धन र जगेर्ना गर्नु आजको आवश्यकता हो।

## सन्दर्भ सामग्री


- Das, Sanjiv Kumar (2003): Tara(An Exhibition of Rare Buddhist Thankas
- Getten, R.J and Stout G.L(1996): Thanka painting matrials.A short Encyclopedia, New York, Dover.
- Jackson, David and Janice (1984): Tibetan Thanka Painting Method AndMaterials,SerindiaPublication,London.
- Lama, Surendra kumar (2017): The Wheel of Life (Bhavacakra),Study on Buddhist Philosophical Art as Practiced in Pokhari Narayan  VDC,Kavre,T.U.kathmandu.
- Shakya, Min Bahadur(1998): The Iconography of Nepalese Buddhism, Handicraft Association of Nepal, kathmandu
- जोशी, सत्यमान (२०७३)ः नेपाली कलाको रूपरेखा (प्राचीन र मध्यकालीन), भेराइटी प्रिन्ट काठमाडौं।
- मोक्तान, ध्यानबहादुर (२०६१)ः तामाङ्ग जातिमा बौद्ध चित्रकला, सोधपत्र त्रि.वि. काठमाडौ, नेपाल।
- पौडेल, वीणा (२०५७)ः नेपाली मूर्तीकला र चित्रकला, नेपाली ईतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रिय, विभाग, त्रि.वि., काठमाडौ, नेपाल।
- घिसिङ, माईला(२०७४)ः बौद्ध धर्ममा थाङ्का चित्रकलाको निर्माण प्रविधिःएक अध्यापन, स्नो धपत्र त्रि.वि., काठमाडौं, नेपाल।
- तिबेतियन पकेट डायरी (२०७४/०७५)।
- बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा तथा विकास समितिको स्मारिका-७ (२०६०), ललितपुर, नेपाल
- सुगत सन्देश, २०७०।

# पेमा कथाङ्मा आधारित गुरु पद्म सम्भवको सङ्क्षिप्त जीवनी

**मुकेश लामा**
अनुवादक

पेमा काथाङ हिमाली क्षेत्रमा लोकप्रिय रहेको गुरु पद्म सम्भवको जीवनी हो । गुरु पद्म सम्भवको जीवनी शीर्षकमा प्रकाशन भएको काथाङ स्हाङलिङमा उहाँको संक्षिप्त जीवनी हो भने पेमा काथाङ विस्तृत जीवनी हो ।  यो जीवनी आठौँ शताब्दीमा गुरु पद्म सम्भवको आध्यात्मिक सहचरी येसे छोग्यालले लेख्नु भएको हो। जसमा गुरु पद्म सम्भवका जीवनका महत्त्वपूर्ण घटनाहरू र उहाँका अध्यात्मिक शिक्षाहरूको विस्तृत विवरण प्रस्तुत गरिएको छ।

### १. पेमा कथाङ्को महत्त्व

पेमा कथाङ ग्रन्थ तेर अर्थात् लुकाइएको निधिअन्तर्गत पर्छ जसलाई भविष्यका पुस्ताका बौद्ध धर्मावम्बीहरूको निमित्त भनेर आठौँ शताब्दीमा लुकाइएको हो । यसलाई निधि प्रकाशक उर्गेन लिङपाले लुकाइएको ठाउँबाट निकाल्नु भएको हो । यसको मूल ग्रन्थ संस्कृतमा रहेको बताइन्छ। त्यसको अनुवादित रूप तिब्बतमा प्रचलित रहेको पाइन्छ। यस ग्रन्थमा कुल १०८ अध्यायहरू रहेका छन्, जसमा गुरु पद्म सम्भवका कार्य, शिक्षाहरू र उनका चमत्कारी क्रियाकलापहरूको वर्णन गरिएको छ। हाल यसको नेपाली अनुवाद बजारमा उपलब्ध रहेको पाइन्छ।

### २. पेमा कथाङ्का प्रमुख अध्यायहरूको संक्षिप्त वर्णन

अध्याय १ मा पद्म सम्भवको गुणहरूबारे र पश्चिमी सुखावति भूमिको प्रकटीकरण र बुद्ध अमिताभको गुणहरूको बारेमा वर्णन गरिएको छ।

अध्याय २ मा संसारका लागि बुद्ध अमिताभद्वारा उत्सर्जित जन्म बुद्ध अमिताभद्वारा उत्सर्जित प्रादुर्भाव बारेमा वर्णन गरिएको छ।

अध्याय ३ मा अकल्पनीय संसारमा प्राणीहरूको हितको लागि कार्य गर्नुभएको बारेमा वर्णन गरिएको छ।

अध्याय ४ मा पाँच जातिको कुल र पाँच तेजस्वी पुत्रहरूलाई अभिषेक एक अस्तित्त्व सर्वोच्च वज्रधरको रूपमा उत्पन्न भयो बारेमा वर्णन गरिएको छ।

अध्याय ५ मा रूपान्तरण हुने रुद्रको जन्मको शृङ्शला बारेमा वर्णन गरिएको छ।

अध्याय ६ मा घोडा र सुँगुरद्वारा रुद्रको रूपान्तरण बारेमावर्णन गरिएको छ।

अध्याय ७ मा एक हजार दुई जना बुद्धको अधिष्ठापन बारे योगी नुदेन दोर्जेद्वारा गरिएको भविष्यवाणी बारेमा वर्णन गरिएको छ।

अध्याय ८ मा इतिहासको उपदेशलाई दुई उपदेशहरूमा फेरि बाहिर ल्याइएको बारेमा वर्णन गरिएको छ।

अध्याय ९ मा हिमाली क्षेत्रमा बुद्ध धर्म स्थापना गर्नमा अग्रणी भूमिका खेल्नु भएको र तिब्बतमा खेन्पो बोधिसत्त्व भनेर चिनिने शान्तरक्षितको जन्म बारेमा वर्णन गरिएको छ।

अध्याय १० मा दुई उपदेशहरूको स्वामीद्वारा मेघावत राज्यको धर्म परिवर्तन बारेमा वर्णन गरिएको छ।

अध्याय ११ मा भारतको प्रामाणिक धर्मअनुसारको उपदेश बारेमा वर्णन गरिएको छ।

अध्याय १२ मा उड्डियाना देशका देशहरूको शृङ्खलाको विवरण बारेमा वर्णन गरिएको छ।

अध्याय १३ मा राजा च्यन्मे ज्योर्देनले उपहारको रूपमा आफ्नो ढुकुटी खोलेको बारेमा वर्णन गरिएको छ।

अध्याय १४ मा गुरु पद्‌म सम्भव उत्पन्न हुनु भएको चमकदार शुद्ध तालको गुणहरू, रूप र उत्पत्ति बारेमा वर्णन गरिएको छ।

अध्याय १५ मा राजा इन्द्रभूति छोरा जन्माउन असफल भएको पृष्ठभूमि बारेमा यस्तो लेखिएको छ :

त्यसपछि राजाको कुनै पुत्र नभएको कारण मन्त्रविद्या जान्नेहरूले भविष्यवाणी गर्ने अभ्यास गरे खगोलविद्‌हरूले आफ्नो गणना गरे र शुभचिन्तकहरूले खुशी र आशीर्वादको भविष्यवाणी गरे "उहाँले असीमित भिक्षा बाँड्नुभएको हुनाले पुत्रको जन्म हुने निश्चित छ।" धर्मका संरक्षक राजा इन्द्रवोधिले देवताहरूसँग एक एक गरी मध्यस्थता गर्नको लागि पाँच सय एक महान् बौद्ध पण्डित र पाँच सय एक ब्राह्मण पंडितहरू एक हजार दुईजना सबैभन्दा प्रतिष्ठित पवित्र व्यक्तितत्त्वहरूलाई बोलाए र राजाले छोराको वरदानको लागि प्रार्थना गर्दा सर्प वर्षमा पूर्णिमामा आध्यात्मिक शक्ति उच्च भएको समयमा उनले ढिकुटीका तीन हजार कोठाहरू खोले। त्यसपछि स्वयम् उत्पन्न भएको र गोमेद रत्न जस्तो ठुलो स्तुपमा उनले बाह्य, गुह्य र गोप्य ठुलो समर्पण चढाएर आठै दिशाहरूमा आफ्नो दुःख घोषणा गरे।

उनले प्रत्येकलाई आवश्यक पर्ने कुरा दिएता पनि कुनै पनि पुत्र जन्मिएन। त्यसपछि अर्को पवित्र व्यक्तित्त्व, द्रष्टा असेन्य, सत्यलाई बुझेका एकजना ठूला मन्त्रधर छजना अनुचरहरू लिएर राजासामु आएर भनेः "हामीलाई दान दिनुहोस्!" "केही पनि बाँकी छैन," जवाफ थियो। तर उनले फेरि भने, "हाम्रो हिस्सा हामीले नपाएसम्म कसैलाई बाँडिएको भिक्षा पानीमा फालिएजस्तै हो। हामीले बयान गर्ने गरेको सत्यको बल स्व-प्रमाणित छ।"

त्यसमा राजाले भने, "धेरै राम्रो! तपाईंहरू सबैलाई मेरो दरबारमा बस्न निम्तो दिन्छु। यदि द्रष्टाहरूले भनेका कुराहरू साँचो हो भने पुत्रको जन्मको लागि पुण्यको अभ्यासले अनुग्रह पाउँछ!"

“त्यसपछि रानीहरूलाई वन्दना गर्न दिनुहोस् ! रत्न खोज्नका लागि राजा र उनका सेवककहरू विदेश भ्रमण गर्नुको सट्टा, दुईओटा स्वीकारका एक हजार दुई महान् पण्डितहरूको देवताहरू प्रतिको आर ाधनालाई सिद्ध गर्न दिनुहोस् !” र तिनीहरूले होम लगाउने आगो बाल्नको लागि एउटा स्थान तयार गरे जसले हरेस र निराशालाई निखन्छ र हानिकारक आत्माहरूलाई भगाउँछ। तर सबै भूतहरूले एकैसाथ विक्षिप्ततताहरू निकाले। गर्जन चम्कियो र असिना पर्यो र त्यहाँ ठुलो गर्जन र कालो हावा गुन्जियो। भूकम्प गयो, ढुङ्गाको मुसलधार वर्षा भयो, युद्ध र घाँटीको रोगले आतङ्का मच्चायो र उड्डियानाका क्षेत्रहरूलाई आकुल व्याकुल पार्यो। बारम्बार पीडाको आवाज उत्पन्न भएर जमिनबाट निस्कियो; कुलीन स्त्रीहरू बालुवाका कणहरू जस्तै छरपस्ट भएका थिए।

अध्याय १६ मा राजा इन्द्रवोधिले मनोकामना पूरा गर्ने रत्न प्राप्त गरेको बारेमा वर्णन गरिएको छ।

अध्याय १७ मा गुरु पद्‌म सम्भवको राजा इन्द्रवोधिसँगको भेट गर्नुभएको बारेमा वर्णन गरिएको छ।

अध्याय १८ मा मनोकामना पूरा गर्ने रत्नलाई राजा इन्द्रवोधिले गरेको प्रार्थना बारेमा वर्णन गरिएको छ।

अध्याय १९ मा गुरु पद्‌म सम्भव उत्पन्न हुनु भएको औदुम्बरा फूलको पत्रदलबा बारेमा वर्णन गरिएको छ।

अध्याय २० मा गुरु पद्‌म सम्भवद्वारा उड्डियाना भूमिमा राज्य लिइएको बारेमा वर्णन गरिएको छ।

अध्याय २१ मा गुरु पद्‌म सम्भवद्वारा उड्डियाना राज्य त्याग बारेमा वर्णन गरिएको छ।

अध्याय २२ मा गुरु पद्‌म सम्भवको शीत वनको समाधि स्थलको बसोबास बारेमा वर्णन गरिएको छ।

अध्याय २३ मा गुरु पद्‌म सम्भवले ज्योतिष गणनामा गर्नुभएको परिश्रम बारेमा वर्णन गरिएको छ।

अध्याय २४ मा गुरु पद्‌म सम्भवले चिकित्सा शास्त्र सिक्नु भएको बारेमा वर्णन गरिएको छ।

अध्याय २५ मा गुरु पद्‌म सम्भवले पाँच कलाहरूमा कुशल परिश्रम गर्नुभएको बारेमा वर्णन गरिएको छ।

अध्याय २६ मा गुरु पद्‌म सम्भवको बौद्ध धर्ममा प्रवेश बारेमा वर्णन गरिएको छ।

अध्याय २७ मा गुरु पद्मसंभेले आन्तरिक र बाह्य यानहरूमा आनन्दसँग गर्नुभएको अभ्यास बारेमा वर्णन गरिएको छ।

अध्याय २८ मा आनन्दलाई सूत्रहरूको सम्बन्धमा गरिएको अनुरोध निर्देशनमा प्रयोग गर्ने बारेमा वर्णन गरिएको छ।

अध्याय २९ मा गुरु पद्‌म सम्भवको शवको अन्त्यको समाधि स्थलमा बसोबास बारेमा वर्णन गरिएको छ।

अध्याय ३० मा गुरु पद्‌म सम्भवको चम्किलो परम सुखको समाधि स्थलको अल्प आवास बारेमा वर्णन गरिएको छ।

अध्याय ३१मा गुरु पद्‌म सम्भव स्वयम् उत्पत्ति भएको समाधि स्थल माटोको थुप्रोमा छोटो समयको लागि बसोबास गर्नुभएको बारेमा वर्णन गरिएको छ।

अध्याय ३२ मा गुरु पद्‌म सम्भव लङ्काकुट समाधि स्थानमा छोटो समयको लागि बसोबास गर्नुभएको

बारेमा वर्णन गरिएको छ।

अध्याय ३३ मा समाधि स्थान कमलको थुप्रोमा छोटो समयको लागि बसोबास  र दोर्जे डोलो नाम प्राप्ति बारेमा वर्णन गरिएको छ।

अध्याय ३४ मा रहस्यमय दृश्यहरूको महान् समाधि स्थानमा छोटो समयको लागि बसोबास  र थोटेङ चल नाम प्राप्ति बारेमा वर्णन गरिएको छ।

अध्याय ३५ मा गुरु पद्म सम्भवको चीनको भूमिमा छोटो समयको बसाइ र अवलोकितेश्वरले भविष्यवाणी गरेको बारेमा वर्णन गरिएको छ।

अध्याय ३६ मा बुद्धको शिक्षाको रक्षाका लागि साधनको प्रयोग गर्नुभएको बारेमा वर्णन गरिएको छ।

अध्याय ३७ मा रूपान्तरण हुने क्षेत्रको झलक बारेमा वर्णन गरिएको छ।

अध्याय ३८ मा राजकुमारी मन्दारवाको ब्राह्मणको शरीरको खोज बारेमा वर्णन गरिएको छ।

अध्याय ३९ मा राजकुमारी मन्दारवाले धर्म पालना गर्नको लागि संसार त्यागेको बारेमा वर्णन गरिएको छ।

अध्याय ४० मा गुरु पद्म सम्भवको राजकुमारी मन्दरवासँगको भेट बारेमा वर्णन गरिएको छ।

अध्याय ४१ मा गुरु पद्म सम्भवलाई जलाउनको लागि साहोरका राजाद्वारा निर्माण गरिएको होलिकाको बारेमा वर्णन गरिएको छ।

अध्याय ४२ मा साहोरबाट चलाइएको आक्रमणकारी सेना बारेमा वर्णन गरिएको छ।

अध्याय ४३ मा गुरु पद्म सम्भवद्वारा साहोरको राज्यलाई बुद्धधर्ममा स्थापित गरिएको बारेमा वर्णन गरिएको छ।

अध्याय ४४ मा खोटाङ स्थित मारातिका गुफामा आयु धरको ज्ञानको उद्घोषण बारेमा वर्णन गरिएको छ।

अध्याय ४५ मा राजा अशोकले धर्मको नेतृत्व गरेको बारेमा वर्णन गरिएको छ।

अध्याय ४६ मा गुरु पद्म सम्भवद्वारा बैद्ध र सिहलाका देशहरूलाई बुद्धधर्ममा स्थापना गरिएको बारेमा वर्णन गरिएको छ।

अध्याय ४७ मा मन्दारवाको सहायताले बंगालको सिंहासन अधीनमा लिइएको बारेमा वर्णन गरिएको छ।

अध्याय ४८ मा उड्डियान क्षेत्रलाई रूपान्तरण गर्ने योजना बारेमा वर्णन गरिएको छ।

अध्याय  ४९ मा उड्डियानको राज्यलाई बुद्धधर्ममा ल्याइएको बारेमा वर्णन गरिएको छ।

अध्याय ५० मा भारतका र कश्मीरका राम्रो ढोल बजाउनेहरूलाई बौद्ध धर्ममा डोऱ्याइएको बारेमा वर्णन गरिएको छ।

अध्याय ५१ मा तामाको भूमि र स्वर्णभूमिको तीर्थिकहरूलाई गुरु पद्म सम्भवले रूपान्तरण गर्नुभएको बारेमा वर्णन गरिएको छ।

अध्याय ५२ मा सम्वरकालगर्भ र कास माछाद्वारा राजा नागविष्णुको पराजय बारेमा वर्णन गरिएको छ।

अध्याय ५३ मा निधि लुकाइएको, निधिको सिद्धान्त, निधि खुलासाकर्ताको बारेमा वर्णन गरिएको छ।

अध्याय ५४ राजा ठिसोङ देउचनको जन्म र तिब्बतको गद्दी आरोहणको बारेमा वर्णन गरिएको छ।

अध्याय ५५ मा गोन्पा निर्माण गर्ने राजाको प्रस्तावमा मन्त्रीहरू र जनताको सहमति बारेमा वर्णन गरिएको छ।

अध्याय ५६ मा साम्ये गोन्पाको लागि निर्माण स्थलको खोजी गरिएको बारेमा वर्णन गरिएको छ।

अध्याय ५७ मा राजाद्वारा बोधिसत्त्व शान्तरक्षितलाई निमन्त्रणा गरिएको बारेमा वर्णन गरिएको छ।

अध्याय ५८ मा खेन्पो बोधिसत्त्व शान्तरक्षितद्वारा तिब्बतका राजालाई भनिएको भविष्यवाणी बारेमा वर्णन गरिएको छ।

अध्याय ५९  मा ठिसोङ देउचनले दोहोर्याएर पठाइएको प्रतिनिधिमण्डलहरू बारेमा वर्णन गरिएको छ।

अध्याय ६० मा तिब्बतका राक्षसहरूमाथि विजय र सपथको बन्धनमा पारिएको बारेमा वर्णन गरिएको छ।

अध्याय ६१ मा तिब्बतका राजासँगको भेटमा अभिवादन गर्न अस्वीकार गरिएको बारेमा वर्णन गरिएको छ।

अध्याय ६२ मा साम्ये गोन्पा निर्माण सम्पन्न नागहरूद्वारा सहायता प्राप्त भएको बारेमा वर्णन गरिएको छ।

अध्याय ६३ मा साम्ये गोन्पाको धनको रक्षा गर्न आह्वान गरिएको बारेमा वर्णन गरिएको छ।

अध्याय ६४ मा रहस्यमय घटनाहरूद्वारा निर्माण सम्पन्न भएको साम्ये गोन्पाको प्राण प्रतिष्ठा गरिएको बारेमा वर्णन गरिएको छ।

अध्याय ६५ मा साम्ये गोन्पाको लागिसम्मानको सङ्केत र प्राप्त हुने परिणामहरूको बारेमा वर्णन गरिएको छ।

अध्याय ६६ मा दुई जना गुरुहरूलाई तिब्बतमा रहन राजा ठिसोङ देउचनको आग्रह गरिएको बारेमा वर्णन गरिएको छ।

अध्याय ६७ मा तिब्बतका राजाद्वारा धार्मिक कानुनको घोषणा गरिएको बारेमा वर्णन गरिएको छ।

अध्याय ६८ मा राजालाई तीन जना अनुवादक सम्बन्धी भविष्यवाणीले सान्त्वना दिइएको बारेमा वर्णन गरिएको छ।

अध्याय ६९ मा युवाको रूपमा वैरोचनलाई राजाद्वारा अनुवादक बन्न निमन्त्रणा गरिएको बारेमा वर्णन गरिएको छ।

अध्याय ७० मा धर्म जना दुई गुरुहरू र तीन जना अनुवादकहरूद्वारा अनुवाद गरिएको बारेमा वर्णन गरिएको छ।

अध्याय ७१ मा एक सय आठ जना अनुवादकहरूको भेला गरिएको बारेमा वर्णन गरिएको छ।

अध्याय ७२ मा भारतका पच्चीस जना महान् पण्डितहरूसँग तिब्बतको वैरोचनको बैठक बारेमा वर्णन गरिएको छ।

अध्याय ७३ मा फलामको डाँठ भएको घाँसको स्थानमा वैरोचनद्वारा पखेटा खुट्टाको सिद्धि बारेमा

वर्णन गरिएको छ।

अध्याय ७४ मा पखेटा भएको खुट्टाको सिद्धिपछि वैरोचनलाई तिब्बत फर्कनमा बाधा बारेमा वर्णन गरिएको छ।

अध्याय ७५ मा वैरोचनको धर्म उपदेशको निन्दा गरिएको बारेमा वर्णन गरिएको छ।

अध्याय ७६ मा तिब्बतबाट निर्वासित हुँदा वैरोचनले गाएको गीत बारेमा वर्णन गरिएको छ।

अध्याय ७७ मा वैरोचन ग्याल्मो छावा उपत्यकाहरूमा निर्वासित त्यो देशमा बुद्धको उपदेशको प्रचार बारेमा वर्णन गरिएको छ।

अध्याय ७८ मा भारत पठाइएका पाँच जना भिक्षुहरूद्वारा सिद्धिहरू प्राप्ति बारेमा वर्णन गरिएको छ।

अध्याय ७९ मा नाम्खे निङपोको लोडाग र खार उपत्यकामा निर्वासन बारेमा वर्णन गरिएको छ।

अध्याय ८० मा महापण्डित विमलमित्रलाई राजाद्वारा तिब्बतमा निम्तो गरिएको बारेमा वर्णन गरिएको छ।

अध्याय ८१ मा महा पण्डित विमलमित्रद्वारा देखाइएका आश्चर्यहरू बारेमा वर्णन गरिएको छ।

अध्याय ८२ मा तिब्बतका राजाद्वारा बोन संस्कारको उन्मूलन गरिएको बारेमा वर्णन गरिएको छ।

अध्याय ८३ मा युडा निङपोलाई धर्ममा सम्मिलित र वैरोचन फिर्ता गरिएको बारेमा वर्णन गरिएको छ।

अध्याय ८४ मा अनुवादको सभा कक्षमा गरिएका अनुवादहरू बारेमा वर्णन गरिएको छ।

अध्याय ८५ मा तिब्बतमा पवित्र धर्मग्रन्थ र पवित्र बौद्ध धर्म स्थापित गरिएको बारेमा वर्णन गरिएको छ।

अध्याय ८६ मा दिव्य मूर्तिहरूको विवरण र साम्येको शिलालेख बारेमा वर्णन गरिएको छ।

अध्याय ८७ मा शास्त्र र उपदेशहरूको संशोधित अनुवाद बारेमा वर्णन गरिएको छ।

अध्याय ८८ मा बाह्य का साथै गुह्य गोप्य सूत्रहरूको संशोधित अनुवादहरूको संयोजन गरिएको बारेमा वर्णन गरिएको छ।

अध्याय ८९ मा सबै मिश्रित चीजहरूको अनित्यताबारे उपदेश बारेमा वर्णन गरिएको छ।

अध्याय ९० मा राजकुमारी पहेँलो कमलको फूलको भविष्यको जीवनको बारेमा भविष्यवाणी गरिएको बारेमा वर्णन गरिएको छ।

अध्याय ९१ मा तिब्बतमा निधि लुकाइने ठाउँहरूको विवरण बारेमा वर्णन गरिएको छ।

अध्याय ९२ मा पृथ्वीका सङ्केतहरू र निधिहरू देखा पर्ने समयहरूबारेमा वर्णन गरिएको छ।

अध्याय ९३ मा निधि खुलासा गर्नेहरूलाई सल्लाह र सुझाव बारेमा वर्णन गरिएको छ।

अध्याय ९४ मा निधि प्रकट गर्नेहरूको विवरण र योग्यताहरूबारेमा वर्णन गरिएको छ।

अध्याय ९५ मा भविष्यमा सिद्धिको लागि उत्कृष्ट स्थानहरू निर्धारण बारेमा वर्णन गरिएको छ।

अध्याय ९६ मा बुद्धको उपदेश कसरी बढ्छ र घट्छ भन्ने बारेमा वर्णन गरिएको छ।

अध्याय ९७ मा राक्षसको भूमि दक्षिण पश्चिममा जाने विचार गर्नुभएको बारे यसरी वर्णन गरिएको छ;

जम्बुद्वीपको एकदमै नजिक, युवामा उड्डियान नजिकै रहेका राक्षसहरूको पाँचओटा विशाल क्षेत्रहरू छन् । केन्द्रमा राक्षसका पाँच सय सहरहरूले घेरिएको गौरवशाली ताम्र पर्वत छ । पूर्वमा लंकापुरी, दक्षिणमा आनन्दपूर्ण भनिने राक्षसको पर्खालले घेरिएको सहर, पश्चिममा ब्वाँसो हरूको रातो पठार र उत्तर तर्फ चान लाग जिल्ला छ र, दक्षिण पूर्वमा सोमापुरी तालको सिमाना छ; दक्षिण पश्चिमी सिमानाहरूमा, खोपडी र ताजा शरीरको बलियो महल छ; उत्तर पश्चिमी सिमानामा, मलायाको चट्याङ चुचुरो छ; उत्तर पूर्वी सिमानाहरूमा, विषालु रूखहरूको चिहानहरू राक्षसहरूको पाँच सय गुणा पाँच सय सहरहरूले घेरिएको छ ।

यदि ती सबैलाई वशमा पारिएन भने राक्षसहरूले पृथ्वीलाई ध्वंस पार्नेछन्; तिनीहरूले मानिसहरूलाई खाएर तिनीहरूका इलाकाहरूलाई उजाड पार्नेछन् । पद्म बाहेक अरू कसैलाई पनि तिनीहरूलाई कसरी रोक्ने भन्नेबारे थाहा छैन र म तिनीहरूलाई जित्न र सीमाहरूको रक्षा गर्न जाँदै छु ।"

अध्याय ९८ मा राजकुमार मुतिग चेन्पो द्वारा ढिलाइको लागि अनुरोधको समयमा तय गरिएको नियम बारेमा वर्णन गरिएको छ ।

अध्याय ९९ मा आह्वानको समयमा डाकहरूद्वारा प्रतीकहरूको प्रशंसाबारेमा वर्णन गरिएको छ ।

अध्याय १०० मा गुरु पद्म सम्भवको मूर्तिलाई गरिएको प्रार्थनाको इनामबारेमा वर्णन गरिएको छ ।

अध्याय १०१ मा अनुसरण गर्नेहरूद्वारा शून्य माथि परम सुख युक्त चिन्तनबारेमा वर्णन गरिएको छ ।

अध्याय १०२ मा ल्हाजेको बारेमा भविष्यवाणी सात जन्मसँग शरीरदेखि आउने आशीर्वाद बारेमा वर्णन गरिएको छ ।

अध्याय १०३ मा प्रस्थान गर्नु अघि तीन भाग्यशाली महिलाहरूलाई दिनुभएको सल्लाह बारेमा वर्णन गरिएको छ ।

अध्याय १०४ मा जीवन अधिपति, ग्रहहरू र ग्रहरूको दोषको बारेमा प्रश्नबारेमा वर्णन गरिएको छ ।

अध्याय १०५ मा माङयुलको गुङथाङ भन्ज्याङ तर्फ यात्राबारे यसरी वर्णन गरिएको छ;

त्यसपछि गुरु राक्षसको भूमिमा जानुहुँदै गर्दा राजकुमार मुतिग चेन्पोले याक, खच्चर र घोडाहरूमा लाद्न यथेष्ट हुने गरि सुन र धेरै गुणा धनको अर्पण चढाएर एक सय युद्धको घोडासहित एक सयजना बलियो पुरुषहरूको सेवा आवश्यक थियो । "माङ युलको गुङथाङ भन्ज्याङमा" उहाँले भन्नुभयो "रोकिनु होस् ।" पालहरू टाँस्नुहोस्, गलैंचाहरू बिछाउनुहोस्, चुलो बसाउनुहोस् र प्रशस्त मात्रामा खाने र पिउनको लागि तयारी गर्नुहोस् !"

अध्याय १०६ मा राजकुमार र तिब्बतका जनतालाई दिनु भएको उपदेशबारेमा वर्णन गरिएको छ ।

अध्याय १०७ मा राक्षसलाई तह लगाउन दक्षिण पश्चिम तर्फ प्रस्थानबारे यसरी वर्णन गरिएको छ;

उहाँ अद्भुत पखेटा भएको घोडामाथि सवार हुनुभयो । चार वर्गका नायकहरूले घोडाको नेतृत्व गरेर इन्द्रेनी-रङको प्रकाशमा समाहित खुला आकाशमा प्रस्थान गर्नुभयो । राजकुमार र प्रजाहरू भोक वा तिर्खाको परवाह नगरी जलेको किनारमा फ्याँकिएको माछा जस्तै गुङथाङ भन्ज्याङमा यात्रा गरे । राजकुमार, मन्त्रीहरू, तिनीहरूको विश्वासपात्रहरू र बाँकी मानिसहरू सेतो नर्कटको पोखरीको छेउमा रहेको माङ्युलको रोन्टाङ सहरमा आएपछि पच्चीस जना ध्यान गर्न बसे । तिनीहरू सबैले गुरुको जागरणको इन्द्रेनी-रङको उज्यालोलाई हेरेर उहाँलाई टाढाको काग जस्तै सुनौलो सूर्यको किरणहरू बिचमा देखे उहाँ उज्यालोमा फरफराउँदै जाँदै हुनुहुन्थ्यो। उहाँ आकाशमा छिट्टै कण्ठे ढुकुर जस्तै देखिनुभयो। त्यसपछि भँगेरा जस्तै  देखिनुभयो, त्यसपछि मौरी जस्तै देखिनुभयो, त्यसपछि देख्न छाडिनु भएको सानो फोका जस्तै देखिनुभयो । त्यसपछि तिनीहरूले उहाँलाई आफ्नो आँखाले देखेनन्। तिनीहरूले ध्यान जारी राखेता पनि उहाँलाई नदेखेर हेरे तर साँझमा तिनीहरू ध्यान गर्न बस्दा तिनीहरूले उहाँलाई सूर्यको किरण जस्तै देखे उड्डियानलाई नछोइकन भारत पार गर्दै; जम्बुजा हिमालको चुचुरोमा पुगेर झर्नु भएको देखे । अन्ततः बिहान, ध्यानमा बस्दा तिनीहरूले हेरे अनि तिनीहरूले उहाँलाई आगोको सहर नजिकैको सिलोन टापुमा दिव्य चम्पा रूखको शीतल छायामा बस्नु भएको देखे । सुनौलो बालुवाको समुद्र तटमा उहाँको अद्भुत घोडा (सबै जान्ने) औषधीय जडीबुटीहरूको रानी सेतो घाँसमा चरिरहेको थियो र गुरुको उपस्थितिमा धर्मको ज्योतिले छोएर युवा र धेरै राम्रो अनुपातमा मिलेको शरीर भएको लगभग एक हजार राक्षसपुत्रीहरूले उहाँको पूजा गरिरहेका थिए । बाहिर निस्कने ढोका नभएको राक्षस र राक्षस्नीको फलामको घरमा राक्षसका राजाले शक्तिको लागि मरेकाहरूको शिरको माला लगाएको देख्न सकिन्थ्यो र सबै राक्षसहरूले नम्रतापूर्वक पद्मलाई प्रणाम गरे ।

अध्याय १०८ मा सेतो शुद्धताको पखेटाको श्रद्धाको अभिव्यक्तिबारेमा वर्णन गरिएको छ ।

गुरु पद्म सम्भवले हिमाल र यसको सेरोफेरमा बुद्धधर्म स्थापना गर्न अति नै महत्त्वपूर्ण भूमिका खेल्नु भएको  थियो । यस क्षेत्रमा उहाँको आगमन नभएको भए यस क्षेत्रमा बुद्ध धर्म स्थापना हुन असम्भव प्राय थियो । हिमाल र यसको सेरोफेरोको क्षेत्रमा उहाँको मूर्ति स्थापना नगरिएको गोन्पा भेट्न सकिँदैन । चन्द्र पात्रो  बमोजिमको हरेर दसमीमा उहाँ यस क्षेत्रको भ्रमणमा आउनु हुन्छ भन्ने विश्वास गरिन्छ र सो दिन प्राय सबै जसो गोन्पाहरूमा उहाँको विशेष पूजा आराधना गर्ने गरिन्छ ।

## ३. पेमा कथाङको सांस्कृतिक र धार्मिक प्रभाव

पेमा कथाङले हिमाली बौद्ध समाज र संस्कृति समृद्ध बनाएको छ । यस ग्रन्थमा रहेका धार्मिक उपदेशहरूले एसियाको उत्तरी हिमालय क्षेत्रका धेरैस्थानहरूमा पनि गहिरो प्रभाव पारेको छ । गुरु

पद्म सम्भवका उपदेशहरूले समाजलाई आध्यात्मिक र मानसिक शान्तिको मार्गमा अघि बढ्न प्रेरित गरेको छ।

## ४. गुरू पद्म सम्भवको आगमन र तिब्बतमा बौद्ध धर्मको विकास

गुरु पद्म सम्भवलाई हिमाली क्षेत्रका बौद्धमार्गीहरूले दोस्रो बुद्धको रूपमा मानिन्छ। उनले उत्तर एसियाको हिमाली क्षेत्रमा बौद्ध धर्मको स्थापना गर्न महत्त्वपूर्ण भूमिका खेल्नुभयो। तिब्बतमा उहाँले विशेषगरी बौद्ध तन्त्रको विकास गर्नुभयो। गुरु पद्म सम्भवका कार्य लीलाहरूको वर्णन पेमा कथाङमा उल्लेख गरिएको छ। उहाँले समयसमयमा आफ्ना अनुयायीहरूको सहयोगबाट तिब्बतमा बौद्ध धर्मको प्रचार गर्न अनेक उपायहरू प्रयोग गर्नुभयो। गुरु पद्म सम्भवको हिमाली क्षेत्रमा आगमन हुन भन्दा पहिला त्यो क्षेत्रका तालहरू, पर्वतहरू, चट्टानहरू र मैदानहरू राक्षसहरूको कब्जामा रहेको बुझिन्छ। तिब्बत जानु हुने क्रममा बाटोमै हुँदा दुईओटा पर्वतहरूको बिचमा च्यापेर मार्ने प्रयास गरिन्। यसबारे अध्यास साठीमा यस्तो लेखिएको छः त्यसपछि शरद ऋतुमा पद्म माङ्युलको किल्लामा आउनुभयो। साङसुङको क्षेत्रको क्रोधी स्त्री प्रकांड शत्रु जामुनले गुरुलाई दुईओटा ढुङ्गे पर्वतहरूको बिचमा चेप्ट्याएर मार्न सक्छु भन्ने सोचिन। तर उहाँ आकाशमा उठ्नु भयो र अपमानित क्रोधी स्त्रीले आफ्नो जीवनको मुटु अर्पण गरिन्। उनको गोप्य नामको रूपमा उनलाई वैदूर्यमणि र हीराको ऋण भनिन्थ्यो र गुरुले उनलाई रखबारी गर्नको लागि ठुलो निधि दिनुभयो।”

बौद्ध धर्मको वज्रयान शाखाको विकासमा गुरु पद्म सम्भवको योगदान धेरै महत्त्वपूर्ण रहेको छ। हिमाली क्षेत्रमा गुरु पद्म सम्भवको आगमन नभएको भए यस क्षेत्रमा बुद्धधर्मको स्थापना सम्भव थिएन, किनभने ८ औं शताब्दी अगाडिको तिब्बत बोन धर्मको कब्जामा थियो। बुद्ध धर्म स्थापना गर्ने क्रममा गुरु पद्म सम्भवलाई स्थानीय राक्षसहरूले बाधा पुऱ्याएका थिए।

गुरु पद्म सम्भवको आगमन भन्दा पहिला तिब्बतमा राजा स्रोङ चन गोन्पोले स्थापना गरेका केही स्तूप र केही नेपालकी राजी भृकुटीले तिब्बत पुऱ्याउनु भएको केही मूर्तिहरू राखेर बनाइएको केही पूजा स्थलहरू रहेको थियो। धर्म राजा ठिसोङ देउचनले गुरु पद्म सम्भवलाई भन्दा पहिला तिब्बतमा बुद्ध धर्मको औपचारिक अध्ययन र अभ्यास गर्नको लागि एउटा गोन्पा स्थापना गर्नको लागि उपाध्याय शान्तरक्षितलाई तिब्बतमा बोलाउनुभएको थियो। शान्तरक्षित तत्कालीन नालन्दा बौद्ध विश्वविद्यालयका चार ओटा द्वारहरूमध्ये एक जना द्वारका मठाधिसहरूमध्ये एकजना हुनुहन्थ्यो। उहाँले तिब्बतमा बौद्ध धर्मको औपचारिक अध्ययन अध्यापन गर्न गराउनको लागि उहाँले धर्मराजा ठिसोङ देउचनको आग्रहमा एउटा गोन्पा बनाउने प्रयास गर्नु भयो तर स्थानीय राक्षस र बोनहरूको प्रतिरोधको कारण गोन्पा बनाउन सफल हुनुभएन।

राजकर्मीहरूले दिनभरिमा बनाएको गोन्पा भवनको पर्खाल रातभरिमा राक्षसहरूले भत्काइ दिन्थे । यस्तो अवस्थामा एकजना शक्तिशाली मन्त्रधरले मात्र ती राक्षसहरूलाई मन्त्र शक्तिले वशमा पारेमा मात्र गोन्पा बनाउन सफल हुने कुरा उपाध्याय शान्तरक्षितले बुझ्नु भयो । उहाँ नालन्दा बौद्ध विश्वविद्यालयमा हुँदा गुरु पद्म सम्भव पनि त्यही अध्ययन अध्यापनरत हुनुहुन्थ्यो । उहाँको मन्त्रशक्तिबारे शान्तरक्षितलाई राम्रो जानकारी थियो । त्यसैले उहाँले राजा ठिसोङ देउचनलाई शक्तिशाली मन्त्रधर गुरु पद्म सम्भवलाई तिब्बतमा निमन्त्रणा गर्नुभए मात्र तिब्बतमा बौद्ध धर्मको औपचारिक अध्ययन र अभ्यास गर्नको लागि पहिलो गोन्पा स्थापना गर्न सम्भव हुने र गुरु पद्म सम्भवलाई तिब्बतमा आउनको लागि निमन्त्रणा दिने सल्लाह दिनुभयो ।

राजाको निमन्त्रणा पाएपछि गुरु पद्म सम्भव तिब्बत जानुभयो । गुरु पद्म सम्भव तिब्बतमा जानु, उहाँको पहिलेको जुनीसँग सम्बन्धित रहेको कारणले हो, जुन काठमाडौँ, बौद्ध स्थित झ्यारुङ खास्योर स्तूप (बौद्ध चैत्य)को निर्माणसँग सम्बन्धित रहेको छ । उहाँ तिब्बत पुग्नुपछि तिब्बतको पहिलो गोन्पा, साम्ये गोन्पा निर्माण हुनुभन्दा पहिला नै एउटी राक्षसनीलाई लखेट्दै नेपालको मुस्ताङ आइपुग्नु भयो र ती राक्षसनीलाई पराजित गरिसकेपछि मुस्ताङको लो गेकार गोन्पा बनाउनु भयो, जुन तिब्बतको साम्ये गोन्पा भन्दा पनि पहिले बनेको हो ।

साम्ये गोन्पाको स्थापनापछि उपाध्याय शान्तरक्षितले औपचारिक रूपमा भिक्षुहरूलाई प्रवृज्या दिनु भयो र त्यसपछि तिब्बतमा औपचारिक रूपमा बौद्ध धर्म र दर्शनको औपचारिक अध्ययन अध्यापन सुरु भयो । गोन्पाबाट भिक्षु भिक्षुणीहरू उत्पादन हुन थाल्यो । तिब्बतमा वज्रयान बुद्धधर्मको झन्डा फरफराउन थाल्यो, जुन अहिले विश्वभरि फैलिरहेको छ ।

### ५. वज्रयान बुद्धधर्मको विकासमा गुरू पद्म सम्भवको भूमिका

गुरु पद्म सम्भवले आफूले भारत र नेपालमा सिकेको ज्ञानलाई तिब्बतमा प्रयोग र अभ्यास गर्नुभएको मात्र हो । तिब्बत नै वज्रयान बुद्धधर्म उत्पत्ति भएको स्थान होइन । वज्रयान बुद्धधर्मको उत्पत्ति त भारतमा नै भएको हो । आठौँ शताब्दीमा सबै मिलाएर एक सय आठ जना अनुवादकहरूलाई भारतमा अनुवाद सिक्नको लागि पठाइएको थियो । भारत गएकाहरूमध्ये धेरै जना गर्मीको कारणले, बाटोमा हिंस्रक जनावरको आक्रमणमा परेर आदि विविध कारणले आफ्नो जीवन बलिदान दिए । थोरै मात्र भारतबाट अनुवादको विविध पक्ष सिकेर तिब्बत फर्कन सफल भए । त्यसमध्ये वैरोचन प्रमुख अनुवादक थिए । यही समयमा त्रिपिटक पनि तिब्बती भाषामा अनुवाद भएको थियो ।

चौरासी महासिद्धहरूको अवसान, एघारौँ शताब्दीपछि विविध कारणहरूले गर्दा भारतमा वज्रयान बुद्धधर्म अध्ययन अध्यापन हुन छाडेको पाइन्छ । गुरु पद्म सम्भव, शान्तरक्षित, विमलमित्र आदिले

भारतमा सिकेर तिब्बतमा विकास एवम् अभ्यास गरिएका वज्रयान बुद्धधर्म तिब्बतमा चिनियाँहरूको आगमन भन्दा पहिला तिब्बतमा नै सीमित रह्यो । तिब्बतमा चिनियाँहरूको आगमनपछि तिब्बती भनिएको वज्रयान बुद्धधर्म संसारभरि फैलँदो क्रममा रहेको छ। गुरु पद्म सम्भवले ८औँ शताब्दीमा भारतका केही राज्यलाई बुद्ध धर्ममा धर्म परिवर्तन गरेको बाहेक त्यसपछि भारतमा उहाँको खासै प्रभाव देखिँदैन ।

## ६. निष्कर्ष

पेमा कथाङ गुरु पद्म सम्भवको जीवन र शिक्षाको विस्तृत इतिहास हो, जसमा उहाँको आध्यात्मिक यात्रा, कार्य र चमत्कारी क्रियाकलापहरूको विवरण प्रस्तुत गरिएको छ । यो ग्रन्थ आठौँ शताब्दीमा गुरु पद्म सम्भवका सहचरी येसे छोग्यालले लेख्नु भएको हो र बौद्ध धर्मका अनुयायीहरूको लागि एक महत्त्वपूर्ण शास्त्र मानिन्छ । पेमा कथाङमा गुरु पद्म सम्भवको शारीरिक र आध्यात्मिक यात्राहरू, विभिन्न धर्मकार्य र चमत्कारी घटनाहरूको विश्लेषण गरिएको छ। यस ग्रन्थको १०८ अध्यायहरूले गुरु पद्म सम्भवको जीवनका विविध पहलुहरूको प्रतिनिधित्व गर्छ र एसियाको उत्तरी हिमाली क्षेत्रमा उहाँका योगदानहरूको महत्त्वलाई उजागर गर्छ । यसका माध्यमबाट, पाठकले गुरु पद्म सम्भवका अद्भुत कार्यहरू र उनका अद्वितीय शिक्षाहरूलाई बुझ्न र आत्मसात् गर्न सक्छ।

पेमा कथाङले हिमाली बौद्ध समाज र संस्कृतिमा गहिरो प्रभाव पुऱ्याएको छ। गुरु पद्म सम्भवको उपदेश र कार्यले बौद्ध धर्ममा धार्मिक र सांस्कृतिक क्रान्ति ल्याएको थियो । उहाँको तिब्बतमा बौद्ध धर्मको स्थापना र वज्रयान परम्पराको विकासमा योगदान अत्यन्त महत्त्वपूर्ण रह्यो । उहाँको शक्तिशाली मन्त्र र शिक्षाले हिमाली क्षेत्रका राक्षस र प्रतिरोधहरूलाई पराजित गर्न सहयोग पुऱ्यायो र बौद्ध धर्मको प्रवृत्तिलाई प्रोत्साहित गऱ्यो । यस प्रकार गुरु पद्म सम्भवको तिब्बतमा आगमन पश्चात्, वज्रयान बौद्ध धर्मले व्यापक विकास र अभ्यास पाएको हो, जुन अहिले विश्वभरि फैलिएको छ।

## सन्दर्भ सामग्री

१. पेमा काथाङ गुरु पद्म सम्भवको जीवनी

२. गुरु पद्म सम्भव (जीवनी)

# धर्मचक्र र मृग प्रतीकको ऐतिहासिक र आध्यात्मिक महत्त्व


## आचार्य सार्की शेर्पा

सदस्य, परम्परागत शिक्षा समन्वय समिति, सानोठिमी, भक्तपुर


### १. लेख सार


यस लेखमा गोन्पा र विहारका मुख्य प्रवेशद्वारमा देखिने पद्म फूलमाथि बिचमा धर्मचक्र र दायाँ बायाँ देखिने मृगको जोडीको सांस्कृतिक र धार्मिक प्रतीकात्मकता व्याख्या गरिएको छ। धर्मचक्र बुद्ध धर्मको एक महत्त्वपूर्ण प्रतीक हो, जसले बुद्धका शिक्षाहरू, चार आर्य सत्य र अष्टाङ्गिक मार्गको प्रतिनिधित्व गर्छ । यसको विभिन्न अङ्गहरूले बौद्ध धर्मका गहिरा सिद्धान्तहरूलाई जनाउँछन् । मृगहरूको आकृति धर्मको अभ्यास गर्ने तीन प्रकारका प्रज्ञाहरूलाई जनाउँछस् श्रुतमयी प्रज्ञा, चिन्तामयी प्रज्ञा र भावनामयी प्रज्ञा । यी प्रतीकहरूले बौद्ध धर्मका प्रमुख शिक्षाहरू श्रवण, चिन्तन र भावनालाई जीवन्त रूपमा प्रस्तुत गर्छन् ।

आजको समयमा, धर्मचक्र र मृगका प्रतीकहरू न केवल धार्मिक शिक्षा र आध्यात्मिक मार्गदर्शनका स्रोत हुन्, तर उनीहरूको शिक्षाले लैङ्गिक समानता, सहिष्णुता र समावेशिताको सन्देश पनि दिन्छ । यी प्रतीकहरूले बौद्ध धर्मको समतावादी विचार र मानवतामा शान्ति र मुक्ति प्राप्त गर्नका लागि मार्गदर्शन पुऱ्याउँछन् ।


### २. पृष्ठभूमि

गोन्पा र विहारका मुख्य प्रवेशद्वार र छतमा देखिने पद्म फूलमाथि बिचमा धर्मचक्र, दायाँतिर सिङ्गे भाले र बायाँपट्टि पोथी मृगको जोडी रहेको आकृति बौद्ध धर्मका महत्त्वपूर्ण प्रतीकहरूको प्रतिनिधित्व गर्दछ । यो चिन्हलाई भोट भाषामा རི་དྭགས་ཆོས་འཁོར། (रिदग छ्योखोर) भनिन्छ । यहाँ རི་དྭགས། (रिदग) भन्नाले मृग (सामान्यतया कृष्णसार मृग) र ཆོས་འཁོར། (छ्योखोर) भन्नाले धर्मचक्रलाई जनाउँछ । यी दुई प्रतीकहरूले बौद्ध धर्मको गहन सन्देशलाई जनाउने कार्य गर्दछ ।

गोन्पा विहार परिसरमा देखिने यस्ता विभिन्न हस्तकलाका चित्र र आकृतिहरू सजावटको लागि मात्र होइन, बुद्धका महत्त्वपूर्ण दर्शन, शिक्षा र आध्यात्मिक सन्देशहरूलाई चित्र र विभिन्न जनावर तथा देवीदेवताहरूको माध्यमबाट बुझाउनका लागि प्रयोग गरिएको पाइन्छ । जसमध्ये

धर्मचक्र पनि एक हो । धर्मचक्र, बुद्धका उपदेश र धर्मको विस्तारको प्रतीक हो । यसका विभिन्न अङ्गहरूको महत्त्वपूर्ण अर्थ रहेको छ । धर्मचक्र प्रायः सुन, चाँदी, तामा, पीतल, माटो, सिमेन्ट, काठ आदि विभिन्न धातुबाट बनेका हुन्छन्, जुन विभिन्न स्थान र परिप्रेक्ष्यमा विभिन्न किसिमले देखिन्छन् । कुनै पनि धातुबाट बनेको भएपनि, यी चक्रहरू प्रायः सुनौलो रङ्गले रङ्गाएको हुन्छ । जसले यसको दिव्यता र पवित्रता जनाउँछ ।

## ३. इतिहास

शाक्यमुनि बुद्धले बुद्धत्व प्राप्त गरेपछि पहिलो सात हप्तासम्म कुनै प्रवचन दिनु भएको थिएन । यस अवधिमा उहाँले ध्यान, साधना र मानसिक शान्तिको अभ्यास गर्नुभएको थियो । पछि, इन्द्र र ब्रह्माले बुद्धलाई दर्शन र धर्म शिक्षा प्रसार गर्न अनुरोध गरे । यसका लागि, उहाँलाई विभिन्न रत्न जडित हजार अर (डन्डी) भएको सुनको चक्र, दक्षिणावर्ती शङ्ख र अन्य बहुमूल्य रत्नहरू अर्पण गरे । यी देवता र ब्राह्मणहरूको अनुरोधअनुसार, बुद्धले आफ्नो पहिलो धर्म प्रवचन दिनका लागि वाराणसीस्थित ऋषिपतन (मगृदाव) जङ्गलमा जानु हुने निर्णय गर्नुभयो ।

वाराणसीको ऋषिपतान जङ्गलमा, शाक्यमुनि बुद्धले पञ्चवर्गीय भिक्षुलाई चार आर्य सत्यको उपदेश दिनु भयो । चार आर्य सत्यमा दुःख, दुःखको कारण, दुःखको अन्त्य र दुःखको अन्त्यको मार्ग रहेको कुरा भनिएको छ । यो प्रवचन बुद्ध धर्मको आधारभूत शिक्षामा गनिन्छ । यस प्रवचनको दौरान, कृष्णसार मृगको नामले चिनिने भाले र पोथी मृगको जोडी पनि उपस्थित थिए । यी मृगहरूले बुद्धको प्रवचनलाई श्रद्धा र ध्यानपूर्वक सुने र यसको महत्त्वलाई स्वीकार गरे ।

विनय आगममा यस घटनाको उल्लेख यसरी गरिएको छः भगवान् बुद्धले वाराणसीको ऋषिपतान मगृदाव जङ्गलमा चार आर्यसत्यको धर्मदेशना गर्नुभएको समयमा भाले र पोथी मृगहरूले पहिलो धर्मदेशनामा भाग लिएको र त्यसको प्रतीकको रूपमा तिनीहरूको आकृति राखिएको हो । यस आधारमा, धर्मचक्रमा रहेका भाले र पोथी मृगका आकृतिहरू बौद्ध धर्मका गहिरो सन्देश र बुद्धका प्रवचनहरूको प्रतीक बन्न पुगे । मध्ये भागमा रहेको चक्रले धर्म देशना गर्नुहुने बुद्धको प्रतिनिधित्व गर्दछ ।

## ४. धर्मचक्र र मृग प्रतीकको संक्षिप्त अर्थ

४.(**क**) **धर्मचक** – धर्मचक्र बुद्ध धर्मको एक महत्त्वपूर्ण प्रतीकात्मक चिह्न हो, जसले बौद्ध दर्शन र शिक्षाको गहिरो अर्थ समेट्दछ ।  यी प्रतीकले बौद्ध धर्मको मार्ग, शिक्षण र अभ्यासलाई प्रस्ट रूपमा प्रस्तुत गर्छन् । बुद्ध धर्मका अनुयायीहरूका लागि यी प्रतीकहरूले जीवनको दिशा र उद्देश्य प्रस्ट्याउँदै ध्यान, चिन्तन र आचरणको मार्गदर्शन गर्छन् ।

धर्मचक्र बौद्ध धर्मको प्रतीक हो, जसले बुद्धका शिक्षाहरूलाई सरल रूपमा प्रस्तुत गर्छ ।

गोलाकार धर्मचक्रको संरचनामा समाहित प्रत्येक भागले बौद्ध धर्मको महत्त्वपूर्ण पक्षहरूलाई जनाउँछ । गोलाकार चक्रको मध्यभागले त्रिशिक्षा (शील, समाधि र प्रज्ञा)मध्ये शील (नैतिक आचरण)को प्रतिनिधित्व गर्छ । चक्रमा रहेका आठ डन्डीहरूले आर्य अष्टाङ्गिक मार्गको प्रतिनिधित्व गर्दछ । आर्य अष्टाङ्गिक मार्ग बुद्ध धर्मको आठ आधारभूत मार्गहरू हुन्, जसले दुःखबाट मुक्ति पाउन र जीवनलाई सन्तुलनमा ल्याउन मद्दत गर्छ । यसलाई सरल भाषामा यसरी बुझ्न सकिन्छ :

१. सम्यक् दृष्टि (सही दृष्टिकोण): जीवनको सत्य बुझ्ने प्रयास गर्नु । दुःख, यसको कारण र मुक्ति सम्भव छ भन्ने कुरा जान्नु,
२. सम्यक् संकल्प (सही निर्णय): अहिंसा, करुणा र सच्चाइलाई जीवनको उद्देश्य बनाउने दृढता राख्नु,
३. सम्यक् वचन (सही बोली): सधैं सत्य, प्रिय र सहयोगी कुरा मात्र बोल्नु । झुटो, गाली र निन्दा नगर्नु,
४. सम्यक् कर्मान्त (सही आचरण): चोरी, हिंसा र दुराचारबाट टाढा रहँदै जीवनमा नैतिकता अपनाउनु,
५. सम्यक् जीविका (सही जीविकोपार्जन): अरूलाई हानि नगर्ने काम गर्नुछ । ईमानदार र नैतिक व्यवसाय रोज्नु,
६. सम्यक् प्रयत्न (सही प्रयास): नकारात्मक सोच हटाई सकारात्मक विचार र कर्मतर्फ प्रयास गर्नु,
७. सम्यक् स्मरण (सही सजगता): आफ्नो विचार, भावना र कार्यमा सचेत रहँदै वर्तमान क्षणमा ध्यान दिनु,
८. सम्यक् समाधि (सही ध्यान): ध्यान अभ्यास गरेर मनलाई शान्त र एकाग्र बनाउनु,

यी मार्गहरूको अनुसरण गर्दा मानसिक, नैतिक र आध्यात्मिक विकास हुँदै जीवनमा सन्तुलन र शान्ति प्राप्त हुन्छ ।

धर्मचक्रको बाहिरी गोलाकार रेखाले समाधि अर्थात् ध्यान र एकाग्रताको प्रतिनिधित्व गर्छ । यसले बुद्ध धर्ममा शील, समाधि र प्रज्ञाको त्रिशिक्षा मार्गलाई उजागर गर्दछ । यी तीन शिक्षा बुद्धका उपदेशहरूको मूल मर्म हुन्, जुन त्रिपिटक - विनय, सूत्र र अभिधर्म भित्र समाहित छन् ।

धर्मचक्रसँगै यसको दायाँ र बायाँ रहेका भाले र पोथी कृष्णसार मृगहरू अर्को महत्त्वपूर्ण प्रतीक हुन् । यी मृगहरूले धर्मको अभ्यास गर्ने तीन प्रकारका प्रज्ञाहरूको प्रतिनिधित्व गर्छन् । कान ठाडो गरी श्रवण गरिरहेको मृगले श्रुतमयी प्रज्ञा (धर्म श्रवणद्वारा प्राप्त ज्ञान)लाई जनाउँछ । आँखाले एकाग्रतापूर्वक धर्मचक्रलाई हेरिरहेकोले चिन्तामयी प्रज्ञा (धर्मको गहिरो चिन्तन र मनन)लाई प्रकट

गर्दछ। हात खुट्टा टेकेर शिर उच्च गरी बसेको मृगले भावनामयी प्रज्ञा (धर्मको व्यावहारिक अभ्यास र भावना)लाई प्रतिनिधित्व गर्दछ।

४. (**ख**) **मृग–** धर्मचक्रको दायाँ पट्टी भाले र बायाँ पट्टी पोथी कृष्णसार मृग रहेको हुन्छ। तिनीहरू हात खुट्टा टेकेर शिर उच्च गरी कान ठाडो गरी, आँखाले ध्यानपूर्वक एकाग्रता भई धर्मचक्रलाई हेरी रहेका हुन्छन्। कान ठाडो गरी श्रवण गरी रहेकोले श्रुतमयी प्रज्ञा, आँखाले ध्यानपूर्वक हेरी रहेकोले चिन्तामयी प्रज्ञा र हात खुट्टा टेकेर शिर उच्च गरी बसेकोले भावनामयी प्रज्ञाको प्रतिनिधित्व गर्दछ। समग्रमा भन्नुपर्दा श्रवण, चिन्तन एवम् भावनाको माध्यमबाट बुद्ध धर्मको अभ्यास गर्नुपर्दछ।

भाले र पोथी कृष्णसार मृगले उपाय र प्रज्ञाको साथै अमृतमय धर्म श्रवण गर्ने महिला र पुरुष श्रद्धालु भक्तजनको प्रतिनिधित्व गर्दछ। उपाय र प्रज्ञा दुवैको मार्गमा प्रवेश गरेपछि मात्र बुद्धत्व प्राप्त गर्न सकिने भएकोले भाले पोथी मृगलाई संकेतिक रूपमा राखिएको पाइन्छ। कसै कसैले धर्मचक्रले बुद्ध र भाले-पोथी मृगले बुद्धका प्रमुख दुई शिष्य सारीपुत्र र मौदगल्यायन पुत्रको प्रतिनिधित्वको रूपमा व्याख्या गरिएको पनि पाइन्छ।

समग्रमा, धर्मचक्र र मृग प्रतीकहरूले बौद्ध धर्मका मुख्य शिक्षाहरू श्रवण, चिन्तन र भावनाद्वारा धर्मको अभ्यासलाई जीवन्त रूपमा प्रस्तुत गरेका छन्। धर्मचक्रले ज्ञान, मार्ग र ध्यानको आवश्यकता जनाउँछ भने मृगहरूले समर्पण, एकाग्रता र अभ्यासद्वारा बुद्धत्व प्राप्त गर्नुपर्ने सन्देश दिन्छ। यी प्रतीकहरूले बौद्ध धर्मको गहिरो दार्शनिक पक्षलाई सरल र सजीव रूपमा व्यक्त गरेका छन्।

## ५. धर्मचक्र र मृग प्रतीकको वर्तमान प्रासंगिकता

बौद्ध धर्मका प्रतीकहरू जस्तै धर्मचक्र र मृग, केवल ऐतिहासिक र आध्यात्मिक चिन्हहरू मात्र नभई आधुनिक समयका लागि पनि गहन प्रेरणा र मार्गदर्शनका स्रोत हुन्। यी प्रतीकहरूले व्यक्तिगत विकास, मानसिक शान्ति र समाजमा समावेशिता र सहिष्णुताको महत्त्वलाई अझ प्रस्ट्याउँछन्। आजको समयमा, जहाँ मानिसहरू द्रुत गतिमा जीवन बिताइरहेका छन्, ध्यान र आत्म-प्रेरणाको अभ्यास बढ्दै गएको छ। धर्मचक्रले देखाउने आर्य अष्टाङ्गिक मार्ग जस्तै सही विचार, सही बोली र सही कर्म, मानसिक शान्ति र सन्तुलित जीवनका लागि उपयोगी छन्।

त्यसैगरी भाले र पोथी मृगहरूले पुरुष र महिलाको समान सहभागिता र धर्मको अभ्यासमा बराबरीको सन्देश दिन्छन्। आधुनिक समाजमा यो समानताको सन्देश झन् सान्दर्भिक छ, जहाँ लैङ्गिक समानता र सबै वर्गको समावेशिता एक महत्त्वपूर्ण विषय बनेको छ। धर्मचक्रले सिकाउने मार्गहरू आजको मानसिक स्वास्थ्य संकट समाधानमा प्रभावकारी हुन सक्छन्। सही स्मरण र सही

समाधि अभ्यासले मानिसलाई वर्तमानमा रहन, चिन्ताबाट मुक्त हुन र आफ्नो मानसिक सुदृढतामा ध्यान दिन प्रेरित गर्छ ।

## ६. शिक्षामा धर्मचक्र र मृग प्रतीकको महत्त्व

शिक्षा प्रणालीमा धर्मचक्र र मृग प्रतीकहरूको महत्त्व गहिरो छ, जसले केवल धार्मिक शिक्षा मात्र नभई नैतिक शिक्षा र सहिष्णुताको पक्षलाई पनि उजागर गर्नमा महत्त्वपूर्ण भूमिका खेल्दछन् । यी प्रतीकहरूको व्याख्या गर्दा हामीले शिक्षा प्रणालीमा रहेका व्यक्तिगत र सामूहिक मूल्यहरूको विकासमा योगदान पुऱ्याउन सक्छौँ । धर्मचक्रको प्रतीकले जीवनका विविध पक्षहरूलाई अनुशासित तरिकामा व्याख्या गर्न मद्दत गर्छ । यसका आठ कोणहरू बौद्ध धर्मका अष्टाङ्गिक मार्गसँग सम्बन्धित छन् जसले सही सोच, सही अभिवृत्ति, सही कार्य र सही ध्यान जस्ता पक्षहरूको महत्त्वलाई प्रकट गर्छ । यी सबै पक्षहरू व्यक्तिगत अनुशासन र सोचमा सुधार ल्याउन सहयोग पुऱ्याउँछन्, जसले व्यक्तिको मानसिक र भावनात्मक विकासमा सकारात्मक प्रभाव पार्छ ।

अर्कोतर्फ, मृगको प्रतीक विशेषतः बौद्ध धर्मका पाठहरूमा मिलनसारिता र सहयोगको महत्त्वलाई प्रकट गर्छ । भाले र पोथी मृगको सहअस्तित्त्वको उदाहरणले हामीलाई सहकार्य, भाइचारा र अन्तरदृष्टिको महत्त्व सिकाउँछ । यस प्रकारको शिक्षा प्रणालीले सहिष्णु र सहयोगी बन्न प्रोत्साहित गर्दछ । धर्मचक्र र मृग प्रतीकमा न केवल नैतिक मूल्यहरूको स्थापना गर्छ, बरु यसले ध्यान, एकाग्रता र नैतिक जीवनशैली अपनाउन पनि प्रेरित गर्दछ । यी प्रतीकहरू शिक्षाको केवल धार्मिक पक्षमा सीमित छैनन्, बरु तिनीहरूले जीवनका आधारभूत मानवीय मूल्यहरूलाई समेट्छन्, जसले समग्र र सकारात्मक व्यक्तित्त्वको विकासमा मद्दत गर्छ ।

## ७. अन्तरधार्मिक संवादमा धर्मचक्रको भूमिका

धर्मचक्र र मृग प्रतीकहरूको भूमिका अन्तरधार्मिक संवादमा अत्यन्त महत्त्वपूर्ण छ । यस प्रतीकले बौद्ध धर्मका सार्वभौमिक शिक्षाहरूलाई व्यक्त गर्दछ जसले विभिन्न धर्मका अनुयायीहरूलाई सहिष्णुता, करुणा र एकअर्काप्रति सम्मानको महत्त्व सिकाउँछ । धर्मचक्रको शिक्षाले सबै मानवताको एकता र साझा मूल्यहरूको पर्वाह गर्न प्रोत्साहित गर्दछ । धर्मचक्रको प्रतीकले संसारभरिका धर्मलाई एउटै सूत्रमा बाँध्नमा महत्त्वपूर्ण भूमिका खेल्छ । किनकि यसको शिक्षाले अन्य धर्मका अनुयायीहरूलाई एकअर्कासँग सहकार्य र सद्भावनाका साथ जीवन यापन गर्न आग्रह गर्छ । आधुनिक समाजमा जहाँ धार्मिक वैमनस्य र असहिष्णुता बढ्दो समस्या बनेको छ, धर्मचक्रले उनीहरूको समाधानका लागि एक शान्तिपूर्ण मार्गदर्शनको रूपमा कार्य गर्न सक्छ ।

यस प्रतीकले मानिसलाई न केवल आध्यात्मिक उन्नतिको मार्गमा अघि बढाउँछ, तर यो मानवता र शान्तिको प्रचलनमा पनि योगदान पुऱ्याउँछ। धर्मचक्रले दुनियाँलाई दुःखबाट मुक्त गर्ने, शान्ति र एकता कायम गर्ने सार्वभौमिक मार्गतर्फ प्रेरित गर्छ।

## ८. निष्कर्ष

जसरी विश्वका विभिन्न देश र धर्मको आआफ्ना प्रतीकचिह्न रहेका छन् । त्यसैगरी कमलको फूलमाथि धर्मचक्रको दायाँ बायाँ भाले र पोथी मृग रहेको आकृति बुद्ध धर्मको प्रतीकचिह्न हो । यसलाई विश्व प्रसिद्ध प्राचीन नालन्दा बौद्ध विश्वविद्यालयको प्रतीकचिह्नको रूपमा पनि प्रयोग गरिएको देखिन्छ। धर्मचक्र र मृगको प्रतीक बौद्ध धर्मको गहिरो दार्शनिक, आध्यात्मिक र सामाजिक सन्देशलाई सरल र जीवन्त रूपमा व्यक्त गर्ने साधन हो। धर्मचक्रले बुद्धका शिक्षाहरू, आर्य अष्टाङ्गिक मार्ग, त्रिशिक्षा (शील, समाधि, प्रज्ञा) र ध्यानको महत्त्वलाई उजागर गर्छ। यसले जीवनमा सन्तुलन, शान्ति र मुक्ति प्राप्त गर्न आवश्यक मार्गदर्शन प्रदान गर्छ।

भाले र पोथी कृष्णसार मृगले श्रवण, चिन्तन र भावनाको माध्यमबाट धर्मको अभ्यासलाई सङ्केत गर्छ, जसले धार्मिक अभ्यासमा समर्पण र एकाग्रताको महत्त्व दर्शाउँछ। यी प्रतीकहरूले उपाय र प्रज्ञाको सामञ्जस्यलाई पनि प्रकट गर्छन्, जसले बुद्धत्व प्राप्त गर्न मार्ग प्रदान गर्छ । सामाजिक दृष्टिकोणबाट, भाले र पोथी मृगको प्रयोगले पुरुष र महिलाबिचको समानता र धर्मको अभ्यासमा सबैका लागि समान अधिकारलाई पुष्टि गर्छ। यसले बौद्ध धर्मको समतावादी चरित्रलाई रेखाङ्कित गर्दै समाजलाई धार्मिक सहिष्णुता र समावेशिताको मार्गतर्फ प्रेरित गर्छ।

## सन्दर्भ सामग्री


१. ཕྲིན་ལས་རྒྱ་མཚོ། ༢༠༡༥། ཆོས་འཁོར་གྱི་འཕེལ་རིམ་དང་མཚོན་ཐབས། མཚོ་སྔོན་སློབ་གཉེར་དཔེ་སྐྲུན་ཁང་། རྡོ་རྗེ་རྒྱལ་པོ། ༢༠༡༩། རི་དྭགས་ཀྱི་རིགས་རྒྱུད་ཀྱི་ཁྱད་ཆོས། སི་ཁྲོན་མི་རིགས་དཔེ་སྐྲུན་ཁང་།

२. कुमार, एस. (२०१६). धर्मचक्र और मृगः बौद्ध धर्म के प्रतीकों का ऐतिहासिक संदर्भ. जयपुरः ज्ञानवर्धन प्रकाशन।

३. Kuan, W. Y. (2008). The symbol of the dharma wheel in the context of Buddhist philosophy. Journal of Buddhist Studies, 25(2), 105-120.

४. Snodgrass, A. (2003). The symbol of the deer in Buddhist art and symbolism. Journal of Asian Studies, 62(1), 50-65.

# मानव जीवनमा करुणा र प्रज्ञा

मिङ्मार ग्याल्पो शेर्पा
सोलुदुधकुण्ड नगरपालिका- ५, सल्लेरी सोलु

## १. लेख सार

प्राचीनकालदेखि नै मनुष्यको विचार र शक्ति सधैँ नयाँ खोज, समाज निर्माण र रूपान्तरणमा लागिपरि रहेको छ । आज विश्वमा धार्मिक दृष्टिकोणबाट समाज र देश प्रति विद्वान् व्यक्तिहरू अनुसन्धानमा निरन्तररूपले लागि पर्दै आएका छन् । त्यसैले होला शान्तिका दिपक भनेर चिनिने ऋकुच्छन्द बुद्ध, कनकमुनि बुद्ध र गौतम बुद्ध जस्ता महापुरुषको जन्म भयो । सुख र शान्ति कसरी प्राप्त गर्न सकिन्छ भन्ने विषयलाई शान्तिका महानायक भगवान् गौतम बुद्धद्वारा विभिन्न उपाय दिनु भएको मध्य करुणा र प्रज्ञामा पनि आधारित छन् । हाम्रो दैनिक जीवनको अवस्था जस्तोसुकै भए पनि हामी सबै सुख र खुसी तर्फ आकर्षित हुन्छौँ । मानिसको जीवनमा करुणाको अभ्यास गर्नाले सम्पूर्ण प्राणीप्रति माता पिताको सद्भाव गुणको विकास गर्दछ भने प्रज्ञाद्वारा हामीमा भएका अविद्यालाई कम गर्दै सकारात्मक गुणहरूलाई सुदृढ पार्छ । जीवनका समस्याहरूबारे बुद्धले जुन आधारभूत शिक्षा दिनुभयो, त्यो पूर्णतः व्यावहारिक र तर्कसंगत छ । उहाँले हाम्रो समस्याको पहिचान गर्न र तिनलाई स्वीकार गर्न सिकाउनु भएको छ । आफ्नो चित्तभित्र ती समस्याका यथार्थ कारणहरूको खोजी गर्न, चित्तलाई ती कारणहरूबाट पूर्णतः मुक्त गर्न र समस्याहरूलाई फेरि उत्पन्न नहुने गरी सधैंका लागि समाप्त गर्न सकिने उपाय दिनु भएको छ । यो दृष्टिकोणलाई नैतिक अनुशासन, एकाग्रता र अन्तर्दृष्टिका साथ अरूप्रति प्रेम र करुणाको भाव राख्दै अपनाउन सकियो भने हामीलाई स्थायी सुख र शान्ति प्राप्त हुन्छ । यी विषयमा मनन गर्न सकेमा आफूभित्र असल गुणको विकास गरी मनुष्य जीवनलाई सार्थक बनाउन सकिन्छ ।[1]

शब्द कुञ्जिका : आध्यात्मिक यात्रा, मैत्री, करुणा, बोधिचित्त, अनित्य, शून्यता, उपाय र प्रज्ञा, सम्याकदृष्टि ।

## २. अध्ययनको समस्या तथा उद्देश्य

विश्वका जुन सुकै विकसित देश भनेर चिनिएता पनि जन मानिसमा हत्या, हिंसा ठगीको

1. The Art of Happiness in the Troubled World written by His Holiness the Dalai Lama and Howard C. Cutler, MD, Chapter 14 www.theartofhappiness.com original edition (1998)

डर भने उत्तिकै छाइ रह्यो । धन सम्पत्तिको लागि मानिसहरू जस्तोसुकै नीच काम गर्न दिनानुदिन बढि रहे । तर देश र समाजको विकृतिलाई निवारण गर्न सकिने र समस्याको समाधान बारे अध्ययन र अनुसन्धानको विषय बारे ओझेल मै छ । बुद्धले प्राप्त गर्नुभएको अमूल्य ज्ञान प्रति र धार्मिकपन पनि पिछडिएको अवस्थाको रूपमा देखिन्छ । भगवान् बुद्धले भन्नुभएको छ, होसपूर्व रहेर बिताएको एक दिन वेहोस रहेर बिताएको समग्र जीवनभन्दा महत्त्वपूर्ण हुन्छ । मानिस होसपूर्ण रहन अभ्यस्त भयो भने उसले मन, वचन र कर्मले कहिल्यै गलत कर्म गर्दैन । भ्रष्टाचार, घुसखोरी, शोषण, अनैतिक गतिविधिलगायत सबै वर्जित कर्महरू मानिसले वेहोसीका क्षणमा गर्ने गर्छ यो अतः यस्ता विषय र समस्याहरूलाई कायम गर्न २५८७ वर्ष अगाडि जन्मनु भएको शान्तिका प्रतिक बुद्धले दिनु भएको सुख र शान्ति सन्देसद्वारा मानिसमा भएको समस्या र आध्यात्मिक ज्ञानको विषय र महत्त्वलाई बुझाउने प्रयास नै यो लेखको मूल उद्देश्य रहेको छ ।

## ३. विष्यवस्तु

विश्वमा वैज्ञानिक विकाससँगसँगै सामाजिक,आर्थिक विकास भएता पनि यस ब्रह्माण्डमा भएको वास्तविकता पहिचान गर्न अहिलेसम्म गाह्रो भइरहेको छ । बुद्धको बौद्धिकतावादी सिद्धान्तका विषयहरूलाई केलाएर हेर्दा बौद्धधर्ममा प्रतित्यसमुत्पाद ले ब्रह्माण्डको वास्तविकता प्रति गन्भीररूपले उल्लेख गरेको पाइन्छ । त्यसकारण सबै मानव जातिमा मानसिक परिवर्तनको खाँचो भएको देखिन्छ, भगवान् बुद्धले दिनु भएको बुद्धले ज्ञान प्राप्त गर्नको लागि, व्यक्तिले दुई गुणहरूको विकास हुन अपरिहार्य छ : त्यो हो बुद्धि र करुणा । बुद्धि र करुणालाई कहिले काहीं उडान सक्षम पुऱ्याउनसँगै काम गर्ने दुई पखेटा वा गहिरो सम्बन्धका रूपमा हेर्नसँगै काम गर्ने दुई आँखासँग तुलना गरिन्छ ।[2] जसले सबै भावुक प्राणीहरूलाई प्रत्येक दुःखबाट पूर्णतया मुक्त गर्छ, त्यो नै महाकरुणा हो ।[3] बुद्धको शिक्षामा आधारित विभिन्न विषयहरूमा साधना गर्नाले अनगिन्ती साधकहरूले अत्यधिकरूपमा निर्वाण प्राप्त भएको प्रमाण इतिहासमा पाइन्छ । हाल विश्वमा वैज्ञानिकद्वारा मानवजातिको उत्थान, विकासर आत्मनिर्भताका लागि ठुलो भूमिका खेलेता पनि मानसिक दुःखको जडलाई कसरी निर्मूल पार्न सकिन्छ भन्ने बारे कुनै ठोस उपाय पाएको छैन । आज देशमा ठूला ठूला समुदायका प्रमुख व्यक्तिहरू पनि मानसिक सुखको निम्ति स्मृति उपस्थान जस्ता ध्यानको साधना गर्दै आएको कुरा प्रख्यात छ । बुद्धले दिनु भएका ती शिक्षाहरूमध्य करूणाको अभ्यास महायान धर्ममा बोधिसत्त्वको प्रमुख अभ्यासको रूपमा चिनिन्छ । आचार्य चन्द्रकृतिले भन्नुभएको छ- मुनीन्द्रजाः श्रावकमध्यबुद्धाः- बुद्धोद्भवाःखल्वापि

2. नेपालको पहिलो बौद्ध मासिक पत्रिका बु.सं.२५४७ अंक ५

3. The concentration Combining all merit sutra says: “That which completely frees all sentient beings from every suffering is a great compassion.”Sarvapunyasamuccayasmadhi-sutra chap.2. Toh 134, ii9a Pd 56:3II

बोधिसत्त्वात् । कारुण्यचित्ताद्वयबुद्धिबोधि - चित्तानि हेतुर्जिनपुत्रकाणाम् ।।[4] अर्थात् श्रावक र मध्यवर्ती बुद्धहरू, बुद्ध (बुद्धज्ञान)बाट जन्मेका हुन्, अनि पूर्ण जागृत बुद्धबोधिसत्त्वहरूबाट जन्मेका हुन्। दयालु मन, गैर द्वैतताको विचार र बोधिचित्तः यी विजेताका उत्तराधिकारीहरूका कारणहरू हुन्। बुद्धधर्ममा करुणाको अर्थ सम्पूर्ण प्राणीहरू दुःख र दुःखका कारणबाट मुक्त होऊन् भन्ने चाहना हो। यसमा अरूको भावनाप्रति सम्मान अनुभूति गरिन्छ। यहाँ हामी सबै चेतनशील प्राणीहरू दुःख र कष्टको कारणबाट मुक्त होऊन् भन्ने भावनाको विकास गर्दछौँ। यस भावनाहरू र आफ्ना अनैतिक विचार र कार्यद्वारा सबै चेतनशील प्राणीहरू यस क्षणमा आफ्ना सबै कष्टहरूबाट मुक्त होऊन् भनि विचार राख्नु हो। करूणाको अभ्यास एक जना हात नभएकी आमा, जसको बच्चा नदीले बगाइरहेको छ। यस्ती आमाको पीडा कस्तो होला? आफ्नो बच्चाको लागि उनको प्रेम यति गहिरो होला, उनी आफ्नो हात प्रयोग गर्न सक्दिनन् र उसलाई समात्न पनि सक्दिनन्।' अब म के गर्न सक्छु ? म के गर्न सक्छु ? तिनको मनमा एउटै मात्र सोचाइ हुन्छ, जुन उसलाई बचाउने कुनै उपाय खोज्नु हो। उनको हृदयमा, उनी उनकोपछिपछि दौडिन्छिन्, रुन्छिन् र विकल्प खोज्छिन्। ठ्याक्कै त्यस्तै गरी तीनै लोकका सबै प्राणीहरू दुःखको नदीले बगाएर महासागरमा डुबाएको जस्तै स्मरण गरेर सम्पूर्ण प्राणी प्रति करुणा महसुस गरेता पनि तिनीहरूलाई दुःखकष्टबाट बचाउने कुनै उपाय हामीसित छैन। 'अब म के गर्न सक्छु ?' भनेर सोच्दै यस विषयमा मनन गर्दै आफ्ना गुरुहरू र त्रिरत्नाहरूलाई आफ्नो हृदयको गहिराइबाट बोधिचित्तको विकास गर्नु पर्दछ।[5] हाल विश्वमा राजनीतिक दलहरू केवल संसारलाई जित्ने कार्य गर्दछ। वास्तवमा यो आफैँमा एक गलत धारणा हो। बुद्धले भन्नुभएको थिये "संग्राममा हजारौँ सेनालाई परास्त गर्नु भन्दा पनि आफ्नो मनलाई जित्न सक्ने लाई नै संग्रामजित भनिन्छ।" महात्मा गान्धीको जीवनकालमा गान्धीले सँधैजसो सुटबुट लगाउने गर्दथे। जब उनी दक्षिण अफ्रिकाबाट फर्किए, त्यतिबेला पनि गान्धी सुटबुट टाई मै थिए। जब उनी स्वदेश फर्किएर चम्पारनको यात्रा गरे। सारा भारतको यात्रा गरे। उनले अधिकांश भारतीय जनता फाटेका लुगा लगाइरहेका देखे। त्यसपछि उनले यी जनताको शरीरमा लुगा नभएसम्म आफूले पनि लुगा नगाउने र धोतीमै रहने संकल्प गरे। उनलाई एक दिन देशले स्वतन्त्रता प्राप्त गर्नेछ र म देशको राष्ट्रपति बन्ने छु अभिलाषा भने थिएन। उनको काममा निःश्वार्थपन भएकाले सबै प्रति एकै प्रकारको दया र करूणाको भाव भएको देखिन्छ।[6] "अरूप्रति करुणा महसुस गर्नाले आफ्नै पीडा व्यवस्थापन गर्न सकिन्छ," परम पावन दलाई लामाले करुणासम्बन्धी आफ्नो शिक्षामा लेखेका छन्। करुणको भावना गर्ने यो अभ्यास बौद्ध अभ्यासकर्ताहरूमा मात्र सीमित छैन, यसलाई एक

---

4. चन्द्रकीर्ति, मध्यमार्गको परिचय, म, १

5. Not for happiness plagiarized by Dzogsar Jamyang Khyentse. Shambhala publication, INC 2012. www.shambhala.com

6. Hind Swaraj Or Indian Home Rule By : M. K. Gandhi, Printed & Published by: Jitendra T Desai Navajivan Publishing House Ahmedabad 380 014

विश्वव्यापी गुणको रूपमा हेरिन्छ जुन जो कोहीले पनि विकास गर्न सक्छ।

## ४. तीन प्रकारका करूणाको अभ्यास

करूणाको अभ्यास धर्ममा मात्र आधारित नभई सम्पूर्ण जगत्‌ले महसुस गर्दै आएको हुन्छ तर मानिस यस्तो प्राणी हो जसले करूणाको अनुभूति मात्र नभई विकास पनि गर्न सक्दछ। करूणा तीन प्रकार का हुन्छन्।[7]

- **सत्त्वालम्बनी करूणा**
- **धर्मालम्बनी करूणा**
- **अनावलम्बनी करूणा**

## ४. (क) सत्त्वालम्बनी करूणा

सत्त्वालम्बनी करूणाको अभ्यासमा दुर्गति लोकमा रहेका प्राणीहरूको दुःखहरू स्वयम् आफैँमा महसुस गरी प्राणीहरू दुःखबाट मुक्त हुन् भन्ने भावनालाई सत्त्वालम्बनी करूणा भन्दछ। विद्वान् लेखक टमस मर्टन भन्छन्- सबै जीवित प्राणीहरू एकआपसमा अन्तर्सम्बन्धित छन्, एकअर्कामा अन्तनिर्भर छन्, सबै एकअर्कामा पूरकका रूपमा एकआपसमा जोडिएका छन्, सबै एकअर्काका अंश हुन् भन्ने गहिरो सचेतनामा करुणाको भावना निर्भर हुन्छ। यसरी मानिसले आफू र अर्को प्राणीमा एकाकार र एक सम्मानको अनुभूति गर्नाले अरूको सुखदुःखमा आफ्ना सुखदुःखको अनुभूति गर्दै सबै प्रति करुणा जागृत हुन्छ। सम्पूर्ण प्राणीहरूप्रति करुणाको विकाश कसरी गर्न सकिन्छ भने आफूलाई जन्म दिने आमा बुबाले जस्तै सम्पूर्ण प्राणीहरू पनि पूर्व जन्ममा आफ्नो आमा बुबाले जस्तै माया करुणा दिनु भएको महसुस गर्नु पर्छ। यही ऊर्जा मैत्री र करुणाका रूपमा रूपान्तरित र प्रवाहित हुन्छ। यस्तो भावना पैदा गरे पश्चात आमा बुवाले एकल बच्चा प्रतिको माया र त्यागहरूलाई महसुस गर्दै आमा बुबा प्रति आधार सम्मान् गर्नुपर्छ। हरेक बाल बच्चा असल विचार र भविष्यको उच्च अदिकारी भनेकै आमा बुवामा निर्भर हुन्छ। यसर्थ हाम्रो समाज राम्रो समाज बनाउनका लागि हरेक बाल बालिकमा नैतिक शिक्षाको आवश्यकता देखिन्छ। अब आमा बुवाको कृपाहरू सम्भि ती अनगिन्ती ईच्छासबै पूरा गर्ने प्रयास गर्नु पर्छ। हुनत इच्छा सबै पूरा गर्न सक्ला या नसक्ला तर निःस्वार्थरूपले सेवा गर्नुपर्छ। अब जसरी आमा बुवालाई सेवा गरे भै समस्त प्राणीप्रति पनि सद्भाव र करुणाको भावना पैदा गरी संसारिक दुःखबाट मुक्त गर्नका लागि बोधिचित्तको भावना सृजना गर्नुपर्छ।

---

7. माम्नसमा रहेका भ्रष्टाचार, अतयाय, अनैम्तक म्क्रयाकलाप आम्द हुन्। जसको कारण ऊ नै म्तकताको पथिाट म्वचम्लत भएको हुतछ। Bodhiprasiddhinand.'Notes on Buddhism and 'Good Governance'. Sahasat. year 9. vol. 2. Thailand: Faculty of Social Science and Humanities. Mahidol University.2009

### ४. (ख) धर्मालम्बनी करूणा,

धर्मालम्बनी करुणा भन्नाले सम्पूर्ण प्राणीहरू अविद्याका कारण अनेक दुःखको हेतु म र मेरो भन्ने पुद्गल आत्मा ग्रह प्रति प्रभावित भई आफूलाई नित्यको विचार राख्ने प्राणी प्रति सम्यक् मार्गको ज्ञान दिलाउनु नै धर्मालम्बनी करुणा हो । आचार्य शान्तिदेवले यस्तो संकल्प राख्नु हुन्छ, *किमुताहं नरो जात्या शक्तो ज्ञातुं हिताहितम् । सर्वज्ञनीन्तनुत्सगात् बोधिं किं नाप्नुयाम्यहम् ।।*[8] अर्थात, म त अहिले मनुष्यको रूपमा जन्मेको छु। त्यस कारण हित र अहित छुट्याउन सक्ने विवेक र क्षमता पनि छ। अतः शुभ र कल्याणकारी कुरा एवम् अशुभ र हानिकारक कुरा छुट्याउने क्षमता ममनै छ जुन कुरा पशु आदिमा ज्यादै कम मात्रामा हुन्छ। त्यसैले यसवेला सम्पूर्ण वस्तुहरूको यथार्थतालाई जान्न सर्वज्ञ भगवान् बुद्धद्वारा उपदेश गरिएको नछोडेर त्यसलाई अभ्यासमा उतारें भने कसरी मैले बोधि प्राप्त गर्न सक्दिनँ र? (अवश्य प्राप्त गर्न सक्नेछु।) यसरी सम्यक् ज्ञानद्वारा प्राणीहरूको दुःख बोध गरी निरोध गर्ने प्रयास गर्नु पर्छ। सङ्युक्त निकायमा भगवान् बुद्धलाई एकजना देवताले गाथाद्वारा यसरी बिन्ती गरेका थिए- येसं धम्मा सुसम्मुट्ठा, परवादेसु नीयरे। सुत्ता ते नप्पबुज्झन्ति, कालो तेसं पबुज्झितुं ति ।।[9] जसलाई धर्मबारे केही थाहा छैन, जस्तोसुकैको मतमा फसेर लागिरहन्छन्। ऊ सुतिरहेको छ, जागृत भएको छैन। अब उसको लागि उठ्ने समय भयो।

### ४. (ग) अनावलम्बनी करूणा

अनालम्बनी करुणामा विशेषगरी अनित्य र शुन्यताको भावना गरेर सबै प्राणीप्रति पनि शून्या हो भनेर अनुभूति गर्नु अनालम्बनी करुणा हो। यसमा विशेष गरेर अनित्य र शून्याताको भावना गरिन्छ। पावन पूज्नीय दलाई लामा भन्नु हुन्छ, जनावरहरूले समेत आफ्ना नवजात शिशुप्रति मातृवात्सल्य महसुस गर्छन् जसमा अक्सिटोसिन हर्मोनको प्रभाव हुन्छ।[10] सबै शिशु, मानिस तथा जनावरहरू प्रेम र स्नेहले भरिएको हेरचाह खोज्छन्, यस अर्थमा उनीहरू समान छन्। त्यसैले करुणा, अर्थात अरू दुःखबाट मुक्त होऊन् भन्ने कामनाको बिउ हाम्रो जैविक प्रवृत्तिमै निहित छ र हाम्रो अस्तित्त्व करुणामै निर्भर गर्छ तथा सबै जीव यो मामिलामा बराबर छन् भन्ने तर्कसम्मत् तथ्यले यसलाई पुष्टि गर्छ। यस अभ्यासद्वारा सबैप्रति समान रूपको विचार उपलब्ध हुन्छ र हामी सबै एकै समान छौं भन्ने बोधमा आधारित हुन्छ। एक समय भगवान् बुद्धले आफ्नो भिक्षुलाई भन्नुभयो, मैत्रीको भावना लिएर बुद्धको उपदेशमा श्रद्धावान् भै बस्ने भिक्षुले सबै संसारलाई शान्त गर्ने र सुखमय

---

8. རྒྱལ་སྲས་ཞི་བ་ལྷས་མཛད་པའི་བྱང་ཆུབ་སེམས་དཔའི་སྤྱོད་པ་ལ་འཇུག་པ། བརྩོན་འགྲུས་བསྟན་པའི་སྐབས་ནས། བདག་ལྟ་རིགས་ཀྱི་མིར་སྐྱེས་ལ། །ཕན་དང་གནོད་པ་ངོ་ཤེས་པས། །བྱང་ཆུབ་སྤྱོད་པ་མ་བཏང་ན། །བདག་གིས་བྱང་ཆུབ་ཅི་མི་ཐོབ། ། ཤོ་ལོ་ཀ་ ༡༩ ནང་གསལ། केन्द्रीय तिब्बती अध्ययव विश्वविद्यालय सारनाथ, वाराणसी सम्पादक, प्रो. रामशंखर त्रिपाठी बुद्धाब्द २५५८

9. धर्मकीर्ति बौद्ध मासिक सम्पादक भिक्षुणी वीर्यवती अंक- ११ बु. स २५६३

10. Study Buddhism by Berzin Archives 2003- 2005

शान्तिपद प्राप्त गर्दछ ।[11] त्यसर्थ यो अमूल्य जीवनको सार बुझी जीवनमा सत्कर्म र सत्धर्मको साधना गर्नु अत्यावश्यक देखिन्छ ।

## ५. करूणाको साधनमा प्रज्ञाको विशेषता

बौद्ध धर्ममा आधारित हरेक साधनामा प्रज्ञाको महत्त्व उत्तिकै देखिन्छ । सरल भाषामा प्रज्ञा भन्नाले कुनै वस्तु बारे जान्नु, बुझ्नु, या थाहा पाउनु हो । दार्शनिक ग्रन्थमा प्रज्ञाको अर्थ स्कन्ध,आयतन र धातुको अनुत्पत्ति शून्यता ज्ञानलाई नै प्रज्ञा भनेर बुजिन्छ ।  हामी प्रज्ञालाई तीन प्रकारले बुझ्न सक्छौँ, श्रुतमया प्रज्ञा, चिन्तामया प्रज्ञा र भावनामयी प्रज्ञा । हरेक विषय बोध हुनु अगि यि तीन प्रज्ञाहरू हुन अपरिहार्य छ । प्रज्ञाद्धारा सत् र असत् छुट्याई सम्यक् ज्ञानको विकास हुन्छ । सम्यक् ज्ञान प्राप्त गर्नका लागि हरेकमा करुणा र प्रज्ञाको ठुलो महत्त्व देखिन्छ जस्तै करुणाद्धारा मानिसमा पुण्यसम्बार हुन्छ भने प्रज्ञाद्धारा अथार्थको विषयलाई बुझ्न र अवलोकन गर्न मद्दत पुग्दछ । जसरी ढृष्टिविहीन भएका समूहहरूलाई जानुपर्ने ठाउँसम्म आँखा राम्रा भएका व्यक्तिले सजिलैसँग लैजान सक्छ, त्यसै गरी प्रज्ञाद्धारा ढृष्टिविहीनको विशेष्ता लिएर बुद्धभूमिसम्म लैजान्छ ।[12] यस श्लोकअनुसार प्रज्ञाद्धारा समस्त प्राणीहरूको हित, कल्याण र संसारिक दुःखबाट मुक्ति गर्न सकिन्छ भन्ने पुष्टि हुन्छ ।

## ६. निष्कर्ष,

भगवान् बुद्धको उपदेशको मूल उद्देश्य संसारमा व्याप्त दुःखको निवारण गर्नु हो । त्यसको विकल्पमा पैँतालिस वर्षसम्म विभिन्न गाउँ, नगर र जनमानिसमा धर्मोपदेश दिनु भयो । दुःख निरोध गर्नका लागि  करुणा र प्रज्ञाको महत्त्व केवल मानव जीवनमा मात्र नभइ सम्पूर्ण प्राणीहरूको जीवनमा पनि उत्तिकै महत्त्व छ । संसारमा जन्मेका कुनै पनि प्राणी दुःख चाहन्दैन, त्यसैले सुख र शान्ति सबैको चहाना हो, सुख र शान्तीको हेतु पत्तानभएकाले हरेक समयमा दुःखमात्र भोगीरहेका हुन्छन् । विश्वमा वैज्ञानिकद्वारा मानवजातिको उत्थान, आत्मनिर्भताका लागि विभिन्न प्रकारका सामग्रीको विकास गरे तर पनि मानिसमा परम सुख प्राप्त गर्न सकिने कुनै सामग्री बनाउन सकिएन । त्यसकारण यो लेखको मूल उदेश्य भनेकै भगवान् बुद्धले दिनु भएको शिक्षा मध्य करुणा र प्रज्ञाको विषयद्वारा सम्पूर्णमा यस विषय प्रति बोध गराउनु हो । समाज विकास हुनका लागि भौतिक विकास मात्र नभई मानासिक सद्भावको विकास हुन अपरिहार्य देखिन्छ । आज विश्वमा जस्तो सुकै समस्य र परिस्थितिमा जोगिन बुद्धले दिनु भएको मैत्री करुणा र सद्भावलाई जोड दिन्दै आएको बेटिन्छ । त्यसैले होला बुद्धको शिक्षा वर्तमानको घडीमा देश विदेशमा लोकप्रिय

11. धम्मपद प्रकाशकः धम्म डिजिटल ग्रन्थ ४

12. སྡེ་དགེ་བསྟན་འགྱུར། བོད་གྲངས།༼འ༽ (༧༠༣) ལྡེབས་གྲངས།༼འ༽ 102-1-201b1~102-1-219a7 IAST: madhyāmāka avatāra nāma

हुनु र मानव जीवनको हर क्षेत्र तथा पाइलामा उपयोगी भएको र यसको महत्त्व झन् बढी रहेको देखिन्छ। यसरी समाज कल्याण र हितलाई सर्वोपरी ठानी म र मेरो भन्ने आत्म स्वार्थलाई त्यागी मानव सभ्याताको उपयोगिता र महत्त्वको विषय प्रति ज्ञान भयो भने पक्कै पनि गाउँ, समाज र देशमा सुख शान्ति र समृदिको विकास हुन्छ र जीवन सुख, शान्ति र आनन्ददायी जीवनयापन हुन्छ।

आकाशस्य स्थितिर्यावद्यावच्च जगतः स्थितिः।
तावन्मम स्थितिर्भूयाज्जगद्दुःखानि निघ्नतः॥

**सन्दर्भ सामाग्री**:


१. The Art of Happiness in the Troubled World written by His Holiness the Dalai Lama and Howard C. Cutler, MD, Chapter 14 www.theartofhappiness.com original edition (1998)

२. नेपालको पहिलो बौद्ध मासिक पत्रिका बु.सं. २५४७ अंक ५।

३. Sarvapunyasamuccayasmadhi-sutra chap.2. Toh 134, ii9a Pd 56:3II

४. चन्द्रकीर्ति, मध्यमार्गको परिचय, म, १।

५. Not for happiness plagiarized by Dzogsar Jamyang Khyentse. Shambhala publication, INC 2012. www.shambhala.com

६. Hind Swaraj Or Indian Home Rule By : M. K. Gandhi Printed & Published by: Jitendra T Desai Navajivan Publishing House Ahmedabad 380 014

७. Bodhiprasiddhinand.'Notes on Buddhism and ‘Good Governance'. Sahasat. Year 9. vol. 2. Thailand: Faculty of Social Science and Humanities. Mahidol University.2009

८. बौद्ध दर्शन प्रस्थन)केन्द्रीय तिब्बती अध्ययन विश्वविद्यालय सारनाथ, वाराणसी सम्पादक, प्रो. रामशंखर त्रिपाठी बुद्धाब्द- २५५८।

९. धर्मकीर्ति बौद्ध मासिक सम्पादक भिक्षुणी वीर्यवती अंक- ११ बु. स २५६३।

१०. Study Buddhism by Berzin Archives 2003- 2005

११.धम्मपद प्रकाशकः धम्म डिजिटल ग्रन्थ ४

१२.སྡེ་དགེ་བསྟན་འགྱུར། པོད་གྲངས། ༼འ༽ -༡༠༢_ ལྡེབས་གྲངས། ༼འ༽ 102-1-201b1~102-1-219a7 IAST: madhyāmāka avatāra nāma

# सोवा रिग्पा चिकित्सा पद्धति

## डा. लाक्पा नुरु शेर्पा

डाक्टर, आर्य तारा सोवा रिग्पा क्लिनिक एण्ड थेरापी सेन्टर

### १. परिचय

सोवा रिग्पा तिब्बतमा विकसित विशेष चिकित्सा पद्धति हो । सोवा रिग्पा अर्थात् चिकित्सा विद्या हो । सोवा भनेको उपचार व चिकित्सा हो। सोवाको शाब्दिक अर्थ पालन पोषण हो। रिग्पा भनेको विद्या हो । हाम्रा शरीरमा रहेका विभिन्न धातुहरूलाई कसरी जोगाउने, कसरी धातुहरूलाई पोषण गर्ने कुराका तार्किक व वैज्ञानिक ढंगले सोवा रिगपा मा उल्लेख छ । यसै सोवा रिग्पा शब्दको व्युत्पत्तिबाट सोवा रिग्पाको विशिष्टता बुझ्न सकिन्छ । यहाँ रोग निवारण मात्रका कुरा न भई, रोगका कारणलाई जडैदेखि निकाल्न शरीरमा अवस्थित धातुहरूको पोषणलाई अधिक ध्यान दिएको पाइन्छ। सोवा रिग्पालाई शास्त्रहरूमा सोचेद रिग्पा (གསོ་དཔྱད་རིག་པ།)पनि भनिन्छ । यहाँ चेद शब्द जोडिएको छ । चेद-शब्दका विभिन्न अर्थहरू छन् । यहाँ चेदशब्द शब्ले काट-फाट भन्ने बुझिन्छ। तसर्थ सोवा रिग्पा शब्दले शल्य प्रक्रियाका साथ सिङ्गो चिकित्सा पद्धति समेटेको पाइन्छ । यद्यपि सोवा रिग्पा चिकित्सा विद्या हो, तथापि सोवा रिग्पाको मौलिक सिद्धान्तमा बुद्धका गूढ उपदेशहरू निहित छन्। त्यसैले सोवा रिग्पामा मनोविकारलाई हटाउन पनि बुद्धका धेरै उपदेशहरू छन्। सोवा रिग्पामा शारीरिक र मानसिक स्वास्थ्य दुवैको विश्लेषण गरेको पाइन्छ। साथै सोवा रिग्पामा तिब्बतको आफ्नै मौलिकता भएका उपचार पद्धति, कालान्तरमा बौद्धधर्मका सिद्धान्तहरूको समावेश, बुद्ध वचनमा प्राप्त चिकित्सा पद्धति, भारतीय चिकित्सा विद्याको समावेश, चीनको उपचार पद्धति र युनानी चिकित्सा पद्धतिको पनि यसमा समावेश भएका कारण सोवा रिग्पा समृद्ध चिकित्सा पद्धति हुन गएको छ।

### २. इतिहास र उत्पत्ति

मानिसहरू र प्राणीहरू जहाँ बसोबास गर्छन्, त्यसै स्थलहरूमा अथवा त्यसैअनुरूप वातावरणमा प्राप्त हुने पदार्थहरूको उपयोग गर्दै आएका छन् । नेपालमा विभिन्न जातिका, विभिन्न संस्कृतिका, विभिन्न धर्मका नागरिकहरू छन् र सबैका आआफ्नै इतिहास छ। विश्वमा धेरै सभ्यताहरू छन् तर नेपालका सभ्यताबारे हामीलाई खासै जानकारी छैन । यसरी आयुर्वेदको इतिहास संस्कृत र भारत वर्षबाट सुरु हुन्छ, त्यसरी नै सोवा रिग्पाको इतिहास तिब्बती भाषा र तिब्बतबाट सुरु हुन्छ। यसमा कुनै दुई मत छैन र हामीले आजको परिवेशमा यथार्थ इतिहासलाई स्विकार्नुपर्छ।

सोवा रिग्पाको विकास तिब्बत मा भएको थियो । तिब्बत, नेपाल, भुटान, भारतका हिमाली क्षेत्रमा बसोबास गर्ने बौद्ध धर्मावलम्बीहरूले यसै चिकित्सा पद्धतिको प्रयोग गर्दै आएका छन् । सोवा रिग्पाका विकासका क्रममा विभिन्न किसिमका चिकित्सा पद्धतिहरू हामीले देख्न सकिन्छौ । आदिकालीन श्रवण परम्परा, शङ शुङ वोन परम्परा, राजकालीन चिकित्सा पद्धति आदि कालखण्डमा विभाजित गरेर हामीले सोवा रिग्पाको इतिहासलाई बुझ्न सकिन्छौं ।[१]

**आदि-कालीन श्रवण परम्परा –** विश्वका सबै समुदायहरूमा हामीले आदिकालीन परम्परा देख्न सकिन्छौं । मानिसहरूले आफ्नो पुर्खाहरूबाट धेरै ज्ञान उपार्जित गरेका छन् र त्यसका सम्पूर्ण विवरण आदि कालमा कुनै शास्त्रमा सम्भव कदापि हुने छैन । तर पुर्खाहरूका ज्ञान एक-अर्कलाई सुनाएर आजसम्म जीवन्त रहेका छन् । पुर्खाहरूको अनुभवका आधारमा प्रयोग हुने चिकित्सा नै श्रवण परम्परा चिकित्सा हो । आज हामीले कुन फल-फूलहरू खाना मिल्छ र कुन मिल्दैन भन्ने कुरा हामीले खाएर थाह पाएका हैनौं । यो ज्ञान हामीलाई हाम्रा पुर्खाहरूले दिएको हो । हामी खानाको आधारमा जीवित रहन्छौ । हाम्रो खान-पान, रहन-सहन नै स्वास्थ्य र अस्वास्थ्यको मुख्य कारण हो । यो मौलिक ज्ञान सर्वप्रथम हाम्रा पुर्खाहरूले प्रदान गरेको हो । कालान्तरमा विकासका क्रममा शास्त्रमा लिपिबद्ध गरेको पाइन्छौ । यसै तथ्यलाई सोवा रिग्पा धेरै ध्यान दिएको छ ।

**शङ शुङ वोन परम्परा –** बौद्ध धर्मको विकासभन्दा पहिले तिब्बतमा आफ्नै धर्म, रीतिरिवाज, परम्परा र संस्कृति थियो । वोनधर्म तिब्बतका प्राचीन धर्म थियो । बोन धर्मका शास्ता विद्वान् र करुणाको मूर्ति हुनुहुन्थ्यो । बोन धर्मका आफ्नै शास्त्रहरू थिए र सिद्धान्त थियो । बोन धर्मअनुसार चिकित्साविद्या छशेन थेगपा (ཕྱ་གཤེན་ཐེག་པ།)को अन्तर्गत समाविष्ट थियो ।

**राजकालीन चिकित्सा पद्धति –** तिब्बतको इतिहासमा राजा सोङ्चेन गम्पो महान् सम्राट् हुनु हुन्थ्यो । यस भन्दा अघि पनि धेरै राजाहरू भएका थिए । राजा सोङ्चेन गम्पोको शासनकालमा तिब्बत समृद्ध राज्य थियो र छिमेकी राष्ट्र चीन, नेपाल, भारत, मङ्गोलका सम्बन्ध पनि उल्लेखनीय थियो । राजा सोङ्चेन गम्पोले विभिन्न देशबाट विभिन्न चिकित्सा परम्पराका वैद्यहरू पनि बुलाउनु भएका थिए ।[२] राजा सोङ्चेनको शासनकालमा भोट भाषामा चिकित्सासम्बन्धी धेरै शास्त्रहरूका अनुवाद पनि गराएका थिए र कयौं चिकित्सा शास्त्रहरूको सृजना भएको थियो ।

विशेषगरी राजा ठ्रिसोङ देहुचेनको शासनकालमा बौद्ध धर्मलाई राज्य धर्मको रूपमा स्विकार्नुको साथै संस्कृतमा भएका समस्त बौद्ध धर्म, दर्शन चिकित्साआदि पाँच विद्यास्थानका शास्त्रहरूका भोट भाषामा अनुवाद तीव्र गतिपूर्वक गराएको थिए । बुद्धका वचनहरूमा चिकित्सा सम्बन्धी धेरै कुराहरू पनि प्रशस्त पाइन्छ । बुद्ध स्वयं विश्वकै अनुपम चिकित्सक हुनु हुन्थ्यो ।

---

1 . བོད་ཀྱི་གསོ་བ་རིག་པའི་བྱུང་རབས་ལོ་རྒྱུས། དགོན་པོ་རྡོ་རྗེ་དགྲ་འདུལ། བོད་དང་པོ། ཤོག ༨༥

2. བོད་ཀྱི་གསོ་བ་རིག་པའི་བྱུང་རབས་ལོ་རྒྱུས། དགོན་པོ་རྡོ་རྗེ་དགྲ་འདུལ། བོད་དང་པོ། ཤོག ༡༢༣

विनय वस्तुमा बुद्धले भैषज्यवस्तु प्रकरणमा  विभिन्न चिकित्सा पद्धति र औषधिहरू बताएका छन् । राजा ठ्रिसोङ देहुचेनको आमन्त्रणमा गुरु पद्मसम्भव र मूर्धन्य विद्वान् महान् उपाध्याय शान्तरक्षित तिब्बतमा जानु भएका थिए । गुरु पद्मसम्भव अथवा गुरु रिन्पोछेले महामारी रोगनिवारणका लागि विभिन्न निदान, उपचार पद्धति सिकाएका छन्, जुन “दुद ची बुमपा” (བདུད་རྩི་བུམ་པ།) मा संगृहीत छन् ।[३]

राजा ठ्रिसोङको शासनकालमा विभिन्न देशबाट महान् वैद्यहरूलाई बोलाएको थियो, जसलाई विभिन्न देशका नौ चिकित्सक (ཕྱོགས་རིགས་ཀྱི་སྨན་པ་དགུ) भनिन्छ ।[४] यी नौ चिकित्सकहरूमध्ये भारतवर्षका महावैद्य शान्तिगर्भ र नेपालका महावैद्य धर्मशील थियो । आठौँ शताब्दीमा ज्ञान विज्ञानका लागि सदैव तत्पर तिब्बतमा विश्वको नै पहिलो अन्ताराष्ट्रिय चिकित्सा विद्या सम्मेलन भएका थिए । त्यस सम्मेलनमा विश्वका प्रख्यात चिकित्सकहरूलाई एकत्रित गराएका थिए, जसमा मुख्यतः तीन चिकित्सा पद्धतिका  विद्वान्हरूको बाक्लो उपस्थिति रहेको थिए - १ चीनको चिकित्सा पद्धति, २ भारत वर्षको चिकित्सा पद्धति र ३ युनानी चिकित्सा पद्धति ।[५] यसै क्रममा विभिन्न चिकित्सा ग्रन्थहरूको अनुवाद गएका थिए । साथै उपस्थित विद्वान्हरूले शास्त्र रचना गरी प्रस्तुत गरेका थिए । राजाले सबै  विद्वान्हरूलाई उपहार चढाएर सम्मानित गरेको थियो र चिकित्सकहरूको सम्मानकालागि  (ལྷ་གཙིགས་བཅུ་གསུམ།) तेह्र नियम बनाएको थियो । यस इतिहासबाट प्रस्ट हुन्छ कि तिब्बतमा चिकित्सा र चिकित्सकहरू प्रति विशेष सम्मान र श्रद्धा थियो ।

साथ साथै तिब्बतका  विद्वान्हरूले पनि स्वतन्त्र रूपमा सोवा रिग्पाका ग्रन्थहरू लेख्न थाले । आठौँ शताब्दीमा जन्म भएका युथोग योगतेन गोनपो-१ चिकित्सा विद्यामा पारङ्गत भए । उहाँबाट नै मूलतः सोवा रिग्पाको विकास, प्रचार, संवर्धन हुन गएको देखिन्छ । युथोग योगतेन गोनपोले ग्युद् शी (རྒྱུད་བཞི)को रचना गर्नुभएको थियो । यस ग्रन्थका प्रचार प्रसार एघारौँ शताब्दीका विद्वान् टापा ङोनशे (གྲྭ་པ་མངོན་ཤེས) ले गर्नुभएको थियो । उहाँकै योगदानले आजसम्म सोवा रिग्पा ग्युद शी परम्परा जीवन्त रहन गयो ।

बौद्ध विद्वान् नागार्जुन रचित योग शतक, बौद्ध विद्वान् आचार्य वाग्भट रचित अष्टाङ्गहृदयसंहिता  जस्ता बौद्ध आचार्यहरूद्वारा रचित कतिपय चिकित्सा ग्रन्थहरूको  अनुवाद संस्कृतबाट तिब्बतमा गराउनुका साथै अध्ययन अध्यापन पनि भए ।  तर “ग्युद शी”को प्रचारप्रसार

---

3 . བོད་ཀྱི་གསོ་བ་རིག་པའི་བྱུང་རབས་ལོ་རྒྱུས། དབོན་པོ་རྡོ་རྗེ་དགྲ་འདུལ། བོད་དང་པོ། ཤོག ༡༤༩

4 . བོད་ཀྱི་གསོ་བ་རིག་པའི་བྱུང་རབས་ལོ་རྒྱུས། དབོན་པོ་རྡོ་རྗེ་དགྲ་འདུལ། བོད་དང་པོ། ཤོག ༡༤༩

5 . བོད་ཀྱི་གསོ་བ་རིག་པའི་བྱུང་རབས་ལོ་རྒྱུས། དབོན་པོ་རྡོ་རྗེ་དགྲ་འདུལ། བོད་དང་པོ། ཤོག ༡༥༠

नै कायम रहन गयो। यसको धेरै कारणहरू छन्। एक कारण यो हो कि तिब्बतका सोवा रिग्पा र तिब्बतमा स्थापित सोवा रिग्पामा सबै प्रकारका चिकित्सा पद्धतिहरू समेटिएका थिए। आचार्य अतीश जब तिब्बतमा पुगे, तब उहाँले यो बताउनु भयो कि तिब्बतको चिकित्सा पद्धति र औषधि भारतको भन्दा पनि प्रभावकारी रहेछ।[६] तिब्बतमा धेरै विद्वान् वैद्य भए र उहाँहरूले विभिन्न शास्त्रहरू र आफ्नै औषधि निर्माण पनि गरेका छन्। जसमा मेलारेपाको प्रधान शिष्य दगपो पनि एक हो। सोवा रिग्पाको क्षेत्रमा उहाको योगदान उल्लेखनीय छ। चिकित्सा विद्यालाई नै जोर दिएर तिब्बतका विद्वान्हरूले सयौँ ठुला ठुला ग्रन्थहरू लेखिएका छन्। मेनचेद दावी ग्यालपो जस्ता तिब्बतका मौलिक रचनाहरू पनि धेरै छन्।

## ३. सोवा रिग्पाका प्रमुख चिकित्सा पद्धति

सोवा रिग्पामा विभिन्न उपचार प्रक्रियाहरू पाइन्छन्। रोग उपचारका निमित्त धेरै उपायहरू छन्। औषधि निर्माण पद्धति पनि विभिन्न छन्। कुनै औषधीलाई झोलको रूप बनाइन्छ। कुनै औषधिलाई पिठोको रूपमा बनाइन्छ। कुनै औषधिलाई गोलाकारमा बनाइन्छ। कुनै गिलो बनाइन्छ। कुनैऔषधि लेपको रूपमा बनाइन्छ। औषधि न बिग्रिनु र दिगो रहनका लागि गोलाकारमा बनाइने गरिन्छ। उपचारको दृष्टिकोणले हेर्दा - टाउको दुखाईदेखि लिएर पेटमा भएका पत्थरी समेत निकाल्न सकिने उपचार पद्धतिहरू देखिन्छ।

औषधिको रूपमा १) वनस्पति - जडी-बूडी, पात, फल, फूल आदिहरू, २) सुन, चाँदी आदि खनिज धातुहरू २) दूध, दही, आदि प्राणीजन्य पदार्थहरूको उपयोग गरिन्छन्। हिमाली क्षेत्रमा पाइने जडी-बुढीहरू, खनिज, प्राणीजन्य दूध, दहीहरू धेरै प्रभावकारी भएको कुरा शास्त्रहरूमा वर्णित छन्। रोग निदानका लागि नाडी परीक्षण, मूत्र परीक्षण, मल परीक्षण, रोगीसँग सोधपुछ, रोगीको शारीरिक बनावट, मानसिक अवस्था आदि सर्वाङ्गीण परीक्षण गरिन्छ। रोगीहरूको रहन-सहन, खान-पानको विशेष जानकारी राखी परीक्षण गर्ने यो सोवा रिग्पाको महत्त्वपूर्ण विधि हो। यो कुरा आज विज्ञानले पनि पुष्ट गरेको छ।

सोवा रिग्पाको ग्रन्थहरूमा रोगीहरूको दैनिक गतिविधि, क्रियाकलापको वर्णन पाइन्छ। स्वास्थ्य रहनका लागि खान-पान, आचार-व्यवहार र विचारको महत्त्वलाई सोवा रिग्पाको ग्रन्थहरूमा विशेष ध्यान दिएको पाइन्छ।

संक्षिप्त सोवा रिग्पामा रोग निको हुनका लागि खाने-पिउने औषधि, लगाउने लेप, तेल आदि र पेटमा पसेका बाहिरी तत्त्व अथवा, पेटमा उम्रिएका ग्रन्थिहरू, पेटमा बच्चा मरेका जस्ता निकाल्ने शल्य चिकित्साको पनि वर्णन रहेको छ। चिकित्सा-अङ्गको दृष्टिकोणले प्रसूति तन्त्र, बालतन्त्र, ऊर्ध्वाङ्ग चिकित्सा, रसायन तन्त्र आदि आठ चिकित्सा अङ्गहरू वर्णित छन्। त्यसै गरी ग्रह नक्षत्रहरूको प्रभाव, मानसिक व्यथाहरूको उपचार पनि वर्णित छन्। रोग उपचारका निमित्त

---

6 . བོད་ཀྱི་གསོ་བ་རིག་པའི་བྱུང་རབས་ལོ་རྒྱུས། དབོན་པོ་རྡོ་རྗེ་དགྲ་འདུལ། པོད་དང་པོ། ཤོག ༡༥༣

मर्दन, पीडन आदि थेरापीहरू पनि वर्णन पाइन्छ। साथै ग्युद शी आदि ग्रन्थहरूमा बाष्पण विधि, नस्या, निरूह,  आगो लगाउने (མེ་བཙའ་), रगत निकाल्ने, स्वेदन, स्नेहन, वमन, लङ्घन, तर्पण, नाडीशोधन, जस्ता कर्महरूको निर्देश पाइन्छ। यी कर्महरू सोवा रिग्पाका चिकित्सक अमजीहरूले दैनिक प्रयोग गरी रहेका छन् र रोगीहरू यसबाट लाभान्वित भएका छन्।  सोवा रिग्पाका अमूल्य ग्रन्थ ग्युद शी ग्युद शी सोवा रिग्पाको अमूल्य ग्रन्थ हो। यसमा चार तन्त्र  छन्, त्यसैले ग्युद शी भनिएको हो। १ च ग्युद (རྩ་རྒྱུད།) मूल तन्त्र, २ शेद पी ग्युद् (བཤད་པའི་རྒྱུད།) व्याख्या तन्त्र, ३ मन ङग योनतेन ग्युद (མན་ངག་ཡོན་ཏན་གྱི་རྒྱུད།) उपदेश गुण तन्त्र, ४ छिमा ग्युद (ཕྱི་མ་རྒྱུད།) उत्तर तन्त्र चार तन्त्रहरू हुन्। प्रत्येक तन्त्रमा धेरै अध्यायहरू छन्  । यसमा जम्मा १५६ अध्यायहरू छन्।

| | | |
|---|---|---|
| मूल तन्त्र | ६ | अध्याय |
| व्याख्या तन्त्र | ३१ | अध्याय |
| उपदेश तन्त्र | ९२ | अध्याय |
| उत्तर तन्त्र | २७ | अध्याय |

## ४. सोवा रिग्पाको मौलिक सिद्धान्त

सोवा रिग्पा चिकित्सा पद्धतिमा रोग निवारणका निम्ति धातु पोषणलाई थप जोर दिएको पाइन्छ।[७] जबसम्म हाम्रा धातुहरू पुष्ट हुँदैन तबसम्म रोग निको हुन सक्दैन। निको भएता पनि रोग पुनरावृत्ति हुने गर्छ। शरीरमा अवस्थित वायु, पित्त, कफको विशेष ध्यान दिएर धातु वृद्धि ह्रासअनुसार उपचार गरिन्छ। सोवा रिग्पा चिकित्सा पद्धतिमा बुद्धका उपदेशहरू स्पष्ट देखान सकिन्छ। शरीर र मनको सम्बन्ध अटुट छ। मानसिक विकारले नै शारीरिक व्यथा निम्ताउने काम गर्दछ।  बुद्ध स्वयंले पनि त्यसै तथ्यलाई प्रस्ट पार्नुभएको थियो। बुद्धले भन्नुभएको छ - मनोपूर्वङ्गमाः धर्माः इत्यादि।

दुःख बुझ्नु, दुःखका कारण त्याग्नु, सुख बोध र सुख प्राप्तिका मार्ग - यस आर्य सत्य हो। यसै बुद्धको सिद्धान्तको आधारमा रोग - दुःख हो,  रोग कति प्रकारका छन्, रोगको स्वरूपहरू बुझ्नुका लागि रोग लक्षण, रोगका पूर्वरूप आदि विस्तृत रूपमा चर्चा गरेको पाइन्छ। दुःखका कारण न छोडेसम्म दुःख निरन्तर आउने गर्छ। यसै सिद्धान्तको आधारमा रोगका कारण अहितकारी खानपान, कुविचार आदि परित्याग गर्ने निर्देशहरू दिएका छन्। निरोग अवस्था सुख हो। सुख जीवनका लागि उपयोगी हुने ज्ञानमूलक प्रेरणाप्रद सुभाषितहरू प्रशस्त रूप मा दिएको छ। निरोग अवस्था प्राप्तिका निम्ति रोग-उन्मूलन गर्ने विविध औषधिहरू, औषधि निर्माण प्रक्रियासमेत विस्तृत रूपमा जानकारी

---

7. བོད་ཀྱི་གསོ་བ་རིག་པའི་བྱུང་རབས་ལོ་རྒྱུས། དགོན་པོ་རྡོ་རྗེ་དགྲ་འདུལ། པོད་དང་པོ། ཤོག ༣༣༥

हामीले ग्युद शीबाट नै पाउन सक्छौँ ।

सोवा रिग्पा ग्रन्थमा बुद्धका प्रमुख सिद्धान्तहरू हामीले देखान सक्छौ । जस्तै चार आर्य सत्य, प्रतीत्यसमुत्पाद, शमथ-विपश्यना, योग, शून्यता-भावना, दानपारमिता, शीलपारमिता, क्षान्तिपारमिता, वीर्यपारमिता, ध्यानपारमिता, प्रज्ञापारमिता, कर्मफल सिद्धान्त, हेतु फल सिद्धान्त, बुद्धअनुस्मृति, धर्म अनुस्मृति, संघ अनुस्मृति जस्ता सबै प्रकारका साधनाहरू पनि हामीले सोवा रिग्पामा पाउँछौँ । चिकित्सा कार्यलाई बोधिसत्त्वको कार्यको रूपमा वर्णित गरेका हामीले पाउँछौँ । सोवा रिग्पाको सर्वाङ्ग ज्ञान प्राप्त गर्नलाई बुद्धका सूत्र, तन्त्र दुवैको ज्ञान हुने पर्ने कुरामा समस्त विद्वान्हरू सहमत छन् । इतिहासलाई हेर्दा पनि हामीले यो बुझ्नु सक्नेछ किनकि तिब्बतका ठुला-ठुला वैद्यहरू बुद्ध वचनका ज्ञाता साधक रहेका छन् । औषधि निर्माण क्रममा पनि बौद्ध परम्पराअनुसार पूजा-पाठ गर्ने गरिन्छ ।

सोवा रिग्पाको मौलिक सिद्धान्तअनुसार रोगहरूको मुख्य कारण अज्ञान र खाना न पच्नु हो ।[८] खाना न पचिएको कारण शरीरमा अवस्थित धातुहरू बिग्रिने गर्छन् । त्यसैले पाचन प्रक्रियालाई सोवा रिग्पामा थप जोर दिएको हामीले पाउँछौँ ।

## ५. सोवा रिग्पाका फायदा

सोवा रिग्पाका उद्देश्य मूलतः जनकल्याणका लागि नै हो । त्यसैले सोवा रिग्पाको ग्रन्थहरूमा त्यसलाई व्यवसायीकरण न गर्नु भनिएको छ । विगत लामो समयदेखि यसलाई पवित्र कार्यको रूपमा स्वीकार गरेर अमजीहरूले संरक्षण गर्दै आएको छ । औषधि निर्माण पनि रोगीअनुसारको औषधि तत्काल बनाउने हुनले पनि सोवा रिग्पाका औषधिहरू धैरै प्रभावकारी छन् । व्यवसायीकरण न भएका कारण धन सम्पत्तिको लोभमा कुनै पनि कृत्रिम पदार्थहरूको मिलावट गरेको छैन । नेपाल राष्ट्रमा सोवा रिग्पाको धैरै सम्भावनाहरू पनि देखिन्छ । राज्यले समुचित वातावरण सृजना गर्नु पनि आजको आवश्यकता हो ।

## ६. चुनौती र समस्या

आज अव्यवस्थित सहरीकरण र व्यवसाय धन सम्पत्तिको लोभमा जङ्गल मासिने जस्ता मानवीय क्रियाकलापले पर्यावरण संवेदनशील भएको छ । जङ्गलमा पाइने विभिन्न औषधीय गुणले युक्त वनस्पतिहरू ओभेल हुँदै गएको छ । त्यसै गरी जीवजन्तुहरू पनि लुप्त हुँदै छन् । वनस्पति जडी-बुडी सङ्कलन गर्न पनि आज साह्रो भएको छ । राज्यले सबै विषयलाई दृष्टिगत गरी सोवा रिग्पा चिकित्सा पद्धतिलाई सहज हुने वातावरणको सृजना गर्नुपर्ने देखिन्छ । राज्यले सोवा रिग्पा जस्ता अमूल्य चिकित्सा पद्धतिलाई राज्यको वैभव मानेर उच्च दर्जा प्रदान गरी सोवा रिग्पा

8 . བོད་ཀྱི་གསོ་བ་རིག་པའི་བྱུང་རབས་ལོ་རྒྱུས། དགོན་པོ་རྡོ་རྗེ་དགྲ་འདུལ། བོད་དང་པོ། ཤོག ༣༥༠

चिकित्सकहरूलाई समुचित लाभ दिन सक्नु पर्ने देखिन्छ । यदि सोवा रिग्पालाई राज्यले संवर्धन, सम्पोषण गर्नका निम्ति वनस्पति संरक्षण, वितरण आदि योजना तर्फ ध्यान दिए युवा वर्गलाई रोजगारको अवसर पनि प्रशस्त हुने सम्भावना देखिन्छ किनकि नेपालमा नै विभिन्न किसिमका औषधीय पदार्थहरू पाइन्छन् ।

## ७. सोवा रिग्पाको सामाजिक र सांस्कृतिक महत्त्व

नेपालका हिमालय क्षेत्रमा बसोबास गर्दै आएका जनसमुदाय शेर्पा, तामाङ, ह्योल्मो, मुस्ताङ, गुरुङ आदिहरूको सामाजिक संरचना, बोलीचोली, रहनसहन, खानपान र सांस्कृतिक परम्पराहरू नेपालकै धरोहर र गौरव हो । विश्वलाई नेपाल चिनाउन हिमाली क्षेत्रमा बसोबास गर्दै आएका जनसमुदायले जुन टेवा पुऱ्याएको छ, त्यसलाई कसैले पनि नकार्नु सकिन्दैन र आज नेपाल पर्यटन भूमि हुनुमा पनि हिमाली  जनसमुदायहरूको ठुलो भूमिका रहेको छ । त्यसै केन्द्रमा तिब्बतबाट परम्परागत रूपमा प्रसारित बौद्ध धर्म आफूमा बेजोड भएको छ । हिमाली जनसमुदायहरूले आजसम्म यसै बौद्ध धर्म  दर्शन रीतिरिवाजको पालना गरी रहेका छन् । सोवा रिग्पा चिकित्सा पद्धति पनि यसै संरचनाको अभिन्न अङ्ग हो । तसर्थ सोवा रिग्पाको सामाजिक र सांस्कृतिक महत्त्व नेपाल र नेपालीहरू जोडिएको छ ।

## ८. सोवा रिग्पा विधिको भविष्य

सोवा रिग्पाका विकास तिब्बतमा भएता पनि यो पद्धति आज विश्व सामु विशिष्ट उपचार पद्धतिको रूपमा विज्ञहरूले मानिएको छ। यस चिकित्सा विधिका प्रयोग नेपाल र भारतका हिमाली जनसमुदाय, भुटान र चीनमा  प्रचलित छ । आज सोवा रिग्पाले  विश्वमा ख्याति प्राप्त गरी रहेको छ। नेपालमा पनि सोवा रिग्पाले जनस्वास्थ्यमा ठुलो टेवा पुऱ्याउने सम्भावना देखिन्छ। साथै निम्ति औषधीय गुणयुक्त वनस्पतिहरूको रोपाइ, वितरण आदि कार्य गर्नले नेपालमा ठुलो अवसर देखिन्छ।

## सन्दर्भ सामग्री


༡༽ བོད་ཀྱི་གསོ་བ་རིག་པའི་བྱུང་རབས་ལོ་རྒྱུས་གཟུར་གནས་མཁས་པ་དགྱེས་པའི་མཆོད་སྤྲིན་དེབ་ཐེར་ཀུན་གསལ་ཚངས་ཐིག  དཔོན་པོ་རྡོ་རྗེ་དགྲ་འདུལ།
༢༽ གསོ་བ་རིག་པའི་བསྟན་བཅོས་སྨན་བླའི་དགོངས་རྒྱན།
༣༽ རྒྱུད་བཞི།
༤༽ རྒྱུད་བཞིའི་འགྲེལ་པ་དྲང་སྲོང་ཞལ་ལུང་།
༥༽ ཁོང་འབུགས།
༦༽ སྨན་དཔྱད་ཟླ་བའི་རྒྱལ་པོ།

# पटिच्चसमुप्पाद बौद्ध दर्शनको आचधार स्तम्भ

प्रा.डा.गौतम वीर वज्राचार्य

### १. पृष्ठभूमि

पटिच्चसमुप्पाद अर्थात् प्रतीत्यसमुत्पाद भगवान् बुद्धको मौलिक एवम् महत्त्वपूर्ण दर्शन हो । भव वा संसार चक्र सञ्चालन भइरहनुमा कुनै न कुनै हेतुप्रत्यय विद्यमान रहेको हुन्छ । अर्थात्, संसारको निरन्तरताको चक्र कार्य र कारणको सम्बन्धमा सञ्चालित रहेको हुन्छ। संसारमा प्राणीहरूको जन्म किन हुन्छ, मरण किन हुन्छ, जन्म मरणको चक्रमा किन प्राणीहरू घुमी रहन्छन्, किन अनेक प्रकारका दुःख भागीराख्नु परेको हो, भव चक्र द्ःखबाट मुक्त कसरी हुन्छ भन्ने कुरा प्रतीत्यसमुत्पादमा वर्णन गरिएको छ। दुःखको उत्पत्ति कसरी हुन्छ, यस्को यर्थाभूत ज्ञानदर्शन दुःख निरोधको लागि अति आवश्यक रहेको विषय बुद्ध प्रतीत्यसमुत्पादको माध्यमबाट बताउनुहुन्छ। **इमस्मिं सति इदं होति। इमस्सुपादा इदं उप्पज्जति, इमस्स निरोधा इदं निरुज्झति....।** *(संयक्त निकाय पञ्चवेरभय सूत्र, पृष्ठ ३१२)* यो भएपछि त्यो हुन्छ, यो नभएपछि त्यो हुँदैन, यस्को उत्पादले त्यो उत्पत्ति हुन्छ , यस्को निरोधले त्यो निरोध हुन्छ भन्ने कार्यकारणको नियम नै प्रतित्यसमुत्पाद हो। यो हेतुफल परम्परा हो। यहां कुनै वस्तु शाश्वत छैन, सबै धर्म अनित्य छ, हेतु प्रत्ययजनित छ। यो संसारमा कुनै पनि वस्तु विना कारण त्यसै उत्पति हुदैन। कुनै पनि वस्तु वा कुनै धर्म स्वभाव उत्पन्न हुनु र विनाश हुनुमा कुनै न कुनै कारण भएकै हुन्छ। यी कारणलाई हेतु वा प्रत्यय भनिन्छ। त्यसैलै असजित भिक्षुले उपतिस्स परिब्राजकलाई बुद्धको परिचय यसरी दिनुभएको थियो :

**ये धम्मा हेतुप्पभवा, तेसं हेतु तथागतो आह।**
**ते सञ्च यो निराधो एवम् वादी महासमणोति ॥**

अर्थात् "जुन धर्म हेतुप्रभव छ, त्यस धर्मको हेतु र त्यस्को निरोध पनि तथागतले आज्ञा गर्न भएको छ, उहाँ यस्तो हेतुवादी महाश्रमण हुनुहुन्छ।"

बोधिसत्त्व सिद्धार्थले बोधिबृक्षमुनि बैशाख पूर्णिमाको रातको अन्तिम प्रहरमा प्रतीत्यसम्पुत्पाद ज्ञान अथवा आश्रवक्षय ज्ञान प्राप्त गरी बुद्धत्व प्राप्त गर्नुभयो। अविद्या र तृष्णा मूल हेतुबाट भवचक्र सञ्चालन भएर प्राणीहरूले जन्म जन्मान्तरमा अनेकौं दुःख भोग्नुपर्ने र सो अविद्या, तृष्णालाई निरोध

गर्न सकेको खण्डमा भवचक्र निरोध भई निर्वाण साक्षात्कार हुन जाने ज्ञान प्राप्त गर्नुभएको थियो। प्रतीत्य समुत्पाद बुद्धधर्मको मुख्यसार भएकोले यसलाई बुझ्न सकेको खण्डमा धर्मलाई राम्ररी बुझे को हुन्छ भनी स्वयं भगवान् बुद्धले भन्नुभएको हो।

**यो पटिच्चसमुप्पादं पस्सति सो धम्मं पस्सति, यो धम्मं पस्सति सो पटिच्चसमुप्पादं पस्सति।**

*(मज्झिम निकाय, महाहत्थियदोपम सूत्त , पृष्ठ १८०)*

अर्थात्, "जसले प्रतीत्यसमुत्पादलाई देख्छ उसले धर्मलाई देख्छ, जसले धर्मलाई देख्छ उसले प्रतीत्यसमुत्पादलाई देख्छ।" मज्झिमनिकायको महाहत्थियदोपम सूत्तमा उल्लेखित यो बुद्धवचनद्धारा बुद्धधर्ममा प्रतीत्यसमुत्पादको महत्त्व के, कति छ भन्ने कुरा प्रष्ट हुन्छ।

## २. प्रतीत्यसमुत्पाद धर्ममा बुद्धलाई धर्मचक्षु लाभ

बुद्ध भन्नु हुन्छ - "भिक्षुहरू बुद्धत्व प्राप्त गर्नुअधि बोधिसत्त्व अवस्थामा मेरो मनमा यसरी लाग्न थाल्यो -यो लोक दुःखमा परिरहेको छ। जन्म हुन्छ, बृद्ध हुन्छ, मृत्यु हुन्छ, च्यूत हुन्छ, फेरी जन्म हुन्छ। जरामरणको यस दुःखबाट निःशरण हुने कुरा थाहा पाउन सकेको छैन। अहो ! जरा मरणको दुःखबाट छुटकारा पाउने कुरा मैले कहिले पत्ता लगाउने ?"

"भिक्षुहरू ! त्यसपछि मलाई लाग्यो के भएमा जरामरण हुन्छ ? के कारणले जरामरण हुन्छ ? भिक्षुहरू ! त्यसपछि मैले योनिशोमनसिकार (उचित ढंगले) गरी विचार गरेपछि प्रज्ञा उत्पन्न भयो। मलाई थाहा भयो कि जाति (जन्म) भएपछि जरामरण हुन्छ। जन्म भएकोले नै बुढो भई मृत्यु भएको हो।"

यसरी बोधिसत्त्वले योनिशोमन सिकार गरी एकपछि अर्को कारण पत्ता लगाउँदै जानुभयो। जन्म किन हुन्छ ? भव भएकोले हुन्छ। भव उपादानले हुन्छ। उपादान तृष्णाले हुन्छ। तृष्णा वेदनाले हुन्छ। वेदना स्पर्शले हुन्छ , स्पर्श षडायतनले हुन्छ। षडायतन नामरूपले हुन्छ। नामरूप विज्ञानले हुन्छ। विज्ञान संस्कारले हुन्छ। संस्कार अविद्याले हुन्छ। यसरी अविद्याको समुदयले संस्कार को समुदय हुन्छ, संस्कारको समुदयले विज्ञानको समुदय हुन्छ, विज्ञानको समुदयले नामरूपको समुदय हुन्छ। एवम् प्रकारले जन्म जरामरण आदि केवल दुःखस्कन्धको समुदय हुन्छ। त्यस्तै अविद्याको निरोधले संकारको निरोध हुन्छ, संस्कारको निरोधले विज्ञानको निरोध हुन्छ, विज्ञानको निरोधले नामरूपको निरोध हुन्छ। एवम् प्रकारले जन्म निरोधले जरामरणको निरोध भई सम्पूर्ण दुःखस्कन्धको निरोध हुन्छ। यही प्रतीत्यसमुत्पाद ज्ञान हो। यही ज्ञान प्राप्त गरी बुद्ध हुनु भएपछि उहांले भन्नुभयो :

भिक्षुहरू ! समुदयले समुदय बन्ने कुरा, निरोधले निरोध हुने कुरा जुन पहिले कहिल्यै

नसुनेको धर्ममा चक्षु उत्पन्न भयो, ज्ञान उत्पन्न भयो, विद्या उत्पन्न भयो, आलोक उत्पन्न भयो । *(सङ्‌युक्त निकाय, निदान वर्ग, पृष्ठ २७७)*

## ३. प्रतीत्यसमुत्पादको अर्थ

प्रतीत्यसमुत्पाद संस्कृत शब्द हो। पालिमा यसलाई 'पटिच्चसमुप्पाद' भनिन्छ। अङ्ग्रेजीमा Law of dependent origination, Law of cause & effect, wheel of life पनि भनिन्छ।
प्रतीत्यसमुत्पाद 'प्रतीत्य' र 'समुत्पाद' दुई शब्द मिली बनेको शब्द हो । 'प्रतीत्य' भनेको उक्त कारणले गर्दा र समुत्पाद भनेको साथमा उत्पन्न हुने भन्ने अर्थ जनाउँछ। उक्त कारणको साथमा यो उत्पन्न भयो भन्ने अर्थ निस्कन्छ। प्रतीत्य मा 'प्रति' को अर्थ अभिमुख वा अगाडि र 'इत्य' को अर्थ जानु। प्रतीत्य भनेको अगाडि जानु। समुत्पाद मा समको अर्थ संगसंगै र उत्पादको अर्थ उत्पन्न गर्नु हो। त्यसैले विशुद्धि मार्गमा भनिएको छ –

**पटिमुखतितोति वुत्तो हेतुसमुहो अयं पटिच्चोति ।**
**सहिते उप्पादेति च इति वुत्तो सो समुप्पादो ॥** ( **विशुद्धिमार्ग** )

जुन यो संस्कार, विज्ञान आदि उत्पत्तिको निम्ति अविद्या आदि हेतु समूह परस्पर अगाडि गएको छ, त्यसैले 'प्रतीत्य' भनिएको हो। यो हेतु समूहले आफू संगसंगै परस्पर मिल्ने स्वभाव धर्मलाई उत्पत्ति गर्ने भएकोले 'समुत्पाद' भनिएको हो।
**पच्चयसामग्गिं पटिच्च सम सह च पच्चयुपन्न धम्मे उप्पादेतीति पटिच्चसमुप्पादो।** *(अभिधम्मत्थसंगहो भाग १ ,भिक्षु रेवतधम्मो)* अर्थात् जुन प्रतयय समूह प्रत्यय सामग्रीको अपेक्षा गरी समान प्रत्ययोत्पन्न धर्मको उत्पाद हुन्छ, त्यस प्रत्यय समूह प्रतीत्यसमुत्पाद हो। उत्पत्तिको कारण भएको धर्म 'प्रत्यय' हो र उत्पत्ति हुने धर्म 'प्रत्युत्पन्न' हो । **"अविज्जा पच्चया संखारा"मा** अविज्जा प्रत्यय हो भन्ने संस्कार "प्रत्योत्पन्न" हो।

समुत्पादमा 'सम्' शब्दको अर्थ सह र 'उत्पाद'को अर्थ उत्पन्न गर्नु हो। अविद्याद्वारा संस्कार उत्पन्न गर्ने बेला अविद्याले केवल संस्कारलाई मात्र उत्पन्न गर्दैन वरु संस्कारसंग मिल्ने चित्त चैतसिक धर्मलाई पनि एकसाथ उत्पाद गर्छ । तर संस्कार प्रधान हुने भएकोले प्रधान नयअनुसार अविज्जा पच्चया संखारा भनिएको हो।

प्रतीत्यसमुत्पादको अर्थ हेतु प्रत्ययको अपेक्षा गरी भावको उत्पाद या प्रादुर्भाव हुनु हो । अर्थात्, प्रतीत्यसमुत्पादको अर्थ प्राप्त गरी प्रादुर्भाव हुनु हो । *(बौद्ध धर्म दर्शन – आचार्य नरेन्द्रदेव)* पण्डितले जान्न योग्य भएकोले "प्रतीत्य" भनिन्छ। उत्पन्न हुने बेला ठीक रूपमा उत्पन्न हुन्छ, एक्लै एक्लै उत्पन्न हुँदैन, अहेतुवाद पनि उत्पन्न हुँदैन, साथ साथै उत्पन्न हुन्छ, त्यसैले समुत्पाद भनिन्छ

। यसरी जुन धर्म प्रतीत्य छ, समुत्पाद छ त्यही प्रतीत्यसमुत्पाद हो । प्रतीत्यसमुत्पादले पहिलो पद "प्रतीत्य"ले शाश्वत दृष्टिको अभावलाई र पछिल्लो पद "समुत्पादले" उच्छेददृष्टिको प्रहाणलाई तथा दुवै पद "प्रतीत्यसमुत्पाद"ले न्यायलाई प्रकाशित गरेको छ । अर्थात्, प्रतीत्यसमुत्पादलाई धर्मस्थिति, धर्म नियामता, तथ्यता, अवितथता पनि भनिन्छ । जुन तथागत उत्पन्न भएता पनि नभएता पनि रही नै रहन्छ। *(विशुद्धिमार्ग, दोस्रो भाग अनु. भिक्षु धर्मरक्षित १३२)*

## ४. पण्डितले मात्र बुझ्ने धर्म प्रतीत्यसमुत्पाद

बुद्धत्व प्राप्तिको सात हप्तापछि अजपाल वृक्ष मुनि बसी बुद्धले विचार गर्नुभयो – यो धर्म गम्भीर छ, बुझ्न गाह्रो (दुर्ज्ञेय, दुर्बोध) छ, शान्त छ, प्रणीत (उत्तम) छ, तर्कले मात्र अप्राप्य छ, निपुण छ र पण्डितले मात्र बुझ्न सकिन्छ। सांसारिक मोहको तृष्णा आश्रयमा भुलिरहेका मानिसहरूले यो प्रत्ययबाट यो उत्पन्न हुन्छ भनी देख्नु पर्ने गम्भीरातिगम्भीर प्रतीत्यसमुत्पाद धर्म अवबोध गर्न कठिन हुनेछ। सबै संस्कारहरू तृष्णाहरू निरोध भएपछि निर्वाण हुन्छ भन्ने कुरा बुझ्न पनि सजिलो हुने छैन। अरूले नबुझ्नेपछि मैले उपदेश गरे पनि व्यर्थको प्रयास मात्र हुने छ।

यसरी भगवान् धर्म उपदेश गर्नुमा उत्साह रहित हुनुभएको देखी सहम्पति महाब्रम्हा भगवान्‌को सामु प्रकट भई धर्म उपदेश गर्नको निम्ति प्रार्थना गर्नुभयो । उहाँको प्रार्थना स्वीकार गर्नु भई भगवान्‌ले ऋषिपतन मृगदावनमा प्रथम धर्मचक्र प्रवर्तन गर्नुभयो । उहाँले प्रथम धर्मचक्र प्रर्वतनमा चतुआर्यसत्यको उपदेश गर्नुभयो। त्यसपछि अनित्य, दुःख र अनात्माको बारेमा अनात्म-लक्षणसूत्र देशना गर्नुभयो । प्रतीत्यसमुत्पाद गम्भीर धर्म भएकोले यसलाई प्रत्यक्ष रूपमा पछि मात्र देशना गर्नुभएको थियो।

## ५. प्रतीत्यसमुत्पाद र प्रतीत्यसमुत्पाद धर्म

पटिच्च समुप्पादसुत्तमा बुद्धले भन्नुभएको छ – भिक्षुहरू! प्रतीत्यसमुत्पाद भनेको के हो ? भिक्षुहरू! अविद्याको प्रत्ययले संस्कार हुन्छ। संस्कारको प्रत्ययले विज्ञान हुन्छ। विज्ञानको प्रत्ययले नामरूप हुन्छ । नामरूपको प्रत्ययले षडायतन हुन्छ । षडायतनको प्रत्ययले स्पर्श हुन्छ । स्पर्शको प्रत्ययले वेदना हुन्छ। वेदनाको प्रत्ययले तृष्णा हुन्छ। तृष्णाको प्रत्ययले उपादान हुन्छ। उपादानको प्रत्ययले भव हुन्छ । भवको प्रत्ययले जाति हुन्छ । जातिको प्रत्ययले जरा, मरण, शोक, परिदेव, दुःख, दौर्मनस्य र उपायास हुन्छ। यसरी यो केवल दुःखस्कन्धको समुदय हुन्छ। भिक्षुहरू यसैलाई "प्रतीत्यसमुत्पाद" भनिन्छ । (संयुत्त निकाय, निदान संयुत्त पटिच्चसमुप्पाद सुत्त – पृ.२७१) जुन अविद्या अशेषरूपले विराग निरोध भएपछि संस्कार निरोध हुन्छ। संस्कार निरोध भएपछि विज्ञान निरोध हुन्छ । विज्ञान निरोध भएपछि नामरूप निरोध हुन्छ । नामरूप निरोध भएपछि षडायतन

निरोध हुन्छ। षडायतन निरोध भएपछि स्पर्श निरोध हुन्छ। स्पर्श निरोध भएपछि वेदना निरोध हुन्छ। वेदना निरोध भएपछि तृष्णा निरोध हुन्छ। तृष्णा निरोध भएपछि उपादान निरोध हुन्छ। उपादान निरोध भएपछि भव निरोध हुन्छ। भव निरोध भएपछि जाति निरोध हुन्छ। जाति निरोध भएपछि जरामरण; शोक परिदेव, दुःख दौर्मनस्य र उपायास सबै निरोध हुन्छ। यसरी साराका सारा दुःखस्कन्ध निरोध हुन्छ।"

पच्चयसुत्तमा भगवान् बुद्धले फेरि भन्नुभएको छ – "भिक्षुहरू ! प्रतीत्यसमुत्पाद भनेको के हो ? "भिक्षुहरू ! जातिको कारणले जरामरण हुन्छ। तथागत उत्पन्न भएको भएपनि उत्पन्न नभएको भएपनि प्रकृतिको यो नियम छ कि एउटा धर्म भयो भने अर्को धर्म उत्पन्न हुन्छ, यसलाई तथागतले राम्ररी बोध गरी जानीकन दर्शाउनु हुन्छ, देशना गर्नुहुन्छ, उपदेश गर्नुहुन्छ, भन्नु हुन्छ, सिद्ध गर्नुहुन्छ, उजागर गर्नुहुन्छ हेर भिक्षुहरू ! जातिको कारण जरामरण हुन्छ। *(संयुक्त निकाय ,पच्चयसुत, पृ. २८६ – २८७)*

"भिक्षुहरू ! भवको कारण जाति हुन्छ पूर्ववत् । उपादानको कारण भव हुन्छ। तृष्णाको कारण उपादान हुन्छ। वेदनाको कारण तृष्णा हुन्छ। स्पर्शको कारण वेदना हुन्छ। षडायतनको कारण स्पर्श हुन्छ। नामरूपको कारण षडायतन हुन्छ। विज्ञानको कारण नामरूप हुन्छ। संस्कारको कारण विज्ञान हुन्छ। अविद्याको कारण संस्कार हुन्छ। तथागत उत्पन्न भएको भएपनि उत्पन्न नभएको भएपनि प्रकृतिको यो नियम छ कि एउटा धर्म भयो भने अर्को धर्म उत्पन्न हुन्छ, यसलाई तथागतले राम्ररी बोध गरी जानीकन दर्शाउनु हुन्छ, देशना गर्नुहुन्छ, उपदेश गर्नुहुन्छ, भन्नु हुन्छ, सिद्ध गर्नुहुन्छ, उजागर गर्नुहुन्छ, हेर भिक्षुहरू ! जातिको कारण जरामरण हुन्छ। भिक्षुहरू ! यसरी यस्तो कुरा सत्य छ, अवितथता (कहिल्यै फरक नहुने) छ, अन्यथा नहुने हुन्छ ; कार्य कारण भएको छ, भिक्षुहरू ! यसलाई प्रतीत्यसमुत्पाद भनिन्छ।"

भिक्षुहरू ! प्रतीत्यसमुत्पाद धर्म भनेको के हो ? "भिक्षुहरू ! जरा मरण अनित्य हो, संस्कृत हो, प्रतीत्यसमुत्पाद हो, क्षय धर्म हो, व्यय धर्म हो, विराग धर्म हो, निरोध धर्म हो। यसरी नै भिक्षुहरू जाति, भव, उपादान, तृष्णा, वेदना, स्पर्श, षडायतन, नामरूप, विज्ञान, संस्कार, अविद्या अनित्य हो; विराग हो, धर्म हो, निरोध धर्म हो। "भिक्षुहरू! यसैलाई प्रतीत्यसमुत्पाद धर्म भनिन्छ। "भिक्षुहरू! आर्यश्रावकले यी प्रतीत्यसमुत्पादको नियम र प्रतीत्यसमुत्पाद धर्मलाई राम्ररी यथार्थरूपले प्रज्ञाले देखेपछि उसलाई पूर्वान्तसम्बन्धी मिथ्यादृष्टि हुँदैन – म भूतकालमा छ कि छैन ? भूतकालमा म को हुँ ? म भूतकालमा कस्तो (कस्तो रूप आकारको) छ ? भूतकालमा के के भएर आएको हो ?, म को हुँ ? उसलाई अपरान्तसम्बन्धी मिथ्यादृष्टि हुँदैन – म भविष्यमा हुन्छ कि हुँदैन ? भविष्यमा म के हुन्छ, भविष्यमा म कस्तो हुन्छ, के के हुन्छ ?

उसलाई वर्तमान समयलाई लिएर पनि आफूमा शंका हुँदैन – म छ, म छैन, म के हो, म कस्तो हो, मेरो जीव कहाँबाट आएको हो, कहाँ जाने हो ? यसरी शंका नभएको के कारणले ? भिक्षुहरू ! आर्यश्रावकलाई प्रतीत्यसमुत्पाद र प्रतीत्यसमुत्पाद धर्म राम्ररी यथार्थरूपले प्रज्ञा ज्ञानले देखिसकेको हुनाले हो ।"

पच्चयसुत्त मा यसरी भनिएको छ – जातिको समुदयले जरामरणको समुदय हुन्छ। जातिको निरोधले जरामरणको निरोध हुन्छ । यो आर्यअष्टाङ्गिक मार्ग नै जरामरण निरोधगामिनी प्रतिपदा हो। जस्तो कि १. सम्यकदृष्टि, २. सम्यक्संकल्प, ३. सम्यक्वाचा, ४. सम्यक् कर्मान्त ५. सम्यक् आजीव, ६. सम्यक् व्यायाम, ७. सम्यक्स्मृति र ८. सम्यक् समाधि । (सं. नि. पृ. २९७) एवम् प्रकारले कारणद्वारा समुदय हुने सबै धर्मको निरोध गामिनी प्रतिपदा नै आर्यअष्टांगिक मार्ग हो भनी देखाएको छ ।

## ६. अनुलोम प्रतीत्यसमुत्पाद (संसार चक्र सञ्चालन)

१) **अविद्याको कारणले संस्कारको उत्पत्ति** (**अविज्जा पच्चया संखारा**)

अविद्या भनेको सही रूपमा नजान्ने, थाहा नपाउने स्वभाव हो । "**न विदतीति अविज्जा**" न जान्नुलाई नै अविद्या भनिन्छ । चतुआर्य सत्य, प्रतीत्यसमुत्पाद, पूर्वजन्म (पूर्वान्त), पुनर्जन्म (अपरान्त)लाई नजान्नुलाई नजान्नु नै अविद्या हो । कुशल अकुशल कर्मको ज्ञान नहुनु पनि अविद्या हो। त्यसैले अविद्यालाई अज्ञान वा मोह भनिन्छ।

अविद्या भनेको के हो ? भन्ने बारेमा भगवान् बुद्ध स्वयंले प्रश्नोत्तर गरी बताउनु भएको कुरा प्रतीत्यसमुत्पाद विभंग पालिमा देखाएको छ – "**तत्थ कतमा अविज्जा ? दुक्खे अञ्ञाणं, दुक्ख समुदये अञ्ञाणं, दक्ख निरोधे अञ्ञाणं, दक्ख निरोध गामिनिया पटिपदाय अञ्ञाणं, अयं वुच्चति अविज्जा ।**"

अविद्या भनेको के हो ? दुःख सत्यलाई नजान्ने स्वभाव, दुःख समुदय सत्यलाई नजान्ने स्वभाव, दुःख निरोध सत्यलाई नजान्ने स्वभाव, दुःख निरोध गामिनी प्रतिपदा आर्य सत्यलाई नजान्ने जुन स्वभाव छ त्यसैलाई अविद्या भनिन्छ। चतुरार्य सत्यलाई सही रूपमा नजान्ने र मिथ्यारूपले जान्ने यी दुई प्रकारका स्वभावलाई अट्ठकथामा अविद्या भनिएको छ। अट्ठकथाको आधार लिएर महासी सयाडोले आफ्नो स्मरणीय कवितामा यसरी व्यक्त गर्नु भएको छ।

"जान्दैन सही रूपले, हेरेर मिथ्यारूपले अविद्याको कारण सुख हुन्छ ठानी। आशा राख्दै व्यवस्था गर्छ - त्रिविध कर्मको। विज्ञान जोडी, नामरूप टाँसी - षडायतन ६ अनि ६ स्पर्श वेदनाको कारण ६ तृष्णा -उत्पन्न हुन्छ उपादान फेरी। उत्पत्ति कारण कर्म पोखेर - राम्रो नराम्रो भव उत्पन्न हुन्छ। वृद्ध, मरण र शोक सन्ताप- विलाप अनि शारीरिक ग्लानि , मानसिक पीडा परिडाह जम्मै,

यी हुन सबै मात्र दुःखस्कन्ध ।'  (महासी सयादोद्धारा उपदेसित प्रतीत्यसमुत्पाद उपदेश)

यथार्थतालाई नजान्नाले दुःखलाई नै सुख, शुभ सम्झी सुखको आशा र कामना गरी उद्योग गरिर हन्छन् । उद्योग गरिरहेको भन्नाले काय संस्कार, वची संस्कार र मनोसंस्कार नामक काय, वची र मनोकर्महरू गरिरहेका हुन् । यी कर्महरू कुशल पनि हुनसक्छ, अकुशल पनि हुनसक्छ । विभङ्ग पालिमा अविद्याको कारणले संस्कार उत्पन्न हुने सम्बन्धमा यसरी उल्लेख गरिएको छ –

"**तत्थ कतमे अविज्जा पच्चया संखारा ? पुञ्ञाभि संखारो, अपुञ्ञाभि संखारो, आनेञ्जाभी संखारो, काय संखारो, वची संखारो, चित्त संखारो ॥**"एक किसिमले पुण्याभिसंस्कार, अपुण्याभिसंस्कार र आनेन्जाभि संस्कार, अर्को किसिमले काय संस्कार, वचीसंस्कार र चित्त संस्कार भनेर देखाइएका छन् । यहाँ पुण्याभिसंस्कार भनेको दान, शील, भावनादि कामावचर कुशल चेतना र रूपावचर कुशल चेतना अथवा कुशल कर्म हुन् । कामावचर अकुशल चेतना अथवा अकुशल कर्म अपुण्याभिसंस्कार हो । अरूपावचर कुशल चेतना आनेञ्जाभिसंस्कार हो । आनेञ्ज भन्नाले अचल भन्ने बुझिन्छ ।

शरीरको आधारमा गरिने पुञ्ञाभि संस्कार, अपुञ्याभि संस्कारहरू सबै काय संस्कार हुन् । वचनको आधारमा गरिने पुण्य, अपुण्य सबै संस्कार वची संस्कार हुन् । शरीर र वचनको आधार विना सिद्ध पुण्य अपुण्य तथा आनेञ्जाभि संस्कारहरू सबै चित्त संस्कार हुन् । यी सबै संस्कार अविद्याको कारणले उत्पन्न हुने संस्कार हुन् ।

अविद्याको स्वभाव सत्यलाई छोप्ने हुनाले यो अन्धकार हो । वास्तविक रूपमा दुःखको खानी भएको पञ्चस्कन्धलाई नै सुख सम्झनाले आशक्ति हुन जान्छ, माया - मोह लाग्न थाल्दछ र अन्य शरीर वा पञ्चस्कन्धप्रति आशक्ति लाग्न थाल्दछ । समुदय सत्यलाई छोप्ने मोह भएकोले त्यो आसक्ति दुःखोत्पत्तिको कारण भनेर देखिन्दैन र लाग्दैन पनि । त्यस व्यक्तिलाई त्यो आसक्ति र माया सुखोत्पत्तिको कारण जस्तै लाग्दछ । यर्थाथ सुख भनेको पञ्चस्कन्धको निरोध नै दुःख ि नरोध निर्वाण हो भनेर नजान्नु अविद्या हो । त्यस्तै दुःख निरोधगामिनी प्रतिपदा मार्गलाई नजान्नु पनि अविद्या नै हो । मिथ्या मार्गमा लाग्नु अविद्या हो ।

अविद्याले मोहित भएका प्राणीहरू आफ्नो शरीर पञ्चस्कन्ध पोषण गर्न सुखमय बनाउन सौभाग्यशील बनाउन आफ्नो परिवार, ज्ञातिवन्धु, मित्रादिलाई सुखी खुशी तुल्याउन जेसुकै अकुशल कर्म गर्न पनि तयार हुन्छन् र गर्छन् । यी सबै अविद्याको कारणले उत्पन्न हुने अपुञ्ञाभिसंस्कार हुन् । यी अकुशल अपुण्याभिसंस्कारले अपाय दुर्गतिमा पुऱ्याउन सक्ने हुन्छ । कोही व्यक्तिहरू यो जीवन र अर्को जीवन राम्रो उज्वल बनाउन दान शीलादि पुण्य गर्दछन् । ध्यान भावना गर्छन् । यी सबै वर्तमान र अनागत स्कन्ध सम्बन्धमा अविद्याको कारण पुण्याभी संस्कार उत्पन्न हुने तरिका

हुन् । यी पुण्याभिसंस्कारले पुण्यको स्तर अनुसार मनुष्य देव र रूप ब्रम्हलोकमा पुऱ्याउन सक्ने हुन्छ। अरूपावचर ध्यान आनेञ्जाभि संस्कारले अरूप ब्रम्हलोकमा पुऱ्याउन सक्ने हुन्छ।

यी सबै संस्कारहरू अविद्याको कारणले उत्पन्न हुने संस्कारहरू हुन् । अविद्या र तृष्णाको कारणबाट सुगतिगामी कर्म भन्दा दुर्गतिगामी कर्म संस्कारहरू बढी बन्दछ।

२) **संस्कारको कारणले विज्ञानको उत्पत्ति** (**संखार पच्चया विञ्ञाणं**)

संस्कार नामक कुशल कर्म, अकुशल कर्मको कारणले फल भएको विपाक विज्ञान (प्रतिसन्धि चित्त) उत्पन्न हुन्छ। विभङ्ग पालिमा ६ प्रकारका विज्ञानहरूको उल्लेख गरिएको छ - जुन संस्कारका हेतुद्वारा उत्पन्न हुन्छन् । "तत्थ कतमं संखार पच्चया विञ्ञाणं ? चक्खु विञ्ञाणं, सोत विञ्ञाणं, घाण विञ्ञाणं, जिव्हा विञ्ञाणं, काय विञ्ञाणं, मनो विञ्ञाणं, इदं वुच्चति संखार पच्चया विञ्ञाणं।"

ती ६ प्रकारका विज्ञानहरू हुन् – चक्षु विज्ञान, स्रोत विज्ञान, घ्राण विज्ञान, जिव्हा विज्ञान, काय विज्ञान र मनोविज्ञान । आरम्मण तथा विषयवस्तुलाई जान्ने स्वभावलाई विज्ञान भनिन्छ। आँखाले रूपारम्मण देख्ने बेलामा उत्पन्न हुने चक्षुविज्ञान, कानले शब्द सुन्ने बेलामा उत्पन्न हुने श्रोतविज्ञान, नाकले गन्ध सुघ्ने बेला उत्पन्न हुने घ्राणविज्ञान, जिब्रोले रस स्वाद लिनेवेला उत्पन्न हुने जिव्हाविज्ञान, शरीरले स्पर्श गर्नेबेला उत्पन्न हुने कायविज्ञान र मनले धर्मलाई आरम्मण गर्दा उत्पन्न हुने मनोविज्ञान गरी ६ प्रकारका विज्ञानहरू छन् ।

चार सत्यलाई थाहा नपाउने अविद्याको कारणले संस्करादि कुशलाकुशल कर्महरू सञ्चाय गरेको व्यक्ति मरेपछि कर्मको कारणले त्यस कर्मअनुरूप कुनै पनि जन्म हुने स्थानमा भवमा मनोविज्ञानको उत्पन्न हुनजान्छ । कुनै भव (जाति)मा सर्वप्रथम उत्पन्न हुने मनोविज्ञानलाई प्रतिसन्धि विज्ञान भनिन्छ। पूर्वजन्ममा गरेको पुण्याभिसंस्कारले अहिलेका जन्ममा काम सुगतिभूमि र रूपभूमिमा प्रतिसन्धि विज्ञान उत्पत्ति हुन्छ। अपुण्याभिसंस्कारले अपाय दुर्गतिभूमि र आनेञ्जाभि संस्कारले अरूपभूमिमा प्रतिसन्धि विज्ञानको उत्पत्ति हुन्छ। प्रतिसन्धिको अर्थ प्रतिसन्धान अथवा जोड्नु हो । एक जन्म पछि अर्को जन्म जोड्ने कार्यलाई प्रतिसन्धि कृत्य भनिन्छ। पूर्व भवको संस्कारले यो प्रत्युत्पन्न भवको प्रवृतिकालमा चक्षुविज्ञान, श्रोतविज्ञान आदि विपाक चित्तहरू पनि उत्पन्न हुन्छ।

अतीत कर्मको कारणले प्रतिसन्धि विज्ञान उत्पन्न भई पुनजन्म हुने कुरा बुझ्न धेरै कठिन र दुष्कर छ। यस संसारमा पुनर्भवमा विश्वास गर्ने र नगर्नेहरू छन् । पुनर्भवका विश्वासीहरूलाई पनि कसैले 'प्राण' भन्ने तत्त्व एक शरीरबाट अर्को शरीरमा जानाले पुनर्भव सिद्ध हुन्छ भन्ने दृष्टि राख्छ भने कसैले 'आत्मा' भन्ने तत्त्व एक शरीरबाट अर्को शरीरमा जानाले पुनर्भव सिद्ध हुन्छ भन्ने

दृष्टि राख्दछ। कसैले नित्य विज्ञान तत्त्व पुरानो शरीरबाट नयाँ शरीरमा प्रवेश गर्नु नै पुनर्भव हुनु हो भन्ने दृष्टि राख्छ। यी दृष्टिहरूलाई भगवान् बुद्धले 'शाश्वत दृष्टि' भन्नुभएको छ। त्यस्तै पुनर्भव नै छैन, मरेपछि केहि पनि रहन्दैन भन्ने दृष्टिलाई 'उच्छेद दृष्टि' हो भन्नुभएको छ। यी दुवै दृष्टिहरू मिथ्यादृष्टि नै हुन्।

संस्कारको कारणले नयाँ जन्म - प्रतिसन्धि विज्ञान उत्पन्न हुन्छ भन्ने विषयमा राम्ररी बुझ्न सकेन भने मिथ्यादृष्टि हुन जाने सम्भावना भएकोले बुझ्न अति आवश्यक छ। त्यसैले प्रत्येक जन्ममा मरण हुने बेलामा च्यूति चित्तसहित सम्पूर्ण नामरूपहरू निरोध भएर जान्छन् भन्ने तथ्यलाई पनि जान्नु, थाहा पाउनु आवश्यक छ। यसरी सम्पूर्ण नामरूपहरू निरोध भएर गए पनि क्लेशहरू सर्वथा निरोध निर्मूल नभएसम्म कुशल कर्म अकुशल कर्म नामक संस्कारको कारणले नयाँ जन्म नयाँ ठाउँमा प्रतिसन्धि विज्ञानसहित नयाँ नामरूपहरू निरन्तर अटूट रूपमा उत्पन्न भइरहन्छन् भन्ने लाई पनि थाहा पाउनु आवश्यक छ। कारण र कार्य सम्बन्ध राख्ने पद्धतिलाई थाहा नपाउनाले मिथ्यादृष्टि हुन जाने सम्भावना भएको कुरालाई महास्थविर लेडीसयादोले भन्नुभएको कुरालाई ' प्रतीत्यसमुत्पाद' ग्रन्थमा महासी सयादोले उदृत गर्नुभएको छ।

विपस्सना ध्यान भावनाको उदयव्यय ज्ञानस्तरमा पुगेका योगीहरूले आफ्नो अनुभवबाट यथार्थ कुरा फेला पार्न सकिन्छ। अघिल्लो चित्त अन्त हुने बितिकै पछिल्लो चित्त एक एक आलम्बनलाई आधार लिइ उत्पन्न भएर आउँछ। त्यसरी एक चित्त पछि अर्को चित्त निरन्तर उत्पन्न भइरहेको देख्दा योगीमा 'मरण' हुन्छ भनेको सम्पूर्ण जीव जम्मै मरण र विनाश भएर गएको होइन। ती चित्तक्षणहरू जस्तै एउटा चित्त विनाश भएर गएको रहेछ। नयाँ जन्म उत्पन्न हुन्छ भनेको पनि सम्पूर्ण जीव जम्मै एक घन (घनीभूत भई) उत्पन्न भएर आएको सरेर आएको हो इन। यी चित्तहरू जस्तै एउटा नयाँ चित्त (अघिल्लो जन्मको मरणासन्न अवस्थामा प्राप्त गरेको आरम्मणलाई आधार बनाई) उत्पन्न भएर आएको रहेछ भनी चित्त बुझ्ने गरी अवबोध गर्न सकिन्छ।

३) **विज्ञानको कारणले नाम रूपको उत्पत्ति** (**विञ्जाण पच्चया नामरूपं**)

नयाँ जन्मका विपाक चित्त उत्पन्न भएर आएको बेलामा ती विज्ञानहरूसंग सम्पयुक्त भई अरू वेदना, संज्ञा, संस्कार नामक नाम र कर्मबाट बनेको रूप उत्पन्न हुन्छन्। प्रतित्यसमुत्पाद देशनामा प्रतिसन्धी अवस्थामा उत्पन्न हुने नाम रूपलाई विज्ञानको कारणले उत्पन्न हुने नाम रूप भनिन्छ।

संयुक्तनिकायको विभङ्गसुत्तमा बुद्धले भन्नुभएको छ – भिक्षुहरू, नामरूप भनेको के हो ? वेदना, संज्ञा, चेतना, स्पर्श र मनसिकार। यसलाई नाम भनिन्छ। चार महाभूतको आधार लिई उत्पन्न हुने जुन रूप हो त्यसैलाई रूप भनिन्छ। प्रतिसन्धि चित्त उत्पन्न हुने अवस्थामा त्यसको

आरम्मण भइरहेको कर्म, कर्मनिमित्त र गतिनिमित्तलाई आरम्मण गरी अनुभव गर्ने वेदना पनि संगै उत्पन्न हुन्छ । त्यस आरम्मणलाई प्रत्यक्षरूपमा छुने स्पर्श प्रेरणा दिने चेतना र हृदयगम गर्ने मनसिकार चैतसिकहरू पनि एक साथ नै उत्पन्न हुन्छन् । मनुष्य, देव, ब्रम्हाहरूमा त अलोभ, अद्धेष, अमोह नामक तीन हेतुहरू पनि प्रतिसन्धि चित्तसंगै उत्पन्न हुन्छन् । त्यसैले तिनीहरूलाई तिहेतुक प्रतिसन्धि भनिन्छ ।

प्रतिसन्धि चित्तसंगै पृथ्वी, आपो, तेजो, वायो नामक चार महाभूत, वण्ण, गन्ध, रस, ओज, जीवीत रूप नामक कर्मज रूपकलापहरू उत्पन्न हुन्छन् । यी रूपहरूका साथै कायपसादरूप, स्त्रीभाव तथा पुरुषभाव नामक भावरूप तथा वत्थुरूप भनेको प्रतिसन्धि, भवंग, च्युति आदि मनोविज्ञान चित्तहरूको आधाररूप हो । यसरी यी कर्मजरूपकलाप समुहलाई पालिमा पठमं कललं होति अर्थात् सर्वप्रथम कलल जलप्रसाद उत्पन्न हुन्छ भनिएको छ । यो रूप ज्यादै सूक्ष्म हुने भएकोले प्रकृति आँखाले देख्न सकिदैंन । यो रूप आमाको गर्भमा शुक्र सोणित रूपको आश्रय लिएर उत्पत्ति बृद्धि भएर आउँछ । शुक्र सोणित भन्नाले आमाबाबुको सहवासबाट शुक्र धातु र ऋतुमति हुने आमामा हुने रक्त अण्ड (डिम्ब) सोणित रूप हुनू ।

यो प्रतिसन्धि विज्ञानले अरूपभुमि, जहाँ रूप हुदैंन, त्यहाँ नाम धर्ममा उत्पति गर्छ । असंज्ञिभुमि, जहाँ नाम हुदैंन त्यहाँ रूप मात्र र पंचवोकार भूमि अथवा पञ्चस्कन्ध भएको कामरूप भूमिमा नाम एवम् रूप दुवैको उत्पाद गराउँछ । गर्भबाट उत्पन्न हुने र फुलबाट उत्पन्न हुने प्राणीहरूको नामरूप उत्पत्ति प्राय उस्तै नै हुन्छ । देव, ब्रम्हा, प्रेत आदि औपपातिक प्रतिसन्धि हुनेहरूको नामरूप परिपूर्ण अवस्थामा एकैसाथ उत्पन्न हुन्छ । फोहरमा हुने संस्वेदज प्रतिसन्धिमा पनि आँखा आदि अङ्ग भङ्ग नभएमा पूर्ण अवस्थामै एकै साथ उत्पति हुन्छ भनिएको छ ।

४) **नामरूपबाट षडायतनको उत्पत्ति** (**नामरूप पच्चया सलायतनं**)

नयाँ जन्ममा नामरूप उत्पन्न भएर आउनुलाई कारण गरी षडायतन उत्पन्न हुन्छ । चक्षु, श्रोत, घ्राण, जिव्हा, काय र मनलाई षडायतन भनिन्छ । चक्षुविज्ञान, श्रोतविज्ञान आदि चित्तचैतसिक धर्महरू चक्षु, श्रोत आदिको आश्रय लिइ उत्पन्न हुने भएकोले आयतन भनिएको हो । चक्षु, श्रोत आदि आयतनहरू त्यस द्वारमा उत्पन्न हुने चक्षुविज्ञान, श्रोतविज्ञान आदिको निवासस्थान, उत्पत्तिस्थान, जुड्नेस्थान तथा तान्ने, फैलाउने, प्रवर्तित हुने स्थान भएकोले पनि चक्षुआयतन, श्रोतआयतन आदि भनिएको हो ।

नामरूपबाट षडायतनको उत्पत्ति हुन्छ । नामरूपमध्ये नामद्वारा मन आयतन नामक विपाक चित्तको उत्पत्ति हुन्छ । कर्मजरूपद्वारा चक्षु, श्रोत, ध्राण, जिव्हा र काय आयतनको उत्पत्ति हुन्छ । यसरी नामरूपद्वारा पंचवोकार भूमिमा षडायतनको उत्पत्ति हुन्छ भने रूपभूमिमा चक्षु, श्रोत र मन

आयतन उत्पन्न हुन्छ, अरूपभूमिमा मन आयतनको मात्र उत्पत्ति हुन्छ।

५) **षडायतनबाट स्पर्शको उत्पत्ति** (**सलायतन पच्चया फस्सो**)

षडायतन (६ आयतनहरूको कारणबाट ६ प्रकारका स्पर्शहरू उत्पन्न हुन्छन् । ती हुन् चक्षुसंस्पर्श, स्रोतसंस्पर्श, घ्राणसंस्पर्श, जिव्हासंस्पर्श, कायसंस्पर्श, मनसंस्पर्श । चक्षुलाई आधार लिएर, रूपालम्वनलाई पनि आधार लिएर चक्षुविज्ञान उत्पत्ति हुन्छ। चक्षु, रूपारम्मण र चक्षुविज्ञान यी तीनै धर्महरूको संगम हुनुको कारणले स्पर्श उत्पन्न हुन्छ। यसलाई चक्षु संस्पर्श भनिन्छ। यसरी नै श्रोत, शब्दारम्मण र श्रोतविज्ञानको संयोगले श्रोतसंस्पर्शको उत्पत्ति हुन्छ। घ्राण, गन्धारम्मण र घ्राणविज्ञान; जिव्हा, रसारम्मण र जिव्हाविज्ञान; काय, फोट्ठबारम्मण र कायविज्ञान; मन, धर्मारम्मण, मनोविज्ञान - यी तीन तीनओटाको संयोगले क्रमशः ध्राणसंस्पर्श, जिव्हासंस्पर्श, कायसंस्पर्श र मनसंस्पर्शको उत्पत्ति हुन्छ। यसरी षडायतनबाट स्पर्शको उत्पत्ति हुन्छ।

६) **स्पर्शबाट वेदनाको उत्पत्ति** (**फस्स पच्चया वेदना**)

स्पर्शको कारणले वेदनाको उत्पत्ति हुन्छ । चक्षुसंस्पर्शको कारणले चक्षुसंस्पर्शजा वेदना उत्पत्ति हुन्छ। त्यस्तै श्रोत, घ्राण, जिव्हा, काय, मन संस्पर्शले क्रमशः श्रोतसंस्पर्शजावेदना, जिव्हासंस्पर्शजावेदना, कायसंस्पर्शजावेदना र मनस्पर्शजावेदना उत्पत्ति हुन्छ । यी वेदनाहरू पनि सुखवेदना, दुःखवेदना र उपेक्षा वेदना गरी तीन प्रकारका हुन्छन्। यी वेदनाहरू प्राय गरी राम्रो दृष्य, सुमधुर शब्द, सुगन्ध, मिठो स्वाद, नरम कोमल वस्तु र मनलाई आनन्द दिने विचार आदि इष्ट आरम्मण भयो भने सुख वेदना उत्पन्न हुन्छ। नराम्रो दृष्य, कठोर शब्द, दुर्गन्ध, नमीठो स्वाद, खस्रो वस्तु र मनलाई दुःख, कष्ट, पिडा दिने विचार कल्पना इत्यादि अनिष्ट आरम्मण भयो भने दुःख वेदना उत्पन्न हुन्छ। मध्यस्थ प्रकारको विषयवस्तु आरम्मण भयो भने उपेक्षा वेदना उत्पन्न हुन्छ।

७) **वेदनाबाट तृष्णाको उत्पत्ति** (**वेदना पच्चया तण्हा**)

वेदनाको कारणले आसक्त हुने स्वभाव तृष्णा उत्पन्न हुन्छ । धर्मचक्र प्रवर्तन सूत्रमा तृष्णालाई नन्दीराग सहगत अथवा आसक्त हुने, जहाँ तहीं रमाउने स्वभावको बताइएको छ । चक्षुसंस्पर्शजा वेदना आदि ६ प्रकारका वेदनाबाट ६ प्रकारकै तृष्णा उत्पत्ति हुन्छ। ती हुन् -रूपतृष्णा, शब्दतृष्णा, गन्धतृष्णा, रसतृष्णा, स्प्रष्टव्यतृष्णा एवम् धर्मतृष्णा।

तीन प्रकारका तृष्णा छन् - कामतृष्णा, भवतृष्णा र विभवतृष्णा। मन पराउने कामगुणमा प्यास लाग्नु कामतृष्णा हो। शरीर नष्ट भएपनि सत्त्व जीव आत्मा नष्ट हुँदैन, अर्को शरीर पाई सधैं स्थीर रहन्छ भन्ने शाश्वतदृष्टिसहितको तृष्णा भवतृष्णा हो। मृत्युपछि अर्को जन्म हुँदैन भनी उच्छेददृष्टिले युक्त भई उत्पन्न हुने तृष्णा विभवतृष्णा हो। यहाँ भवको अर्थ फेरि उत्पन्न हुनु र विभवको अर्थ फेरि उत्पन्न नहुनु, विनष्ट हुनु हो। ६ प्रकारका तृष्णालाई कामतृष्णा, भवतृष्णा, विभव तृष्णाले

गुणन गर्दा १८ प्रकारका हुन्छन् ।

सुखवेदनाप्रति आसक्त भई तृष्णा उत्पत्ति हुन्छ । दुःखवेदना हुँदा पनि त्यो दुःखबाट छुटकारा पाई कहिले सुख हुन्छ होला भनी सुख आरम्मण कै कामना गर्छ । उपेक्षा वेदना पनि शान्त स्वभावको हुने भएकोले सुख कै सरह हुन्छ । यसरी वेदनाको कारणले तृष्णा उत्पत्ति हुन्छ ।

८) **तृष्णाबाट उपादानको उत्पत्ति** (**तण्हा पच्चया उपादान**)

उपादान भनेको दृढ आसक्ति हो । यो तृष्णा कै बलियो रूप हो । "उप" शब्दको अतिय, अतिरेक, दृढतापूर्वक भन्ने अर्थ हुन्छ । आदानको अर्थ ग्रहण गर्नु हो । रूपालम्वन, शब्दालम्वन आदिमा तृष्णाको प्रथम उत्पत्ति भएपछि त्यसलाई दृढतापूर्वक ग्रहण गरी उपादानको उत्पत्ति हुन्छ । रूपलाई नहेरेसम्म हेर्न मन लाग्नु तृष्णा हो भने हेरेपछि हेरेको हेर्‍यै हुनु, फेरि फेरि हेर्न मनलाग्नु, छोड्न नचाहनु उपादान हो ।

उपादान चार प्रकारका छन् - १. काम उपादान - कामच्छन्द, कामरागमा लिप्त हुनु । २. दृष्टि उपादान - मिथ्यादृष्टि हुनु, गलत धारणामा तिब्ररूपले आसक्त हुनु । ३. शीलव्रत उपादान - गोव्रत, कुकुरव्रत आदिमा दृढ विश्वास हुनु र आसक्त हुनु, ४. आत्मवाद उपादान - आत्मामा दृढ विश्वास हुनु । यी सबै उपादान तृष्णाले नै उत्पत्ति हुन्छ । तसर्थ तृष्णा नै समपूर्ण दोषको बीज हो ।

९) **उपादानबाट भवको उत्पत्ति** (**उपादान पच्चया भव**)

उपादानको कारणले भव उत्पन्न हुन्छ । उपादानले कर्मतिर धकेल्दछ । भवतीति भवो । भवको शाब्दिक अर्थ "हुनु" (भवति) हो । भव दुई प्रकारका छन् - कर्म भव र उपपत्ति भव । कर्मले फलको उत्पत्ति हुन्छ । अनागत भवमा फल प्राप्तिको निम्ति गरिने कुशल अकुशल कर्मलाई कर्म भव भनिन्छ । तर वर्तमान भवमा फल प्राप्तिको निम्ति अतीत भवमा उत्पन्न चेतना कर्मलाई त संस्कार नै भनिन्छ । अनागत भवमा उत्पन्न हुने फलविपाक स्कन्धलाई उपपत्ति भव भनिन्छ । उपादानको कारणले अनागतमा सुख प्राप्तिको निम्ति कुशल अकुशल कर्म गरिन्छ र यसले कर्म भव र उपपति भवको उत्पत्ति हुन्छ । सबै भवगामि कर्मलाई कर्म भव भनिन्छ । उपपति भव भन्नाले काम भव, रूपभव, अरूपभव, संज्ञाभव, असंज्ञाभव, नेवसंज्ञानासंज्ञा भव, एक वोकार, चतुवोकार, पञ्चवोकार भन्ने बुझिन्छ । यी भवहरू उपादानको कारणबाट सृजना हुन्छ ।

१०) **भवबाट जाति उत्पन्न हुनु** (**भव पच्चया जाति**)

जातिको अर्थ जन्म हुनु हो । ती ती सत्त्वहरूको त्यस त्यस सत्त्वनिकायमा योनीमा स्कन्धको प्रादुर्भाव हुनु, आयतन प्रतिलाभ हुनु, ती ती भूमिमा विपाकचित्त तथा कर्मजरूपको उत्पत्ति हुनु, उपपत्ति भवको उत्पत्ति हुनुलाई नै जाति भनिन्छ । कर्मभव नभएमा उपपति भव हुँदैन र उपपत्ति भवको अभावमा जाति पनि हुँदैन । अर्थकथाहरूमा कर्मभवबाटै जातिको उत्पाद मानिएता पनि

मूलटीकामा कर्मभव र उपपति भव दुवैलाई जातिको प्रादुर्भाव मानिएका छन् । यस्तै प्रवृतिकालमा चक्षुविज्ञान आदि विपाक नामरूपको उत्पत्तिलाई पनि जाति भनिएको छ । अभिधर्म भाजनीयमा कुशल, अकुशल, क्रिया, ऋतुज, आहारज एवम् चित्तज रूपको उत्पादलाई पनि "जाति" मानिएको छ ।

**११) जातिबाट जरामरण (जाति पच्चया जरामरण)**

'जाति' जन्मको कारणले जरामरण आदि दुःखहरू उत्पन्न हुन्छन् । यस संसारमा जन्मने प्रत्येक जीवलाई जरामरण आदि दुःखले पछ्याईरहन्छ । यी मध्ये जरामरण दुई प्रकारका छन् - १) प्रकट जरामरण २) अप्रकट जरामरण ।

रूपको छिपेको अवस्था (स्थिति क्षण) लाई जरा भनिन्छ । यसको विनाश हुने अवस्था (भङ्ग क्षण) लाई मरण भनिन्छ । यो जरामरण स्पष्टरूपले प्रकट नहुने हुँदा 'अप्रकट जरामरण' भनिन्छ । दाँत झर्नु, कपाल फुल्नु, छाला चाउरिनु, आँखाले नदेखिनु, कानले नसुन्नु, ढाड कुप्रिनु इतयादिलाई आँखाले स्पष्ट रूपले देखिने हुँदा 'प्रकट जरामरण' भनिन्छ । जीवनको अन्तिम समयमा नामरूपको 'च्यूति काल' मर्नुलाई आँखाले देखिने हुँदा 'प्रकट मरण' भनिन्छ ।

जातिकै कारणले बन्धुबान्धव, यशकीर्ति सम्पत्ति विनाश हुँदा रोगादिद्वारा ग्रसित हुँदा मनमा अनुताप हुने शोक, रोइकराई विलाप गर्ने परिदेव, शारिरीक दुःख, प्रिय वियोग, अप्रिय संयोग, इच्छा गरेको पूरा नहुनु, यशकीर्ति धनजन विनाश भएकोले मनमा दुःख हुनु दौर्मनस्य, शोक परिदेव भन्दा चर्को हुनेगरी बाहिर निस्कन नसकि भित्र भित्रबाट पोलिराख्ने क्लान्त हुने, थाक्ने, मूर्च्छा हुने उपायास उत्पन्न हुन्छ । यसरी 'जाति'को कारणले यी सारा दुःखहरू उत्पन्न हुन्छन् ।

प्रतिलोम प्रतीत्यसमुत्पाद अथवा संसारचक्रको निरोध

अविज्जायत्वेव असेस विराग निरोधा संखार निरोधो,

| | | | |
|---|---|---|---|
| संखारा | निरोधा | विञ्ञाण | निरोधो |
| विञ्ञाण | निरोधा | नामरूप | निरोधो |
| नामरूप | निरोधा | सलायतन | निरोधो |
| सलायतन | निरोधा | फस्स | निरोधो |
| फस्स | निरोधा | वेदना | निरोधो |
| वेदना | निरोधा | तण्हा | निरोधो |
| तण्हा | निरोधा | उपादान | निरोधो |
| उपादान | निरोधा | भव | निरोधो |
| भव | निरोधा | जाति | निरोधो |
| जाति | निरोधा | जरा मरणं, सोक, परिदेव, दुक्खदोमनस्सुपायासा निरुज्झन्ति । | |

एवमेतस्स केवलस्स दुक्खखन्धस्स निरोधो होति ।

लोकोत्तर मार्ग ज्ञानसहित विद्याको कारणले गर्दा अविद्याको निरवशेष निरोधबाट संस्कार को पनि निरोध हुन्छ। संस्कारको निरोधबाट प्रतिसन्धि विज्ञानको निरोध हुन्छ। प्रतिसन्धि विज्ञानको निरोधबाट नामरूपको निरोध हुन्छ । नामरूपको निरोधबाट चक्खु आदि षडायतनको निरोध हुन्छ। षडायतनको निरोधबाट चक्षु आदि छ : स्पर्शको निरोध हुन्छ। स्पर्शको निरोधबाट वेदनाको निरोध हुन्छ। वेदनाको निरोधबाट तृष्णदिको निरोध हुन्छ। तृष्णाको निरोधबाट उपादानको निरोध हुन्छ। उपादानको निरोधबाट (कर्म/उपपत्ति) भवको निरोध हुन्छ। भवको निरोधबाट जाति(फेरि जन्म लिने)को निरोध हुन्छ। जातिको निरोधबाट जरामरणबाट जरामरण,शोक, परिदेव (पश्चाताप), दुःख, दौर्मनस्य, उपायासादिको निरोध हुन्छ। यसरी सबै दुःख स्कन्ध (समुह) को निरोध हुन्छ। "अविज्जा पच्चया संखारा......." आदि देशना अनुलोम प्रतीत्यसमुत्पाद हो। "अविज्जायत्वेव असेस विराग निरोधा संखार निरोधो......" आदि देशना प्रतिलोम प्रतीतत्यसमुत्पाद हो। अनुलोम प्रतीतत्यसमुत्पादबाट संसार चक्र दर्शाउँछ भने प्रतिलोम प्रतीतत्यसमुत्पादबाट संसार चक्रको समाप्ति अर्थात् निर्वाण दर्शाउँछ। जबसम्म अबिद्दा, तृष्णासमुल नष्ट हुदैन, तब सम्म अनिश्चितकालिन हेतुफल परम्परा (प्रतीत्यसमुत्पाद) वा दुःख चक्रको अन्तः असम्भब छ । भूतकाल र वर्तमान कालका सारा दुःखसमुदायको निरोध वा अन्तबाट मात्र निर्वाणफल प्राप्त गर्न सकिन्छ। यसर्थ....! सत्त्वप्राणीहरूको दुःख चक्रको अन्तः गराउनका लागी नै बुद्धद्वारा प्रतीत्यसमुत्पाद सिद्धान्तको व्याख्या गर्नु भएको हो।

### सन्दर्भ सामग्री


- आचार्य, नरेन्द्र देव- बौद्धधर्म दर्शन, बिहार, राष्ट्रभाषा परिषद प्रथम संस्करण, वि.सं. २०१३
- भदन्त रेवत धम्म, रामशंकर त्रिपाठी (स.अ.व्य) - "आचार्य अनिरुद्ध प्रणीत अभिधम्मसङ्गहो", वाराणशेय, संस्कृत विश्वविद्यालय, वाराणसी ई १९६७।
- उपाध्याय, भरतसिंहः बौद्ध दर्शन तथा अन्य भारतीय दर्शन, मोतीलाल वनारसीदास पण्लिशर्स प्रा.लि. दिल्ली ई.सं १९५४।
- उपाध्याय प. वलदेवः बौद्ध दर्शन मिमांसा चौखम्बा विद्याभवन ई.स. १९८९।
- धम्मागिरि-पालि-ग्रन्थमाला, देवनागरी)- १ देखि १४० सम्म, विपश्यना विशोधन विन्यास, इगतपुरी ई १९९८।
- जगदीसकास्यप, भिक्षु (प्र.सं) - मज्झिमनिकाय १,२,३ भाग सिरि नव नालन्दा महाविहार, विहार, बु.स. २५०२।
- जगदीसकाश्यप, भिक्षु एम.ए, त्रिपिटकाचार्य, धर्मरक्षित भिक्षु (हिन्दी अनु.) - संयुक्त निकाय १-२ भाग, महावोधि सभा सारनाथ ई.स १९५४।

- जगदीसकाश्यप, भिक्षु (प्र.सं)- दीर्धनिकाय पालि १,२,३ भाग सिरि नवनालन्दा महाविहार, विहाह, बु.सं. २५०२।
- जगदीसकाश्यप, (प्र.सं) - संयुक्त निकाय १-५ भाग, सिरि नव नालन्दा महा विहार बु.सं. २५०३।
- वज्राचार्य, दुण्ड बहादुर- दीर्घ निकाय (अनु) २०४६, मज्भिमनिकाय (अनु) २०५७ , सयूक्तनिकाय (अनु) २०५५, ललितपुर वीरपूर्ण पुस्तक, संग्राहालय।
- भोट विद्यासंस्थानमूः प्रतीत्यसमुत्पाद, सारणाथ, केन्द्रीय उच्च तिब्बती- शिक्षा संस्थान, वाराणसी, प्रथम संस्करण इ.स. १९८६।
- राहूल सांस्कृत्यायन/जगदीस काश्यप (हिन्दी अनु) - दीर्घ निकाय, भारतीय बौद्ध शिक्षा परिषद बु.सं. २५२३।
- सम्यक सम्वोधि प्राणपुत्र, भिक्षुः विशुद्धिमार्ग, त्जभ अयचउयचबतभ द्ययमथ या तजभ द्यगममजब भमगअबतष्यल ायगलमबतष्यल।
- सांस्कृत्यायन, राहूल : दर्शन दिग्दर्शन, इलाहावाद, किताब महल, पंचम संस्करण ई. सं १९८३।
- त्रिपिटकाचार्य राहूल सांस्कृत्यायन (हिन्दी अनु)- मज्भिम निकाय, महावोधि सभा, सारनाथ बु.स. २५०८।
- त्रिपाठी, रामशंकर बौद्ध दर्शन प्रस्थान, सारणाथ केन्द्रीय उच्च तिब्वती शिक्षा संस्थान, वाराणसी ई.सं १९९७।
- ज्ञानपूर्णिक भिक्षुः पट्ठानपालि (अनुवाद), भिक्षु अनिरुद्ध महास्थविर, राजकीय बुद्ध मन्दिर, लुम्बिनी नेपाल, प्रथम संस्करण ईं.सं १९८७।
- आर.बि, बन्धः आधुनिक विज्ञानको दृष्ट्रिमा बुद्धधर्म, ज्ञानज्योति, लक्ष्मिप्रभा कंसाकार क्वापुखु, ठेहिटी काठमाडौं, ई.सं.२००२
- Narada Thera: The Buddha and his Teaching" The Corporate Body of the Buddha Education Foundation, 1998.
- Nyanatiloka Mahathera: The Signiticance of Dependent origination in Theravada Buddhism, Buddhist Publication Society, Kandy Srilanka, 1959.
- Piyadassi Thera:– Dependent Origination, Buddhist Publication Society. Kandy Lanka, 1959.

# श्री साङ्क देछ्योलिङ गोन्पा विद्यालय, शिक्षा र समाजमा आध्यात्मिक योगदान

पासाङ रिता शेर्पा
प्रधानाध्यापक, श्री साङ्क देछ्योलिङ गोन्पा विद्यालय, ताप्लेजुङ

## १. लेख सार

नेपालको शैक्षिक इतिहास प्राचीनकालदेखि नै विविधताले भरिएको छ। यहाँ, धार्मिक गुरु र शिष्यको शिक्षण प्रक्रिया परम्परागत रूपमा चलिरहेको थियो। प्रारम्भिक बौद्ध शिक्षा मुख्यतया गोन्पाहरूमा परम्परागत रूपमा धर्मगुरुहरूले नै दिइन्थ्यो । जब आधुनिक शिक्षा प्रणालीको प्रवेश भयो, शिक्षा प्रणालीमा ठुलो परिवर्तन आयो। आजको समयमा, गोन्पा विद्यालयहरू बौद्ध धर्म, संस्कार, संस्कृति र ध्यानको अभ्यास गर्दै आधुनिक शिक्षा प्रदान गर्नेमा महत्त्वपूर्ण भूमिका खेलिरहेका छन्। यस सन्दर्भमा श्री साङ्क देछ्योलिङ गोन्पा विद्यालयको पृष्ठभूमि, उद्देश्य र यसका चुनौतीहरूको विश्लेषण गर्दछ। यो विद्यालय नेपालका ताप्लेजुङ जिल्लामा स्थित छ र यसले केवल शैक्षिक गुणस्तरमा सुधार ल्याउन मात्र होइन, आध्यात्मिक मार्गदर्शन र जीवनका मूल्यहरूको शिक्षा पनि दिन्छ। यद्यपि, आर्थिक, भौतिक र नीतिगत समस्याहरूका कारण विद्यालय सञ्चालनमा कठिनाइहरू छन् । सरकारी सहयोगको अभाव, शिक्षकको कमी र भौतिक संरचनामा सुधारको आवश्यकता अझै विद्यमान छ।

## २. पृष्ठभूमि

नेपालको शिक्षा प्रणाली परम्परागत र आधुनिक बिचको समन्वयको प्रक्रिया हो । प्राचीन समयमा, बौद्ध धर्म र अन्य धार्मिक शिक्षाहरू समाजको आधार थिए, जहाँ गुरु र शिष्यका सम्बन्धहरूमा शिक्षा लिने र दिने प्रक्रिया चल्थ्यो। परम्परागत शिक्षा पद्धति, जसमा गोन्पा र गुरुकुल प्रमुख थिए, शास्त्र र आध्यात्मिक ज्ञानको प्रसार गर्न महत्त्वपूर्ण थिए। यसका साथै, बौद्ध धर्मग्रन्थ र ध्यानको अभ्यासले नेपाली समाजलाई नैतिक र आध्यात्मिक दृष्टिकोणले बलियो बनाएको छ। नेपालमा शिक्षा प्रणालीको विकासको इतिहासमा विभिन्न चरणहरू आएका छन् र त्यससँगै, आधुनिक शिक्षा र परम्परागत शिक्षाबिचको द्वन्द्व र समन्वयको आवश्यकता पनि देखिएको छ।

नेपालमा वि.स. २०४६ अघि नैतिक शिक्षा पाठ्यक्रम विद्यालय स्तरमा केही मात्रामा समावेश गरिएको थियो, जसको प्रभाव समाजमा देखिन थालेको थियो। समाजमा हिंसा र नकरात्मक सो

चको अभाव हुन थालेको थियो । तर जब नेपालमा द्वन्द्व र विद्रोहको अवस्था बढ्यो, त्यस समयमा नैतिक शिक्षा र धार्मिक शिक्षाको महत्त्व अझ स्पष्ट भयो । यसले देखाउँछ कि, धार्मिक शिक्षा मात्र मानिसलाई समाजमा नैतिक मार्गमा लैजान सक्दछ । त्यसैले परम्परागत र धार्मिक शिक्षा प्रणालीलाई अहिलेको शैक्षिक वातावरणसँग समन्वय गर्न आवश्यक देखिन्छ ।

वि.स. २०४६पछि नेपालमा परम्परागत विद्यालयहरूको आवश्यकता र महत्त्व संकटमा परेको थियो । तर, वि.सं. २०६३ सालपछि बौद्धिक र धार्मिक व्यक्तिहरूले गोन्पा र गुरुकुल शिक्षा प्रणालीको महत्त्वलाई पुनः उजागर गरेका थिए । यद्यपि, सरकारी नीति र भौतिक पूर्वाधारको अभावले गोन्पा विद्यालयहरूको प्रगति र स्थायित्वमा चुनौतीहरू ल्याएको छ। गोन्पा विद्यालयहरूले धार्मिक, सांस्कृतिक र आध्यात्मिक ज्ञानको शिक्षा दिने मात्र होइन, उनीहरूले समाजमा शान्ति र सहिष्णुता कायम राख्नका लागि पनि महत्त्वपूर्ण योगदान पुऱ्याइरहेका छन् ।

### ३. श्री साङक देछ्योलिङ गोन्पा विद्यालय

नेपालको सुदूर पूर्वी जिल्ला ताप्लेजुङको हाङदेवा बुमकुलुङमा पनि गोन्पा शिक्षाको आवश्यकता महसुस गर्दै, वि.स. २०६४ मा श्री साङक देछ्योलिङ गोन्पा विद्यालय दर्ता गरिएको थियो । विगत २०६४ मा ताप्लेजुङमा १७ ओटा धार्मिक प्रकृतिका विद्यालय तात्कालिक जिल्ला शिक्षा कार्यालयमा दर्ता गरिएका थिए । नेपाल सरकारले परम्परागत विद्यालय सञ्चालनका लागि निर्देशिका र मापदण्ड बनाइ, यसलाई व्यवस्थित गर्ने प्रयास गरेको थियो । सोहीअनुरूप, श्री साङक देछ्योलिङ गोन्पा विद्यालय पनि सञ्चालनमा ल्याइएको हो । जब देश सङ्घीय संरचनामा गयो, ताप्लेजुङ जिल्लालाई आठ ओटा गाउँपालिका र एक नगरपालिका गरी ९ ओटा स्थानीय तहमा विभाजन गरिएको छ ।

श्री साङक देछ्योलिङ गोन्पा विद्यालय फुङलिङ नगरपालिका वडा नं. ९, हाङदेवा स्थित रहेको छ, जहाँ लगभग पाँच सय घरधुरी बौद्ध धर्मालम्बीहरू बसोबास गर्छन् । वि.स. २०६४ मा गोन्पा विद्यालयको रूपमा दर्ता गरिएता पनि त्यसलाई व्यवस्थित रूपमा सञ्चालन गर्न सकेको थिएन । तर विभिन्न चरणमा सम्बन्धित विज्ञहरूसँगको छलफल र वि.सं. २०७२ मा तप्लेजुङको सदरमुकममा बसेको पहिलो गोन्पा शिक्षा कार्यशाला गोष्ठिपछि यसलाई व्यवस्थित रूपमा सञ्चालन गर्ने निर्णय गरियो । तत्पश्चात् गोन्पा नजिकै विद्यालय सञ्चालनको लागि कच्ची टहरा निर्माण गरी २०७२ सालको नयाँ शैक्षिक सत्रबाट अन्य सामुदायिक विद्यालय सरह सञ्चालनमा ल्याएको थियो । विद्यालयको स्थापना कालमा १५ जना विद्यार्थी र ३ जना शिक्षकबाट शुरू गरिएको हो । स्थानीय अभिभावकहरूको सहयोग, प्रदेश र केन्द्र सरकारको आर्थिक सहयोगमा विद्यालयको विकास भएको छ। अहिले ९० जना विद्यार्थीहरू रहेको यस विद्यालय माध्यमिक तहको कक्षा १० सञ्चालनमा रहेको छ । विद्यालयलाई कक्षा थप गर्दै भविष्यमा कक्षा १ देखि १२ सम्म सञ्चालन गर्ने उद्देश्य लिएको छौं । गोन्पा विद्यालयले भोट भाषाको माध्यमबाट बौद्ध शिक्षा, संस्कृति र ध्यानको अभ्यास गराउदै राज्य शिक्षाको अनिवर्य आधुनिक विषयका

शिक्षा प्रदान गर्दै समाजलाई आध्यात्मिक मार्गदर्शन दिने गरिएको छ।

## ४. गोन्पा विद्यालयको वर्तमान अवस्था

नेपालमा गोन्पा शिक्षा प्रमुख रूपले हिमाली क्षेत्रका बौद्ध धर्मावलम्बी समुदायमा केन्द्रित रहेको पाइन्छ। पछिल्लो समय गोन्पा विद्यालयमा अन्य समुदायका बालबालिकाहरू पनि अध्ययन गर्न थालेका छन् । गोन्पा शिक्षा शान्ति स्थापना, ध्यान, दर्शन, संस्कृति, भाषा र धार्मिक अनुष्ठानलाई प्राथमिकता दिन्छ, जसको कारण यसको महत्त्व र आवश्यकता थप बढ्दै गएको देखिन्छ।

ताप्लेजुङ जिल्लामा गोन्पा विद्यालयहरूको दर्ता र सञ्चालनका प्रयास भएता पनि, सरकारी नीतिहरू र भौतिक पूर्वाधारको अभावले गर्दा यी विद्यालयहरू सहज रूपमा सञ्चालन हुन सकेका छैनन् । गोन्पा विद्यालयको पाठ्यक्रम र शिक्षकहरूको व्यवस्थापनमा समस्या रहेको पाइन्छ। नेपाल सरकारको सहयोग बिना, गोन्पा विद्यालयहरूको स्थायित्व र विकास कठिन देखिन्छ।

## ५. गोन्पा विद्यालयका साझा समस्या तथा चुनौती

गोन्पा विद्यालयहरूले विभिन्न साझा समस्या र चुनौतीहरूको सामना गरिरहेका छन् । प्रमुख समस्या आर्थिक हो, जहाँ सरकारी अनुदान कम र स्थायित्वको अभाव छ। भौतिक पूर्वाधार पनि अपर्याप्त छन्, जसले विद्यालयको सञ्चालनमा कठिनाइ ल्याउँछ । दक्ष शिक्षकको अभाव र तालिमको कमीले पाठ्यक्रमको गुणस्तरमा असर पुर्‍याउँछ। नीतिगत समस्या पनि प्रमुख चुनौती हो, जहाँ गोन्पा शिक्षासम्बन्धी स्थायी नीति र योजनाको अभाव छ । यसका अतिरिक्त, आधुनिक शिक्षा र प्रविधिसँगको समन्वयको कमीले गोन्पा विद्यालयलाई थप चुनौतीपूर्ण बनाएको छ। यी समस्याहरूको समाधानको लागि सरकारी सहयोग र उपयुक्त नीति सुधार आवश्यक छ।

**(क) आर्थिक चुनौती**

नेपालको ठुला गोन्पाहरूमा प्रमुख धर्मगुरुको सहयोगमा लामा भिक्षु र भिक्षुणीहरूले व्यवस्थित, आवासिय विद्यालयको रूपमा पठनपाठन गरिएका छन् । तर, सरकारको अनुदानमा निर्भर रहेर सामुदायिक विद्यालयको रूपमा सञ्चालनमा रहेका गोन्पा विद्यालयहरूको अवस्था निकै दयनीय देखिन्छ। नेपाल सरकारबाट अनुमति लिएर कक्षा १ देखि ५ सम्म सञ्चालनमा रहेका परम्परागत गोन्पा विद्यालयलाई वार्षिक रु. ३ लाख, कक्षा ६ देखि ८ सञ्चालनमा रहेकालाई रु. ५ लाख, कक्षा ९ देखि १२ सञ्चालनमा रहेकालाई रु. १० लाख र तीनै तह सञ्चालनमा रहेका गोन्पा विद्यालयलाई रु. १८ लाख शिक्षण संस्था सञ्चालन तथा व्यवस्थापनको लागि अनुदानको व्यवस्था रहेको भएता पनि, उक्त रकमले विद्यालयको सञ्चालनमा पर्याप्त सहयोग पुर्‍याएको देखिँदैन।

गोन्पा विद्यालयहरूको अवस्था नेपाल सरकारको पूर्ण सहयोग प्राप्त गर्ने र सबै सेवा सुविधासहितको सामुदायिक विद्यालयको तुलनामा निकै भिन्न छ। सामुदायिक विद्यालयहरूलाई पाएको

सहयोग र सुविधाहरू गोन्पा विद्यालयमा नपुग्दा, यहाँका शिक्षण र व्यवस्थापनको स्तरमा समस्या आएको छ। नेपाल सरकारले गोन्पा विद्यालयलाई पूर्णरूपमा सामुदायिक विद्यालय जस्तै सेवा र सुविधा प्रदान गर्न सकेमा मात्र यी विद्यालयहरूको समस्याहरू समाधान गर्न सकिन्छ। यसका लागि उचित बजेट, पर्याप्त शिक्षक र शैक्षिक सामग्रीहरूको व्यवस्था आवश्यक छ। यस्ता विद्यालयहरूलाई सरकारले दीर्घकालीन रणनीतिक योजनामा समावेश गरी, शिक्षा क्षेत्रको समग्र विकासमा योगदान पुऱ्याउन सकिन्छ।

**(ख) भौतिक समस्या**

परम्परागत धार्मिक प्रकृतिका विद्यालयहरूको लागि राज्यले शिक्षकको अनुदानको व्यवस्था गरेको भएता पनि, अन्य भौतिक संरचनाहरूको निर्माणका लागि कुनै विशेष बजेट व्यवस्था गरिएको छैन। नेपाल सरकारको पूर्ण सहयोगमा सञ्चालन भइरहेको सामुदायिक विद्यालयहरूको भौतिक पूर्वाधार निर्माणमा सरकारले वार्षिक रूपमा नीति र कार्यक्रममा बजेट व्यवस्थापन गर्दै ती समस्याहरूको सम्बोधन गर्दै आएको छ। तर, गोन्पा विद्यालयहरूको लागि भने यस किसिमको विशेष नीति र बजेट सुनिश्चित गर्न नसकिँदा, यी विद्यालयहरूको भौतिक संरचनाको स्थिति निरन्तर कमजोर रहँदै आएको छ।

गोन्पा विद्यालयहरूमा वालमैत्री भवन, किशोरी आराम कक्ष, शौचालय र बालमैत्री सेवा सुविधाहरूको अभाव मुख्य समस्याका रूपमा देखा परेको छ। यी आधारभूत संरचनाहरूको अभावले विद्यार्थीहरूको सुरक्षित र स्वस्थ शैक्षिक वातावरणमा सिकाइमा बाधा पुऱ्याउँछ। यदि सरकारले गोन्पा विद्यालयलाई पनि सामुदायिक विद्यालयहरूको जस्तै नीति र कार्यक्रमका माध्यमबाट आवश्यक बजेट उपलब्ध गराउन सकेमा, मात्र यी विद्यालयहरूको भौतिक समस्याको समाधान सम्भव हुनेछ। यसका लागि समर्पित बजेट र योजनाबद्ध विकास आवश्यक छ, जसले विद्यार्थीहरूको शिक्षा र समग्र विद्यालयको अवस्थालाई सुधार गर्न मद्दत पुऱ्याउँछ।

**(ग) दक्ष शिक्षकको र विषयगत शिक्षकको अभाव**

परम्परागत गोन्पा विद्यालयहरूमा भोट भाषाको माध्यमबाट बौद्ध शिक्षा र अन्य अनिवार्य विषयहरूको अध्ययन र अध्यापन गराइन्छ। यस्ता विद्यालयमा अनिवार्य विषयका शिक्षकहरूले समय समयमा शिक्षक पेशागत क्षमता विकास तालिमहरू प्राप्त गर्दै आएका छन्। यसले शिक्षकहरूको गुणस्तरीय शिक्षण क्षमता र पेशागत विकासमा योगदान पुऱ्याउँछ।

तर, गोन्पा विद्यालयका भोट भाषा र बौद्ध शिक्षा अध्यापन गर्ने शिक्षकहरूको लागि कुनै विशेष तालिमको व्यवस्था गरिएको छैन। यस्ता शिक्षकहरूको पेशागत क्षमता विकासका लागि तालिमको अभावले उनीहरूको शिक्षण प्रक्रियामा समस्या उत्पन्न गर्न सक्छ। भोट भाषा र बौद्ध शिक्षा जस्ता विशिष्ट विषयहरूको अध्यापनमा दक्षता र ज्ञानको आवश्यकता अत्यधिक हुन्छ र यसका लागि विशेष तालिमहरूको व्यवस्था हुनु अत्यन्त महत्त्वपूर्ण छ।

यदि सरकारले गोन्पा विद्यालयका बौद्ध शिक्षा र भोट भाषा शिक्षकहरूको लागि उचित पेशागत

तालिमको व्यवस्था गर्न सक्दछ भने, यी शिक्षकहरूले अझ राम्रोसँग आफ्नो कर्तव्य निर्वाह गर्न सक्ने छन् । यसका साथै, विद्यार्थीहरूलाई पनि उच्च गुणस्तरीय शिक्षा प्राप्त हुनेछ । सरकारले यस दिशामा ध्यान दिनु अत्यन्त आवश्यक छ, जसले गोन्पा विद्यालयहरूको शिक्षण स्तरलाई सुधार गर्न मद्दत पुऱ्याउँछ ।

(घ) **नीतिगत समस्याः**

राज्यले गोन्पा शिक्षाले राष्ट्रिय उद्देश्यको प्राप्ति र राज्यको राष्ट्रिय शिक्षा नीति अवलम्बन गरेको भएता पनि, राज्यले गोन्पा शिक्षा सम्बन्धी स्थायी नीति ल्याउन सकेको छैन । यसलाई बुँदागत रूपमा स्पष्ट रूपमा व्याख्या गरिएको छः

- परम्परागत धार्मिक प्रकृतिका गोन्पा विद्यालयहरूको नीतिगत विषयहरूमा स्थानीय सरकार र कर्मचारीहरूले बेखबर र वेवास्ता
- गोन्पा विद्यालयका लागि शिक्षक तालिम, शिक्षक अनुदान रकम र अन्य सेवा सुविधामा राज्यले सामुदायिक विद्यालय जस्तै समान ध्यान नदिएको,
- पाठ्यक्रम पाठ्यपुस्तक समयमा परिमार्जन तथा प्रकाशनमा यथोचित नीति तथा स्रोत व्यवस्था नभएको,
- शिक्षकहरूलाई नवीनतम तालिमको व्यवस्था, आधुनिक प्रविधि र डिजिटल स्रोतसँग समायोजन गर्ने व्यवस्था नभएको,

(ङ) **समाधानका उपायहरू**

गोन्पा विद्यालयमा रहेका विभिन्न समस्या र चुनौतीहरूको समाधान गर्न विशेष रूपमा सरकारी तहबाट गहन अध्ययन गरेर समाधानका उपायहरू निकाल्नु उपयुक्त मानिन्छ ।

(अ) **गोन्पा विद्यालयहरूको स्थायी नीति निर्माण**

- राज्यले गोन्पा विद्यालयहरूको लागि स्थायी र स्पष्ट नीति निर्माण गर्नुपर्छ, जसले यी विद्यालयहरूको दीर्घकालीन विकासलाई सुनिश्चित गर्नेछ । यस नीति अन्तर्गत, गोन्पा विद्यालयको पठनपाठन, शिक्षक प्रशिक्षण र पाठ्यक्रमको सुधारका लागि दिशानिर्देशहरू र स्रोत व्यवस्थापन परिभाषित गर्न आवश्यक छ ।

(आ) **स्थानीय सरकार र कर्मचारीहरूको सचेतना र समन्वय**

- स्थानीय सरकार र कर्मचारीहरूको बिचमा गोन्पा विद्यालयहरूको महत्त्व र भूमिका बारे सचेतना अभियान चलाउन आवश्यक छ । यसबाट यी विद्यालयहरूको अवस्था र आवश्यकताका बारेमा स्पष्ट जानकारी प्राप्त हुनेछ र राज्यको सहयोग सुनिश्चित गर्न सकिनेछ ।
- स्थानीय सरकारलाई गोन्पा विद्यालयहरूको विकासका लागि योजनाबद्ध बजेट र सहयोग सुनिश्चित गर्ने जिम्मेवारी दिइनुपर्छ ।

(इ) **गोन्पा विद्यालयका लागि समान सेवा सुविधाको व्यवस्था**

- राज्यले गोन्पा विद्यालयका शिक्षकहरूको तालिम र शिक्षक अनुदान रकम सामुदायिक विद्यालयजस्तै समान बनाउनुपर्छ।
- गोन्पा विद्यालयलाई आवश्यक शैक्षिक सामग्री, संरचना र सेवा सुविधाहरू उपलब्ध गराउन राज्यको ध्यान आवश्यक छ।

(ई) **पाठ्यक्रम र पाठ्यपुस्तकको परिमार्जन र समयमै प्रकाशन**

- गोन्पा विद्यालयहरूको पाठ्यक्रम र पाठ्यपुस्तकहरूको नियमित परिमार्जन र समयमै प्रकाशनको लागि नीति र स्रोत व्यवस्थापन गर्न आवश्यक छ।
- यसका लागि विशेष आयोग गठन गरेर पाठ्यक्रम र शैक्षिक सामग्रीलाई आधुनिक र प्रभावकारी बनाउन आवश्यक परिवर्तन गर्नुपर्छ।

(उ) **शिक्षक तालिम र आधुनिक प्रविधिको समायोजन**

- गोन्पा विद्यालयका शिक्षकहरूलाई नवीनतम तालिम प्रदान गर्नका लागि विभिन्न तालिम कार्यक्रम र कार्यशाला आयोजना गर्नु पर्छ।
- आधुनिक प्रविधि र डिजिटल स्रोतहरूको समायोजनका लागि शिक्षकहरूलाई आवश्यक उपकरण र तालिमको व्यवस्था गर्नुपर्छ, जसले पठनपाठनमा सुधार ल्याउन मद्दत पुर्‍याउँछ।
- यसका लागि अनलाइन प्लेटफर्महरू र डिजिटल शिक्षा स्रोतहरूको प्रयोगलाई बढावा दिनु पर्छ।

## ६ गोन्पा शिक्षाको भावी कार्यदिशा

नेपालका विभिन्न जिल्लामा हाल धेरै परम्परागत धार्मिक प्रकृतिका गोन्पा विद्यालयहरू सञ्चालनमा रहेका छन् । यी विद्यालयहरूलाई थप व्यवस्थित गर्दै, भावी दिनमा गुणस्तरीय शिक्षा प्रदान गर्न र राष्ट्रिय शिक्षाको उद्देश्य पूरा गर्नमा थप टेवा पुर्‍याउने बारेमा स्पष्ट कार्यदिशा तयार गर्नु अत्यन्त आवश्यक छ। समयको परिवर्तनसँगै यी विद्यालयहरूको व्यवस्थापन र शिक्षामा परिमार्जन र परिष्कृत गर्दै जानु पर्ने देखिन्छ। यदि समयअनुसार आवश्यक परिवर्तनहरू नगरे भने, शिक्षामा समुचित सुधार र परिवर्तन ल्याउन सकिँदैन।

